

# जनरल भीमसेन थापा र तत्कालीन नेपाल

चित्तरञ्जन नेपाली

# जनरल भीमसेन थापा
र
# तत्कालीन नेपाल

[redacted]


चितरञ्जन-नेपाली
(उर्फ एन्. [redacted]ाजभण्डारी)



प्रकाशक
**रत्न पुस्तक भण्डार**
भोटाहिटी, काठमाडौं ।
(नेपाल)

प्रकाशक :

**रत्न पुस्तक भण्डार**

भोटाहिटी, काठमाडौं ( नेपाल )

तेस्रो संस्करण १००० [redacted]

सम्वत् २०३५ साल [redacted]

[redacted]

मुद्रक :

**शिवशंकर प्रसाद**

**दीपक प्रेस,**

एस. १७/२७२ नदेसर, वाराणसी क्याण्ट ।

## समर्पण

प्रख्यात त्रिशक्ति-पट्ट, प्रबल गोरखादक्षिणवाहु,
सरदार मेदिनीप्रसाद राजभण्डारी, जानपद
दीर्घसेवा-पट्ट, सल्लाहकार, परराष्ट्र
मंत्रालय,

श्री ५ को सरकार

मा

जोविना यस ग्रन्थको निर्माण असम्भव थियो ।

# विभिन्न उद्‌गार

"........म मरि मुलुक डुब्न्या छैन,
भीमसेन मऱ्यो भन्या मुलुक डुब्न्या छ।"

**—श्री ५ रणबहादुर शाह**

"......तेस्तो संभार गरिदिन्या मानिस मेरो साथमा
भया देखि यत्ति अम्मल गर्न्या थियाँ......।"

**— रणजितसिंह** (पंजाव-केशरी)

"......हामि वजिर मध्ये ठुला वुद्धिमान वजिर
भीमसेन थापा हुन्।"

**—जङ्गबहादुर**

"........एउटा भीमसेन थापा नजन्मेको भए,
नेपाल. उहिल्यै हिंडिसक्थ्यो।"

**—चन्द्रशमशेर**

"......Nothing is dearer and nearer to his heart than the independence of his country"

—H. Oldfield.

# परिचय

'नेपाल' ऐतिहासिक अन्वेषकहरूका निम्ति स्वर्गको रूपमा विख्यात छ, तैपनि नेपालमा ऐतिहासिक अन्वेषण नगण्य मात्रामै भयो ! ईसवी शदि धेरै अघिदेखि नेपालको विशिष्ट सभ्यता र स्वाधीनताको जग बसिसकेको कुरामा बुद्धको जन्म नै सबभन्दा ठूलो प्रमाण छ। र त्यसपछि पनि दक्षिणका प्रसिद्ध राजकुलहरूले यस देशसित सम्बन्ध राख्नु आफ्नो गौरव ठाने। त्यस परंपराको निर्वाह पछिसम्म पनि हुँदै आएको देखिन्छ र ऐतिहासिक क्रमको त्यस उत्तराधिकारबाट हाम्रो राष्ट्रको संस्कृति वञ्चित छैन। हामीहरूका रीति-रिवाज. चलन-व्यवहार, भाषा-बोली अनुसन्धानकर्ताहरूले ती सब कडी भेट्न सक्तछन् जसको अन्यत्र लोप भैसकेको छ, र जो विद्वान्हरूका निमित्त हल नहुने प्रश्नचिह्न बनेका छन्। तैपनि यस क्षेत्रमा हामीहरूले विश्वलाई जुन विशेष सहयोग र दान दिन सक्तथ्यौं त्यसबाट हामी वञ्चित भयौं। निश्चय नै मल्लहरूले वंशावलीको रूपमा आफ्नो राष्ट्रियताको विकासको ऐतिहासिक जिज्ञासा देखाएका छन्, तथापि त्यस समयसंम दुर्भाग्यवश इतिहास लेख्ने जुन आधुनिक तरीका छ, त्यसको ज्ञान हामीलाई थिएन। जब त्यसको ज्ञान हुन लाग्यो देशमा यस्तो वातावरण रहेन जसमा शान्तिपूर्वक यो निर्माणकार्य हुन सकोस्। देश र राष्ट्रियता सानसानो भागमा विभाजित हुन गयो र त्यस कलह र स्पर्धाको बीच राष्ट्रिय उद्‌बोधनको साधन—इतिहासलेखन हुन सकेन। ईशवी अठारौं शताब्दीदेखि हामीले सगोलमा आउने फेरि मौका पायौं। तर पनि त्यस कालमा शस्त्रको जुन महत्त्व थियो त्यसमा शास्त्रले हुर्कने अवसर पाएन। र, अन्तमा हामी ईसवी उन्नाइसौं शताब्दीमा त्यस परिस्थितिमा आइपुग्यौं जब यस महत्त्वपूर्ण कार्यको अनुकूलता थियो।

जंगबहादुरमा आई हाम्रो इतिहासले केही विश्रामको मौका पाएको थियो, तर त्यस समय पनि सत्ता व्यक्ति या परिवारमै केन्द्रित हुन गएकोले सत्ताधारीले आफूभन्दा अगाडिको गौरव सुनाई आफ्नू स्वेच्छाचरण र सार्वभौमिकतामा आलोचना हुन दिने कुनै अवसर जनसाधारणलाई दिन चाहेनन्। कारण इतिहासको ज्ञानले पूर्ववर्ती अनुभवको आधारमा वर्तमानको आलोचना गरी भविष्यका निमित्त श्रेष्ठतर बाटो खोज्दछ। हो,—केही विदेशी विद्वानहरूले कूटनैतिक अथवा अनौठो पनामा स्वाभाविक तरीकाले हुने मानवको जिज्ञासा भावको परितृप्तिका निमित्त नाममात्रको इतिहासग्रन्थ तयार पारे। तर तिनमा इतिहासको त्यो लक्ष्य थिएन जो वर्तमान दृष्टिमा इतिहासको वास्तविक मूल्य रहन्छ। परिणामतः हामी आफ्नै इतिहासको सामग्रीबाट अपरिचित नै रह्यौं। भगवानदास र लेभी जस्ता दुइ चार



विद्वानले ऐतिहासिक सामग्रीको संकलन गर्नमा सफलता पाउन सके, तापनि वास्तवमा तिनबाट पनि हाम्रो ऐतिहासिक जिज्ञासाको बुभुक्षा शान्त हुन सकेन। तिनको पुरातात्विक महत्त्व बढी छ, ऐतिहासिक महत्त्व कम।

प्रत्येक देशको आफ्नू एक विशेषता हुन्छ, केही आफ्नू पना हुन्छ जो त्यसको व्यक्तित्व हो। त्यसलाई बुझ्न आफ्नै विचार र आफ्नै विवेक चाहिन्छ, र त्यसलाई छुट्ट्याउने आफ्नै आँखा पनि। विद्वान्हरूले त्यसलाई ठह्याउन स्वभावतः सकेनन्। यही उनीहरूको इतिहास-लेखनमा सबभन्दा ठूलो त्रुटि रह्यो। त्यसको पूर्ति स्वदेशी आत्मा र स्वदेशी दृष्टिले नै गर्न सक्तछ। र प्रस्तुत ग्रन्थ त्यसै अभावको एक पूर्ति हो।

लेखकले हाम्रो राष्ट्रिय इतिहासको एक यस्तो विशेष स्थललाई विचारको केन्द्र बनाएका छन्, जो स्वदेश र विदेशमा ठूलो मतभेदको विषय छ। भीमसेन थापा एक प्रधानमन्त्री, एक सैनिक नायक र एक शासक मात्र होइनन्, तिनमा नेपाली जनताको भावनाको प्रतिनिधित्व भएको छ। वर्गविशेषको सर्वाधिकारलाई उछिनी लोकको धरातलबाट उम्रेको यस नेपाली सुमनमा लोकको भावना र आकांक्षाको सहीसही बास्ना हुनु स्वाभाविक हो। भीमसेन थापालाई कसीमा कस्नु त्यस समयको नेपाली जनतालाई चिन्नु हो र लेखकले त्यस समयको 'हामीलाई चिनाउने' यही काम गरेका छन्। अंग्रेजी साम्राज्यवादको उर्लंदो भेलमा नेपालीहरू के गर्दै थिए ? यसलाई बुझ्न भीमसेन थापाको व्यक्तित्वसित सोध्नुपर्दछ। अन्तर्राष्ट्रिय क्षेत्रमा नेपाली कुन पाइला चाल्दैथिए ?—यसलाई बुझ्न भीमसेन थापातिर फर्कनुपर्दछ। र भारतीय स्वाधीनताको संग्राममा छेका हाल्ने जुन कलंक नेपाली मस्तकमा लगाइएको छ—त्यसको प्रक्षालनमा भीमसेन थापाकै सहयोग चाहिन्छ। लेखकले यही गरेका छन्, र भीमसेन थापाको व्यक्तित्वलाई नै नेतृत्व दिई नेपालीले आजको परिस्थितिमा के गर्नु उचित छ, यसको संकेत पनि दिएका छन्।

लेखक एक यस्तो परिवारका आधुनिक युवक हुन्, जुन परिवारले आफ्नो पुस्तैनी सेवा परराष्ट्र-विभागलाई समर्पित गरेको छ। ज्ञान बृहत् छ र त्यसलाई संगाल्न जीवन साह्रै नै छोटो, भन्ने कुरा स्वीकार गर्ने हो भने यस पुस्तैनी ज्ञानले लेखकलाई नयाँ व्यक्तिभन्दा विशेष सुविधा प्रदान गरेको छ। म यस विषयमा प्रस्तुत ग्रन्थका लेखकलाई नै प्रस्तुत विषयमा लेखनी उठाउने हाल सबभन्दा ठूलो अधिकारी ठान्दछु। यस ज्ञानको साथै यी नवयुवकमा राष्ट्रियताको जुन आधुनिकतम भावना र निर्माणको जुन ऊर्जस्वित उमंग छ त्यसले यस रचनालाई अझै पनि महत्त्वपूर्ण बनाएको छ। सबभन्दा मन पर्ने कुरा त यो छ कि लेखकले भीमसेन थापाको मुद्दामा स्वयम् आफ्नोतर्फबाट कुनै बहस गरेका छैनन्, उनले विरोधी र वस्तुस्थितिलाई बंग्याउनेहरूका तर्कहरूको हाराहारी नै केवल लिखित प्रमाण उपस्थित गरेका छन्

जो, आफ्नु पक्षमा स्वयम् तर्क गर्न पूर्ण समर्थ छ। छुट्ट्याउनेहरू छुट्ट्याउन्—वस्तु-स्थिति के हो र भीमसेन थापा के हुन् ?

नेपाल नयाँ युगमा नयाँ कोल्टो फेर्दैछ। हामीहरूले कोरा कागजमा भविष्यको चित्र अंकित गर्नुछ र प्रस्तुत ग्रन्थले त्यसमा सबभन्दा ठूलो सहायता देला।

नेपालीहरूले आफ्नू सम्बन्धमा, आफ्नु देश र राष्ट्रको सम्बन्धमा जुन थोर बहुत मनेका छन्–त्यस कडीमा यो ग्रन्थ ज्यादै नै प्रभावशाली र महत्वपूर्ण छ। यसले प्रतिभायुक्त उत्साह, विचार, विवेक र लेखनीलाई नवीन प्रेरणा देला र अनुकरण स्थापित गर्ला भन्ने विश्वास गर्छु।

काठमाडौं
१५—आषाढ—२०१३

बालचन्द्र शर्मा एम्. ए.
साहित्यरत्न

# मन्तव्य

नेपाल-सांस्कृतिक-संघका उद्देश्यहरूमध्ये मुख्य उद्देश्य,—आजसम्म जुन प्रकारले नेपालको इतिहास लेखिएको छ, ती सब प्रायः विदेशीहरूबाट लेखिएका र राणाशासकहरूले पनि वस्तुस्थितिको खोज गर्न नदिई आफ्नो ढंग सुहाउँदो सामग्री मात्र उपयोग गर्न दिएकाले हाम्रो इतिहास राष्ट्रिय दृष्टिकोणबाट लेखिएको नपाइएको हुँदा यसबारे गहिरो अन्वेषण गराई सच्चा इतिहास प्रकाश गर्नु हो।

प्रजातंत्रको प्रादुर्भावले हामीलाई विचारधाराको पूर्ण स्वतंत्रता दिलाउनुको साथै नेपाललाई अन्तर्राष्ट्रिय जगतमा प्रवेश गरायो। आज हामी नेपालीहरूले आफ्नो संस्कृति भाषा र इतिहासबाट प्रेरणा लिई संसारका अरू प्रगतिशील राष्ट्रहरूको दाँजोमा पुग्नुपरेको छ। तर आजसम्म हामीलाई हाम्रै राष्ट्रिय वीरहरूका बारेमा सच्चा ज्ञान प्राप्त छैन। जनरल भीमसेन थापा जस्ता एक महान् नेपालीको बारेमा विभिन्न विचारधारा र दृष्टिकोण पाइन्छ।

साथी चित्तरञ्जन नेपालीले यो पुस्तक लेखी भीमसेन थापाको मात्रै वास्तविकता नेपाली जनताको सामुन्ने पेश गर्नुभएको छैन, कि उहाँले वर्तमान नेपालको राजनैतिक-परिस्थितिउपयुक्त राष्ट्रिय भावना संचार गर्न सक्ने एक अमूल्य विचारधारा पेश गर्नुभएको छ।

लेखकले निकै अन्वेषण गरी आफ्नो दृष्टिकोण प्रमाणद्वारा वैज्ञानिक तवरले पुष्टि गर्नुभएको हुँदा आजसम्म इतिहासहरूमा भीमसेन थापाको बारेमा चलेको मतभेद दूर गर्न यो ग्रन्थ सहायक बन्नेछ भन्ने पनि ने. सा. सं. आशा गर्छ।

अन्तमा ने. सा. सं. लाई यस पुस्तक प्रकाशनका निम्ति आर्थिक सहायता प्रदान गरेकोमा नेपाल सरकारका माननीय प्रधानमन्त्री श्री टंकप्रसाद आचार्यप्रति संघ विशेष धन्यवाद र कृतज्ञता प्रकट गर्दछ।

ने. सा. सं.
काठमाडौं

प्रो० प्रकाशबहादुर एम. ए., बी. एल.
(मन्त्री, नेपाल सांस्कृतिक संघ)

# प्राक्कथन

प्रत्येक देशको इतिहासले त्यस देशका विगत घटनाहरूको केवल तथ्य-संकलनको कार्य मात्र गर्दैन, कि ती सबको विस्तृत विश्लेषण गरेर भविष्यमा अपनाउने मार्गनिर्देशनको संकेत पनि गर्दछ। त्यसै कारण प्रत्येक जीवित राष्ट्रको आफ्नो इतिहास हुन्छ, जसले त्यसको विकासमा सहायता गर्दछ। प्रस्तुत पुस्तक पनि 'इतिहास'-सम्बन्धी उक्त विचार-धारालाई साकार रूप दिने प्रयासमा तयार गरिएको छ। नेपालको संपूर्ण युगको नभए पनि एक विशेषकालको अनुभवलाई खोजको आधारमा विश्लेषणात्मक रूपमा पेश गर्ने कोशिश यसमा छ; यसकारण कि नेपालको विकासशील परंपराका निम्ति आवश्यक रहन गएको राष्ट्रिय इतिहासको अभावलाई यसले केही मात्रामा भए पनि पूरा गर्न सकोस्।

नेपालको इतिहास, सही र संपूर्ण-को रूपमा आजसम्म तयार हुन सकेको छैन, भनी लेख्दा,—अवश्य पनि हामीलाई संकोचको साथै गहिरो चोट पनि लाग्दछ। तर पनि वास्तविक कुरालाई लुकाउन सकिन्न। ६ वर्ष यता निस्केका दुइटा पुस्तकहरू— 'नेपालको ऐतिहासिक रूपरेखा' र 'नेपालको कहानी'-ले नेपाली इतिहासलाई दुनियाँको सामुन्ने पेश गर्ने साहस गरेको छ, तापनि रूपरेखा र कहानीकै रूपमा मात्र सीमित हुन गै इतिहासको वास्तविक अभाव तिनीहरूबाट पनि पूर्ति हुन सकेको छैन। अनि, संवत् २००७ सालभन्दा अगाडि लेखिएको यस संबन्धी पुस्तकहरू पनि स्वतः अभावपूर्ण हुनु स्वाभाविकै भयो।

नेपाली इतिहासको भण्डारमा थुप्रिएका पुस्तकहरूको थान गन्ती गर्दा अधिकसंख्यामा विदेशी इतिहासकारहरूले नै थुपारेको पाइन्छ—चाहे त्यसमध्ये कुनै यात्रावर्णन, संस्मरण वा स्केचको रूपमा लेखिएकै किन नहुन्, अथवा कुनै व्यक्तिको जीवनी लेख्दा प्रसंगवश लेखिएको मात्र पनि किन नहोस्। तैपनि विदेशी विद्वान्‌हरूको यस प्रकारको प्रयासबाट हामीलाई आफ्नो देशको बारेमा धेरै कुराको बोध गराइदिएको छ। यसनिम्ति नेपालीहरूले अवश्य पनि कृतज्ञ बन्नुपर्छ। तैपनि,– यी विदेशी विद्वान्‌हरूले ( जतिसुकै मिहेनतसाथ भए पनि ), लेखेको नेपालको इतिहास वा तत्सम्बन्धी लेखमा नेपालको आफ्नो भावना एवं दृष्टिकोणको पूर्ण अभाव हुन गएबाट, नेपाली इतिहासको वास्तविक रिक्तता त्यसबाट पनि पूर्ति हुन सकेको छैन।

यसरी नेपाली इतिहाससम्बन्धी व्यापक रिक्तताको अनुभव हुँदाहुँदै पनि सीमित साधन र अवकाशको कमीले गर्दा लेखकलाई केवल एक ( सानु ) युगमा मात्र सीमित हुनुपरेको छ, यसकारण कि वैज्ञानिक ढंगमा पुरातत्त्वविभागको निर्माण

एवं सुव्यवस्था भै नसकेको नेपालमा केवल एक व्यक्तिले व्यक्तिगत सीमित साधन र शक्तिद्वारा संपूर्ण नेपालको खोजपूर्ण इतिहास लेख्ने हिम्मत गर्न असंभव नभए पनि असाध्य गाह्रो त अवश्य छ। यसर्थ यस दुर्भाग्यको शिकार हुनुपरेकोमा लेखकलाई दुःख त लागेको छ निश्चय; तर पनि झीनो रूपबाट भए पनि आफ्नो मिहेनत र प्रयासलाई साकार रुपमा ल्याउन पाएबाट संतोषको साससम्म यसले फेर्न पाएको छ र आफ्नो कोशिशलाई अझ बढाउने साहस गर्न सकेको छ। साथै, यसबाट नेपाली जनतामा रहेको राष्ट्रिय भावनालाई अझ दिगो र दृढ गराई, राष्ट्र-निर्माणको कार्यमा केही सहायता प्रदान गर्नेछ, भन्ने लेखकलाई विश्वास पनि छ।

× × ×

यस पुस्तकको निर्माणमा अगाडि बढ्दा मलाई प्राप्त हुन आएका विभिन्न सहयोग एवं सद्भावनाका निम्ति:—

राष्ट्रीय-इतिहासको सृजनामा उत्सुकतासहित प्रोत्साहनपूर्ण सहानुभूति गरिबक्सेकोमा, सर्वप्रथम श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाहदेवका हजूरमा हार्दिक कृतज्ञता ज्ञापन गर्छु। अनि, यस पुस्तकको हस्तलिपिलाई आद्योपान्त सुन्नुभै यसको प्रकाशनका निम्ति ने. सां, सं. लाई सरकारबाट आर्थिक सहायता दिलाउनुको साथै, पुस्तकमा समावेश हुन गएका सरकारी ऐतिहासिक चिठ्ठीपत्रहरूको नक्कल सार्न एवं फोटोब्लाक छाप्नका निम्ति अनुमति दिनुभै राष्ट्रिय इतिहासको निर्माणमा सक्रियात्मक सहयोग गर्नुभएकोमा माननीय प्रधानमंत्री श्री टंकप्रसाद आचार्य, माननीय परराष्ट्रमंत्री श्री चूडाप्रसाद शर्मा, परराष्ट्र सेक्रेटरी श्री नरप्रताप थापा, तथा नेपाल सरकारप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु। आफ्नु पुस्तकमाथि अनेक किसिमको आलोचना गरिए तापनि उदार हृदय लिएर यस पुस्तकको निर्माण एवं प्रकाशनको व्यवस्थाका निम्ति व्यक्तिगत रूपमा विशेष उत्सुकतासाथ गरिदिनुभएको परिश्रम र मिहेनतका निम्ति, तथा त्यत्तिकै उदार भई लेखिदिनुभएको 'परिचय' का निम्ति इतिहासकार श्री बालचन्द्र शर्मा ( माननीय शिक्षामंत्री ) को सधैंको आभारी एवं ऋणी भएको अनुभव गर्छु। अनि डा. खोसलाले नेपाल आएर ऐतिहासिक सामग्री लगेको बखत आफ्नू साथमा रहन गएका नक्कल दी गर्नुभएको सहायताका निम्ति श्री मातृकाप्रसाद कोइराला ( भूतपूर्व प्रधानमंत्री ) लाई पनि धन्यवाद अर्पण गर्छु।

यस बाहेक,— आफ्नो निजी पुस्तकालयमा रहेका अमूल्य पुस्तकहरू असीमित समयसम्मका निम्ति दिनुभई गर्नुभएको सहायताका निम्ति फिल्ड-मार्शल जनरल श्री केसरशमशेर जं. ब. रा. लाई, र यसरी नै पुस्तकप्राप्ति एवं अन्य सहायताका निम्ति, सर्वश्री बाबुराम आचार्य ( इतिहास-शिरोमणि ), सरदार नगेन्द्रमानसिंह



( भू. पू. अध्यक्ष-ने.प. स. क. र ने. ला. क. ) सिद्धिचरण ( सुविख्यात कवि ) डा. गोकुलचन्द्र मलहोत्रा, एम्. ए., पीएच्. डी. ( प्रो. इतिहास त्रिचन्द्र कलेज ) र यसरी नै सहायक हुनुभएका साथीहरू—सर्वश्री जनकलाल शर्मा ( एक्स्क्याभेटर, पुरातत्व विभाग, ने. स. ), प्रो. रामप्रसाद राजवाहक, एम्. कम्. ( कमर्स डिपार्टमेन्ट, त्रिचन्द्र कलेज ), हरिहरराज जोशी, बी. ए., धनुषचन्द्र गौतम, नूतनबहादुर थपलिया, रत्नबहादुर थपलिया, नारायणप्रसाद बाँसकोटा ( संपादक, 'प्रगति' ) आदि तथा 'मोगेन्द्र स्मारक पुस्तकालय'. 'नेपाल-भारत-सांस्कृतिक केन्द्र' (पुस्तकालय) आदि सबैमा सहृत धन्यवाद अर्पण गर्दछु।

यस पुस्तकको संशोधनको साथै यसको मुद्रणसम्बन्वी कार्यमा विशेष चाखलिई यसलाई सुन्दर गेटअप पार्ने कोशिश गर्नुभएकोमा साथी श्री श्यानदास वैष्णव ( कवि, तथा प्रोग्राम माष्टर, रेडियो नेपाल ) लाई, र यसको लेखनीसम्बन्वी आवश्यक सुझाव दिनुभएका साथीहरू-सर्वश्री विजयबहादुर मल्ल, ( कवि तथा-नाटककार ), गोविन्द 'गोठाले' ( कथाकार एवं नाटककार ) धू स्वां सायमी, एम्. ए. (इन्डोलजि ) र अरू साथीहरूलाई पनि कृतज्ञतासाथ धन्यबाद अर्पण गर्दछु।

र, अन्तमा यस पुस्तक प्रकाशन गर्ने व्यवस्था गरेकोमा नेपाल सांस्कृतिक संघ, र त्यसको परिवारलाई पनि धन्यवाद अर्पण गर्दछु। जय नेपाल।

'भीमसेन स्मृति दिवस'
१६–श्रावण–२०१३

—चित्तरञ्जन नेपाली,
त्यौडटोल, काठमाडौं।

# विषय-सूची

| विषय | पृष्ठ |
|---|---|
| **प्रथम खण्ड—** | १ |
| ( ऐतिहासिक विश्लेषण एवं सामान्य परिचय ) | |
| **द्वितीय खण्ड—** | ५३ |
| ( परराष्ट्रनीति एवं फौजी व्यवस्था ) | |
| **तृतीय खण्ड—** | १३७ |
| ( शासन व्यवस्था एवं सुधारकार्य ) | |
| **चतुर्थ खण्ड—** | १७९ |
| ( परिशिष्ट, सहायक ग्रन्थादि एवं फोटो ब्लाक आदि ) | |

# जनरल भीमसेन थापा
# र
# तत्कालीन नेपाल

## *प्रथम खण्ड*

ऐतिहासिक विश्लेषण एवं सामान्य परिचय

Historical analysis and General introduction

जनरल भीमसेन थापा र तत्कालीन नेपाल



जनरल भीमसेन थापा ( १८३२–९६ )

# प्रथम खण्ड

## ( ऐतिहासिक विश्लेषण एवं सामान्य परिचय )

## I

"His was a life of constrast, and no Greek tragedy has ever presented a more-dramatic catastrophe than his fearful end."

—*P. Landon.*

( अर्थात् ) "वैविध्य नै उनको जिन्दगी थियो, तथा ग्रीकका कुनै वियोगान्त नाटकले पनि उनको अन्त जत्तिको भयानक नाटकीय बर्बादीलाई प्रस्तुत गर्न सकेको छैन।"

—पी० ल्यान्डन

× × ×

ईस्वी संवत् उन्नाइसौं शताब्दीको शुरूआतमा नेपालको राजनैतिक अस्थिरताबाट एक यस्तो व्यक्तिको प्रादुर्भाव भयो, जसको प्रारम्भिक जिन्दगीको विषयमा ज्यादै कमलाई थाहा छ; अनि जसले एकतीस वर्षको लामो अवच्छिन्न अवधिमा नेपालको राजनैतिक आकाशमा चम्केर आफ्नो बुद्धि, बर्कत, राजनैतिक कुशलता एवं ईमानदारीबाट त्यस बखत सारा संसारमै आफ्नो साम्राज्यको किल्ला गाड्नका निम्ति कैयौं राष्ट्रहरूलाई निल्दै अगाडि बढेको अंग्रेजी शक्तिबाट नेपाललाई केवल जोगाएको मात्र-थिएनन् कि त्यस साम्राज्यवादी विदेशी शक्तिको विरोधमा एक भै लड्नका निम्ति भारतका सारा राज्यहरू, एवं चीन, बर्मा, पर्सिया आदि एशियाई राष्ट्रहरूलाई आह्वानसमेत गरी संसारमा सबभन्दा पहिले एशियाई

एकताका निम्ति आवाज उठाएका थिए; तथा चीन साम्राज्यको प्रकाण्ड प्रकोपबाट पनि गुम्न नसकेको नेपालको स्वतन्त्रता एवं अस्तित्वमा कुनै किसिमको धब्बा आउन दिएका थिएनन्; र जसले विलबरफोर्सको साथै दासत्वप्रथाको विरोध गरी मानवताको इज्जत गरेका थिए, तथा शासन व्यवस्थामा पनि अनेक वैज्ञानिक सुधार गरी राष्ट्रलाई विकासको बाटोमा अग्रसर गराएथे- अनि जसको अन्त पनि यति आकस्मिक तथा नाटकीय ढंगबाट भयो कि त्यो "एशियाको इतिहासले प्रस्तुत गरेको ( सबभन्दा ) दुःखद अवसान थियो।"[१]

— ती हुन्, "जनरल भीमसेन थापा"

यिनै जनरल भीमसेन थापा कहाँ, कहिले,[२] कुन ठाउँमा[३] जन्मे, कसरी कुन वातावरणमा हुर्के भन्ने, अर्थात् उनको प्रारम्भिक जीवन कसरी बित्यो, भन्ने विषयमा यहाँ कलम कोरिन लागेको छैन; यसकारण कि मेरा भीमसेन थापा मुख्तियार भीमसेन थापा हुन्, देश-निर्माता हुन्, न कि सिंगाने बालक !

हुन त आजसम्म प्रकाशित नेपालको इतिहासहरूमा पनि भीमसेन थापालाई शुरू यहींबाट गरिएको छ, देशका कर्णधारको रूपमा पेश गरिएको छ, तर पनि यी इतिहासकारहरूले उनको बारेमा सतह सतहबाट कलम चलाउनुसिवाय; त्यसमा पनि विदेशीहरूले, विशेषतः अंग्रेजी लेखकहरूले ज्यादा गरेर उनको युद्धकुशलता एवं विदेशी नीति ( त्यो पनि ब्रिटिश भारतसितको मात्र ) को चर्चा गर्नुसिवाय, उनको विषयमा खोजिपसेको देखिंदैन। अनि कतिपय नेपाली इतिहासकारहरू त अरूले लेखेको कुरालाई केवल अनुवाद मात्र गरेर पनि हाइसंचो मानी बसेका छन् !

मैले पढ़ेका प्रकाशित इतिहासहरूमा भीमसेन थापाको मुख्तियारी[४] पदको बहालीविषयक कुरामा सबैजसो इतिहासलेखकहरूले साझा भूल

१. P Landon - Nepal - VOL—I-P 91.

२. जन्म साल– सम्वत् १८३२ श्रावण वदी ६

३. जन्मस्थान– पश्चिम २ नं. गोर्खा, (बोर्लाङ्)

४. हुन त सबैजसो इतिहासकारहरूले भीमसेन थापालाई "प्रधानमंत्री" भन्ने शब्द प्रयोग गरेका छन् तापनि 'प्राइममिनिष्टर वा प्रधानमंत्री' भन्ने दर्जा पहिले मातवरसिंह थापाले पाएका थिए। भीमसेन थापाको समयसम्म मुख्तियार भन्ने चलन थियो, तसर्थ यस पुस्तकमा पनि 'मुख्तियार' शब्दकै प्रयोग गरिएको छ।



गरेका छन्। भीमसेन थापाका समकालीन इतिहासकार फ्रान्सिस् ह्यामिल्टनले समेत त्यही भूल गरेकोले, हुन सक्छ उनको कुरा नै अकाट्य ठानी अरू इतिहास लेखकहरूले आफ्नू पुस्तकमा त्यस भूललाई केवल सारिदिए, तथा यस विषयमा खोजी गरेर वास्तविकता पत्ता लगाउने झंझटमा पर्न चाहेनन्। यसको कारण यो पनि हुन सक्छ, आजसम्म जतिवटा नेपालका इतिहास प्रकाशित भएका छन्, तिनमा ज्यादाजसो विदेशीहरूले लेखेका छन्, अनि कुनै नेपालीहरूले लेखेका छन् तापनि ज्यादाजसो विदेशमा बसेर लेखेका छन्, अर्थात् नेपालभित्र पसी खोजी गर्ने मौका नपाउँदै लेखेका छन्।

भीमसेन-थापाको मुख्तियारी (अर्थात् प्रधानमंत्रित्त्व) पदको बहालीविषयक कुरामा सारा इतिहासकारहरूले एकै हातले झैं यही लेखेका छन् कि—वि० सं० १८६१ साल ( तदनुसार ईस्वी सन् १८०४ ) मा स्वामी भै निर्वाणानन्द[१] भैसकेका राजा रणबहादुर शाह काशीबाट पुनः नेपाल फर्केपछि उनले आफू नायब वा रिजेन्ट भै दामोदर पांडेलाई हटाएर उनको रिक्त स्थानमा भीमसेन थापालाई प्रधानमंत्री (अर्थात् मुख्तियार) बनाए[२]। यसै कुरालाई अझ पुष्टयाइँ दिन खोज्दै डा० ओल्डफील्डले आफ्नू पुस्तक ( Sketches of Nipal ) मा रणबहादुर शाहले भीमसेन थापालाई प्रधानमंत्री पदमा बहाली गराउँदा गरिदिएको लालमोहरको एक अंश भनी टिप्पणी दिई लेखेका छन् जुन यस प्रकार छ :—"यदि मैले यस पवित्र प्रतिज्ञालाई उल्लंघन गरी पूरा नगरेमा देवदेवीले रिसाएर मेरो एक सय बीस पुर्खालाई नरक भोग गराऊन्, र यदि पूरा गरेमा पुरस्कारस्वरूप ईश्वरले मेरा पुर्खालाई स्वर्गमा स्थान दिऊन्।"[३]

ओल्डफील्ड साहेब यस कुरामा सत्यताबाट टाढा पुगेका छन्। हुन त उनले लालमोहरको एक टुक्रा भनी लेखेका छन् तर तारीख मितिको

१. नेपाली इतिहासहरूमा उनको नाम 'निर्गुणानन्द' लेखिएको छ, जुन गलत थियो।

2. ( i ) Hamilton—Account of Nepal-PP. 175 & 259.
( ii ) William Hunter—Life of Brian Hodgson P. 98.
( iii ) Dr. Henry Oldfield-Sketches of Nipal—P. 294.
(iv) बालचन्द्र शर्मा–नेपालको ऐतिहासिक रूपरेखा–पृष्ठ–२४८
( v ) सूर्यविक्रम ज्ञवाली–अमरसिंह थापा (ने. सं.)– पृष्ठ–२४
(vi) काशीप्रसाद श्रीवास्तव–नेपाल की कहानी– पृष्ठ–३८
(vii) बाबुराम आचार्य—भीमसेन थापाको पतन-प्रगति अंक १० पृष्ठ ३८

3. Henry Oldfield-Sketches of Nipal—P. 294.

साथै, त्यो लालमोहर भएकै थियो भन्ने कुनै प्रमाण पेश गरेका छैनन् : अनि, उनलाई थाहा हुनुपर्ने हो कि रणबहादुर शाहले रिजेन्ट वा नायब भएर भीमसेन थापालाई मुख्तियार बनाएका हुन् भनी एकै छिन मानूँ भने पनि त्यो लालमोहर रणबहादुर शाहको नभैकन गीर्वाणयुद्धविक्रमको हुनुपर्थ्यो, किनभने लालमोहरमा केवल राजाकै मात्र छाप लाग्न सक्तछ, न कि रिजेन्टको। शायद विदेशी हुनाले नेपालको यो चलन डाक्टर साहेबलाई थाहा भएन होला। अनि, चन्द्रशमशेरका प्रधानमंत्रित्वकालमा नेपाल आएर 'महाराजा प्रधानमंत्रीबाट धेरै नै सक्कल सामग्री भेट्टाएर लेख्न लागेको' भनी गर्व गर्ने इतिहासकार पर्सिवल ल्यान्डनसमेत भीमसेन थापाको मुख्तियार हुनुको समय र कुरामा बिलकुल अस्पष्ट रहेका छन्।[1]

यसमा त शंका पटक्कै छैन कि रणबहादुर शाह काशीबाट फर्केपछि नेपालको राजनीति तथा प्रशासन कार्यमा भीमसेन थापाको विशेष हात रहन थालेको थियो। भीमसेन थापाकै आडमा रणबहादुर शाह नेपाल फर्कन सकेका थिए[2]। त्यसैले स्वभावतः प्रशासन कार्यमा उनको हात रहने नै भयो। तर पनि आफ्नै भाई शेरबहादुर शाहद्वारा संवत् १८६३ सालमा रणबहादुर शाहको हत्या हुनुभन्दा अगाडिसम्म भीमसेन थापा नेपालका मुख्तियार ( अर्थात् प्रधानमन्त्री ) पदमा नियुक्त भएका थिएनन्।

( यस कुराको निर्णय गर्नका निम्ति अप्रासंगिक भए पनि पृष्ठभूमि स्वरूप केही कुरा बुझ्न आवश्यक हुन आउँछ। )

संवत १८५५ सालमा आफूले गद्दी छोडी आफ्नी ब्राह्मणी रानीतर्फका छोरा गीर्वाणयुद्धविक्रम शाहलाई राज्य सुम्पेपछि रणबहादुर शाह स्वामी भै निर्वाणानन्दका नामले रहन थाले। उनी दरबार छोडी देव-

1. P. Landon-NEPAL-VOL. I-P. 74,

२. यस कुराको उल्लेख राजा राजेन्द्रविक्रमले एउटा लालमोहरमा यस प्रकार गरेका छन् :–

"......रोक्न मानिस आया भन्दा श्री बाज्याज्यू साहेब उदास हुनुभएछ तेसमा श्री बाज्याज्यूका हजूरमा बुझाइ सम्झाइ बखत अन्सारको काम कुरो गरि श्री बाज्याज्यूको सँभार गरी दरबार प्रवेश गराउँदा....... ( आदि )"

[ सं० १८६२ साल कार्तिक वदि ६ रोज २ को लालमोहरबाट ]

—संपूर्ण नक्कल परिशिष्ट नं० १ मा।



पाटनमा गएर बसे, र पछि पाटन गए। त्यस बखत उनका साथमा अरू व्यक्तिका अतिरिक्त दुइ महारानीहरू थिए–राजेश्वरी देवी र कान्तिवती। कान्तिवतीको मृत्यु देवपाटनमा छँदै भएकोले पाटनमा केवल जेठी महारानी मात्र उनका साथमा थिइन्।

स्वामी भै निर्वाणानन्दको नामले रहन थालेपछि पनि रणबहादुर शाहले आफूलाई देशको राजनीति एवं शासनव्यवस्थाबाट बिलकुल अलग्याउन सकेनन्, तथा भारदारहरूको जालले गर्दा मात्र गद्दी छोड्नुपरेको भन्ने महसूस गरी उनले पाटनमा बसी काजी भारदारहरूको विरोधमा कार्य गर्न थाले, फौजको नाममा आदेश जारी गरी जनतालाई संगठित गर्न थाले। यसताक दामोदर पाँडेहरूले श्री ५ गीर्वाणलाई नुवाकोट लगी त्यहींबाट शासन संचालन गर्न थालेका थिए। अनि, त्यसै वेला रणबहादुरकी जेठी महारानी राजेश्वरीदेवीले पनि अलग्गै फौजको नाममा आदेश गरी राजनीतिमा हात हाल्दा देशमा केही महीना त्रयी शासन चल्न गयो[1]। त्यसपछि रणबहादुर काशी गए। उनका साथमा महारानीका अतिरिक्त भीमसेन थापा र दलभंजन पाँडे पनि गएका थिए।

बनारस पुगेर पनि स्वामी निर्वाणानन्द उर्फ रणबहादुर शाहले नेपालको राजनीतिमा ध्यान दिन छाडेका थिएनन्। भीमसेन थापाका सल्लाहबमोजिम दामोदर पाँडेहरूका विरोधमा कार्य गर्दै थिए। उनले नेपालस्थित आफ्ना भाइहरू-शेरबहादुर शाह, विदुर शाहहरूलाई पत्र लेखी आफ्नो पक्षको बनाउन कोशिश गर्दै रहे। साथै, बख्तावरसिंह बस्नेत, श्रीमती चित्रादेवी बस्नेत आदिलाई पत्र लेखी दामोदर पाँडेको विरोधमा कार्य गर्न अपील गर्दै रहे।

रणबहादुर शाह एवं उनको पार्टी पाटनबाट उम्केर बनारस पुगेपछि काजी दामोदर पाँडेले पनि अर्कै राजनैतिक दाउ खेल्न थाले। उनले गजराज मिश्रको सल्लाहमा उनलाई पटना पठाई अंग्रेज कंपनी सरकारसित व्यापारिक सन्धि गरे, तथा अंग्रेज सरकारद्वारा रणबहादुर शाह र उनको पार्टीलाई बनारसमा कैद गर्न लगाए।

यसरी दामोदर पाँडेको जालबाट, आफू अंग्रेज सरकारको बन्दी भएको हुँदा स्वामी महाराजले पनि आफ्ना राजनैतिक सल्लाहकार भीमसेन थापाका सल्लाहबमोजिम भाइ शेरबहादुरलाई पत्र लेख्न थाले। शेरबहादुरलाई लेखेको पत्रमा उनले अंग्रेजलाई निकाल्न र आफ्नो कैद

१. चित्तरञ्जन–त्रयी शासन ( निबन्ध )-प्रगति, अङ्क १३ मा

खोल्न लगाउनका निम्ति जोड गर्न लेखेका थिए, साथै श्री ५ गीर्वाणको सुरक्षाका निम्ति अपील गरेका थिए। पत्र यस प्रकार छ,–

श्री दुर्गा सहाय

श्री माहाराजा
११,१६.

श्री इष्ट देवता विश्वेश्वर
पशुपति गुह्येश्वरि
१८

केशर छाप

स्वस्ति श्री समस्तयोग कला कोविद योगीन्द्रगण चिन्तनीय सच्चिदानंद स्वरूप परिपूर्ण परब्रह्मानु चिंतन तदेकताधि गमै कलालस सांसारिक सकल विषयाभिलाष विनिर्मुक्त मानसेत्यादि विविध लोकोत्तर गुणग्रामाभिराम श्री माहा निर्वाणानन्द स्वामीनां सत्कर्म शालीनाम्।

स्वस्ति श्री गिरिराज्येत्यादि, श्री मन्महाराजाधिराज कुमार श्री शेरबहादुर शाहके आशीष याहा कुशल ताहा कुशल क्षेम चाहिये पूर्वक पत्रमिदं उप्रांत बहुत् जाई तेरो सविस्तार पत्र आयो वहुतै खुशी भया सर्ववातले तँमाथी खुशी छु सवदरभाइको गर्नु गरिस् मैले पनि तँलाइ सवदरभाइ ठहरायाको छु जस प्रकारले ११ को रजाइ थीर हुन्या देशका आयाका मानिस ठहर नआउन्या मेरो कयेद खुलन्या तहींबाट तिमीहेरूले गऱ्या हुन्या छ त्यो काम गरि मलाई झिकाउन्या उपाय गर म यहाँ वस्ता मान्छेले चरपाइ खेल बढाउँछन् निजलाइ झिक कि मेरो कयेद खोली तीर्थ जानदेऊ २ मा १ कुरा गरीनौ भन्या मैले प्राण छोड्न आँट्याको छ विग्रन्या भन्या····१६····को र तेरो विग्रन्या छ कदाचित हजूर आइ मलाइ केहिगरौला ( भनी ) जान्लास् त तेरो जियधनमा देखुँता ····१८····को कुदृष्टी ब्राह्मणको लोहुखानु हजार गाइ माऱ्याको हत्या। अतिबुद्धि पहिलेका चिठीले मालूम होला केहि वस्तु पुग्याको थिएन, अहिले पठाइ दिन्यूं भंदा षर्चका तंगीले पुगी आयेन पछि पठाइ दिन्यूँला पत्रको उत्तरा चाँडो पठाइदे कि वहुना मिति वैसाक शुदि ४ रोज ४ मुकाम बनारस् शुभम्"।

यसरी नै रणबहादुर शाहले विदुरसाहीलाई पनि पत्र लेखेका थिए



जसमा आफ्नो 'घर गराउनामा' मद्दत गर्न अपील गरेका छन्[१]। साथै काजी बखतावरसिंह बस्न्यात र उनकी आमालाई पनि पत्र लेखी आफ्नो पक्ष बलियो पार्न खोजे।[२]

त्यसै बखत रणबहादुर शाहका साथमा बनारसमा बसेका भीमसेन थापाले पनि बखतारवरसिंह बस्नेतलाई पत्र लेखी उक्त बन्धन तोड्नमा सहायता गर्न अपील गरेका थिए। बखतावरसिंहलाई लेखेको पत्रमा भीमसेन थापाले यो कुराको पनि संकेत गरेका थिए कि नेपालमा अंग्रेजले आएर बस्नु असल कुरा होइन। उनले लेखेका थिए—

" तहां कहिले न आउन्यालाई लैगै राष्याछन्, त्यो गयाको पनि बढिया छैन जोना तरहले हुन्छ जुगुति वुधिबाट तेसलाई उँधो झार्न्या काम गर्नुहवस् वाँकि जाहा श्री ५ स्वामिज्यू हामिहरु संग मलाइ कैद गरि राषेछ भनि हुकुम हुन्थ्यो र हामिले पनि एउटा तिर्थको वहाना गरि वुन्दा जान दिएनन् र कैदै रहेछ भनि हामिले वुझिन्यू श्री ५ स्वामिज्यू वाट पनि मैले ताहां भारादार प्रजाको क्या नगर्नु गऱ्याथ्यां र सत्रुका हातवाट आवरु लिया त अपहत्या गरि मर्नु पऱ्यो भनि अन्न षानु पनि छोडनु भयो," तसर्थ "श्री स्वामीज्यूको घर हुन्या जस पनि अर्काको हात नपार्नु हवस्, धर्म निमक् आफ्ना स्वामित् चिह्नी काम गर्नु हवस्"[३] यस्तै प्रकारले रंगनाथ पंडित, जो बनारसमा भीमसेन थापाहरुसंग थिए, उनले पनि बखतावरसिंहलाई पत्र लेखेका थिए।[४]

यसरी अनेक उपाय गर्दा पनि आफ्नो कैद नखुलेकोले, अंग्रेजसितको संधि भंग नभै आफ्नो कैद खुल्दैन भन्ने ठानी भीमसेन थापाको सल्लाहमा रणबहादुर शाहले आफ्नी जेठी महारानी राजेश्वरी देवीलाई संधि भंग गराउनका निम्ति नेपाल पठाए। महारानी पनि दामोदर पाँडेहरूको अनेक विरोधको सामना गरी नेपाल पुगेर संधि गोलमाल गर्नमा सफल भइन्। त्यसपछि रणबहादुर शाहउपर रहेको नजरबन्द हट्न गएर उनी आफ्ना पार्टीसाथ नेपालतर्फ लागे।

बनारसबाट नेपालतर्फ आउँदा 'रंगेली दास' नामक स्थानबाट रणबहादुर शाहले शेरबहादुर शाहलाई पाँडेहरूको हातबाट श्री ५ गीर्वाणको

१. पत्र परिशिष्ट नं. २ मा

२, इतिहास प्रकाश अंक १ पृष्ठ १७. १६.

३. इतिहास प्रकाश–अंक–१–पृष्ठ १८

४ इतिहास प्रकाश अंक– १ – पृष्ठ २०

सुरक्षा गर्न चिठ्ठीहरू लेखेका थिए, कि "………तांहां गर्न्या कृत्यको भरोसा तेरै राष्याको छ, श्री ५ महाराजको तहाँ संभार हुन्यागरि तांहां-राषना मानिस तांहां राषि आफुले भला भनि जाँच्याका मानिस पावरो-षालि गर्न पठाइदे. दुष्ट जनहरूले श्री ५ महाराजालाइ गोर्षातिर चलाउन षोजनन् त्यो नपुग्या भाग्न षोजनन्, गोर्षा चलाउनु पनि दिनु छैन, भागन पनि दिनु छैन, (इत्यादि)"[१] त्यस ठाउँबाट लेखेको अर्को एउटा पत्रमा पनि उनले यस प्रकार लेखेका छन्,–"…ताहाँ श्री महाराजालाई नुवाकोट गोर्षा लैजान्या कुरा गर्नन् लैजान दीनुछैन, छलवल (जाल) जसो गरि हुन्छ थाम वीदुर शाहलाई पनि हात गर्नु…(इत्यादि)"[२]

हुन पनि रणबहादुर शाह आफ्ना दलसहित आउन लागेको समा-चारबाट आत्तिएर दामोदर पाँडेहरूले गीर्वाणयुद्धलाई गोर्खा भगाउन पनि संभव थियो। यसो गर्नाले पाँडेहरू गीर्वाणयुद्ध पक्षका मानिसलाई रणबहादुरसित चिढाउनमा सफल हुन सक्ने थिए। यसको बचावट रणबहादुरले नेपाल पुग्नुभन्दा अगावै गरेका हुन्। निसन्देह भीमसेन थापा जस्ता योग्य राजनीतिज्ञको सल्लाहमा आएका स्वामी महाराजलाई यति कुरा बुझ्न कत्ति गाह्रो परेन होला।

यी सब पूर्वप्रबन्ध गरेर उनी तथा उनको दल नेपाल आयो, तथा दामोदर पाँडेले रोक्न खोज्दा उनलाई मारी हटाइयो। त्यसपछि नेपालको शासनभार रणबहादुर शाहको हातमा पर्‍यो।

नेपाल फर्केपछि स्वामीमहाराज रणबहादुर शाहले पुनः आफूलाई राजा घोषित गरेनन्, यो सत्य हो। तर उनले आफूलाई नायब वा रिजेन्ट पनि बनाएका थिएनन् न त उनको नायबीकालमा भीमसेन थापा नै मुख्तियार (वा प्रधानमंत्री) भएका थिए, जस्तो कि इतिहासकारहरूले लेखेका छन्।

भीमसेन थापाको मद्दतबाट नेपाल फर्केपछि रणबहादुर शाह आफै मुख्तियार (अर्थात् प्रधानमंत्री) बनेका थिए। तत्कालीन श्री ५ महाराजा-धिराज गीर्वाणयुद्धविक्रम शाहले आफ्ना बाबुलाई देशको मुख्तियारी सुम्पें भनी जारी गरेको लालमोहरले यस कुरालाई प्रमाणित गर्दछ कि

१. फागुन सुदी ६ रोज १ का पत्रबाट सपूर्ण पत्र परिशिष्ट नं ३ मा।

२, फागुन सुदी १० रोज २ का पत्रबाट–संपूर्ण पत्र परिशिष्ट नं ४ मा।



काशीबाट आएर रणबहादुर शाह मुख्तियार बनेका थिए, न कि रिजेन्ट। लालमोहर यस प्रकार छ:—

" श्री दुर्गासहाय।

श्री बुवाज्यू

छाप

स्वस्तिश्री गिरिराज चक्र चूडामणी नरनारायणेत्यादि विविधविरुदावलि विराजमान मानोन्नत श्री मन् महाराजाधिराज श्री श्री श्री महाराज गीर्वाणयुद्धविक्रम शाहबहादुर सम्सेर जङ्ग देवानाम् सदा समर विजयिनाम्

आगे……लाई म जान्या हुन् ज्याल सम्म मरमुलुकको घा घरसार न्या कटक पजनी गैरह काज कामको मुष्तेयारी वक्स्याँ भारा कंपनी ढलेट चारवर्ण छत्तिसै जातले……को हुकुममा रुजु रही मर्जिमाफ़्नु, जो……को हुकुम मानैनन् तस्लाई……बाट सासना गर्नु, इति संवत १८६२ साल फागुण सदी ८ रोज ४ शुभम् — — — — — —

[यस लालमोहरको पछिल्तिर मार्फत भै पुछ्रे सही गर्नेहरू :— भीमसेन थापा; प्राणसाह; सेरबहादुर साह; रणजीत पाँडे; रंगनाथ पंडित राज; रणध्वज थापा; नरसिंह,]

श्री ५ गीर्वाणयुद्धविक्रमले गरिदिएको यस लालमोहरबाट रण-बहादुर शाह काशीबाट फर्केपछि नेपालका मुख्तियार (अर्थात् प्रधानमंत्री) बनेका थिए भन्ने स्पष्ट हुन्छ। यदि रिजेन्ट शब्दको नेपाली भाषामा पर्यायवाची नपाइएकोले मात्र 'मुख्तेयारी' शब्दको प्रयोग गरिएको हो कि भनी तर्क वा शंका उठाउँ भने पनि रणबहादुर शाहले श्री ५ को हैसियत-बाट संवत् १८५५ सालमा आफूले गद्दी छोडी आफ्ना छोरा गीर्वाणयुद्ध-विक्रमलाई सुम्पँदा गरिदिएको 'ताँबापत्रमा' स्पष्टसंग 'कान्छा महारानीले राजा श्री गीर्वाणयुद्ध विक्रम शाहलाई काषमा रानी नायवी गर्नको अषतियार वक्स्यौं' भनी नायवी शब्दको प्रयोग गरेको पाइन्छ अनि भीमसेन थापा, रणजंग पाँडे, माथवरसिंहहरूको नाममा भएको लाल-मोहरमा पनि 'मुख्तियार' शब्द नै प्रयोग गरिएको छ भने रणबहादुर

१. लेखकको–त्रयीशासन, प्रगति अंक १३ मा।

2. Horace H. Wilson–British India–VOL II–P. 8.

शाहका निम्ति मात्र त्यस शब्दको अर्थ रिजेन्टमा कसरी लगाउन सकिएला ? या त होरेस् विल्सनले भीमसेन थापालाई रिजेन्ट[१] भनी गल्ती लेखे जस्तै, हामीले पनि भीमसेन थापा, रणजंग, माथवर्सिहहरू सबैलाई रिजेन्ट वा नायबै मान्नुपर्‍यो, जुन कि सरासर ऐतिहासिक गल्ती हुन जानेछ।

यसरी रणबहादुर शाहको नाममा मुख्तियारी लालमोहर भैराखेको छँदाछँदै कसरी उनलाई रिजेन्ट मान्न सकिन्छ ? साथै त्यही वेला र बखतमा भीमसेन थापालाई पनि त्यही पद प्रदान गरिएको भन्ने पनि कसरी ? अनि भीमसेन थापाले पनि रणबहादुरको नाममा भएको मुख्तियारी लालमोहरमा मार्फत भै पुछ्रे सही गरेका छन्।

त्यसो भए यो प्रश्न उठ्न सक्छ कि त्यस बखत भीमसेन थापाको दर्जा थियो के ? रणबहादुर शाहहरू काशीबाट र्फाकसकेपछि महाराजा-गीर्वाणयुद्धविक्रमले भीमसेन थापाको नाममा कजाईंको मान प्रदान गरेका थिए। यसबाट यो सिद्ध हुन आउँछ कि त्यस बखत भीमसेन थापा काजी भएका थिए, न कि मुख्तियार। उनको नाममा भएको कजाईंको लाल-मोहर यस प्रकार छ।

" श्री दुर्गा:

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावलि विराजमान मानोन्नत श्री मन्माहाराजाधिराज श्री श्री श्री महाराज गिर्वाण युद्धविक्रम साहबहादुर सम्सेर्जङ्ग देवानाम् सदासमर विजयीनाम् — — — — — आगे विर भद्र थापाको नाति अमर-सिंह थापाको छोरा वतन गोर्षा भीमसेन थापा औ बाबु भाइ समेत के[१] जसपाउ थापाको षायल कजाग्री मानको पगरी बक्स्यौं। त्यसको षानगी एकसय सोह्र नगदी रुपैंया तिन्हजार पांचसय लि लडाजि भिडाजि हाल् हुकुममा रुजुरही तपसिल माफिकका तोप बन्दूक जवान आफ्नु लाजिमा तयार राषि जागिर जानि भोग्य गर......इति सम्वत १८६१ साल बैसाष सुदि ७ रोज ४ शुभम् ।"[२]

भीमसेन थापाले काजीको दर्जा पाएका थिए भन्ने कुराको उल्लेख पछि राजेन्द्रविक्रमले पनि गरेका छन्। सम्वत् १८९२ सालमा उनलाई

१. त्यस बखत दर्जा प्रदान गर्दा यसो लेख्ने चलन थियो।
२. यसमा रहेको तपसिली कुरा परिशिष्ट नं० ५ मा।



कम्याण्डर-इन-चीफको दर्जा प्रदान गर्दा गरिदिएको लालमोहरमा राजा राजेन्द्रविक्रमले लेखेका थिए कि "मुख्तियार तिमीले यो रहन्या छैन एस्लाई नछोड भनी श्री बाज्याज्यूबाट श्री बुवाज्यूलाई हुकूम भै काजीमा-को मुल काजीको पगरी बधाइ गरि बक्स्याको रहेछ.......[१]।" अनि यस कुराको उल्लेख राइटले अनुवाद गरेको वंशावलीमा पनि भएको छ।[२]

यी सब कुराबाट यो निश्चित हुन आउँछ कि-काशीबाट फर्केपछि रणबहादुर शाह मुख्तियार ( अर्थात् प्रधानमंत्री ) भएका तथा त्यसै बखत भीमसेन थापा, काजीको दर्जा पाई एक प्रभावशाली व्यक्तिको रुपमा रहन गएका थिए। यसर्थ, इतिहासकारहरूले लेखेको कुरा-कि काशीबाट फर्केर रणबहादुर शाह रिजेन्ट वा नायब बने तथा उनको नायबी समयमा भीम-सेन थापा प्रधानमन्त्री बनाइए, भन्ने कुरा केवल एउटाले गरेको गल्तीलाई अरूले सुरुसुरु सारेको मात्र हो भन्ने सिद्ध हुन्छ।

सम्वत् १८६३ साल वैशाख सुदी ७ मा मुख्तियार रणबहादुर शाह-लाई उनैका भाइ शेरबहादुर शाहले तरवार प्रहार गरी मारे, तर घटना-स्थलमै उनलाई पनि बालनरसिंह कुँवरले तुरुन्त मारिदिए। त्यसो हुँदा रणबहादुर शाहको आकस्मिक हत्याबाट पनि देशको शासन व्यवस्था एवं राजनीतिमा त्यस्तो ठूलो परिवर्तन र गोलमाल हुन पाएन। गीर्वाणयुद्ध निश्चिन्त राजाको राजा नै भैरहे। शेरबहादुर शाहलाई तत्कालै मार्न नसकेको भए, शायद उनले ठूलै गोलमाल गर्ने थिए होलान् किनकि यो सम्भव पनि थियो।

त्यसपछि भीमसेन थापालाई समस्त देशको मुख्तियारी सुम्पियो। मुख्तियार बन्नुभन्दा अगाडि उनले श्री ५ गीर्वाणयुद्धको सुरक्षाको पूरा प्रबन्ध गरेका तथा शेरबहादुर शाहका पक्षका व्यक्तिहरूलाई मारेका पनि थिए। डा. ओल्डफिल्ड एवं बालचन्द्र शर्माले लेखेका छन् कि शेरबहादुर शाहको काण्डमा भीमसेन थापाले आफ्ना विरोधीहरूलाई खतम गर्ने मौका पाए[३]। सम्वत् १८९२ सालमा उनलाई कम्यान्डर-इन-चीफको पदवी प्रदान गर्दाखेरिको लालमोहरमा पनि श्री ५ राजेन्द्रविक्रम शाहले उक्त घटनाको उल्लेख यस प्रकार गरेका थिए :—

१. परिशिष्ट नं० १ मा।
2. Dr. Wright-History of Nepal—P. 254
3. (i) Henry Oldfield-Sketches of Nipal—pp 296
 (ii) बालचन्द्र शर्मा–नेपालको ऐतिहासिक रूपरेखा–पृष्ठ २४८

'…… श्री वाज्याज्यूको गातमा तरवार चलाउँदा श्री वुवाज्यूको उमेर आठ वर्षको हुनु भयाको रहेछ, श्री वाज्याज्यूलाई तरवार चलाउन्याले श्री वुवाज्यूलाई क्या राषन्या थियो, त्यस वेलामा तिमीले वहुतै होशियारी भै श्री वुवाज्यूको संभार गरी श्री वुवाज्यूका हुकुमली कुल्याहा सबलाई मारी कुल्याहा सबलाई ठोकी हाम्रो गादीको मर्य्यादा थाम्याछौ तेस वषतमा वहुतै दाना गन्याको काम देषी श्री वुवाज्यू वहुतै षुस हुनुभै रिझनु भै राजकाजको मुष्त्यारी काम तिमिले गर तिमिले जो गरौंला सो मंजूर गरौंला भनी हुकुम बक्स्याको रह्याछ… ( इत्यादि )'

यसै लालमोहरको उपरोक्त पंक्तिबाट पनि रणबहादुर शाहको हत्यापछि मात्र भीमसेन थापा मुख्तियार भएका हुन् भन्ने प्रमाणित हुन्छ। यसै वेलादेखि सम्वत् १८९४ सालसम्म उनले ३१ वर्ष नेपालको मुख्तियारी चलाए।

यसरी मुख्तियार ( अर्थात् प्रधानमंत्री ) हुनुभन्दा पहिले, अझ रणबहादुर शाहसित जानुभन्दा पनि अगाडि भीमसेन थापा, ढाके वा जागिरे के थिए, ? भन्ने कुरा समकालीन रेजिडेन्ट वा इतिहासकारहरूबाट समेत कहीं चर्चा गरिएको छैन, न त नेपाली इतिहासकारले नै यस विषयमा कुनै प्रमाण पेश गर्न सकेका छन्।

प्रथमतः—यो अनुमान गर्न सकिन्छ कि, रणबहादुर शाहसित काशी जानुभन्दा अगाडि भीमसेन थापा अवश्य पनि ढाके थिएनन् होला। सम्वत् १८५५ सालैमा उनका बाबु अमरसिंह थापाले सर्दारी मान पाइसकेका थिए। त्यसो हुंदा सर्दारसाहेबले अवश्य पनि आफ्ना छोरालाई विनाजागीर राखेनन् होला, किनभने त्यस बखत ( अझ पछि पनि ) सरकारी सिंदूरको ज्यादै मर्यादा राखिन्थ्यो। साथै अगाडिदेखि नै उनी दरबारका समीपमा नआइसकेका भए, एकैचोटि राजासित काशी जाने मौका पनि पाउने थिएनन् होला। यसर्थ रणबहादुरले स्वामी भै काशी जानुभन्दा अगावै उनी जागिरे भैसकेको हुनुपर्दछ।

द्वितीयतः—सम्वत् १८५५ साल भाद्र सुदी १ रोज ३ मा डम्बर शाह, भीमसेन थापाहरूको नाममा भएको लालमोहरबाट उनी जागिरे भन्ने प्रमाणित गर्दछ। यस लालमोहरमा उनीहरूलाई जागिरे भनी सम्बोधन

१. यस लालमोहरको सम्पूर्ण नकल हेर्नुहोस्—परिशिष्ट नं० १ मा।
२. यसको लालमोहर परिशिष्ट नं० ६ मा।



गरिएको छ। यसका केही पंक्तिहरू यस प्रकार छन्—"…… आगे बागमती पूर्वका ५५ सालमा जागिर दर्शन गर्न्या थुम थुमका सब उमा ( उमराव ) प्रति तिमीहरू छेउ महसूल उठाउन ( सरकार ) का तिलंगा पठायाको छ। तपसिल बमोजिमका रुपैया चुक्तिगरि चन्हाइ पठाव—

.... .... .... .... .... .... ....

## तपसिल

भीमसेन थापाके जफे आधा षेत १५ के महसूल रुपैया ७५ ....
.... .... .... ( इत्यादि )"[१]

यस लालमोहरबाट भीमसेन थापा अवश्य पनि ढाके थिएनन् भन्ने थाहा हुन्छ। तर पनि उनले के जागीर पाएका थिए, वा त्यस बखत उनको दर्जा के थियो, भन्ने कुरा यस लालमोहरको पंक्तिबाट पनि स्पष्ट हुन आएको छैन। तैपनि, त्यस बखत उनले उच्चपद पाएका थिएनन् वा भारादारीमा स्थान पाएका थिएनन् होला भनी अनुमान गर्न सकिन्छ। माथि उल्लिखित लालमोहरका पंक्तिबाट यो सिद्ध भएको छ कि रणबहादुर शाहले गद्दी छोड्नुभन्दा केही महीनाअगाडि मात्र उनले जागीर पाएका थिए, अर्थात् संवत् १८५५ सालमा मात्र 'जागीर दर्शन गर्न्या' काम गरेका थिए। यसर्थ शुरूमै उनलाई उच्चस्थ पद मिलेन होला, किनभने त्यस बखत शक्तिशाली काजीहरू उनका विपक्षका थिए। यसबाट शायद उनी साधारण दर्जाका जागीरे मात्र थिए कि भन्ने अनुमान हुन्छ।

तर स्वामीमहाराज रणबहादुर शाह काशीमा रहँदाको बखतको कुनै पत्रमा भीमसेन थापालाई सर्दार भनी लेखिएको पाइएको छ। स्वामीमहाराज ( उर्फ निर्वाणानन्द ) ले आफ्नो खर्च चलाउनाका निम्ति काशीका द्वारिकादास नामक महाजनको कोठीबाट रु० ६०,००१ साठी हजार एक रुपियाँ सापट लिएका थिए, जसनिम्ति उनले तमसुक पनि लेखिदिएका थिए। यसै कर्जाका निम्ति साक्षीस्वरूप भै त्यस बखत रणबहादुर शाहसित काशीमा रहेका भारादाहरू—रंगनाथ, भीमसेन थापा-दलभंजन पाँडे, हस्तदल आदि-ले पनि कागज लेखी साहू द्वारिकादासलाई दिएका थिए। यिनीहरूले लेखिदिएको त्यस पत्रमा भीमसेन थापालाई सर्दार भनी लेखिएको छ।[२] यसबाट उनी काशी जाँदा सर्दार भैसकेका थिए भन्ने प्रमाणित हुन्छ। यसैले इतिहास प्रकाशमा इतिहासशिरोमणि

१. लालमोहरको संपूण नक्कल परिशिष्ट नं० ७ मा छ।
२. पत्र परिशिष्ट नं० ८ मा।

श्री बाबुराम आचार्यद्वारा केही पत्रहरूको टिप्पणी लेखिंदा रणबहादुरसित काशी जाने भीमसेन थापा सुवेदार भनी जुन लेखिएको थियो, त्यो गलत थियो भन्ने साबीत हुन्छ।[१]

यसबाट यो सिद्ध हुन्छ कि संवत् १८६३ साल वैशाखमा रणबहादुरको हत्यापछि भीमसेन थापा मुख्तियार भए। त्यसभन्दा अगाडि, अर्थात् काशीबाट फर्केपछि उनी काजी भए, तथा त्योभन्दा पनि पहिले उनी सर्दार थिए।

संवत् १८६३ साल वैशाखमा मुख्तियार भएपछि त्यस वेलादेखि संवत् १८९४ साल श्रावणमा जेठी महारानी, पाँडेहरू, र अंग्रेजको षडयन्त्रमा फसी राजा राजेन्द्रविक्रम शाहले उनलाई पदच्युत नगरुञ्जेलसम्म भीमसेन थापाले जम्मा ३१ वर्ष नेपालको मुख्तियार अर्थात् प्रधानमंत्री भै शासन चलाए।

## II

मुख्तियार भीमसेन थापाले देशको शासन चलाउँदा सदैव नै ईमान्दारीसाथ चलाएका थिए। उनकै ईमान्दार पूर्ण सहयोग एवं सेवाको फलस्वरूप रणबहादुर शाह नेपाल फर्कन सकेका हुन्, तथा नेपाल आई आफ्ना विरोधीहरूलाई सखाप पारी कार्य गर्न पाएका हुन्। भीमसेन थापा रणबहादुर शाहका बड़ा ईमान्दार सेवक थिए, र उनी बाँचुञ्जेल उनका साथमा ईमान्दारीसाथ नै रहे, तथा उनको हत्याबाद पनि स्वामीमहाराजले आफलाई सुम्पेर गएको महान् जिम्मेदारीलाई उनले ईमान्दारीसाथ नै निभाए।

काशीमा छँदै नै भीमसेन थापाले रणबहादुर शाहको निकै विश्वास पाएका थिए। यहाँसम्मन् कि एक दिन रणबहादुर शाहले उनलाई 'बामांगी भइस्' [२] भने, अर्थात् त्यति विश्वासपात्र भए। यो विश्वास रणबहादुर शाहबाट उनले आखिरी घड़ीसम्म पनि पाउँदै रहे।

आफ्नो ईमान्दारी र योग्यताको आधारमा भीमसेन थापाले ३१ वर्षको लामो मुख्तियारी चलाउँदा थप दर्जाहरू पनि पाउँदै गए। तथा उनी राजा, नायब महारानी त्रिपुरासुन्दरी[३] एवं जनता र फौजको विश्वास प्राप्त

१. इतिहास प्रकाश, प्रथम अंक १, पृष्ठ १०३।

२. परिशिष्ट नं. १ को पत्रमा.

३. रणबहादुरको हत्या एवं राजेश्वरीको सतीप्रस्थानपछि राजाका नायवी रानी भइन्.



गर्नमा सफल भए। संवत् १८६८ सालमा उनले 'जनरल' को पदवी पाए[१]। यसरी जनरलको दर्जा सबभन्दा पहिले उनैले पाएका थिए। उनलाई जनरली प्रदान गर्दाको लालमोहरमा—"आगे वीरभद्र थापाको नाति अमरसिंह-थापाको छोरा वतन गोर्षा भीमसेनथापाकै आजसम्म तिमिलाई वक्साको मुख्तियारी काज काम थामी हाम्रा भरमुलुकका कंपुपल्टन गैन्ह काज काम समेत जनरल मानको पगरी वक्स्यौं"[२] भनि लेखिएको छ।

संवत् १८६८ सालमा उनलाई बिर्ता दिंदा फिकदार लालमोहर गरिदिइएको थियो, जसमा राजाले पान खाएर थुकिदिन्छन्, जसको अर्थ पछि कथंकदाचित् त्यस लालनोहरमा अंकित कुनै कुरा जपत गरेमा आफ्नो थूक निलेको मानिन्छ[३]।

भीमसेन थापाले मानमाथि सम्मान पाउँदै गए। काजी, मुख्तियार, जनरल भैसकेपछि संवत् १८९२ सालमा कम्याण्डर-इन-चीफको पदवी पनि पाए। उनलाई कम्याण्डर-इन-चीफको पद प्रदान गर्दा राजा राजेन्द्रविक्रम शाहले "...... हिन्दुस्तानमा अंगरेजको रेसिडंट ( Resident ) बस्याको जवन जौन जगामा छ २।४ वर्ष भंदा अध्यालो राज्य स्वतंत्र कसैले राषन सक्याको छैन आहा र तिमिलाइ अषत्यारी गरी वक्संदा १९।२० वर्ष भयो तपनी आजसम्म स्वतंत्र राज्य रह्याको छ......थामी श्री कम्याण्डर इन-चीफ जनरल मान मराताव वक्सि घा घर्सान्र्या कटक जंगी मुलुकी हाम्रा भरमुलुकको मुषत्यारी काम तिमीलाई वक्स्यौं–"[४] भनी लालमोहर गरिदिएका थिए।

जनरल भीमसेन थापाले ३१ वर्षसम्मको अवच्छिन्न अवधिमा नेपालको मुख्तियारीको उत्तरदायित्व बोकेर जुन ईमान्दारी र योग्यताको परिचय दिएका थिए त्यसबाट केवल नेपालमा मात्र होइन कि चीन र भारतमा पनि उनको प्रशंसा मुक्तकण्ठले भएको थियो। संवत् १८८१ सालमा उनलाई लालगजूर मयूरको कल्की र खिल्लत प्रदान गरेर चीनका बादशाहले ठूलो सम्मान गरेका थिए। चीन बादशाहबाट यस्तो खिल्लत पाउने प्रथम नेपाली मुख्तियार यिनै हुन्।

१. समकालीन तिथ्यावलीबाट.

२. यो संवत १८७७ सालको लालमोहरको व्यहोरा हो, ६९ सालमा पनि यस्तै व्यहोराको भएको छ, यसर्थं यी दुवै थमौतीका लालमोहर हुन्। नक्कल परिशिष्ट नं. ९ मा.

३. परिशिष्ट नं. १० मा.

४. यसको संपूर्ण नक्कल परिशिष्ट नं. १ मा.

नेपालभित्र पनि काजी, जनरल, कम्याण्डर-इन-चीफको साथै मुख्तियार दर्जा पाउने व्यक्तिहरूमध्ये जनरल भीमसेन थापाले नै सबभन्दा बढ्ता विश्वास र शक्ति पाएका थिए।[१] भीमसेन थापाले पाएको विश्वास एवं शक्तिको अध्ययन गर्नको लागि उनको नाममा भएको मुख्तियारी लालमोहर प्रस्तुत गरिन्छ, जुन यस प्रकार छ :—

"श्री दुर्गा सहाय :—

छाप

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावलि विराजमान मानोन्नत श्री मन्महाराजाधिराज श्री श्री श्री महाराज गिर्वाणयुद्धविक्रम शाह बहादुर शम्शेरजङ्ग देवानाम् सदा समर विजयिनाम् — — — —

आगे जनरल भीमसेन थापाके आजसम्म गरिआयाका काज काम मुष्तियारी थामी हाम्रा भर मुलुकका कंपु पल्टन कंपनी गैरहको काम काज गर्नाको सवाल गरि वक्स्यौं — — —

प्रथम सवाल ॥ घा घऱ्यास कटकमा चाहिन्या काम कुरो वेला वषत अन्सार हाम्रो बन्न्या सप्रन्या हेरि ठहऱ्याई साधनु पर्न्या कुरा हाम्रा हजुरमा बिन्ति गरि आटन्या कुरा आंटी ढुंगा थामन्या वढन्या सप्रन्या काम गर्नू — —

दोस्रा सवाल ॥ गुरु पुरोहित चौतारा काजी कर्नेल कप्तान सर्दार सुव्वा सुवेदार गैरह पगरि छोटा बडा सबै मानिस्ले तंम्रा चाँजा सूरमा चली काम काज गर्नू — — —

तेस्रो सवाल ॥ कंपु पल्टन कंपनि गैरह थान्या, तैनाथि रहन्याले तम्रा उर्दि चांजा सल्लाहमा चल्नु जो चल्दैन तस्को तागिरि गरी सूरमा चल्याको बहालि गर्न्या काम गर्नू हुकूम वक्स्याको छ — — —

चौथो सवाल ॥ घा कटक गौंडा, घुंडाको कामकाजमा ढुंगाको सोझो हेरी तत्पर भै कामकाज गर्न्या र नगर्न्या तज्विज् गरि काज् र मानिस् अन्सार थान दिन्या दिलाउँन्या काम लाउन्या काम गर्नू — — — —

पाँचौं सवाल ॥ हाम्रा काज काममा तंम्रा चाँजा सूरमा चलन्या न चलन्या ठहराई, सूर चांजामा न चलन्यालाई तागिरि गर्नाको तागिरि गरी सासना गर्न्याको कुरा तिमिले बिन्ति गऱ्याको मन्जूर छ सासना गर्न्या गऱ्याउन्या काम गर्नू हुकुम वक्स्याको छ — — —

इति संवत् १८६९ साल मार्ग शीर्ष शुदि १३ रोज ४ शुभम् — —

[ यस लालमोहरको पछिल्तिर मार्फत भै पुछ्रे सही गर्नेहरू— १. उदै गिरि २. प्रर्सुराम थापा ३. फौदवीर राना ४. भोटु पाँडे ५. यदुनाथ पुरोहित ६. वषर्तसिं वस्न्यात ७. गर्जासिं षत्री ८. वीरभद्रकुमार ९. श्री रंगनाथ पंडितराजजु १०. रणदीप सिंह ११. वालनरसिंह कंवर १२. वहादुर भंडारी १३. प्राण शाह १४. रणध्वज थापा १५. जसवार थापा १६. रण-द्योत साह १७. वषतावरसिं वस्न्यात १८. चन्द्रशेषर उपाध्या १९. दल भंजन पाँडे २०. भैरव सिंह ]

यस लालमोहरबाट भीमसेन थापाले युद्ध गर्ने तथा सुलह गर्नेसम्म पनि अख्तियार पाएका थिए भन्ने साबीत हुन्छ, तथा "तिमीले विन्ति गऱ्याको मन्जूर छ" भन्ने लेखिएबाट उनले कत्रो विश्वास र आस्था पाएका थिए, थाहा हुन्छ। यस्तै पूरा विश्वास र अख्तियार माथवरसिंह थापाले पनि पाएका थिए। केवल पाँडेहरूका जालले गर्दा मात्र भीमसेन थापाको हत्या हुन गएको हो भन्ने महसूस भएपछि राजा राजेन्द्रविक्रम शाहले माथवरसिंह थापालाई सम्वत् १९०० सालमा मुख्तियारी प्रदान गर्दा त्यत्तिकै शक्ति एवं विश्वास दिएका थिए, तथा उनको धन जीउ र पदको सुरक्षा (Security) का निमित्त उनलाई "अभयको" लालमोहर गरिदिएका थिए[१]।

१. यहाँ भीमसेन थापाको शक्तिसित जंगबहादुरपछिका राणा प्रधानमंत्रीहरूका शक्तिको तुलनात्मक दृष्टिकोण पेश गरिएको छैन, किनभने उनीहरू रोलप्रमोशन-बाट खान्दानी भै प्रधानमन्त्री भएका हुन्, तथा त्यस बखतमा तिनीहरूसिवाय अरू भारादार एवं राजासमेत पनि बिलकुल शक्तिहीन भैसकेका थिए। यहाँ त तिनै प्रधानमंत्री ( अर्थात् मुख्तियार ) को शक्तिसित तुलना गरिएको छ, जो रोलबाट सजिलैसित भएका थिएनन्, तथा जसको समयमा राजा र भारादारहरू पनि त्यत्तिकै शक्तिशाली थिए।



१ तर यस प्रकार 'अभय' लालमोहर पाएर पनि माथवरसिंहले धेरै शासन चलाउन पाएनन् तथा श्री ५ राजेन्द्र विक्रमको आदेशानुसार जंगबहादुरद्वारा उनको हत्या भयो।

तर यही विश्वास, आस्था एवं शक्ति भीमसेन थापापछि, त्यो पनि जेठीमहारानी साम्राज्यलक्ष्मीदेवीको विशेष आडले मुख्तियारी पाएका रणजंग पांडेले समेत प्राप्त गर्न सकेका थिएनन्। सम्वत् १८९६ सालमा उनलाई मुख्तियारी प्रदान गर्दा गरिदिएको लालमोहरमा सारा लगाम राजाले आफ्नै हातमा सुरक्षित राखेका थिए। त्यसको लालमोहर यस-प्रकार छ :—

श्री दुर्गा सहाय:

श्री जेठा रानी

छाप

स्वस्तिश्री गिरिराज चक्रचूडा मणि नरनारायणे त्यादि विविध विरुदावलि विराजमान मानोन्नत श्री मन्महाराजाधिराज श्री श्री श्री महाराज राजेन्द्र-वीरविक्रम शाहवहादुर सम्सेर्जङ्ग देवानाम् सदा समर विजयीनाम् —

— — — —

आगे काजी रणजंग पाँडेके हाम्रा भरमुलुकका जंगी मुलुकी गैह्र सबै काज-काम गर्नाको तँलाइ मुख्तियारी गरी सवाल पट्टा गरिबक्स्यौं. सवाल पट्टा बमोजिम काजकाम गर्दा हाम्रा र हाम्रा ...... का सल्लाहले हुकुम बक्स्या बमोजिम आफ्ना षातिरज्मासंग हाम्रो निमकको सोझो चिताइ काम गर्नु इति सम्वत् साल मिति माघ सुदी रोज शुभम्[१] — — — — — "

माथि उल्लिखित भीमसेन थापा र रणजंग पाँडेका नाममा भएका मुख्तियारी लालमोहरहरूको तुलनात्मक अध्ययन गर्‍यौं भने यी दुइ मुख्तियारहरूमा भीमसेन थापाले नै बढ्ता विश्वास र शक्ति पाएका थिए भन्ने थाहा हुन्छ। पछिल्लाका नाममा गरिएको लालमोहरमा "...... हाम्रा र हाम्रा जेठा रानीका सल्लाहले हुकुम बक्स्या बमोजिम आफ्ना षातिरज्मासँग हाम्रो निमकको सोझो चिताइ काम गर्नु" भनी लेखेको अर्थबाटै अघिल्ला मुख्तियारलाई सुम्पिए जस्तै विश्वास गरी सम्पूर्ण लगाम छोड्न नचाहेको हो। साथै भीमसेन थापालाई 'तिमी' र रणजंग पाँडेलाई

१ रणजंगको नामको सवाल परिशिष्ट नं० ११ मा।



'तँ' भन्ने शब्द प्रयोग गरिएकैबाट यी दुइ मुख्तियारहरूमा ज्यादै अन्तर मानिएको थियो तथा मुख्तियार थापाले बढ्ता सम्मान र इज्जत पाएका थिए भन्ने स्पष्ट हुन्छ।

यस प्रकार देशभित्र र बाहिर सबैतिर ठूलो सम्मान र इज्जत प्राप्त गरेर, राजाको विश्वास एवं जनताको श्रद्धा हासिल गरेर जनरल भीमसेन थापाले ३१ वर्षसम्म नेपालको शासन चलाउँदा ईमान्दारीसाथ चलाए। उनले देशको शासन चलाउँदा आफ्नो "अध्यवसाय एवं दृढता (Perseverance and determination) द्वारा आफ्ना सारा समय र योग्यता सधैंभरि राज्यको सेवा गर्नामा लगाए[१]"। 'सिंहासनहरूलाई माटोको मूर्ति जस्तै तोड्दै[२]' बढेको साम्राज्यवादी अंग्रेजी शक्तिसित उनले कौटिल्य एवं वीरता दुवै तरीकाबाट मुकाबिला गरेर देशको स्वतन्त्रता कायम राखे। सम्वत् १८४९ सालको चीन-नेपाल-युद्ध बन्द भएदेखि नेपालको चीन र तिब्बतसितको सम्बन्धमा केही मन्दता आएको थियो, त्यसलाई पनि भीमसेन थापाले पुनः गतिशील बनाए। उनले आफ्ना भतिजा माथवरसिंह थापालाई बिलायत पठाउन खोजेका थिए त भाइ रणवीर-सिंहलाई तिब्बत पनि पठाए। यसरी आफ्नो स्वतंत्रता र अस्तित्वलाई जोगाउन चीन र भारतसितको शक्ति सन्तुलनमा राख्न उनले कहिल्यै बिर्सेनन्। उनको विदेशी नीतिको सफलता नै यही थियो—यसकारण कि "उनका निमित्त आफ्नो देशको स्वतंत्रताभन्दा प्यारो र नजीकको वस्तु अरू केही थिएन"[३]।

३१ वर्षको लामो शासनकालमा उनले केवल फौजी जिन्दगी मात्र व्यतीत गरेका थिएनन् कि देशको शासनव्यवस्था एवं रचनात्मक कार्यतिर पनि विशेष ध्यान दिएका थिए। टुँडिखेलको त्यो अग्लो धरहरा[४], त्यसनिर सधैं कलकल आवाजमा गाइरहने सुनधारा[५], काठमाडौं र पाटनलाई जोडिरहने बागमतीको फूल[६], भादगाउँको सिद्ध[७] पोखरी

1. Henry Oldfield—Sketches of Nipal—VOL I P. 302
2. ,, — ,, — ,, P. 299
3. Henry Oldfield—Sketches of Nipal—Vol—I—P. 299
४. संवत् १८८१ आषाढमा जग लागी मार्गमा गजूर लागेको।
५. संवत् १८८५ वैशाखमा शिलान्यास भै फागुनमा तयारी।
६. संवत् १८८५ जेठमा बनाएको।
७. संवत् १८८१ फागुन सुदी १२ रोज ४ मा महारानी ललितत्रिपुरासुन्दरी द्वारा उत्सर्जन।

आदि सबैले आजसम्म हामीलाई भीमसेन थापाको कार्य मौन भाषामा बताइरहेका छन् ।

भीमसेन थापाले आफ्नो शासनकालभर 'सानीआमा व्यहोर्न नपाइने, भाउज्यू व्यहोर्न नपाइने' आदि नैतिक नियम तथा मर्दा पर्दा गर्ने काम क्रियाका निम्ति गर्ने कुराको नियम, आदि बनाएर राज्यमा शान्ति एवं व्यवस्थाको प्रबन्ध गरेका थिए । राम शाहले गोर्खामा एवं जयस्थिति मल्लले कान्तिपुरमा चलाएको माना ढकसम्बन्धी एवं दर्शौंद ब्याजको प्रचलनलाई उनले राज्यभर लागू गराए । यस बाहेक ठाउँठाउँमा शहर बसाई बजारहरू खुलाए । हुलाक आदिको प्रबन्ध गरी गढी गौंडाको पनि राम्रो व्यवस्था मिलाएका थिए ।[1]

यस बाहेक जनरल भीमसेन थापालाई धेरैचोटि प्राकृतिक एवं अप्राकृतिक प्रकोपको सामना गर्नुपरेको थियो । उनको समयमा एक यस्तो भूकम्प गएको थियो, जसको संहार र क्षति संवत् १९९० सालको भूकम्प-भन्दा कम थिएन । र त्यो थियो संवत् १८९० सालको महाभूकम्प ! संवत् ९८७६ सालमा ठूलो बाढी आएको थियो, जसबाट एक ठूलो पहा-डको ढिस्को नै खसेर २६ दिनसम्म कालीगण्डकी थुनिन गयो, र ठूलो बाढ उत्पन्न भै ज्यादै नै क्षति हुन गयो । अप्राकृतिक प्रकोपको रूपमा अंग्रेज कंपनी सरकारसितको युद्ध एवं काँगडा युद्ध प्रस्तुत गर्न सकिन्छ ।

## III

जनरल भीमसेन थापाले देशको सुव्यवस्थापूर्ण ढंगबाट शासन मात्र चलाएका थिएनन्, अंग्रेजसित मुकाबिला गरी देशलाई बचाएका मात्र थिएनन् कि उनले आफ्नो नैतिकतालाई पनि कहिल्यै गुमाएनन् ।

यो निर्विवाद सत्य थियो कि भीमसेन थापा आफ्नो पालोभरि ज्यादै नै शक्तिशाली व्यक्ति भए । उनको सामुन्ने कसैको शिर उठाउने साहस हुँदैनथ्यो । त्यस वेला उनको शक्ति प्राइममिनिष्टर जंगबहादुरको शक्ति-भन्दा कुनै पनि हालतमा कम थिएन । तर पनि उनले जनरल जंगबहादुर कुंवरले जस्तै नेपालको प्रधानमंत्रीपद केवल आफ्नै परिवारमा सीमित

१. शासनसम्बन्धी खण्डमा विस्तृत वर्णन गरिएको छ ।



गराउन रोलको प्रबन्ध गरेनन् । जनरल जंगबहादुरले जस्तै कोतपर्व, भंडार-खालपर्व गराएर आफ्ना सारा विरोधी एवं प्रतिद्वन्दीहरूलाई पन्छाएर, राजा एवं जनताको शक्तिलाई समेत क्षीण गराएर प्रधानमन्त्रीको रोल आफ्नै परिवारमा मात्र सुरक्षित गर्न उनले चाहेको भए, शायद सक्थे होलान्, तर उनले यसो गरेनन् । महान् व्यक्तित्वले गर्दा उनले कसैलाई कहिल्यै पनि वास्तविक प्रतिद्वन्दी मान्न सकेनन् । यहाँसम्मन् कि आफ्ना बापबैरी करवीर, रणजंग आदि पांडेहरूलाई समेत ल्याएर उनले जागीर दिलाइदिए ।

आफ्नो शक्ति एवं पदको सुरक्षाका निम्ति जनरल भीमसेन थापा कहिल्यै कुनै पनि विदेशी शक्तिको सामुन्नेमा झुकेनन् तथा आफूलाई उनीहरूको तथाकथित साथी बनाउन दिएनन् ।

स्वामो निर्वाणानन्द ( उर्फ रणबहादुर शाह ) का साथमा रहेका हुँदा उनको स्वामित्वको प्रभाव भीमसेन थापामाथि यति गहिरोसंग परेको थियो कि उनले आफूलाई कहिल्यै संकुचित घेरामा सीमित राखेनन् । उनले देश र जनताका निम्ति धर्मलाई पनि त्यति बढ्ता महत्व दिएनन् कि ६२ हरणका निम्ति रणबहादुरलाई सहयोग र सल्लाह दिए । उनले त्यसै बखत दासत्वप्रथाको विरोधसमेत गरेका थिए । यही नै उनको नैतिकताको ज्यूँदो र जल्दो उदाहरण सिद्ध हुन्छ ।

तर भीमसेन थापा नैतिक थिएनन् भन्ने देखाउनका निम्ति उनका सैद्धान्तिक दुश्मन तत्कालीन ब्रिटिश रेजिडेन्ट ब्रायन् हॉग्सनले हो नहो-को कथा रची उनका विरुद्धमा आफ्ना गवर्नर जनरलछेउ गुप्त रिपोर्ट पठाएका थिए । सन् १८३३ ईस्वी फरवरी १८ तारीखका दिन उनले गवर्नर जनरललाई आफैले साफी गरी पठाएको गुप्त रिपोर्टमा भीमसेन थापाको नैतिकताको विरुद्ध लेखेका थिए । उनी लेख्तछन्,—"प्रायः सबैजसो अड्डाहरू भीमसेन थापाका आफ्नै मानिसबाट भरिएका छन् । उनी र उनका जहानले सबै ठूला भाग ( Loaves and Fishes ) हत्याएका छन् । राज्यको विधानाऽनुसार ठूलठूला दर्जा पाउने अख्तियार पाएका पाँडेका सन्तानहरू एक एक गरी सबै हटाइएका छन् ।"[1] साथै उनी फेरि लेख्तछन्,—"उनका नातेदार बच्चाहरूले पनि ठूलठूला जागीर पाउँदछन् जस्तै कर्नेल समसेरसिंह १३ वर्षको, कर्णेल बहादुरजंग ११ वर्षको ।"[2]

1. William Hunter—The Life of Brian B. Hodgson P. 132.
2. Ibid.

यो कुराहरू केवल हॉग्सन आफैंले रचेका कथा मात्र हुन्। भोटु पाँडे, दलभंजन पाँडे, रणजित पाँडे, करवीर पाँडे, रणजंग पाडे आदि पाँडेहरू सबैले त्यस बेला पनि भारादारीमा स्थान पाउने ठूलठूला दर्जाहरू पाएका थिए, तथा सरकारी उच्चस्थ स्थान पाएका थिए। यस पुस्तकमा प्रस्तुत गरिएका विभिन्न लालमोहरहरूमा मार्फत भै सही गरेकैबाट यिनीहरू उच्चस्थ भारादार थिए भन्ने प्रमाणित गर्दछ। बापवैरी करवीर पाँडे, रणजंग पाँडेहरूलाई उनी आफैले झिकाई जागीर दिलाएका थिए। साथै सरकारका विभिन्न पालिकाहरूमध्ये न्यायपालिका एक उच्च तथा मुख्य पालिका हो भन्ने 'राजनीति-विज्ञान' का क. ख. ग. जान्ने व्यक्तिले पनि जानेकै कुरा हो। उसमाथि नेपाल जस्तो ठाउँमा यस विभागद्वारा सर्वसाधारण जनतामा कस्तो प्रभाव पार्न सकिन्छ भन्ने कुरा आजको परिस्थितिले पनि बताउँछ भने, त्यस बखत जबकि कार्यपालिका र न्यायपालिका दुइ अलग्ग स्वाधीन विभाग मानिंदैनथ्यो, र मुख्तियारका निम्ति यस विभागको कस्तो महत्व रहन्थ्यो स्वतः सिद्ध हुन्छ। यस्तो मुख्य विभाग पनि भीमसेन थापाले आफ्नो थापा परिवारलाई सुम्पेका थिएनन् कि पाँडेहरूलाई नै पत्याइराखेका थिए। संवत् १८८३ साल फागुन सुदी २ रोज ५ मा दलभंजन पाँडेको नाममा भैराखेको लालमोहरले यस कुरालाई प्रमाणित गर्दछ। त्यस लालमोहरको केही पंक्ति यस प्रकार छ,—"आगे दलभंजन पाँडे के तँले अदालति काज चलाउँदा गर्न्या कामको सवाल गरिवक्स्यौं षातिर्ज्मा सित यस काजमा तन मन लाई मोलाहिजा कसैको नराषी लोभ मोहमा नपसी जस्ताको तस्तो निसाप पारी छिन्नु ........ ( इत्यादि )"।[२] अनि जिल्लाका बडाहाकिमी पनि केवल थापालाई मात्र नभै अरूलाई पनि दिइएको थियो।

समसेरसिंह, बहादुरजंग, जो कि हॉग्सनको भनाइअनुसार भीमसेन थापाका नातेदार ११ वर्षे र १३ वर्षे कर्णेलहरू थिए; तिनीहरूसित मुख्तियारको कुन प्रकारको कस्तो नाता वा रिस्ता थियो भन्ने कुरा आफ्नै हातले मसौदा गरी लेखी पठाएको गुप्त रिपोर्टमा समेत उनले खोलाउन सकेका थिएनन्। यसकारण यी नामहरू केवल भीमसेन थापालाई बदनाम गर्न मात्र रचिएका कपोलकल्पित नाम भन्न सकिन्छ। यदि हाग्सनको मतलब भीमसेन थापाका धर्मपुत्रसित थियो भने, त्यो शेरजंग हो। अनि

१. इतिहास प्रकाश–अंक–१–पृष्ठ ४३.

२. संपूर्ण नक्कल शासनव्यवस्थासम्बन्धी अध्यायमा।



उनी पनि एकदम कर्णेल भएका थिएनन्। संवत् १८८२[१] सालमा कप्तानी पाएर दश वर्षपछि संवत् १८९२[२] सालमा मात्र उनले कर्णेली दर्जा पाएका थिए। छोरा जस्तो नजीकको नातेदारलाई पनि ता उनले एकैचोटि कर्णेली दिएका थिएनन् भने अरूलाई दिएहोलान् भनी कसरी शंका गर्न सकिन्छ ?

भीमसेन थापाको बदनामी गर्न उनको नैतिकहीनताको कथा रच्दै तत्कालीन रेजिडेन्टले आफ्नो गुप्त रिपोर्टमा यो पनि लेखेका थिए"....गत वर्षमा राजा बिरामी परेका थिए। तर राजवैद्यले ( भीमसेन थापाका मानिस भएको हुँदा ) विष देलान् भन्ने डरबाट राजाले उनको औषधि खान इन्कार गरे, उनका बाबु र बाजेलाई पनि भीमसेन थापाका चरहरूले यसै गरी ( अर्थात् विष दिएर ) मराउने काम गरेका थिए भनी राजाले भने[३]।" साथै हॉग्सनले यो पनि लेखेका छन् कि "अधिकांश जनता पनि यसै कुरामा विश्वास गर्छन्।" यो कुरा पनि कहाँसम्म सत्य थियो विश्लेषण गरी हेरेमा स्पष्ट हुनेछ। राजेन्द्रविक्रमले विष देला कि भन्ने डरले औषधि खाएनन् भन्ने कुरा अन्त कतै उल्लेख भएको देखिदैन। पछि ९६ सालमा राजेन्द्रविक्रमले अम्बालाई लेखेको पत्रमा[४] भीमसेन थापामाथि यो आरोप लगाउने कोशिश गरिएको थियो कि उनले एकदेव वैद्यसित मिली उनका बाबु आमामाथि विष प्रयोग गरेका थिए, तर त्यसमा आफूसम्बन्धी केही लेखेनन्। अनि उनका बाबु बाजेलाई मारेको भनी हॉग्सनले जुन लेखेका छन् त्यो पनि सही थिएन। तत्कालीन राजाका बाजे रणबहादुर शाहलाई भीमसेन थापाका विरोधी शेरबहादुरले तरवारले प्रहार गरी मारेका थिए। अनि गीर्वाणयुद्ध संवत् १८७३ सालमा बिफरको रोगबाट मरेका थिए। के भीमसेन थापाले उनको शरीरमा बिफरका कीराहरू टिपेर राखेहोलान् ? शायद हाँग्सनको मतलब यही थियो होला।

यसकारण ब्रायन हॉग्सनले केवल आफू गवर्नर-जनरलको कृपापात्र बन्नका निम्ति मात्र भीमसेन थापाको बदनामी गर्नलाई उनको नैतिकहीनताको झूटो कथा रचेको हुनुपर्छ; जस्तो कि Account of Nepal

१. समकालीन विध्यावलीबाट।

२. यसैबाट

३. Hunter–Life of Hodgson–P. 130.

४. परिशिष्ट नं० १७ मा।

का लेखक ह्यामिल्टनले भीमसेन थापाको चरित्र चित्रण पूर्वाग्रह लिएर 'जोशिला, महत्वाकांक्षी तथा सिद्धान्तहीन'[1] भनी लेखेका थिए।

आफू बन्दी अवस्थामा रहँदा आफ्नी स्वास्नीलाई वस्त्रहीन गरी बजारमा डुलाइने भएको छ भन्ने हल्लाले मात्र पनि विह्वल भै आत्म-सम्मानमा पर्ने आघातलाई सहन नसकी आत्महत्यासम्म गर्न सक्ने भावुक व्यक्तिबाट यति मामुली कुराद्वारा पनि इज्जतमा दाग लगाउने काम होला भन्ने कसरी आशा गर्न सकिन्छ ? यो त केवल अंग्रेजको उपनिवेश बनाउने साम्राज्यवादी सपना नेपालभित्र लागू हुन नसकेकोले मात्र भीमसेन थापाको बदनामी गर्न खोजिएको भन्नुपर्छ। किनभने उनी अंग्रेज तथा अंग्रेजका उपनिवेशवादी नीतिका कट्टर विरोधी थिए। तसर्थ यो अंग्रेजको शृगाल रोदन मात्र हो।

संवत् १८९२ सालमा उनलाई कम्याण्डर-इन्-चीफको पद प्रदान गर्दा राजा राजेन्द्रविक्रम शाहले गरिदिएको लालमोहरमा भीमसेन थापाको नैतिकताको पूरा चित्रण गरिएको छ, जुन यस प्रकार छ :—
"………त्यस्तै समयमा म पैदा हुँदा श्री ६ बुवाज्यू हर्ष षुस हुनु भै तिमीलाई विर्ता बक्सन्छु भनी हुकुम हुँदा चित्त लायन छौ र वाहा पछि श्री वज्याज्यूका हजूरमा पावलाग्नु भै जनरललाई विर्ता बक्सन्छु भनी हुकुम हुँदा वढिया हो यस्तो कदर चाहिन्छ, भंन्या हुकुम भै तिमीले[2] अघि श्री ५ स्वामिज्यूबाट रिजमा बक्स्याको विर्ता पनि लियेनौ पछि मैले नानीसँग विन्ती गरि विर्ता दिलाउँदा कबूल गरेनौ श्री ५ स्वामीज्यूका साथ छोडिवस्याको स्वार्थ भइ मैले नातिको मुहार देषता येतिको हर्ष उत्सव मलाइ कैल्है लागन्या छैन, नानी एकलै हुनु हुन्थ्यो र चित्त सँधै पातमा रहन्थ्यो नाति पैदा हुँदा अब चित्तमा षातिर्जमा भयो हाम्रो दर्बारमा ठूलो हर्ष भयाको वेला नानीबाट विर्ता बक्सनु हुन्छ कवुल नगऱ्या वढिया हुन्या परैन नातीबाट हुकुम भयाको कवुल गर भनी श्री ६ वज्याज्यूबाट पनि हुकुम हुँदा र "श्री ६ वुवाज्यूबाट विर्ता लिनु पर्छ भनी हुकुम हुँदा तिमिले कवुल गऱ्याका रह्याछौ तेसमा पनि तिम्रो दानाइ देष्ता षुस लाग्यो……( इत्यादि )"[3]

1. F. Hamilton – Account of Nepal—P. 260

२. भीमसेन थापाले।

३. सं. १८९२ सालको कम्याण्डरी लालमोहरबाट (सम्पूर्ण नक्कल परिशिष्ट )



यहाँसम्मन् कि भीमसेन थापाको ईमान्दारी, राजभक्ति, देशप्रेम र योग्यताबाट प्रभावित भएर रणबहादुर शाहले एक दिन भनेका थिए,—
"म मरि मुलुक डुब्न्या छैन, भीमसेन मऱ्यो भन्या मुलुक डुब्न्या छ।"[1]

हो, उनमा केही कमजोरी थियो होला,—साधारण कमजोरी ! संवत् १८८५ सालको माघ महीनामा भाइ कर्णेल रणवीरसिंह थापा दाज्यूसित झगडा गरी जागीर छोडेर आफ्ना घर सिपामा गई बसेका थिए। उनलाई संझाई बुझाई फर्काई ल्याउन भीमसेन थापाले आफ्ना भतिजा माथवरसिंह थापालाई साँखूसम्म पनि पठाएका थिए। तर उनी आएनन्, र आखिर भीमसेन थापा आफै सिपासम्म गै फर्काएर ल्याए तथा उनको कर्णेली जागीर थमाइदिए। आफ्नो भाइ, त्यो पनि त्यस भाइप्रति जसले पछि गएर आफ्नो विरोधमा पाँडेहरूसित मिली विद्रोह गरेका थिए, यस्तो स्नेह र ममता दर्शाउनु, हुन सक्छ एक राजनैतिक व्यक्ति ( Statesman ) को हैसियतले उनको कमजोरी थियो, तर एक दाज्यूको निम्ति त अवश्य गुण थियो। साथै राजनैतिक कारण पनि थियो।

हुन त उनी जण्ड प्रचण्ड थिए। अवश्य उनको अग्लो लामो शरीर प्रभावशाली व्यक्तित्व देख्ता—टाढैबाट टड्कारै छुट्टिन्छ कि भीमसेन थापा तिनै हुन्। अरू विदेशीका निम्ति उनी जतिसुकै 'जोशिला, महत्वा-कांक्षी तथा सिद्धान्तहीन शत्रु[2]' किन नहुन्, तर पनि उनी मानिसै हुन्, त्यसैले उनमा पनि मानवीय कमजोरी थियो। अतिभावुकता एवं अति-विश्वास नै उनको सबभन्दा ठूलो कमजोरी सिद्ध हुन्छ। उनी केवल राज-नैतिक नेता मात्र थिएनन् कि परिवारको एक सदस्य पनि थिए, त्यसैले उनमा सहृदयता थियो, आफ्ना भाइ बुहारीप्रति माया थियो, ममता थियो, आफ्नी आमाप्रति श्रद्धा थियो, चाहे राजनैतिक दृष्टिकोणबाट यो उनको दोष वा कमजोरी नै किन नहोस् ! उनका पाँचै दाज्यूभाइका नाममा उनकी आमाले गरिदिएको धर्मपत्रबाट थाहा हुन्छ—भीमसेन थापा देशका मुख्तियार मात्र थिएनन् कि एउटी आमाका आज्ञाकारी छोरा पनि थिए। उनकी आमाले गरिदिएको धर्मपत्र यस प्रकार छ :—

१ परिशिष्ट नं. १ मा।

2. William Hunter – Life of B. Hodgson – P. 103.

श्री दुर्गा :

धर्म

छाप

स्वस्तिश्री सत्यरूपामाया – — — — —
आगे मेरो छोरा नानि भीमसेन थापा, नानि नयेनसिंह थापा, नानि वषतावरसिंह थापा, नानि अमृतसिंह थापा, नानि रणवीर सिंह थापा, के मेरा जियेभरि तिमीहरू पाँचभाइले छुटिन्या छौन भनि मलाई तिमिहरूले लेखिदिदा यो वन्देज गरिदियाँ कुन कुन वन्देज भन्या मेरो सेषपछि खुट्टिनु पऱ्यो भन्या आपना आपना कोठाको आफु आफुले षानु मैले कर्जा लायाको रिन जो ठहर्ला सवै छोराले तिर्नु तत्पर. कसै छोराले तिर्नको गर्छ भयेन भन्या पनि मैले लायाको रिन सपुत् हुन्या छोराले तार्नु. तिमी छोरामा कोहि मर्न्या भयौ भन्या आफ्नाकोठाको माल सत्ये धाइरहन्या वुहारिले षानु भनि वन्देज गरि लेषिदिञा. यो वन्देज जुन छोराले उलंघन गर्नामा पस्ला मेरो उलंघन गऱ्याको पातक उसैलाइ लाग्ला. यो वन्देजमा जुन छोरा रहला उसलाइ दिनपरदिन जय हुंदै जावस्, साछि कप्तान सर्वजित थापा साछि ज्मादार डंबरसिंह वस्न्यात लेखक साछि मेजर गुणवन्त इति संवत् १८७३ साल माघ सुदी ७ रोज ६ शुभम् — —।"

यो वन्देज गरिदिएको चार वर्षबाद संवत् १८७७ साल आषाड सुदी १५ रोज ३ का दिन बूढीको देहान्त भयो।

साथै संवत् १८७७ सालमा उनका दाज्यू भाइका बीचमा अंश बण्डा भयो। यो अंशबण्डा हुँदाखेरि भएको अंशबण्डा पत्रबाट थाहा हुन्छ कि मुख्तियार साहेबले अलिकति पनि अधिनायकत्व दर्शाएका थिएनन्। यसबाट पनि उनको सहृदयता झल्किन्छ।

तर भीमसेन थापाको यो सज्जनता, सहृदयता, एवं मानवीय कमजोरी केवल आपनो परिवारको घेराभित्र मात्र सीमित थिएन। यदि उनको ममता र बुद्धि केवल आपनो परिवारभित्र मात्र अल्झिएको भए त्यो उनको जहानिया स्वार्थ हुने थियो, जुन स्वार्थपूर्तिका निम्ति शायद उनले

१. परिशिष्ट नं. १२ मा।



पनि जंगबहादुर कुँवरले गरे जस्तै 'रोल' को प्रथा चलाउने थिए होलान्। तर उनमा यति उच्चता तथा विशालता देखिन्छ कि उनी देश र जनताको स्वार्थको सामुन्ने कहिल्यै आपनो परिवारिक स्वार्थमित्र अल्झिरहन सकेनन्। आपनो पारिवारिक स्वार्थको खातिर उनले देश र जनताको स्वार्थलाई लत्याएर देशलाई आफ्नो पारिवारिक बन्धनमा बन्दी बनाउन कहिल्यै विचारसम्म पनि गरेनन्। हुन पनि इंगल्याण्डमा विलबरफोर्स ( Wilberforce ) को साथै दासत्वमोचनको सपना देख्ने प्रधानमंत्री ( अर्थात मुख्तियार ) ले देश र जनतालाई आफ्नो परिवारको बनाउने कुरा शोच्ने कसरी सक्तथे ? यहाँसम्मन् कि उनलाई सधैं दुश्मन ठान्ने बापवैरी पाँडेहरूप्रति पनि उनले कहिल्यै प्रतिशोधको भावना लिएनन्, तथा उनीहरूलाई राष्ट्रका ठूल-ठूला स्थानमा ससम्मान राखे। पाँडेहरूप्रति उनले सधैं नै सभ्यता एवं सद्भावनापूर्ण तरीकाले व्यवहार गरेको पाइन्छ। संवत् १८७२ सालमा ब्रिटिश भारतसितको युद्धले गर्दा देशमा संकटकालीन विशेष परिस्थिति थियो। तर त्यस्तो वेलामा पनि पाँडेहरूलाई देशनिकाला गर्नु वा बन्धनमा हाल्नु त के उनीहरूलाई देशबाहिरबाट आउनसम्म पनि कुनै रोकावट गरेनन्, तथा स्वतंत्रतापूर्वक रहनामा बाधा उत्पन्न गराएनन्। संवत् १८७२ सालमा करवीर पाँडेहरूलाई विना-रोकटोक आउन दिनू भन्ने आदेशपत्र जारी गरिएको थियो, जुन यस प्रकार छ :—

छाप

स्वस्तिश्री जर्नेल भीमसेन थापा कस्य पत्रम् — — — आगे विष्णुमति देषिन् सिवानासम्मका सुवेदार जमादार हुदा चौकिदार गैह्रके यथोचित उप्रान्त करवीर पाँडेहरु ३ भाइ मधेशबाट ञाहा आया इन्हेहरुका परियार लत्ता कपरा साथका मानिस समेतलाई आउनदिनु भनी सरकारबाट हुकुम भयाको छ ताहा कसैले छेकथुन नगर्नु सरासर आउन दिनु इति संवत १८७२ साल पौष सुदी १२ रोज ६ शुभम् — — — — — "

यसरी करवीर पाँडेहरू आएपछि उनीहरूलाई सरकारी उच्च पद पनि दिइयो। आपना प्रतिद्वन्दी विरोधी एवं बापवैरीहरूप्रतिको उदारताको साथै जनरल भीमसेन थापाको राजामाथि यस्तो भक्ति थियो कि

आखिर उनको अवसान त्यतैबाट हुन गयो। उनको सबभन्दा ठूलो गल्ती केही ठहरिन आएको छ भने, त्यो थियो उनको राजा राजेन्द्रविक्रम-प्रतिको अंध राजभक्ति, एवं निर्धक्कता। त्यो पनि त्यस राजाप्रति जो स्त्रीवश तथा लहडी थिए।

उनको अतिसज्जनता एवं सहृदयता नै दोस्रो गल्ती ठहरिन आएको छ, जसबाट उनको अमानुषिक अवसानलाई प्रश्रय मिल्यो। आफ्ना बापवैरी पाँडेहरूप्रति उनले यहाँसम्म सहृदयतापूर्ण व्यवहार गरे कि दरबारभित्र पसी उनीहरूले आफ्नो विरोधमा षड्यन्त्र गर्न लाग्दासम्म पनि उनले पन्छाउने कार्य गरेनन्। आफ्नो विरोधमा रणजंग पाँडेले षड्यन्त्र गर्दछन् भन्ने सूचना चीनिया अम्बाबाट प्राप्त भैसकेपछि पनि उनले तिनलाई हटाउन कुनै कडा ढंग अपनाएनन्।

## vi

यसपछि भीमसेन थापाको अवसान शुरू हुन्छ। उनको अवसानको सैद्धान्तिक कारण थियो–त्यस बखतको सामन्ती व्यवस्था। उनी जतिसुकै शक्तिशाली एवं योग्य मुख्तियार थिए, तापनि हरसाल अरू कर्मचारीहरू-सहित उनको पनि पजनी हुन्थ्यो: यस प्रकार त्यस्तो व्यवस्थामा मुख्तियारदेखिन् लिएर सिपाहीसम्म कसैको पनि पदको सुरक्षा थिएन। यस्तो असुरक्षित वातावरणमा षड्यन्त्रको ठूलो आड र भरोसा हुन जान्छ। पजनीको वेला कुनै प्रकारबाट राजामाथि क्षणिक प्रभाव मात्र पार्न सकेको खण्डमा संपूर्ण पजनीको रूपै अर्को गर्न सकिन्थ्यो। देशको संपूर्ण राजनैतिक सामाजिक एवं आर्थिक जगत्मा उथल पुथल गर्न सकिन्थ्यो। तर त्यस व्यक्तिगत प्रभावबाट हुने षड्यन्त्रपूर्ण परिवर्तन वा गोलमाललाई रोक्ने वा नियन्त्रण गर्न सक्ने सर्वशक्तिमान् शक्ति जनबलको त्यस बखत कुनै अर्थ थिएन। यसै कारणले गर्दा ३१ वर्षसम्म पूर्ण शक्तिशाली भै शासन चलाइ-आएका मुख्तियार तथा कम्याण्डर-इन-चीफ जनरल भीमसेन थापाको फौजी अख्तियार अकस्मात् झिकिएकोमा पनि कतैबाट ठोस विरोध हुन-सकेन, तथा अन्तमा विष प्रयोगको झूटो आरोप लगाई षड्यन्त्रपूर्ण ढंगबाट उनलाई पदच्युत गरी बन्दी बनाउँदा पनि त्यसको निसाफ गर्ने कुनै 'अंग' नभएबाट उनको अवसान पनि सामन्ती व्यवस्थाका निम्ति मामुली मृत्यु झैं भयो।



जंगबहादुर कुँवरले आफूलाई यस राजनैतिक कमजोरीको शिकार बन्न नदिन हर प्रयास गरे। उनले पजनीको जुन सामन्ती प्रचलन थियो, त्यसलाई बन्द त गराएनन् तर पनि त्यो शक्ति राजाको हातबाट आफ्नो हातमा लिएर आफ्नो मात्र पदको सुरक्षा गरे। यसरी पजनीको अधिकार राजाबाट मुख्तियारमा सर्‍यो मात्र। तर पनि त्यस प्रचलनबाट हुने असुरक्षाको जुन भय थियो त्यो लागू नै थियो। साथै उनले आफ्नु शक्ति-लाई स्थायी बनाउन तथा प्रधानमंत्री पद आफ्नै परिवारमा मात्र सुरक्षित राख्न, भीमसेन थापाको परराष्ट्र-नीति, भारत चीनको शक्ति संतुलनमा राखी दुवैसित मित्रता कायम गरी नेपालको गौरवमय स्वतंत्रता कायम गर्ने नीतिलाई पनि क्रमशः बद्लेर आफूलाई ब्रिटिश शक्तिको बफादार साथी बनाउनतिरसमेत लागे।

जंगबहादुरको यस धूर्ततापूर्ण कार्य प्रणालीलाई संपूर्ण तथा सफल मान्न सकिन्न। यस्तो कुनै पनि पूर्ण प्रबन्ध नगरीकन पनि भीमसेन थापाले केवल आफ्नै शक्ति ईमान्दारी एवं योग्यताको आधारमा ३१ वर्षसम्म मुख्तियार भै शासन चलाए, तथा उनको अवसानपछि पनि उनैको नीति पहिल्याउने उनका भतिजा मातवरसिंह थापाको पुनः अभ्युदय हुन सक्यो; यही नै उनको सफलता थियो।

अनि, प्रधानमंत्रीपद आफ्ना सन्तानमा मात्र जावस् भन्ने इच्छा गरी मुख्तियारी रोल बाँढ्दासमेत आफ्ना छोरानातिका निम्ति पक्षपातपूर्ण नीति अपनाई गरेको त्यत्रो प्रबन्धको बावजूद पनि जंगबहादुरको शेषपछि उनका आफ्ना सन्तानले दर-दरको भिखारी भएर जिन्दगी बिताउनुपर्‍यो–यही उनको असफलता थियो।

× × × ×

मुख्तियार भीमसेन थापालाई उनले गरेको राजभक्ति एवं देशसेवाको पुरस्कारस्वरूप उनलाई गिराउन दरबारभित्र षड्यन्त्र हुन थाल्यो। संवत् १८८८ साल चैत्र २६ गते सोमवारका दिन नायब बडामहारानी ललितत्रिपुरासुन्दरीको मृत्यु[१] भएपछि राजा राजेन्द्र-विक्रमका महारानीहरूले राज्यको प्रशासन कार्यमा हात हाल्ने इच्छा गर्न थाले। त्रिपुरासुन्दरी बाँचुञ्जेल राजाको नायबी पनि उनैले चलाइरहेको हुँदा राजेन्द्रका महारानीहरूले शासन संचालनको इच्छा प्रकट गर्न सकेका

१. नायब महारानीको मृत्युको सूचनाको लालमोहरको नक्कल परिशिष्ट न. १३ मा।

थिएनन्। भीमसेन थापाको मृत्युपछि उनीहरूको इच्छाले स्पष्ट रूप लिन थाल्यो। राजा आफैं स्त्रीवश एवं लहडी स्वभावका हुँदा महारानी-हरूको प्रशासन कार्यमा हात हाल्ने महत्त्वाकांक्षालाई उनले दबाउन सकेनन्। तर पनि जनरल भीमसेन थापा मुख्तियार रहुञ्जेल उनको प्रभावशाली व्यक्तित्व एवं योग्य शासन संचालनको सामुन्ने महारानी-हरूको केही चल्दैनथ्यो तथा यसरी नै उनीहरूको महत्त्वाकांक्षा अधूरो रहने भयो। त्यसो हुँदा महारानीहरू, विशेषतः जेठी महारानीका निम्ति भीमसेन थापाको अन्त हुनु अति जरूरी नै हुन गयो। यसनिम्ति उनले मुख्तियारको पतन गराउन उनका बापवैरी पाँडेहरूलाई उठाई उनको विरुद्धमा षड्यन्त्र गर्न थालिन्। नायब बडा महारानी त्रिपुरासुन्दरीको देहान्त हुनुभन्दा अगाडिसम्म षड्यन्त्रले खुला रूप लिन सकेको थिएन। तर उनको मृत्युपछि षड्यन्त्रले प्रकट रूप लिन थाल्यो।

राज्यको प्रशासन कार्यमा हात हाल्ने महारानीहरूको जुन सपना र रहर थियो, त्यसमा पनि सौता-सौतीको झगडा शुरू भयो। कान्छा महारानी थापापरिवारको समर्थक भएकी हुँदा, त्यसको प्रतिक्रियास्वरूप जेठी महारानीले थापाका विरोधी पाँडेहरूलाई समर्थन गरी भीमसेन थापाको अन्त गर्नमा लागिन्। राजामाथि प्रभाव पार्ने कार्यमा सौता-सौतीको जुन दौड चलेको थियो, त्यसमा जेठी महारानी नै विजयी निस्केकी हुँदा भीमसेन थापाको पदच्युति एवं अन्त गराउनमा उनी सफल भइन्।

जेठी महारानीको आड र भरोसा मिलेपछि दरबारभित्र विशेष-रूपमा पाँडेहरूको आवतजावत बढ्न थाल्यो, तथा उनीहरूले भीमसेन थापाको विरुद्ध अनेक कथा रची राजालाई सुनाउने मौका पाउन थाले। हुन पनि पाँडेहरू यो मौका चुक्थे किन ? उनीहरूको भीमसेन थापासित बापवैरी साध्नु बाँकी नै थियो र त्यही मौका अब पाउन थाले।

मुख्तियार भीमसेन थापाको विरुद्धको जेठी महारानी र पाँडेहरूको यस संयुक्त षड्यन्त्रकार्यलाई ब्रिटिश शक्तिबाट पनि पूरा सहायता एवं समर्थन प्राप्त थियो। सारा संसारमै उपनिवेश बनाउन बढेको ब्रिटिश साम्राज्यवादी शक्तिले भीमसेन थापाको नेपालभित्र सफलता पाउन सकेको थिएन तथा मार्क्विस् आफ् वेलेज्लीले सारा भारतका देशी राज्य-हरूलाई निल्नका निम्ति प्रस्तुत गरेको 'संरक्षण नीति' ( System of Protectorates ) ( उर्फ हडपनीति ) पनि नेपालमा लागू गर्न सकिएको



थिएन। यसको एकमात्र कारण थियो-भीमसेन थापा र उनको दूरदर्शिता-पूर्ण परराष्ट्रनीति। यसकारण भीमसेन थापाको विरुद्धमा शुरू भएको षड्यन्त्रमा बृटिशशक्तिले बल थप्नु स्वाभाविक थियो।

भीमसेन थापाले आफ्नो मुख्तियारीकालभर कहिले पनि देशभित्र अंग्रेजी शक्तिलाई खुलेर षड्यन्त्र गर्ने अवकाश दिएका थिएनन्। रेजिडेन्ट-लाई केवल मित्रराष्ट्रको प्रतिनिधिको रूपमा सिवाय देशको शासन-व्यवस्थामा दिलचस्पी लिने मौका वा अधिकार दिएका थिएनन्। साथै मुख्तियारसिवाय अरू कसैसित रेजिडेन्टले गुप्त सम्बन्ध राख्न नपाइने गरी कडा नियन्त्रणसहित आदेश जारी गरिएको थियो।

फेरि संवत् १८७२-७३ को लडाईंबाद पनि जनरल भीमसेन थापाले अंग्रेजी साम्राज्यवादको विरोधमा खडा हुनका निम्ति सधैंजसो प्रयास गरि नै रहेका थिए। चीन, बर्मा, भारत, इरान आदि राज्यहरूसित सम्बन्ध जोडी अंग्रेजी साम्राज्यवादको विरोधमा सबभन्दा पहिले 'एशियाई एकता'का निम्ति आह्वान गरेका थिए र यसरी नै बाँचुञ्जेल ब्रिटिश-विरोधी कार्य गरिरहे।

यी सब कारणले गर्दा, आफ्नो उपनिवेशवादी नीतिलाई नेपालभित्र लागू गराउन भीमसेन थापाको पतन अंग्रेजका निम्ति अति जरूरत थियो। यसका निम्ति उनीहरूले शुरूदेखि नै नेपालमा मुख्तियारको विरोधमा कार्य गर्ने नीति लिएका थिए। तत्कालीन ब्रिटिश रेजिडेन्ट हॉग्सनले आफ्ना गवर्नर-जनरललाई लेखेको गुप्तपत्रमा भीमसेन थापाले रेजिडेन्टमाथि लगाएको नियन्त्रणको उजुरी गर्दै लेखेका थिए— "...के त्यहाँ आपसमा गला काटाकाट गराएमा हाम्रो सुरक्षाका निम्ति काफी हुन्न ?[१]" साथै, "आवश्यक परेमा हाल कमजोर दललाई अगाडि ल्याएर महत्त्व पनि दिन सकिन्छ।" भनी लेखेका थिए।

यस बाहेक हॉग्सनको कोशिश सधैंजसो यही थियो कि जसरी भए पनि उमेर पुगेका राजासित सीधा सम्पर्कमा आउनका निम्ति दावा गर्नु, चाहे मुख्तियारले उनमाथि जतिसुकै कडा नियन्त्रण राख्न किन नखोजुन्।[२] यस प्रकार अगाडिदेखि नै हॉग्सन षड्यन्त्रमा थिए भन्ने प्रमाणित हुन्छ। यो स्वयं हन्टरले स्वीकार गरेका छन् कि विरोधी गुप्त कार्यको केन्द्र नै ब्रिटिश रेजिडेन्सी थियो।[३]

1. Hunter-Life of Hodgson-155.
2. Ibid- P.- 137.
3. Ibid- P.- 139.

षड्यन्त्रकारीहरूका नेता रणजंग पाँडेले भीमसेन थापाको विरुद्ध चीनबादशाहछेउ—समेत गुप्त रिपोर्ट लेखी समर्थन मागिपठाए। रणजंगले चीन बादशाहलाई लेखेको पत्रमा भीमसेन थापालाई अंग्रेजका समर्थक तथा चीनका विरोधी साबीत गर्ने प्रयत्न गरिएको छ। उनले लेखेका छन्,—"आजकाल भारादारले सल्लाह मद्दत् बाँधि फिरंगिलाई मुलुक सोप्या पछि हामि छाँच्छौं भंन्या सल्लाह बाँधि जर्णेल ( माथवरसिंह थापा ) लाइ कलकत्ता पठाया, फिरंगीसितको घा. दोस्त. ठुलो मर्यादा देषतामा. अघि चीन वात्साहसंगको दोस्त विग्रन लाग्यो भनि छोटा वडा प्रजाप्राणी-बोलन लाग्या. हाम्रा तजविजमा पनि श्री चीनवात्साहलाई घटाइ फिरंगि-लाइ वडोगरी श्री हाम्रा महाराजाका हजूरमा विंति गऱ्याको सुदामा. देषतामा. हाम्राचित्तले पनि अघिको चिनवात्साह संगको सल्तनत् छुट्न लाग्यो भनि वात्साहका हजूरमा विंति गरि पठायाको छ····(इत्यादि)।"[१] यसै पत्रमा उनले लेखेका छन्, "······कलकत्ता इन्ले पठायाको कार्य सिद्धभयो भन्या राजा प्रजाले पनि दुषष पाया चिन वात्साह मांन्या भनि हामिलाई पनि वडो दुष् पर्न लाग्यो, राजा प्रजाहामिले बडो दुष् पाया पछि श्री चिनवात्साहको पनि धर्म नं त रहेन, विंति गरि पठायाको वात षुलन गयो भन्या. फेरि हामि पक्रिन्या बाँधिन्या छौ····(इत्यादि)।"[२]

यो सही थियो, रणजंग पाँडेले उक्त पत्रमा उल्लेख गरे जस्तै जनरल भीमसेन थापाले आफ्ना जबर्जस्त समर्थक भतिजा मातवरसिंह थापालाई बिलायत पठाउन खोजेका थिए, यसनिम्ति संवत् १८९२ सालमा उनलाई दूत बनाएर कलकत्ता पनि पठाए। तर यसरी मातवरसिंहलाई कलकत्तामा दूत बनाउनु तथा विलायत पठाउन खोज्नुको कारण रणजंगले अर्थ लगा-एको जस्तो थिएन। न त इतिहास शिरोमणि बाबुराम आचार्यले "भीमसेनको पतन"[३] नामक निबन्धमा गरेको विश्लेषणलाई नै 'ठीक होला' मात्र सकिन्छ। यदि यिनीहरूको विश्लेषणमुताविक भीमसेन थापाले आफ्ना भतिजालाई अंग्रेजसित तर्सेर सम्बन्ध गाढा गर्न वा आफ्नू अंग्रेजप्रतिको नीति बदल्न पठाउन खोजेका भए, अंग्रेजको शर्तलाई मंजूर गरेर जुनसुकै रूपमा भए पनि पठाउने थिए होलान्। तर त्यसो भएन। नेपाल सरकारले मातवरलाई राजदूतको हैसियतमा सरकारी सुविधा

१. २. यो पत्र संवत् १८९३ मा पठाएका थिए. संपूर्ण नक्कल परिशिष्ट न. १४ मा।

३. प्रगति—द्वैमासिक साहित्य सकलन, अंक ९ मा।



पाउने गरी बिलायत पठाउन खोजेको थियो। तर अंग्रेज सरकारलाई यो मान्य भएन, र केवल व्यक्तिगत हैसियतमा जानका निम्ति मात्र राहदानी दिने कुरा गऱ्यो। शायद मातवरसिंहलाई अंग्रेजको शक्ति अध्ययन गर्न पठाउन लागेका हुन् भन्ने बुझी उनलाई जान नदिनका निम्ति नै यस पासपोर्टको अडचन लगाएको हुन सक्छ। र मातवरसिंह बिलायत नगै कलकत्ताबाट नै नेपाल फर्के।

तर पनि रणजंग पाँडेले यस प्रकारको अर्थ लगाई भीमसेनको विरोधमा लेखिपठाए। यसभन्दा अगाडि पनि उनले मुख्तियारको विरुद्धमा अनेक कुरा लेखी ल्हासा पठाएका थिए। तर ती सबैको जवाफमा ल्हासा-स्थित चीनिया प्रतिनिधि अम्बाले नेपालसरकारलाई लेखेका थिए कि—यी सब झूटा कुरा उनले लेखेका रहेछन्। यस प्रकार रणजंगलाई चीनबाट प्रोत्साहन मिलेको थिएन।

तैपनि तीन शक्ति—जेठी महारानी, पाँडे तथा बृटिश रेजिडेन्टले मुख्तियार थापालाई गिराउन गरेको षड्यन्त्रलाई त्यसै छोडेनन् कि आफ्नो गतिविधि झन् बढाउँदै लगे। राजा राजेन्द्रविक्रम शाहको कानमा यी षडयन्त्रकारीहरूले मुख्तियारको विरुद्धमा हो-न-होको कथा रची भर्न थाले। राजा पनि 'लहरा, राजा, स्त्री' जो नजीक छ त्यसैसित टाँसिन्छ भन्ने कठोक्तिको चरितार्थ गर्दै षड्यन्त्रकारीहरूतिर बिस्तार-बिस्तार ढल्किन थाले, तथा स्वास्नीका कुरामा शतप्रतिशत भर पर्न थाले।

भीमसेन थापालाई आफ्नो विरुद्ध चलिराखेको षड्यन्त्रको विषय पटक्कै थाहा नभएको हैन कि थाहा थियो। चीनिया अम्बाको सूचनाबाट पनि उनलाई यस कुराको सुईंको मिलिसकेको थियो। आफ्नो सुरक्षाका निम्ति उनले केही शोच्तै नशोचेका पनि हैनन् कि शोचेका थिए। संवत् १८९० सालमा उनले 'सिंहनाथ' भन्ने नयाँ पल्टन खडा गरेर आफ्ना जबर्जस्त समर्थक भतिजा मातवरसिंह थापालाई त्यस पल्टनको कमान्डर बनाए, ताकि जरूरत परेको बखतमा उनले मद्दत गर्न सकून्। तर यसभन्दा अगाडि बढेर उनले आफ्नो सुरक्षाको प्रबन्ध गरेनन्। वास्तवमा उनले नसकेर नगरेका होइनन्। त्यतिञ्जेल पनि उनमा यति शक्ति थियो कि उनले षड्यन्त्रलाई विफल पार्न कडा कदम उठाउन सक्तथे, राजा र रानीलाई समेत पन्छाएर जंगबहादुरले जस्तै आफ्ना सारा विरोधी एवं

1. Henry Oldfield-Sketches of Nipal-Vol-I-P. 308.

षड्यन्त्रकारीलाई निर्मूल पारी आफ्नो बाटोलाई कण्टकहीन बनाउन उनले चाहेका भए, अवश्य पनि सक्तथे। तर उनको महान् व्यक्तित्व, तथा अतिभावुकताले गर्दा उनी त्यति तल ओर्ल्हन सकेनन् र अन्तसम्म पनि राजामाथि विश्वास र भक्ति दर्शाउन छोडेनन्। उसमाथि आफ्ना भाइ रणवीरसिंह थापा, जसले जागीर छोडी सिपा गई बस्दा भीमसेन थापाले आफैं सिपासम्म गएर फर्काइ ल्याएका थिए, तिनै भाइसमेत पनि आफ्नो विरोधमा लागेको हुँदा शायद उनी निराश भए होलान्।

आखिर संवत् १८९४ सालमा आएर षड्यन्त्रकारीहरू सफल भए। त्यसै साल आषाढ सुदी ११ रोज ६ का दिन अकस्मात् कम्याण्डर-इनचीफ भीमसेन थापा लगायत साराको फौजी तैनाथी झिकी राजाले आफ्नै हातमा[1] राखे। विनाकारण यसरी मुख्तियारलाई शक्तिहीन गराइयो, र यही उनको अवसानको सूचना पनि थियो। तर पनि उनको मुख्तियारी चाहिं खोसिएको थिएन।

फौजी तैनाथी झिकिएको ११ दिनपछि जनरल भीमसेन थापामाथि अर्को सरकारी मार बज्रियो, जसबाट उनको जागीर मात्र गएन, सर्वस्व मात्र गएन कि उनले नेल र हतकडीसहित बन्दी पनि हुनुपर्‍यो।

जेठी महारानी साम्राज्यलक्ष्मी देवीका ६ महीने कान्छा युवराज देवेन्द्रविक्रम[2] शाह केही दिनदेखि बिरामी थिए। १८९४ साल श्रावण वदि ७ ( तदनुसार श्रावण ११ गते ) सोमवारका दिन उनको मृत्यु भयो।

कान्छा अधिराज देवेन्द्रको यस मृत्युबाट षड्यन्त्रकारीहरूले राजनैतिक फायदा लिने दाउ रचे। महारानी स्वयं भीमसेन थापाका विरोधी भएकी हुँदा उनीहरूले आफ्नो कार्य सिद्ध गर्ने मौका पाए।

कान्छा अधिराजलाई एकदेव वैद्यले विष प्रयोग गरी मारेका हुन् तथा उनले यस्तो गर्नुमा भीमसेन थापाको पनि सल्लाह थियो भनी उनीमाथि पनि विष प्रयोगको आरोप लगाइयो। "उनी तथा उनका समस्त थापापरिवार जागीरबाट बर्खास्त गरिए"।[3] जनरल भीमसेन थापाको केवल जागीर मात्र गएन कि "उनलाई पक्रे, नेल ठोकेर जेल पठाए।"[4]

१. यस संबन्धी पत्र परिशिष्ट नं. १४ मा.
२. जन्म–संवत् १८९३ माघ ३ गते सोमवार।
3. W. Hunter – Life of Hodgson – P. 159.
4. Ibid.



उनका साथमा भाइ छोटा जनरल रणवीरसिंह[1] थापा, एकदेव वैद्य, शिवानन्द भवानी आदि व्यक्तिहरू पनि समातिए। अरू थापाहरूको सर्वस्व हरण गरियो।

त्यसपछि भीमसेन थापाको रिक्त-स्थानमा सर्वश्री पं० रंगनाथ गुरुज्यू, दलभंजन पाँडे, रणजंग पाँडेको संयुक्त मंत्रिमण्डल गठन गरियो। यसमा फौजीविभाग पाँडे दुइका मातहतमा थियो, तथा पं० रंगनाथको मातहतमा मुलुकी व्यवस्था एवं परराष्ट्र-विभाग थियो[2]। यिनीहरूमा सीनियर गुरुज्यू रंगनाथ थिए।

## V

जेठी महारानी साम्राज्यलक्ष्मीदेवीका ६ महीनाका कांछा युवराज देवेन्द्रलाई विष दियो भन्ने आरोप जनरल भीमसेन थापामाथि जुन लगाइएको थियो, वास्तवमा त्यो साँचो थिएन, तथा षड्यन्त्रकारीद्वारा रचित जाल मात्र थियो। अझ यसलाई षड्यन्त्रकारीहरूको नैतिकहीनताको प्रमाण मात्र भन्न सकिन्छ।

एकतीस वर्षदेखिन् अच्छिन्न रूपमा ईमानदारीसाथ शासन चलाइआउने शक्तिशाली मुख्तियार भीमसेन थापालाई के जरूरत थियो कि एउटा नाबालकको हत्या गरुन्। जुन मुख्तियारले आफ्ना प्रतिद्वन्दी एवं वैरीहरूप्रति समेत सधैंजसो उदारता एवं सहृदयता दर्शाएका थिए, तिनले एउटा नाबालकलाई विष प्रयोग गर्लान् भन्ने तर्क पनि उठ्न सक्तैन। त्यो पनि त्यस बालकप्रति, जो गद्दीको हकदारसम्म पनि थिएन, अनि जसको बाँच्नु र मर्नुसित राजनीतिको कुनै सम्बन्ध नै देखिन्न। यसर्थ यो आरोप उनीमाथि लगाउनु नै हास्यास्पद कुरा थियो।

१. हाग्सनले भीमसेन थापा समातिएको केही कालपछि माथवरसिंह थापा समातिएका थिए, भनी रणवीरसिंहलाई छुटाएका छन्। तर यससंबन्धी पत्रबाट रणवीरसिंह समातिएको प्रमाणित हुन्छ। सो पत्र अर्को अध्यायमा छ। – Life of Hodgson – P. 159.
२. लेखक, मुख्तियार रंगनाथ – एक झलक – शारदा २०१२ साल, महीना जेठ-आषाढ वर्ष २० अंक ६७ मा।

तर कुनै अंग्रेज इतिहासकारहरूले यसमा यो कथा जोडेका छन् कि "जेठी महारानीमाथि प्रयोग गर्न खोजेको विष अधिराजलाई पर्न गयो भन्ने हल्ला चल्यो"[1] भीमसेन थापाले महारानीलाई विष दिन संभव थियो र केवल असफल भै बच्चालाई पर्न गएको हो भन्ने देखाई उनलाई पदच्युत र कैद गरेकोमा ठीक थियो भन्ने आभास उक्त अंग्रेज इतिहासकारको लेखाइमा पाइन्छ। तर यो कुरा झूटो थियो भन्ने त त्यस आरोप-सम्बन्धी त्यस बखतको चिट्ठी-पत्रमा यस कुराको उल्लेख नहुनुले नै बताउँछ। ( यस पुस्तकमा प्रस्तुत गरिएका ) विषप्रयोगसम्बन्धी पत्रमा केवल कान्छा युवराजको कुरा मात्र जिकिर गरिएको छ, महारानीको कुरा कतै लेखिएको छैन। स्वयं महारानीले आफ्ना पिता र मातालाई लेखेको पत्रमा पनि केवल देवेन्द्र राजालाई मात्र विष प्रयोग गरियो, भन्ने जिकिर गरिएको छ। आफ्नू विषयमा केही लेखिएको छैन।

अंग्रेज इतिहासकारले जोडेको यो कथा - कि भीमसेन थापाले जेठी महारानीमाथि विष प्रयोग गर्न खोज्दा उनमाथि नपरी कान्छा युवराज-माथि पर्न गयो, भन्नेतर्फ विचार गर्नु नै अनावश्यक छ, किन कि नेपाल-सरकारद्वारा लगाइएको आरोपमा यो कुरा छँदै थिएन। अनि कान्छा यवराजमाथि विष प्रयोग गर्न भीमसेन थापाले वैद्यहरूलाई सल्लाह दिएका थिए भन्ने आरोप पनि पछि लगाइएको हो, भन्ने त्यस मृत्यु र भीमसेन थापाको गिरफ्तारी-सम्बन्धमा नेपालसरकारले समय-समयमा जारी गरेको आदेशपत्र, चिट्ठीपत्र एवं महारानीको पत्रको व्यहोरा बाझिन गएबाट स्पष्ट हुन आउँछ।

कान्छा अधिराजकुमारको मृत्यु हुँदा दुनियालाई आशौच बार्नका निम्ति यस प्रकारको आदेश जारी गरिएको थियो :—

"संवत् १८९४ सा. श्रावण वदि ७ रोज २ मा श्री कान्छा साहेवज्यू मुक्त हुंदा ठाउँ-ठाउँ गयाको रुक्का मोहर ( को नक्कल ) — — आगे चौतरिया ज्यानशाह प्रति श्री कान्छा नानीलाई केही दिन अघि देषि वेराम हुन गयाको थियो दैवको इच्छा कसैले टारिसक्नु रहेन छ,

1. (I) W. Hunter-Life of Hodgson-P. 159.
(II) Oldfield – Nipal – -P. 310.

२. पुर्जीको नक्कल यस प्रकार छ, :—"उपाध्या जैसि ब्राह्मनले जुँगा वाहेक मुण्डन गरि शुद्ध हुनु, उपाध्या जैसि ब्राह्मन वाहेक चार वर्ण छत्तिस जातले जुँगा समेत मुण्डन गरि एक दिन आसौच वारी शुद्ध हुनु !



श्रावण महिनाका दिन ११ जांदा सोमवारका दिन श्री आर्या तिर्थमा जलयोग पाई मुक्तभया असौचवार्नालाई धर्मशास्त्रमा ठहर्‍याको पुर्जि[२] बक्सी पठायाको छ, सो बमोजिम डडेलधुरा डुल्लु दैलेष समेत जगाजगामा सबैलाई उर्दि दी अशौच मांन्या कामगर संवत् १८९४ साल श्रावण वदि १० रोज ५ शुभम् — — — —"

यस्तै आदेश र पुर्जी जुम्ला, गोर्खा, डोटी, सिलगढ़ी, कुंछा, गाइखुर, पाल्पा, सप्तरी, महोत्तरी, बारा, पर्सा, धनकुटा, इलाम, विजैपुर, मोरङ्ग, सिंधुली, उदयपुर, मकवानपुर आदि सबै जिल्ला र स्यानहरूमा पठाइएको थियो।

यस आदेशपत्रमा केवल 'कान्छा युवराज मरे' भन्ने मात्र लेखिएको छ। 'उनलाई विष दियो, त्यसमा भीमसेन थापाको पनि हात छ' इत्यादि कुनै कुराको पनि जिकिर गरिएको छैन। अझ 'दैव इच्छा कसैले टारिसक्नु रहेन छ 'भनी उनको मरणलाई स्वाभाविक वा भाग्यको फल मानिएको छ।

अनि जेठामहारानीले छोरा मरेको ७ सात दिनपछि आफ्नो माइतमा बाबु र आमालाइ छोराको मृत्युको दुःखद समाचार पठाएकी थिइन्। त्यसमा उनले विष परेको औषधि खुवाइदिएकोले मर्न गएको भनी लेखेकी छन्। यस प्रकार अघिल्लो आदेशपत्रको ४ दिनपछि 'दैवको इच्छाले मर्‍यो' भन्ने ठाउँमा 'विष परेको औषधि दिंदा मर्‍यो भन्नेसम्म परिवर्तन गरिएको थियो। तर यसमा पनि उनले भीमसेन थापाको पनि सल्लाह थियो, भनी लेखेकी छैनन्। त्यस पत्रको नकल यस प्रकारको छ। :—

" श्री जेठामहारानीबाट

श्री जेठामहारानीका श्री श्री श्री मत् पिता श्री राजकुमार प्रभुसाहके गोरखपुर चिलवा गयाको चिठि— — — — —

उप्रान्त श्री कांछा नानीलाई केहिदिन अघिदेषि वेराम हुन गयाको थियो, वैद्यहरूले विषपर्‍याको औषधि षुवाइ दिंदा उसै औषधिले श्रावण महिनाका दिन ११ जांदा सोमवार का दिन श्री आर्यातीर्थमा जलयोग पाई. मुक्त भया. हामीलाई बडो अपसोच पर्न गयो. तसर्थ श्री काकाज्यू

१. यस आदेशसित गएको पुर्जीको नक्कल पेज ४८ को टिप्पणी १ मा रहेको छ।

श्री मामाज्यूस्मेत श्री मूमाज्यूलाई आहा चलाई पठाउन्या काम गर्नु होला इति सं १८९४ साल श्रावण वदि १४ रोज २ शुभम् — — —

यस्तै किसिमको व्यहोरामा अलिक फरक गरी जेठामहारानीले आफ्नी आमालाई पनि पत्र [१] लेखी झिकाइपठाएकी थिइन् ।

तर यो पत्र लेखिनुभन्दा एक दिनअगाड़ि नेपालसरकारको तर्फबाट लाहोर, कलकत्ता तथा ल्हासास्थित नेपालसरकारका वकीलहरूलाई लेखिगएको पत्रमा भने 'भीमसेन थापाको सल्लाहले विष दिएको भन्ने बुझिएकोले उनलाई गिरफ्तार गरिएको छ, यस विषय तहाँको सरकारले सोधेमा यही कुरा बताउनू' भनी लेखिएको छ । पत्रको नकल यस प्रकार छ :—

"लाहुरकाजी कालुसिं कप्तान करवीर षत्रीका नाउमा गयाको चिठिमोहरको नक्कल — — — — — —

श्री कांछा नानी

| १ | श्री आर्य तीर्थ | दैव |
|---|---|---|
| | ३ | २ |

उप्रांत........१........लाई केही दिन अघिदेषि वेराम हुनगयाको थियो, ........२ को इछा कसैले टारी सक्नु रहेनछ. श्रावण महिना दिन ११ जाँदा सोमवारका दिन...........३...........मा जलयोग पाई मुक्त भया. आसौच वार्नालाइ धर्मशास्त्रमा ठहऱ्याको पुर्जि वक्सी पठायाको छ. सो बमोजीम आसौच मान्या काम गर्नु, वाकि इनै मुक्त भयाका........१ ........लाई इलाज दिंदामा - भाजुमान वैद्यले हाम्रा हजुरमा विंती नगरि. अफीम. धतुरो. विष पऱ्याको औषधी षुवाइ. एस्तो हुन जांदा त्यो वीष पऱ्याको औषधि षुवाउँदामा जनरल भीमसेन थापा. छोटा जनरल रणवीर सिंह थापा. एकदेव वैद्य, शिवानन्द. भवानि. इन्हेरुका समेत सल्लाह हो भंन्या कुरा एहि वैद्यले विंती गर्दा इन्हेरुका वाँधा विर्ता, धन्माल सवै तायदात् गरि. इ सवैलाई कैद गरि राष्याको छ. षोजन्या कुरा षोजिंदैछन्. जस्‌जसको जहाँसम्मको तक्सीर ठहर्ला. सो. कुरा पछि लेषिपठाउँला. हाल इन्हेरू कैद भयाका क्या कारणले भन्न्या कुरा ताहां सोध्या भन्या.

१. पत्रको नक्कल परिशिष्ट नं० १६ मा ।



एही व्यहोरा संग उत्तर दिन्या काम गर्नु सं. १८९४ सा. श्रावण वदि १३ रोज १ शुभम् [१] — —।"

यसरी नेपालसरकारले मौकैमा गौंडा गौंडामा जारी गरेको आदेश एवं महारानीले आफ्ना माइतीघरमा लेखिपठाएका पत्रहरूमा राजपुत्रलाई भीमसेन थापाका सल्लाहले विष दिई मारेको भन्ने कतै उल्लेख नगेकन, केवल विदेशी राज्यमा रहेका नेपाली दूतहरूलाई केही दिनवाद लेखेको सूचनापत्रमा मात्र यस कुराको उल्लेख हुन गएबाट यो स्पष्ट छ कि त्यो आरोप पछि सृष्टि गरिएको हो । एकतीस वर्षसम्म शासन चलाएका मुख्तियारको अवसान यसरी आकस्मिक ढंगबाट भएकोमा विदेशी सरकारले शंकाको दृष्टिले प्रश्न गर्ने हुँदा त्यसलाई लुकाउनका निम्ति षड्यन्त्रकारीहरूले यस्तो झूटो अभियोगको सृजना गरी आफ्नो बुद्धिको दिवालियापन देखाएका मात्र हुन् ।

वास्तवमा भीमसेन थापाको विरुद्धमा, राजपुत्रको मृत्यु हुनुभन्दा अगाडिदेखि नै दरबारभित्र षड्यन्त्र शुरू भैसकेको थियो । संवत् १८९४ साल आषाड सुदि ११ रोज ६ का दिन राजाले मुख्तियार भीमसेन थापा-लगायत साराको तैनाथी फौज झिकी आफ्ना हातमा लिएका थिए ।[२] यसरी एकाएक फौजी तैनाथी झिकिनु नै मुख्तियारको अन्तको सूचना थियो । र यस्तै वेला संयोगवश केही दिनदेखि बिरामी रहेका राजपुत्रको मृत्यु भयो । अनि राजा वा राजपरिवारमा कोही बिरामी भएमा उपचारका निम्ति मुख्तियारले विशेष चाह राख्नु त स्वाभाविक थियो । मुख्तियारको देखरेखमा औषधि हुन्छ । तर यसको मतलब यो होइन कि बिरामीले मर्नै हुँदैन । त्यसरी नै राजपुत्र देवेन्द्रको पनि उपचार हुँदाहुँदै पनि मृत्यु भयो, र मर्नुको दोष मुख्तियारमाथि लगाइयो । शायद राजपुत्रको मृत्यु नभएको भए पनि उनको पतनका निम्ति अर्कै कारण सृष्टि हुने थियो होला ।

यसरी त्यस बखत भीमसेन थापाले राजपुत्रलाई विष दिने कार्यमा सल्लाह दिएको हुँदा उनी समातिएका हुन्, भनी विदेशस्थित आफ्ना

१. यसको साथै आसौच बार्ने पुर्जी पनि गएको थियो । यस्तै ब्यहोराको पत्र चीन गएका चौतरिया पुष्कर शाह र कलकत्तास्थित वकील लोकरमणको नाममा पनि लेखिगएको थियो ।

२. यसै पुस्तकको पृष्ठ ४४ मा हेर्नास् ।

दूतलाई सन्देश पठाइयो। पछि भीमसेन थापाको आत्महत्या बारे सूचित गर्दै संवत् १८९६ सालमा नेपालसरकारबाट ल्हासास्थित चीनिया अम्बा-लाई लेखिगएको पत्रमा पनि यही विष दिएको कुरा लेखिएको थियो। एकदेव वैद्यले मुख्तियारको सल्लाहले विष दिएको हो, भन्ने कुरामा कायल भै आफ्नू अपराध स्वीकार गरेकोले आफ्ना पनि कसूर साबीत हुन लाग्यो, भनी उनले तर्सेर आत्महत्या गरेका हुन्, भनी लेखिएको थियो। त्यसमा लेखिएको थियो—"...... एकदेव वैद्यलाई झिकी षारषेर गर्दा हजूरका कान्छानानीलाई विष पन्याको औषधि खुवाउदा मेरो र भीमसेन थापाको सल्लाह हो, अघि हजूरका श्री मुमाज्यू र श्री ५ वुवाज्यूलाई पनि बिराम हुँदा भीमसेन थापाको सल्लाहले विष पन्याको औषधि षुवाइ वैकुण्ठवास गरायाको हो, भनी कायेल भयो र भीमसेन थापासंग जोरी पुर्पछे गर्नु पर्ला भनि उसं कयदमा रहन गयाको थियो पुर्पुछे भयाको थियेन, तेस्तै विचमा एकदेव वैद्यले यो अघिको पछिको सवं कुरा वक्याको थाहा पायेछ र आफूले गन्याको अघिको र पछिको कुकर्म प्रकाश हुन लाग्यो भंन्या डरले कसैले थाहा नपाई हतियार मगाई श्रावण महिनाका दिन ८ जांदा हथियारले आफ्नु गला आफैले काटी अपहत्या गरी ९ दिन बाँची श्रावण महिनाका १६ दिन जांदा मन्यो"[1]। यसरी राजपुत्रलाई विष दिएको आरोपलाई अझ प्रमाणित गर्न बिफरद्वारा मरेका[2] श्री ५ गीर्वाणयुद्धलाई समेत पनि विष दिएको थियो, भन्ने कुरा जोडियो। यही कुरा सन् १८३३ मा रेजिडेन्ट हाग्सनले जाफ्ना गवर्नर जनरललाई लेखेको गुप्त पत्रमा पनि लेखेको हुँदा शायद यस पत्रको मसौदा गर्नमा उनको पनि बुद्धि र सल्लाह थियो कि, शंका उठ्न सक्छ। अन्यथा २३ वर्षअगाडि बिफरको रोगले मरेका राजालाई भीमसेन थापाले विष दिई मारेको, भन्ने आरोप कुन आधारमा लाग्न सक्छ जब कि यो कुरा ९४ सालमा उठेको पनि थिएन। यसरी भीमसेन थापामाथि विषको आरोप लगाइयो।

तर फेरि त्यसै वेला १८९४ सालमै सरकारी स्तरबाट नै भीमसेन थापाको पदच्युति एवं गिरफ्तारीको कारणलाई उनको फिरंगीसमर्थक नीति हो, भनी राजनैतिक रंग दिने प्रयत्न पनि गरिएको पाइन्छ। नेपालसरकारका प्रतिनिधि भै चीन गएका चौतरिया पुष्कर शाहलाई पेकिङ्को बाटो पर्ने 'ठिन्दुफु' भन्ने शहरमा पुग्दा नेपाल सरकारबाट

१. परिशिष्ट नं. १७ मा।

२. इतिहास प्रकाश—अंक—१—पृष्ठ ४२।



एउटा पत्र मिलेको थियो। सो लालमोहरको पत्रमा के थियो? भनी स्थानीय अधिकारीले उनीसित सोध्न पठाउँदा 'हाम्रा ख्वामिद्बाट बक्स्याको लालमोहर हो फिरंगिलाई निको मांन्या भारादारको सर्वश्व भयेछ, जेल पनि पन्याछन् हाम्रा सर्कारबाट चीन वादसाहलाई यस्ता डवलसंग एकचित्त मांनु हुन्छ' भनी जवाफ दिएँ भनी उनले संवत् १८९४ साल मार्ग वदि ६ रोज ७ का दिन नेपालनरेशलाई लेखिपठाएका थिए, जसको जवाफमा नेपालबाट 'वढिया गन्याछौ' भन्ने लेखिएको थियो।

साथै संवत् १८९९ साल आषाढ़ वदि ८ रोज ६ मा जगतवम पाँडेलाई चीन पठाउँदा उनीद्वारा चीन बादशाहछेउ पठाइएको पत्रमा पनि भीमसेन थापा बन्धनमा पर्नु, तथा उनको आत्महत्या हुनुको कारणलाई राजनैतिक बनाउने प्रयास गरिएको छ। त्यसमा लेखिएको थियो—"हुकूम नपाई मलाई दबाइ फिरंगीलाई ल्याउन्या निमक् हरामी गरि फिरंगी संग मिल्न्या तं को होस् भनि ९४ सालका श्रावण महिन्हामा भीमसेन थापालाई कयदगरि राष्याको थियो, उस्का षान्गीमा दामोदर पांडेका छोरा रणजंग पाँडेलाई मुष्त्यारी दिएको थियो. भीमसेन थापाले आफ्नु मुनासिवले फिरंगिसंग मिल्नाका कुरा सबै चीन वादशाहका हजुरमा षुलस्त जाला र मेरो झन् सासना होला आफ्नु भनी आफ्नो गला आफैले काटि मन्या....[2]" यसरी उनलाई फिरंगीका समर्थक पनि सिद्ध गर्ने असफल प्रयास गर्दै निमकहरामीको पनि अभियोग लगाउने कोशिश गरियो।

यस प्रकार सरकारी स्तरबाट नै यस विषयमा विभिन्न कुरा लेखिएको देखियो। कहिले 'दैवको इच्छा टारिसक्नु छैन' भनी राजपुत्र देवेन्द्रको मृत्युलाई स्वाभाविक मृत्यु मान्यो त कहिले भीमसेन थापाको सल्लाहले विष परेको औषधि पर्न गएको हुँदा मर्न गयो र भीम-सेन थापाहरू गिरफ्तार गरिएका छन्, भनी कुरा बनाई उनको पदच्युति, सर्वस्वहरण, बन्दी, एवं आत्महत्यासम्मलाई पनि विष दिएको आरोप लगाइएको देखियो। तर फेरि त्यसै वेला सरकारी स्तरबाट नै 'भीमसेन थापा फिरंगीसित मिलेको हुँदा समातिएको हो, तथा चीनमा आफ्नू अंग्रेज समर्थक नीतिको भण्डाफोड हुने देखी आत्महत्या गन्यो' भनी लेखिएको पनि देखियो। यसबाट यो स्पष्ट हुन्छ कि—भीमसेन थापाको अवसानको

१. पत्र परिशिष्ट नं. १८ मा

२. यो पत्र लेखकको 'नेपाल र तिब्बत' नामक ( अप्रकाशित ) पुस्तकमा परेको छ।

वास्तविक कारणमा—न विषप्रयोगको दोष नै सत्य थियो, न त फिरंगीका समर्थक भन्ने आरोप नै सही थियो। जुन मुख्तियार आफ्नो शासनभर अंग्रेजी-साम्राज्यवादी नीतिका कट्टर विरोधी थिए, तिनैलाई फेरि अंग्रेज-समर्थक भन्ने आरोप लगाउन खोज्नु, निश्चय पनि अनौठो एवं हाँसो उठ्ने कुरो थियो। यो पागलपनसिवाय अरू के हुन सक्छ ? जनरल भीमसेन थापाको अवसानको वास्तविक एवं सही कारण यही थियो—जेठी महारानी साम्राज्यलक्ष्मीदेवीको शासनमा हस्तक्षेप गर्ने रहर, श्री ५ राजेन्द्रविक्रमको महारानीको इच्छालाई दमन गर्न नसक्ने कमजोरी, पाँडेहरूको बापवैरी साध्ने पारिवारिक स्वार्थ तथा नेपालमाथि उपनिवेशवादी नीति लागू गर्ने अंग्रेजको साम्राज्यवादी चलाकी !

## VI

जनरल भीमसेन थापामाथि, कहिले देवेन्द्रविक्रमलाई विष प्रयोगको आरोप लगाइयो, र कहिले फिरंगीसित मिल्यो भन्ने दोषारोपण गरियो। यसरी षड्यन्त्रकारीहरूद्वारा लगाइएको नैतिक-हीनतापूर्ण विभिन्न आरोपको अनिश्चित आधारमा भीमसेन थापा पदच्युत भए, समातिए, थुनिए र उनको सर्वस्व पनि हरण गरियो। सारा थापाका नातेदारसमेत जागीरबाट बर्खास्त गरिए।

जनरल भीमसेन थापाको आकस्मिक एवं अमानुषिकतापूर्ण अवसानबाट राजधानीमा एक सन्देहको असंतोषपूर्ण वातावरण छाउन थाल्यो। यस असन्तोषको वातावरणमा राजधानीका फौजले विद्रोह गर्लान् कि भन्ने आशंका उत्पन्न भएको कुरा 'केही फौजी जवानले जागीर छोडेका थिए' भन्ने किंवदन्तीद्वारा पुष्टि हुन्छ। त्यसो हुँदा सुरक्षाका निम्ति राजधानीबाहिरका फौजी कंपनीलाई बोलाइयो। त्यस बोलावटको लालमोहर यस प्रकार छ :—

"स्वस्तिश्री मनमहाराजाधिराज कस्यरुक्का — — —
आगे कालीबक्स पल्टनका कप्तान लेफ्टेन जमदार षरिदार मेजर कोत्या अजिटन गैन्ह प्रति कालीबक्स पल्टनली तिम्हेरुले जाहा आउनु पऱ्यो. तसर्थ पल्टनका नालनिसान बाजा षर्षजाना असवाव समेत लाजिमागैरह



सबै ली हाम्राहजुरमा आउन्या कामगर, इति संवत् १८९४ साल श्रावण सुदि १ रोज ४ शुभं"

साथै भीमसेन थापाले आफ्नो शासनकालको अन्ततिर खडा गरेको सिंहनाथ कंपनीका फौजी जवानहरूलाई राजधानीबाट बाहिर जानमा प्रतिबन्ध लगाइयो,[१] ताकि उनीहरूले बाहिर गई गडबडी मच्चाउन नसकुन्।

यसपछि भीमसेन थापाको मुद्दा चलाइयो। उनले यस विषयमा आफूप्रति लगाइएको आरोपलाई इन्कार गरे, र अन्तमा अपराध साबीत हुन सकेन। ८ महीनाबाद उनी र उनका साथका सबै व्यक्ति बन्धनमुक्त गरिए। उनीहरूको सर्वस्व पनि फर्काइयो।

ज० भीमसेन थापाको बन्धनमुक्तिको कारणमा तत्कालीन ब्रिटिश रेजिडेन्ट हाग्सनले लेखेका थिए—"....मुद्दामाथि बहस गर्न दर्बार प्रवेश गराउँदा, त्यस वृद्ध पुरुषले राजाका खुट्टामा घोप्टेर माफी मागे। माफी पनि दिइयो।"[२]

हुन त यस विषयमा रेजिडेन्ट हाग्सनले उपर्युक्त कुरा जुन लेखेका थिए त्यो त्यसै बखत लेखिएको हुँदा त्यस कथनले समकालीन भै सत्यको भान पार्ने मौका पाएको छ, तर यस विषयमा मैले अर्कै एउटा कथा सुनेको थिएँ, जुन यस प्रकार छ :—

"जेठी महारानीका कांछा छोरालाई विष दियो भन्ने भीमसेन थापामाथि लगाइएको झूटो अभियोगको मुद्दामा बहस गर्न तथा साबीत गर्न दरबारको मुद्दा सुनिने बैठकमा राजा, रणजंग पाँडे तथा अरू शीर्षस्थ भारादारहरू उपस्थित भैसकेपछि कैदीलाई उपस्थित गराइयो। छ्यार्लाङ् छ्यार्लाङ् नेल बजाउँदै कैदी भीमसेन थापा आइपुगे। नेल लगाएको कैदी भए तापनि उनको त्यस उच्च व्यक्तित्वको सामुन्ने कोही पनि भारादारहरू अड्न सकेनन् र सबले जुरु जुरु उठेर सलाम गर्न थाले। राजा पनि तिलिमिलाए।

"राजाबाट आफूमाथि लगाएको झूटो आरोपप्रति इन्कार गर्दै भीमसेन थापाले भने—'सरकारले मेरो पोल्टामा हगिबक्सेको गुहुको दाग अझसम्म गएको छैन। मैले मार्न चाहेको भए उसै वेला सरकारलाई नै मार्न सक्थें। यस्तो थाङ्ने भुसुने बच्चालाई मारेर मलाई के फायदा ?

१. परिशिष्ट नं. १९ मा.
2, Hunter—Life Of Hodgson—P. 176.

यदि यस्तै बुद्धि लिएर हिंडयो भने सरकारले मानामा भरी खोपामा राखिदिएको खाना खाएर निर्वाह गर्नुपर्ने हुनेछ।"

—नभन्दै एक शताब्दीसम्मन् त्यस्तै भयो पनि।

मैले सुनेको यो कथा र हाग्सनले उसै वेला भनेर गएको त्यस भनाइलाई भीमसेन थापाको स्वभाव र व्यक्तित्वसित दाँजेर हेऱ्यौं भने, मैले सुनेको कथाले नै वास्तविकताको नजदीक पुग्न सकेको स्पष्ट हुनेछ।

३१ वर्षसम्मको लामो अवच्छिन्न अवधितक त्यत्रो शक्ति र विश्वास अँगालेर शासन चलाउने त्यस शासक, उसमाथि ईमान्दारी र योग्यताबाट गुंथेको उच्च प्रभावशाली व्यक्तित्व एवं इज्जत भएका व्यक्तिले कसरी खुट्टामा घोप्टेर माफी माग्न सक्तछन्, जब कि यो कुरा उनबाट छिपेको थिएन कि उनमाथि लगाइएको त्यो अभियोग झूटो थियो, केवल उनैको पतन गर्नका निम्ति रचेको जाल मात्र थियो! अझ, 'स्वास्नीलाई नांगै डुलाउने भएको छ' भन्ने हल्लाले मात्र पनि विह्वल भै आत्मसम्मानको ख्याल गरेर आत्महत्यासम्म गर्न सक्ने साहस भएका भावुक व्यक्तिले 'एक ज्यान'का निम्ति झूटो अभियोगलाई स्वीकार गरी 'खुट्टामा घोप्टेर माफी माग्न सक्तछन्' भन्ने ठान्नु उनको मनोविज्ञानलाई नबुझ्नु हो, उनको ३१ वर्षको लामो सफल शासनलाई नबुझ्नु हो। अझ, उनको त्यस महान् व्यक्तित्वको व्यंग्य उडाउनु हो!

अनि, ब्रायन हाग्सनको त्यस कथनले भीमसेन थापाको समकालीन हुने मौका पाएको हुँदा, शायद 'ह्लापाला त्याः'[१] हुने मौका पायो होला तर मैले सुनेको कथा,-यो पनि आजको कथा होइन, कुनै धूर्त राजनैतिक दिमागबाट उब्जेको कथा होइन, भावुक हृदयको उद्गार मात्र हो! यो कथा मैले मेरा पिताज्यूका मुखबाट सुनें, मेरा बाबुले मेरा बाज्येका मुखबाट, मेरा बाज्येले, मेरा जिजुबाजेका मुखबाट; र यसै गरी यो कथा पनि भीमसेन थापाको समकालीन कथा थियो, जो आजको किंवदन्ती र उस बखतको सत्य थियो। फेरि यो कथा केवल मेरै घरमा मात्र, मेरो घरको चारदिवारभित्र मात्र बाँचेको छैन, प्रत्येक नेपालीको घर घरमा बाँचेको छ,[२] प्रत्येक बूढाले आफ्ना बच्चाहरूलाई अझ पनि यो कथा

१. अगाडि परेकोले जितेको।

२. १४ आषाढ २०१२ (तदनुसार २८ जून–१९५५) मंगलवार का दिन ज. श्री केशरसमशेरसित उहाँको व्यक्तिगत पुस्तकालयबाट केही ऐतिहासिक पुस्तक लिन भनी गएको थिएँ। त्यसै बखत भीमसेन थापाको विषयमा कुरा चल्दा उहाँले पनि



सुनाउँदैछन्। र यसरी नै यो कथा अझ बाँच्नेछ, नेपाल रहुञ्जेल बाँच्ने छ कि एक ईमानदार शासक भीमसेन थापा यहाँ, यस पवित्र नेपाल-भूमिमा आफ्नो इज्जत र ईमानदारीको बचावटका निम्ति सेरिएर मरेका थिए, नौ दिनसम्म अँध्यारो कोठामा छटपटिएर मरेका थिए—जनरल भीमसेन थापा!

जे होस्, आखिर भीमसेन थापामाथि लगाइएको झूटो, विष दियो भन्ने आरोप साबीत हुन सकेन, र उनी तथा उनका साथै गिरफ्तार गरिएका व्यक्तिहरू सबै निर्दोष साबीत भै रिहा गरिए। उनको सर्वस्व फर्काइयो। उनलाई बंधनमुक्त गर्न, तथा उनको सर्वस्व फर्काउन कोशिश गर्दै त्यस बखतका मुख्तियार रंगनाथ पंडितले आफ्ना महान् साथीको इज्जत गरे। उनको सर्वस्व फर्काउँदा गरिएको लालमोहर यस प्रकार छ:-

श्री दुर्गा सहाय :--

छाप

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावलि विराजमान मानोन्नत श्री मन्महाराजाधिराज श्री श्री श्री महाराज राजेन्द्र विक्रम शाह बहादुर सम्सेर्जङ्ग देवानाम् सदा समर विजयिनाम्-- — — —

आगे भीमसेन थापाके तिम्रो ९४ सालमा जफ्त भयाको घर षेत मध्ये टुंडिखेलको ठूलो घर र पर्षालभित्रको वघैंचा पर्षाल वरिपरिका गोठ कठ्यारा औ त्यसैं वघैंचानेराका पाषामा वनायाका चाकर नोकर रहना घर वघैंचाका मर्मतका निमित्त षरीद गऱ्याका पाटन काठमाडौं गरि जम्मा षेत ३।१४ र घर ढालन्या ठाउमुनिको पाषो वारीसमेत फोड़ बहाल गरिवक्स्यौं आफ्ना षातिरज्मासित विर्ताजानी भोग्यगर इति संवत् १८९५ साल मिति जेष्ठ वदी १३ रोज ३ शुभम्—

यस्तै कथा सुनेको छु भनी भन्नुभयो—"थाहा छ तपाईंलाई, भीमसेन थापाले तत्कालीन् महाराजाधिराजलाई भरेको माना खानुपर्नेछ, भनी श्राप दिएका रहेछन्।"

[ यस लालमोहरको पछिल्तिर मार्फत भई पुछ्रे सही गर्नेहरू:— सर्वश्री दलभंजन पाँडे, रणजोर थापा, फत्यजंग शाह, तारानाथ अर्ज्याल, बाल नरसिंह कुंवर, रंगनाथ पंडित राजजु (छाप) विसनु पंडित राज. जितमान सिंह ]

यस लालमोहरबाट मात्रै भीमसेन थापाको जफत गरिएको सर्वस्व सबै फर्काइएको थिएन। यस्तै अर्को पनि लालमोहर[१] भएको थियो, जसबाट उनको पूरा सर्वस्व फर्काइयो।

× × ×

आफूमाथि लगाइएको विषप्रयोगको दोषारोपणबाट सफाइ पाएर बन्धनबाट मुक्त भए तापनि जनरल भीमसेन थापालाई पुनः मुख्तियारी दिइएन, न त अरू कुनै पद नै दिइयो। उनी ढाक्रे भई रहन थाले। तर पनि फौजी जवान, सरकारी कर्मचारी एवं जनताले उनको इज्जत सम्मान गर्दै नै रहे। उनको जनप्रियता प्रतिदिन बढ्दो नै थियो। सरकारतर्फबाट पनि उनलाई सम्मान प्राप्त भयो। राजा र रानीले गई भेट दिए। उनको बन्धनमुक्ति भएपछि उनलाई घरसम्म पुऱ्याउन घोडाबग्गी दिइयो, तथा धेरै व्यक्तिले गएर पुऱ्याएका[२] पनि थिए।

यसपछि मातवरसिंह थापा विदेशतर्फ लागे। उनको विदेश-गमन विषयमा कुनै कुनै इतिहासकारहरूले–उनी नेपालको विपत्तिपूर्ण परिस्थिति-बाट बच्नका निम्ति तराईमा हात्ती शिकार गर्ने निहुँबाट भागेका थिए, भनी लेखेका छन्[३]। तर वास्तवमा उनलाई नेपालसरकारले नै केही सन्देशसहित पंजाबकेशरी रणजितसिंहछेउ पठाएको थियो। यो कुरा स्वयं महाराजाधिराज राजेन्द्रविक्रमले लेखेका छन्[४]। अनि अंग्रेज इतिहासकार डा० ओल्डफिल्डले पनि—नेपालसरकारले मातवरसिंहलाई लाहोर पठाएथ्यो, उहाँ जान लाग्दा उनी कंपनीसरकारद्वारा समातिए भनी

१. परिशिष्ट नं० २० मा।

2. (i) Hunter - Life of Hodgson - P. 162.
(ii) Oldfield - Nipal - P. 312.

3. (i) Hunter - Life of Hodgson—P. 162.
(ii) Landon - Nepal-Vol. I - P. 10.
(iii) बालचन्द्र शर्मा-नेपालको ऐ. रूपरेखा-पृष्ठ २०९।

४. इतिहास प्रकाश अंक १–पृष्ठ ४४।



लेखेका छन्[१]। केही महीनाबाद ब्रिटिशसरकारले उनलाई लाहोर जान अनुमति दियो, र उनी लाहोर गए। त्यसपछि 'नेपालको स्थिति थापा-परिवारका निम्ति झन् विकट हुन गएकोले उनी झट्ट नेपाल फर्कनन् र रणजितसिंहकहाँ नै बसे, जसले केही वर्ष स्वागत गरी पछि अंग्रेजविरोधी कार्य गऱ्यो भन्ने आशंकामा उनलाई अंग्रेज कंपनीसरकारको जिम्मा लगाइदिएका थिए।[२]

रणवीरसिंह थापाले चाहिं केवल राजनीतिबाट मात्र होइन कि जिंदगीबाट नै सन्यास ली बाँकी दिन 'स्वामी अभयानन्द' को नाममा बिताए। पन्ध्र महीनामा मुख्तियार रंगनाथको संयुक्तसरकार भंग भएर चौतरिया पुष्कर शाह र काजी रणजंग पाँडे दुइ जनाको मुख्तियारीमा संयुक्त-सरकार गठन भयो। यस सरकार-गठनको केही दिनपछि भीमसेन थापामाथि उनका वैरीहरूले पुनः आँखा गाड्न थाले।

यसपाली उनका शत्रुहरूले भीमसेन थापालाई सधैंका निम्ति पन्छाउने विचार गरे। उनी बाँचुञ्जेल आफूलाई खतरा रहिरहेको उनीहरूले ठानेको हुँदा भीमसेन थापा फेरि विष प्रयोग गरेको आरोपमा दोस्रो बाजी बन्दी गराइए। तर पनि, भीमसेनका अनुयायी भतिजा मातवरसिंह थापा सिख दरबारमा सुरक्षित रहँदा, साथै भीमसेन थापा-माथिको अभियोग साबीत पनि भै नसकेको हुँदा उनका विरोधीहरूले उन-लाई मार्ने साहस गर्न सकेनन्। राजा आफै गै रेजिडेन्टसित सल्लाह माग्न पुगे[३]। र फेरि पनि यस षड्यन्त्रमा रेजिडेन्टले जाल बिछाउन पछि छाडेनन्।

दोस्रोपल्ट आफूमाथि मुद्दा चलाउँदा जुन कागजपत्र र मिसिल खडा गरिएको थियो त्यसमा उनले खुला विरोध गरे तथा ती सबै कागज कीर्ते हुन् भनी 'त्यस वृद्ध पुरुषले साहसपूर्ण तरीकाले प्रतिवाद गरे।"[४] तर पनि उनी रिहा गरिएनन्। न त उनलाई मार्ने हिम्मतै गरियो। यसो हुँदा उनका विरोधीहरूले नैतिकताको घेराबाट निस्केर कार्य गर्न थाले।

बन्दी अवस्थामा रहेका भीमसेन थापालाई दिइने सजायँको विषयमा प्रत्येक दिन नयाँ-नयाँ हल्लाको सृष्टि गरेर उनका विरोधीहरूले

1. Oldfield—Nipal—Vol. I—P. 312.
2. Oldfield—Nipal P. 313.
3. W. Hunter-Life of Brian B, Hodgson-P. 174.
4. Ibid.

—४

त्यस वृद्ध कैदीको कान भर्न थाले। कहिले उनलाई 'बिस्टाको रछानमा डुबाउने भयो' भन्ने हल्ला मच्चाइयो, त कहिले के भनेर हल्ला गरियो। एवं प्रकारले कैदी अवस्थामा रहेका भीमसेन थापालाई अधैर्य गराउन तथा उनको नैतिक एवं आत्मबललाई टुक्र्याउनका निम्ति उनका विरोधीतर्फबाट अनेक प्रयास हुन थाल्यो। अन्तमा केही गर्दा पनि ती वृद्ध पुरुषको धैर्य र आत्मविश्वासलाई टुटाउन नसकिएको हुँदा उनका विरोधीहरूले सभ्यता र नैतिकताको सीमालाई पनि उल्लंघन गरी यो हल्ला भीमसेन थापाको कानमा पुऱ्याए कि—"उनकी स्त्री ( भक्तकुमारी ) लाई वस्त्रहीन तुल्याई शहर डुलाइने भएको छ र उनले यो दृश्य गुहुमा गाडिएर हेर्नुपर्नेछ।"[१]

अहिलेसम्मन् आफूमाथि सजाय दिइने भनी चलाइएका अनेक हल्ला एवं बन्धनभित्र आफूले भोगिरहनुपरेका अनेक दुःख र कष्टबाट पनि अलिकति विचलित गर्न नसकेको भीमसेन थापाको छातीमाथि यस हल्लाले भीषण आघात पुऱ्यायो तथा उनले विह्वल भै रन्थनिएर झ्यालको ऐना फोडी त्यसैको टुक्राले आफ्नै गलामाथि प्रहार गरे[२]। आत्मसम्मानमा पर्ने त्यस आघातबाट आफूलाई रक्षा गर्ने योसिवाय त्यस बखत उनको सामुन्ने अरू उपाय थिएन। यो घटना संवत १८९६ साल श्रावण ८ गते घटेको थियो। यसरी काँचको टुक्राद्वारा सेरिंदा उनी तत्कालै मरेनन्, तथा नौ दिनसम्म छटपटाएर श्रावण १६ बितेका दिन उनले प्राणत्याग गरे। यस प्रकार एक महान् नेपाली देशभक्तको अमानुषिक ढंगबाट अन्त भयो।

नौ दिनसम्म यसरी तडफडाएर प्राण छोड्ने त्यस महान् व्यक्तिको लाशको सम्मानपूर्वक दाहसंस्कार गर्नु त परै जावस्, मामुली तरीकाबाट पनि जलाइएन। अझ मसानमा फालिएको लाशलाई पालो पहरा राखी श्याल, कुक्कुर र गिद्धलाई खान लगाइयो[३]। उनको तथा उनका अरू

1. Ibid. P. 176.

२. हाग्सनले तुच्चे खकुरीले सेरिएको भनी लेखेका छन्। तर किंवदंती काँचले नै भन्ने छ। वन्दीगृहमा हतियार पाउन असंभव जस्तो भएकोले यो संभव पनि छ।

३. यसरी फ्याँकिएको भीमसेन थापाको लाशबाट अचानक खप्पर र हातहरू गायब भएका थिए। हात अझ पनि चौ. फत्यजंगका सन्तानको घरमा सुरक्षित छ एवं प्रतिवर्ष एकचोटि पूजार्थ निकालिन्छ भन्ने सुनिन्छ। अनि खप्परचाहिं लण्डनको कुनै अजायब घरमा सुरक्षित छ भन्ने सुनिएको छ ( हेर्नुहोस्–'युगदूत' साप्ताहिक पत्रिका–वर्ष १, संख्या ५ ( मिति ८–६–२०११ ) )। यो कुरा हो होइन सरकारी स्तरबाट बुझेमा पत्ता लाग्न धेरै संभव छ। ( लेखक )



समस्त नातेदार थापाहरूको सर्वस्व लुटियो र उनीहरूलाई जात पतित गराई कसैको मटान पनि चढ्न नपाइने घोषणा सरकारद्वारा गरियो। यसबाहेक भीमसेन थापाका परिवारका महिलाहरूलाई नांगो खुट्टामा काठमाडौंदेखि बोर्लाङ र बोर्लाङ्देखि काठमाडौं डुलाएर बेइज्जती गरियो।

३१ वर्षसम्म ईमान्दारीसाथ भीमसेन थापाले नेपालको जुन सेवा गरेका थिए, त्यसको बदला ती महान् व्यक्ति एवं उनका परिवारलाई यस प्रकार तिरियो। यसैको पाप नेपालले एक शताब्दीभन्दा पनि बढी भोग्नुपऱ्यो भन्नुमा शायद अत्युक्ति हुनेछैन।

जनरल भीमसेन थापाको यस भयानक एवं दुःखद बर्बादीमा तत्कालीन बृटिश-रेजिडेन्ट ब्रायन हाग्सनले एक मन्तव्य व्यक्त गरेका थिए, जुन उनले आफ्ना गवर्नर-जनरललाई मुख्तियार थापाको मृत्युसंबन्धी सूचना पठाएको पत्रमा लेखिपठाएका थिए। आफ्नो राजनैतिक नीति, कार्य एवं अभिप्रायका कट्टर दुश्मन भए तापनि, तथा राजदूतका हैसियतमा मुख्तियार थापाको बदनाम गर्न आफ्नो सरकारछेउ गुप्त रिपोर्ट लेखे तापनि, अझ उनलाई पदच्युत र बर्बाद गराउनमा आफ्नो पनि जबर्जस्त हात रहन गएको थियो तापनि, त्यस महान् व्यक्तिको यस प्रकारको हृदयविदारक अन्त हुन गएबाट विद्वान् हाग्सनको हृदयमा यस घटनाले नराम्रोसंग चोट पुऱ्यायो। फलस्वरूप उनले व्यक्त गरेको यस मन्तव्यमा संवेदनशील हृदयको भावना बोलेको छ, न कि धूर्त राजनैतिक दिमाग। त्यो मन्तव्य यस प्रकार छ :—

"सन् १८३७ ( संवत् १८९४ ) सालमा अकस्मातसंग शक्तिबाट च्युत हुनुको ठीक दुइ वर्षबाद, त्यस महान् एवं योग्य राजनीतिज्ञको अन्त यसरी भयो, जसले राजकीय प्रभुताको भन्दा प्रभावकारी ढंगमा तीस वर्षभन्दा बढी यस राज्यको शासन चलाएका थिए; अनि यो घटना घट्नुभन्दा अगाडिसम्म उनले अपनाएको पूर्णतया कार्यको संपूर्ण सफलता, त्यस ( याने सफलता ) लाई यति धेरै मात्रामा प्राप्त गराउने उनको परिश्रम एवं तीक्ष्ण बुद्धिभन्दा कम स्मरणीय कुरा थिएन। निश्चय पनि उनी आफ्ना सहयोगीहरूमा आज्ञा एवं विश्वासको भरमा शासन चलाउनकै निम्ति जन्मेका थिए। वर्तमानकालीन देशीय राजनीतिज्ञहरूमा, सिवाय रणजितसिंह, म एक जना पनि देखिदनँ, जो, सबै कुरा ध्यानमा

राखी, नेपालका स्वर्गीय जनरल भीमसेन थापासित दाँजिनमा योग्य छन् ।"[१]

यस महान् व्यक्तिको यस्तो अमानुषिक एवं दुर्दशापूर्ण अवसान संझी, अझ पनि बूढाहरू आँखा टलपलाउँदै गंभीर स्वरमा भन्छन्—"बाबु ! यो सतीले सरापेको ठाउँ हो ।"

१. मूलरूप यस प्रकार छ—

Thus perished the great and able statesman who for more than thirty years had ruled this Kingdom with more than regal sway just two years after his sudden fall from power in 1837– prior to which event the uniform success of nearly all his measures had been no less remarkable than the energy and sagacity which so much promoted that success. He was indeed a man born to exercise dominion over his fellows alike by the means of command and persuasion. Nor am I aware of any native statesman of recent time, except Ranajit Singh, who is, all things considered, worthy to be compared with the late General Bhimsen of Nepal.

—B. H. Hodgson.

# जनरल भीमसेन थापा
# र
# तत्कालीन नेपाल

## द्वितीय खण्ड

( परराष्ट्रनीति एवं फौजी व्यवस्था )

Foreign Policy and Military arrangement.

# द्वितीय खण्ड

## ( परराष्ट्रनीति एवं फौजी व्यवस्था )

## I

"कैयौं शताब्दीदेखिन् दुइ विशाल साम्राज्य—चीन र भारतको बीच रहेर नेपालले आफ्नो बुद्धिमत्तापूर्ण अन्तर-राष्ट्रिय नीतिको सृजना गरेको छ, जसलाई पहिल्याएर हिंड्दा उसले कहिल्यै गल्ती गरेन।"[1]

नेपालको अन्तरराष्ट्रिय, अर्थात् परराष्ट्रनीतिको मूलभूत आधार नै यही हो। यिनै दुइ ठूला राष्ट्रको शक्तिलाई सन्तुलनमा राखेर नेपालले आफ्नो स्वतंत्र अस्तित्वलाई कायम गर्न सकेको छ, र ठूलठूला साम्राज्यको मारबाट बचेर स्वतंत्र राष्ट्र भै रहन सकेको छ।

परराष्ट्रनीतिसम्बन्धी नेपालको यस परंपरामा जनरल भीमसेन थापाले कत्ति पनि आँच आउन दिएका थिएनन्। श्री ५ पृथ्वीनारायण शाहको विजयकार्य-पश्चात् विशाल 'नेपालराज्यको निर्माण हुन गएपछि नेपालको परराष्ट्रनीतिविषयक अध्यायमा विशेष उल्लेखनीय, महत्वपूर्ण एवं कूटनैतिक अध्याय नै जनरल भीमसेन थापाको शासन कालको समय थियो। त्यसपछि प्रादुर्भाव भएका शक्तिशाली प्रधानमंत्री जनरल जंग-बहादुर कुँवरले संबत् १९०७ सालमा बेलायत गई अंग्रेजसंग विशेष मित्रता जोडी नेपालको उक्त परंपरामा केही परिवर्तन ल्याए। उनीपछिका समस्त राणा प्रधानमंत्रीहरूले केवल ब्रिटिश शक्तिको आडमा रही, नेपालको परराष्ट्रनीतिसंबन्धी परंपरामा संतुलनको जुन दुइधारा थियो, त्यसमा एक धाराप्रति बिलकुल बेवास्ता र अनास्था प्रकट गरी शताब्दी-

1. K. P. Jayaswal—Chronology and History of Nepal—P. 107.

सम्मन् नेपालको शासन चलाए। त्यसैले नेपालको परराष्ट्रनीतिको परंपरा भन्नाले जंगबहादुर कुँवरभन्दा अगाडिको समयलाई संकेत गर्दछ।

जनरल भीमसेन थापाको परराष्ट्रनीति विषयमा केही कुरा लेख्नुभन्दा पहिले उनीअगाडिका राजा एवं काजीहरूको परराष्ट्र नीतिलाई उल्लेख गर्नु आवश्यक देखिन आउँछ। साथै तत्कालीन भारतीय राज्यहरूको अवस्था बुझ्न पनि जरूरी हुन्छ।

यो सही थियो कि श्री ५ पृथ्वीनारायण शाहको समयभन्दा पहिलेदेखि नै अंग्रेज कंपनीसरकारले नेपालभित्र हात हाल्ने प्रयास गर्दै नै रहेको थियो। अन्तिम मल्ल राजा श्री जयप्रकाश मल्लको राज्यकालमा केही ईसाई पादरी एवं गोसाई व्यापारीहरू धर्मप्रचार एवं व्यापारकार्यको बहानामा आफ्नो साम्राज्यवादी जालको पृष्ठभूमि तयार पार्ने कार्यमा लागिसकेका थिए। अनि कान्तिपुर र गोर्खाराज्य युद्धक्षेत्रमा उत्रिन गएपछि गोर्खाको विरुद्ध मल्लराजालाई सहायताको लागि कप्तान किन्लॉकको नेतृत्वमा गोरा फौज अगाडि बढेको थियो। तर शाहसैन्यद्वारा परास्त भएको हुँदा गोरा फौजले नेपालको छातीबाट मार्च गर्न पाएन। त्यसपछि पृथ्वीनारायण शाहले आफू समस्त नेपालका "महाराजाधिराज" भएपछि, अंग्रेजी धूर्ततालाई बुझेर नेपालमा धर्मप्रचार एवं व्यापार गर्ने बहानामा आइराखेका वृटिश साम्राज्यवादका प्रारंभिक दूतहरूलाई आफ्नो देशबाट निकाला गरिदिए। यसबाट उनीसित यी पादरीहरू चिढिए पनि[1]। यति मात्र हैन कि पृथ्वीनारायण शाहले यिनीहरूलाई हटाउनका निम्ति तिब्बतसरकारलाई पनि सल्लाह दिइपठाएका थिए।

हिन्दुस्तानको भूमिमा इस्ट इण्डिया कंपनीले बिस्तार बिस्तार आफ्नो पाइला गाड्दै ल्याएको देखेर पृथ्वीनारायण शाह सचेत हुन थाले तथा उनले आफ्नो परराष्ट्रनीतिको घोषणा यस प्रकार गरे,— " .... .... यो राजे दुइ ढुंगाको तरुल जस्तो रहेछ चीन वादसाहसित ठुलो घाहा राषनु. दषिनको समुद्रका वादसाहासित घाहा ता राषनु तर त्यो महा चतुर छ. हिन्दुस्तान दबाइ राष्या को छ ··· ··· ।"[2]

श्री ५ सिंहप्रताप शाहले पनि आफ्नो अल्प शासनकालमा आफ्नो

1. (i) Kirkpatrick—Nepaul—Preface P. IV.
   (ii) बालचन्द्र शर्मा-नेपालको ऐ. रूपरेखा—पृष्ठ २३०
२. पृथ्वीजयन्ती समारोहद्वारा प्रकाशित—दिव्य उपदेश, पृष्ठ १५।



उत्तरतिरका निकटवर्ती मित्र राष्ट्र तिब्बतसित केही वर्षदेखि बन्दप्राय: भैराखेको सम्बन्धलाई पुन: चालू गराउनका निम्ति एक संधि गरे,[1] तथा यसरी नै आफ्ना बाबुको नीतिलाई पछ्याए।

पृथ्वीनारायण शाहका द्वितीय पुत्र चौतरिया बहादुर शाहले भने आफ्ना बाबुको उक्त उपदेश-विरुद्धमा आफूलाई ईसाई पादरीहरूका साथी बनाए। आफ्ना भतिजा राजा रणबहादुर शाहको नायब भै शासन चलाउँदा राजासित हुन गएको व्यक्तिगत संघर्षबाट आफूलाई जोगाउन तथा आफ्नो शक्ति एवं पदको सुरक्षा गर्न उनले आफूलाई अंग्रेज कंपनीसरकारका समर्थक बनाए। कंपनीसरकारसित व्यापारिक संधि गरे, तथा कर्नल विलियम कर्कप्याट्रिकको नेतृत्वमा वृटिश फौजीमण्डललाई नेपालमा डाके। तर पनि आन्तरिक विरोधको फलस्वरूप बहादुर शाहद्वारा स्थापित अंग्रेज कंपनी सरकारसितको संधि चालू हुन सकेन।[2]

चौतरिया बहादुर शाहको अवसानपछि शक्ति पाएका काजी दामोदर पाँडेले पनि स्वामीमहाराज रणबहादुर शाह (उर्फ निर्वाणानन्द) संगको घरेलु-झगडाबाट मुक्ति पाउनका निम्ति अंग्रेजविरोधी नीतिलाई छोडेर अंग्रेज कम्पनी-सरकारसित सन्धि स्थापना गर्न पुगे। पाटनबाट उम्केर रणबहादुर शाह, आफ्नी जेठी महारानी राजेश्वरीदेवी तथा सरदार भीमसेन थापाहरू लिई बनारस पुगेपछि काजी दामोदर पाँडेहरूले आफूलाई सुरक्षित ठान्न सकेनन्, र आफ्नो शक्ति-रक्षाका निम्ति उपाय सोच्न थाले। रणबहादुर शाह पनि बनारसमा त्यसै चूपलागी बसेका थिएनन् कि भीमसेन थापाका सल्लाहमा दामोदर पाँडे एवं गजराज मिश्रहरूका विरोधमा कार्य गर्दै रहेका थिए। रणबहादुर र भारादारहरूको यस आपसी झगडाबाट फाइदा लुट्नका निम्ति बृटिश कंपनीसरकारका अधिकारीले बनारसस्थित स्वामीमहाराजसितको भेटमा नेपालमा चौअन्नीकोठी खोल्ने इजाजत मागे, र त्यो पाएमा सहायता गर्ने मनसाय प्रकट गरे। रणबहादुर शाहले यस विषयमा सल्लाह गर्दा भीमसेन थापाले विरोध गरे र अंग्रेजको शर्तलाई इन्कार गरियो[3]। यता दामोदर पाँडेले पनि रणबहादुर शाह र उनको पार्टीलाई बनारसमा कैद गराउने उद्देश्य-

१. लेखकको—नेपाल र तिब्बत (अप्रकाशित) पुस्तकबाट।
२. लेखकको—बहादुर शाहको नायबी—निबन्ध।
३. इतिहासप्रकाश—अंक—१—पृष्ठ ४१।

बाट अंग्रेज कंपनीसरकारछेउ सन्धिको प्रस्तावनासहित गजराज मिश्रलाई पटना पठाए। अंग्रेज कम्पनीसरकारले पनि नेपालभित्र हात हाल्ने यस मौकालाई गुमाउन चाहेन र संधि भयो। यो संधि सन् १८०१ (संवत् १८५८) अक्टोबर ३० तारीखका दिन स्वीकृत भयो र ब्रिटिश रेजिडेन्ट भई कप्तान नॉक्स नेपाल आए[१]। त्सयपछि रणबहादुर एवं उनका पार्टी बनारसमा बृटिश कंपनीसरकारको कैदी बनाइए।

हुनत संवत १८५८ सालमा नेपाल र अंग्रेज कंपनीसरकारको बीच भएको यो संधि व्यापारी संझौता थियो तापनि काजी दामोदर पाँडेहरूले उक्त संझौता स्वामी निर्वाणानन्दको खतराबाट बच्नका निम्ति गरेका हुन्, भन्ने कुरा सन्धिको नवौं दफामा राज्य[२] छोडी स्वामी भैसकेका रणबहादुर शाहको विषयमा लेखिएकोबाट पनि स्पष्ट हुन्छ। अन्यथा दुइ सरकारका बीचमा भएको व्यापारिक संझौतामा गद्दी छोडी बसेका राजाको उल्लेख गरी उनमाथि नियन्त्रण राख्ने कुराको असंगतिपूर्ण दफाको के जरूरत थियो ?

यसपछि रणबहादुर शाहले आफ्नो कैद खोलाउनका निम्ति नेपालमा आफ्ना भाइहरू—शेरबहादुर शाह, विदुर शाह तथा बखतावरसिंह-हरूलाई पत्र लेख्न थाले। साथै भीमसेन थापा र रगनाथ गुरुज्यूले पनि पत्र लेख्न थाले। तर पनि, अंग्रेजसंगको उक्त संधि नै भंग नभई केवल चिट्ठीपत्रबाट मात्रै आफ्नो कयद खोलिनेछैन, भन्ने तथ्यलाई महसूस गरेर स्वामी रणबहादुर शाहले आफ्ना साथमा रहेकी महारानी राजेश्वरी देवीलाई नेपाल पठाए। महारानी राजेश्वरीदेवी पनि आफ्ना विरोधीहरू-द्वारा प्रस्तुत गरिएका अनेक बाधाको सामना गर्दै नेपाल पुगिन्, तथा अंग्रेजसितको संधि भंग गर्नका निम्ति उपयुक्त वातावरण पैदा गराउनमा सफल भइन्। रेजिडेन्ट नॉक्सले बोराबिस्तरा लिई फर्कन बाध्य हुनु पऱ्यो। त्यसपछि रणबहादुर शाहमाथिको बृटिश-नियंत्रण पनि टुट्न गयो र उनी तथा उनका सहयोगी भारादारहरू—भीमसेन थापा, दलभंजन पाँडे, रंगनाथ आदि सबै नेपाल फर्के। यसै बीच सन् १८०४ जनवरी २४ तारीख (तदनुसार १८५८) मा लार्ड वेलेज्लीले औपचारिक ढंगबाट संधि-भंगको घोषणा गरे।

1. Aitchison—Treaties, Sanads etc.—Vol–II—P, 104.
2. Ibid P. 105



हुन त अधिकांश इतिहासकारहरूले महारानी राजेश्वरीदेवीको नेपाल-आगमनलाई रणबहादुरले पठाएको नभनी उनको आउनुमा अराज-नैतिक कारण देखाएका छन्। उनीहरूले लेखेका छन्—"महारानी बनारसमा आफ्ना लोग्नेका कुकर्मले गर्दा अड्न नसकेर आफ्ना लोग्नेसित झगडा गरी फर्केकी थिइन्।[२]" यसरी लेखेर इतिहासकारहरूले उनको आगमनसित संधि भंग हुनुको कुनै सम्बन्ध छैन भन्ने देखाउन खोजेको बुझिन्छ।

तर वास्तवमा महारानी राजेश्वरीदेवीको नेपाल-आगमनको मूल उद्देश्य नै राजनैतिक थियो। दामोदर पाँडेहरूले अंग्रेजसरकारसित संधि गरी रणबहादुर शाह र उनको पार्टीलाई बनारसमा नजरबन्द गराएको हुनाले नै उक्त संधिलाई भंग गरी रणबहादुरउपरको रोक्का हटाउनका निम्ति नै महारानीले आउनुपरेको थियो। यसै कार्यका निम्ति तथा बनारसमा आफूले कर्जा लिएको रुपियाँ तिर्न र आफ्नो खर्च पठाउनका निम्ति पनि महारानीलाई रणबहादुर शाहले पठाएका थिए। महारानी पनि आएर संधि भंग गराउने कार्यमा लाग्न थालिन् र महारानीको आगमनबाट संधिवार्तामा खतरा उत्पन्न भयो भन्ने कुरा उनलाई 'लोग्ने-सित झगडा गरी आएकी हुन्' भनी लेख्नेमध्येकै इतिहासकारहरूले पनि लेखेका छन्[३]। अनि रणबहादुरले उनीलाई पठाएको भन्ने कुरा वंशावली[४] एवं राजेन्द्रविक्रमले माथवरसिंहहरूको नाममा गरिदिएको लालमोहरमा पनि उल्लेख भएको पाइन्छ[५]।

1. Aitchison—Treates, Sanads etc.—Vol. II P. 93.
२. (i)–बालचन्द्र शर्मा–नेपालको ऐ० रूपरेखा-पृ. २४६
   (ii) P. Landon—Nepal—Vol. I—P. 93.
   (iii) W. Hunter—Life of Hodgson.—P. 97.
   (iv) Hamilton—Nepal — P. 258.
   (v) B. Northey—Land of Gorkha—P. 54.
( नोट—यी इतिहासकारमध्ये १।२ जनाले राजेश्वरीको ठाउँमा त्रिपुरासुन्दरीको नाम लेखेर पनि गल्ती गरेका छन् )
3. (i) Hamilton—Account ot Nepal—P. 253.
   (ii) Oldfield—Sketches of Nepal—P. 289.
   (iii) Aitchison—Treaties, Sanads etc. Vol. II—P. 95.
४. सूर्यविक्रम ज्ञवाली—अमरसिंह-पृष्ठ १५,
५. इतिहास-प्रकाश—अंक–१–पृष्ठ–४२.

महारानी राजेश्वरीले यहाँ आएर संधि भंग गराइन् तथा रणबहादुर शाहलाई खर्चका निम्ति रुपियाँ पनि पठाइन्। र पछि रणबहादुर शाहले आई मुख्तियार बनी काजी भीमसेन थापाको सल्लाहमा शासन चलाउन थाले। उनको दुई वर्षको छोटो अवधिमा परराष्ट्र-संबंधी कार्यमा विशेष केही कार्य हुन पाएन। त्यसपछि ( रणबहादुरको हत्यापछि ) भीमसेन थापाले मुख्तियार भई शासन चलाउन थाले।

## II

स्वामीमहाराज रणबहादुर शाहसित बनारसमा रहेको समयमा भीमसेन थापालाई आफ्नै आँखाले ब्रिटिश कंपनीसरकारको कार्यप्रणाली एवं नीतिको अध्ययन गर्ने मौका मिल्यो। यसरी उनलाई भारतका राज्य-हरूप्रति ब्रिटिशले अपनाएको साम्राज्यवादी धूर्ततापूर्ण नीतिलाई राम्ररी बुझ्ने मौका मिल्न गयो। त्यसो हुँदा काशीबाट नेपाल फर्केर शासन संचालन गर्ने अख्तियार पाएपछि उनले भारतका राज्यहरू कब्जा गरी बसेको अंग्रेजी शक्तिसितको व्यवहारमा सधैंजसो श्री ५ पृथ्वीनारायण शाहको दिव्य उपदेशलाई अक्षरशः पालन गरे—अर्थात् अंग्रेजी धूर्तताप्रति सधैं सजग रहेर त्यसको जाल एवं आक्रमणबाट देशको स्वतंत्रतालाई जोगाउन का निम्ति उनले बखतअनुसार शान्ति एवं युद्ध दुवै तरीकालाई अपनाए।

स्वामीमहाराज रणबहादुर शाह एवं सरदार भीमसेन थापाहरू काशीबाट नेपाल फर्कनुभन्दा धेरै वर्षअगाडि, रणबहादुरले शासन छोडी स्वामित्व ग्रहण गरेको साल—सन् १७९८ (संवत् १८५५) तिर लार्ड वेलेज्ली ब्रिटिश कंपनीसरकारका गवर्नर जनरल भई भारत आएका थिए। तिनले भारतका सारा राज्यहरूलाई निल्नका निम्ति एउटा नयाँ नीति प्रस्तुत गरेका थिए, त्यो थियो-'संरक्षण नीति' (System of Protectorates), जसको अर्को नाम हो—'हडप-नीति।'

लार्ड वेलेज्लीद्वारा प्रस्तुत यस संरक्षणनीतिले भारतमा ब्रिटिश साम्राज्य फैलाउनमा मात्र होइन कि त्यसको जग बलियो बनाउनमा समेत ठूलो सहायता गर्‍यो। यसले भारतीय राज्यहरूमा उनीहरूको रक्षार्थ भन्दै ब्रिटिश-संरक्षण फौज राख्तै सारा देशी राजाहरूलाई आरामप्रिय मात्र होइन कि कमजोरसमेत बनाइदियो। यसरी राजा-रजौटालाई अल्छी



एवं आरामप्रिय बनाई 'संरक्षण नीतिले' ब्रिटिश साम्राज्यका निम्ति जुन पृष्ठभूमि तयार पारेको थियो, त्यसको संपूर्ण समाधान गर्ने कार्य पछि डलहौजीको 'गोद लिने नीति' (Doctrine of laps ) ले पूर्ण गर्‍यो।

सन् १७९८ सालमा सबभन्दा पहिले हैदराबादका निजामले वेलेज्लीको यस संरक्षण-नीतिलाई मान्यता दिए, तथा आफ्नो राज्यमा रहेका फ्रेन्चद्वारा तालीम गरिएका सैन्यलाई विघटन गरी अंग्रेजी सहायता स्वीकार गरे। मैसूरको केही भाग पाउने आश्वासन अंग्रेजद्वारा मिलेपछि उनले टिपूको विरुद्धमा ब्रिटिशलाई सहायता पनि गर्न पुगे। साथै सन् १८०० मा एउटा अर्को सन्धि गरी निजामले अंग्रेजको मंजूरीविना अरू युरोपीय राज्यसित सम्बन्ध नराख्ने बादा पनि गरे[1]।

यसरी नै सन् १८०२ मा 'बेस्सीनको संधि' गरेर बाजीराव द्वितीयले ब्रिटिश-कंपनीसरकारको यस नीतिलाई अपनाए, तथा अंग्रेजका शत्रुसित सम्बन्ध नराख्ने कुरा मञ्जर गरे। निस्सन्देह यस 'बेस्सीनको संधि' ले भारतमा ब्रिटिशराजको जग बसाउनमा महत्वपूर्ण कार्य गरेको थियो[2]।

यसरी भारतका राज्यहरू धमाधम ब्रिटिशको 'संरक्षण नीति' को जालमा फँस्दै गएको घटनालाई भीमसेन थापाले बनारसमा बसी हेर्न एवं अध्ययन गर्न पाएका थिए।

जनरल भीमसेन थापाहरू बनारसमा रहँदा-रहँदै अरू पनि कैयौं भारतीय राज्यहरू अंग्रेजद्वारा प्रस्तुत यस जालभित्र पस्दै गए तथा एक-पछि अर्को गरी अंग्रेजी साम्राज्यवादका शिकार बन्दै गए। नाममात्रका मुगलसम्राट् शाह आलम यस नीतिभित्र पसेपछि क्रमशः जोधपुर, जयपुर, मचेरी, बन्डी आदि राज्यहरू पनि फँसे[3]। अनि यसैताक द्वैध शासनबाट ध्वस्तप्रायः हुन लागेको कर्नाटक तथा तन्जोर राज्य पनि ब्रिटिश-संरक्षण नीतिको शरणमा सुरक्षित बन्न पुगिसकेको थियो[4]। यसरी सन् १८०२ मा आफ्नो अवधि समाप्त भै इंगल्याण्ड फर्कने समयसम्ममा लार्ड वेलेज्ली आफ्नो यस 'हडपनीति' को नयाँ साधनद्वारा कतिपय राज्यहरूलाई हडप्नमा धेरै मात्रामा सफल हुन सके, र यस सफलताप्रति घमण्ड दर्शाउँदै उनले भनेका पनि थिए,—''म घोषणा गर्दछु कि मेरा योजनाहरू यति

1. An Advanced History of India, Part-III-P. 717.
2. Ibid - P. 701.
3. An Advanced History of India-Part III P. 704.
4. Ibid - ( P. 718-19 )

चाँडै र निश्चिततासंग संपूर्ण हुनेछन्, भन्ने मैले आशा गर्न सकेको थिइनँ[1] ।"

लार्ड वेलेज्लीद्वारा ब्रिटिश साम्राज्यको फैलावटका निमित्त प्रस्तुत गरिएको यस नयाँ नीति—संरक्षण नीति (उर्फ हडप-नीति) ले नेपालमाथि पनि आफ्नो जाल बिछाउन छोडेको थिएन। रणबहादुर शाह एवं दामोदर पाँडेहरूको आपसी संघर्षको मौका छोपेर संवत् १८५८ साल ( तदनुसार सन् १८०१ ) मा नेपालसित संधि गरी लार्ड वेलेज्लीले आफ्नो जाल फिंजाइसकेका थिए। नेपाल र ब्रिटिश कंपनीसरकारबीच भएको यस संधिलाई,-वेलेज्लीको आफ्नो नीति लागू गर्ने प्रारंभिक कार्य थियो भन्न सकिन्छ। तर, खुशीको कुरा यो छ कि रणबहादुर शाहका सल्लाहकार भीमसेन थापाको राजनैतिक कुशलता एवं दूरदर्शिताको फलस्वरूप त्यस संधिले आफ्नो जग बलियो बनाउन नपाउँदै, लार्ड वेलेज्लीलाई उक्त संधि भंग गर्न कर पऱ्यो।

संवत् १८५८ सालको संधि भंग भए तापनि नेपालको लागि ब्रिटिश साम्राज्यवादी शक्तिको खतरा सिद्धिएको थिएन, कि अझ तीक्ष्णरूपले बढ्दै थियो। युरोपीय भूमिमा नेपोलियनसितको युद्ध शुरू हुनासाथ भारतमा आफ्नो हडपनीतिलाई मन्द गर्ने उद्देश्यमा सन् १८०५ मा गवर्नर जनरल लार्ड वेलेज्ली फिर्ता बोलाइएका हुँदा नेपालले केही वर्ष ब्रिटिश साम्राज्यवादी शक्तिबाट सास फेर्न पाई आफ्नो तयारी गर्ने मौका पायो। नेपोलियनिक युद्धले भीषण रूप धारण गरुञ्जेल भारतमा आएका ब्रिटिश गवर्नर-जनरलहरू वेलेज्ली झैं जोडतोडका साथ राज्य हडप्ने कार्यमा लागेका थिएनन्, तापनि आफ्नो साम्राज्य बढाउने मूलभूत सिद्धान्तमा तिनले भने कुनै मौलिक परिवर्तन ल्याएका थिएनन्। वेलेज्लीको देन-संरक्षण नीति, बीच बीचमा फाटफुट लागू हुँदैथियो। बेन्टिक जस्ता सुधारवादी गवर्नर-जनरलले पनि मौका पाउनासाथ कछार, कूर्ग आदि राज्यलाई हडप्न भुलेनन्[2]। यसकारण त्यस बखत नेपालले निश्चिन्ततासाथ रहने कुरा नै थिएन। अनि नेपालले त्यस्तो भूल पनि गरेन। अंग्रेजको धूर्तता नदेखिने ढंगबाट लाग हुँदै रहेको संरक्षण नीतिको जाल तथा त्यसबाट उत्पन्न हुन गएको कठिनाइलाई मुख्तियार रणबहादुर शाहका योग्य सल्लाहकार काजी

1. Ibid - ( 704 )
2. An Advanced History of India Part III—P, 965.



भीमसेन थापाले बुझेका थिए, तथा त्यस कठिनाइको सामना गर्नका निम्ति आवश्यक तयारीमा यिनीहरू संलग्न पनि थिए।

जनरल भीमसेन थापा तत्कालीन देशीय राजनीतिज्ञहरूमा पहिला एवं एकमात्र व्यक्ति हुन्, जसले भारतीय राज्यहरूलाई हडप्नका निम्ति लार्ड वेलेज्लीद्वारा प्रस्तुत गरिएको संरक्षणनीति ( System of Protectorates ) को वास्तविक अर्थ बुझेका थिए।[1] "बृटिश संरक्षक फौजलाई आफ्नो राज्यमा राखेर कुनै पनि देशी राज्यहरूले आफूलाई सार्वभौमिक सत्ताधारी स्वतंत्र राज्य भनी बहाना गर्नु व्यर्थ छ[2]।" भन्ने पनि शायद उनले नबुझेका हैनन्। यो बुझेर नै नेपालमा त्यस्तो मौका नै नआओस् अर्थात् बृटिश संरक्षक फौज राख्नुपर्ने स्थिति नहोस्—भन्ने सोचेर नै संवत् १८५८ सालमा नेपाल आएका बृटिशहरूप्रति आफू बनारस छँदै उनले यस्तो विचार व्यक्त गरेका होलान्। उनले लेखेका थिए—'......ताहाँ कहिल्यै नआउन्या ( अर्थात् अंग्रेज ) लाई लै गै राष्या छन्, त्यो गयाको पनि बढिया छैन, जौना तरहले हुन्छ जुगुति बुधि गरि तेसलाई उँधो ( अर्थात् तल भारततिर ) झार्न्या काम गर्नु हवस्....।"[3]

अनि उनी नै ती व्यक्ति हुन्, जसले यसरी अंग्रेजी संरक्षणनीतिको जालमा फसेर एक एक गर्दै भारतीय राज्यहरूले आफ्नो सार्वभौमिक स्वतंत्रता गुमाउँदै गएको देखेर नेपाललाई त्यस जालबाट जोगाउनका निम्ति—'आफूले अलग्ग नीति अपनाएका थिए[4]।' उनको यस अलग्ग-नीति एवं त्यसैमा अडिरहन सक्ने दृढनिश्चयको फलस्वरूप समस्त विश्वमा नेपाल पनि त्यो देश बन्न सक्यो, जहाँ साम्राज्यवादी अंग्रेजी शक्तिको वारंवारको प्रयत्नको बावजूद पनि स्वतंत्रताको झण्डा सधैं फरफराइरह्यो र कहिल्यै कुनै पनि साम्राज्यवादी शक्तिको उपनिवेश ( Colony ) राज्य बन्नुपरेन।

[तर आश्चर्य एवं दुःखलाग्दो कुरा यो छ कि भारतका एक विद्वान् इतिहास—लेखक श्री के. पी. जायसवालले नेपालको इतिहासलाई एक उपनिवेश-राज्यको इतिहास, भनी लेखेका छन्। उनले आफ्नो पुस्तक—

1. W. Hunter—Life of Hodgson—P. 99.
2. Thompson and Garrat—Rise and Fulfilment of British Rule in India—P. 353.
३. इतिहास प्रकाश—अंक—१—पृष्ठ १८।
4. K. P. Jayaswal—Chronology of Nepal—P, 106.

Chronology and History of Nepal—मा लेखेका छन्–"नेपालको इतिहास भारत र हिन्दूजातिको उपनिवेशको इतिहास हो।………आफ्नै विशिष्ट गुणसहित यो एउटा उपनिवेशको इतिहास हो।" विद्वान् जायसवालको यस प्रकारको लेखाइबाट निश्चय पनि दुःखको साथै क्षोभ पैदा हुनु स्वाभाविक छ।

राजनीति-शास्त्रमा उपनिवेश ( Colony ) शब्दको जुन तात्पर्य हो तथा बीसौं शताब्दीमा यस शब्दको जुन अर्थ थियो सोबमोजिम नेपाल कहिल्यै कुनै पनि राज्यको उपनिवेश बनेको छैन, र प्राचीनकालदेखि नै नेपाली स्वतंत्रताको जुन परंपरा छ, त्यसमा कहिल्यै बाधा उत्पन्न भएको छैन, तथा यो शृंखला आजसम्म पनि अटूट छ।

आफ्नो उक्त कथनलाई पुष्टि गर्नका निम्ति श्री जायसवालले यही दलील पेश गरेका छन् कि—'नेपालका राजवंशीय खान्दान र व्यक्तिहरू भारतवर्षबाट बँरिएका हुन्।' यो सही थियो कि नेपालका अधिकांश राजवंशका पहिला व्यक्ति भारतको भूमिबाट लखेटिएर आएका थिए। तर यसो लेख्ता उनले यो लेख्न बिर्सेछन् कि-यसरी भारतबाट आएका व्यक्तिहरू जति जनाले नेपालको शासक बन्ने अवसर पाएका थिए, ती सबले नेपालको राजसत्ता आफ्नो हातमा लिएपछि बिलकुल नेपाली नै भएर शासन चलाएका छन्, न कि भारतीय भएर। ती नेपाली शासकहरूले कहिले पनि नेपालको आम्दानी भारतमा लगेर भारतको विकासका निम्ति खर्च गरेका थिएनन् (केही राणाहरूले व्यक्तिगत रूपमा ब्यांकमा जम्मा गर्नु बाहेक) जसरी कि भारत र अरू उपनिवेशको आम्दानीबाट बेलायतको उद्धार गरिन्थ्यो। यदि यसरी एक देशको व्यक्ति गई राजा बन्दैमा उपनिवेश–राज्य हुने भए, इङ्गल्याण्डलाई पनि जर्मनीको उपनिवेश भन्न सकिन्छ, किन कि त्यहाँ पनि जर्मनीबाट आएर कोही राजा बनेको थियो।

## III

## ( एक अध्याय फौजी व्यवस्था )

जनरल भीमसेन थापाले आफू मुख्तियार हुनुभन्दा अगाडि अर्थात् रणबहादुर शाहको मुख्तियारीकालमै यो कुरा बुझिसकेका थिए कि अन्तमा नेपाल र बृटिश कंपनीसरकारको बीच युद्ध हुनु अवश्यंभावी छ।



नेपालमा लार्ड वेलेज्लीद्वारा प्रस्तुत 'संरक्षण नीतिको' हतियार सफल हुन नसक्नु, रेजिडेन्ट नॉक्स प्रभृति फर्कनु र संधिभंगको घोषणा हुनु, तथा भीमसेन थापा जस्ता व्यक्तिको शक्ति बढ्दै जानु,-यी सब कार्यबाट यो सूचित हुन्छ कि अंग्रेजका निम्ति नेपालको भूमिमा खुट्टा टेक्नको लागि हतियारको सहायता लिनुसिवाय अरू कुनै उपाय बाँकी रहेन। किनकि भीमसेन थापा रहुन्जेल सरक्षणनीति वा यस्तै अरू नीतिको जालबाट नेपाललाई फँसाउनु बिलकुल असंभव नै थियो। उनको अभ्युदयबाट अंग्रेजको तेस्रो प्रयास पनि असफल हुन गयो र सन् १७९२ सालदेखिन्को संझौताको मिहेनत अपूर्ण हुन गयो। चौतरिया बहादुर शाहको नायबी-कालमा भएको उक्त वर्षको संधिप्रति अंग्रेजहरू यति उत्सुक थिए कि संवत् १८७३ ( तदनुसार सन् १८१६ ) को संधिवार्तामा पनि त्यस साललाई उल्लेख गर्न उनीहरूले बिर्सेनन्।[1]

यस प्रकार जनरल भीमसेन थापाको अभ्युदयको शुरुआत नै पर-राष्ट्र-नीतिको दृष्टिकोणबाट भयानक सचेत रहनुपर्ने अवस्था थियो। आफ्नो देशको स्वतंत्रतालाई बृटिश-साम्राज्यवादी शक्तिबाट बचाउन पूरा सचेत भै फौजी शक्तिको वृद्धि गर्नुपर्ने बेला थियो। यस अवस्थालाई मुख्तियार रणबहादुर शाह एवं उनका सल्लाहकार काजी भीमसेन थापाले बुझेका थिए।

मुख्तियार रणबहादुर शाहको मुख्तियारीकालमा सबभन्दा पहिले फौजी संगठन गर्ने विचार गरियो। यसका निम्ति प्रशस्त संपत्तिको आवश्यकता थियो। तर त्यस बखत राष्ट्रिय कोषमा रुपियाँको अभाव थियो। संवत् १८५५ सालदेखिन्को अस्थिर शासनव्यवस्था, गृहकलह एवं संघर्षको फलस्वरूप राष्ट्रिय आयमा ठूलो कमी हुन गई सरकारी कोष शून्य-प्रायः अवस्थामा थियो। संवत् १८५९ सालमा सरकारी खर्चका निम्ति यस्तो हाःहा परेको थियो कि सरकारलाई ६० सालको मालपोत पनि एक साल अगाडि नै असूल गर्न बाध्य हुनुपरेको थियो।[2] राष्ट्रिय कोषको यस्तो हालतमा सरकारको साधारणतया आयबाट फौजी संगठन गर्नु असंभवप्रायः थियो, र आम्दानीको एक अर्को उपाय सोच्न जरूरी परेको थियो। यसो हुँदा मुख्तियार रणबहादुर शाहले आफ्ना समर्थक एवं सच्चा अनुयायी

1. Papers Relating To Nepal War—272.
२. महारानी राजेश्वरीले स्वामीमहाराजको नाममा लेखेको पत्रबाट जुन लेखकको रणबहादुर ( अप्रकाशित ) नामक पुस्तकमा परेको छ।

काजी भीमसेन थापा र पं० रंगनाथ गुरुज्यूको सल्लाह एवं भरोसामा बिर्ता हरण गर्ने विचार गरे। त्यस वेला बिर्ता अधिक संख्यामा प्रायः ब्राह्मणहरूको थियो, या त देव-देवताको गुठीमा दरिएको थियो। तर ब्राह्मणले सरकारको यस निर्णयलाई राजीखुशीसंग मान्ने नभएको हुँदा, तथा उल्टो 'नास्तिक राजा' भनी तिनको कार्यको विरोध गर्ने भएको हुँदा 'हरण' गर्नुसिवाय अर्को सोझो उपाय सरकारको सामुन्ने थिएन। तसर्थ उक्त बिर्ताहरू हरण गरी त्यसबाट आउने आम्दानी जम्मै फौजमा लगाइयो। हुन त कुनै कुनै इतिहासकारले यस बिर्ताहरणको कार्य रणबहादुर शाहले 'आफ्नी रानी कान्तीवतीको मृत्युमा रिसाएर दान दिएको वस्तु फिर्ता लिएका' मात्र भनी यसको पछिल्तिर रहेको महत्वपूर्ण कार्यको उल्लेख गरेका छैनन्।[१] तथा ती बिर्ताको आम्दानी फौजी संगठनमा लगाएका थिए भन्ने कुरा पनि लेखेका छैनन्।[२] रणबहादुर शाहले यसरी ब्राह्मणहरूको बिर्ता हरण गरी त्यसको आम्दानी फौजमा राखेका थिए। यो कुरा पछि संवत् १९०३ सालमा जंगबहादुर प्रधानमंत्री बनेको केही महीनाबाद रणबहादुरले हरण गरेको बिर्ताको सट्टाभर्ना गर्नका निम्ति गरिएको लालमोहरमा स्पष्टसंग '६२ सालमा जवद् भयाका गुठी बिर्ता नालमा दरियाका छन्' भनी लेखिएको छ।[३]

अनि बिर्ताहरण भएको वर्ष पनि कुनै कुनै इतिहासकारले गल्ती लेखेको पाइन्छ। डा० हेन्री ओल्डफील्डले यस बिर्ताहरणको कार्य संवत् १८७१-७३ सालको अंग्रेजसंगको युद्ध-समयमा प्रधान मन्त्री भीमसेन थापाले गरेका थिए भनी लेखेका छन्।[४] बालचन्द्र शर्माले कान्तीवतीको मृत्युपछि रणबहादुरले ब्राह्मणहरूलाई दान दिएका वस्तुहरू फिर्ता लिए भनी यस कार्यलाई संवत् १८५७ को शुरूतिर भएको संकेत गरेका छन्।[५] यो कार्य वास्तवमा रणबहादुर शाहले काशीबाट फर्केर आफू मुख्तियार भएपछि भीमसेन थापाको सल्लाहमा संवत् १८६२ सालमा गरेका थिए, जसबाद त्यस कार्यलाई अद्यापि 'बासट्ठी हरण' भन्ने नामले पुकारिन्छ। साथै जंगबहादुरको प्रधानमंत्रित्वमा भएको जग्गा सट्टा दिने लालमोहरमा पनि ६२ साल भनी किटिएको छ।

१. बालचन्द्र शर्मा—नेपालको ऐ. रूपरेखा-पृष्ठ २४४।
2. Landon—Nepal—Vol. I—P 71.
३. संपूर्ण नक्कल परिशिष्ट नं. २१ मा.
4. Dr. Oldfield—Sketches of Nipal—Vol. I, P. 303.
५. बालचन्द्र शर्मा—नेपालको ऐ. रूपरेखा—पृष्ठ २४४।



यस प्रकार भारतमा बृटिशद्वारा लागू गरिएको संरक्षणनीति (उर्फ हड्प नीति) एवं ब्रिटिश-सरकारसितको संधि भंग हुनुको प्रतिक्रियास्वरूप नेपालमा बिर्ताहरण र फौजी संगठनको कार्य जोडतोडसित हुन गयो। त्यस बखत नेपालले दर्शाएको यस प्रतिक्रियाबाट नेपाल र बृटिश कंपनीसरकारको बीच निकट भविष्यमा नै युद्ध अवश्यंभावी थियो भन्ने कुरा तत्कालीन नेपाली राजनीतिज्ञहरूले बुझेका थिए, भन्ने स्पष्ट हुन्छ।

तर पनि नेपाल र बृटिश कंपनीसरकारको बीच, नेपालले दर्शाएको उक्त प्रतिक्रियाको ९ वर्षबाद अर्थात् संवत् १८७१ साल (तदनुसार सन् १८१४ ई.) मा मात्र युद्ध हुन आयो, जुन बखत जनरल भीमसेन थापा मुख्तियार भैसकेका थिए। यसको कारण थियो,– (एक) त्यसबखत ब्रिटिश शक्तिलाई यूरोपमा शुरू हुन गएको नेपोलियनसितको भीषण युद्धमा फस्नुपरेको। यूरोपमा नेपोलियनको शक्ति दिन प्रतिदिन बढ्दै गएकोले तथा उनले इजिप्टको बाटो भै भारतमा समेत आँखा गाडेका छन् भन्ने प्रचारले गर्दा बृटिश सरकारलाई आफ्नो सम्पूर्णतया शक्ति यूरोपमै लगाउनुपरेको थियो। यस्तो संकटपूर्ण स्थितिमा बृटिशले भारतका राज्यहरू एवं नेपालसित पनि कुनै प्रकारको अशान्तिपूर्ण र सामरिक स्थिति उत्पन्न गराउन उचित ठानेन। त्यसो हुँदा लार्ड वेलेज्ली फिर्ता बोलाइए, तथा भारतीय राजनीतिमा आफूलाई अलग्ग राख्ने बहानामा तटस्थ (Neutral) नीति अथवा हस्तक्षेप नगर्ने (Non interference) नीतिको घोषणा गरियो र संरक्षणनीतिलाई पनि जोडतोडसाथ लागू गर्न छोड़ियो। (दुइ) बृटेनको यस्तो संकटकालीन अवस्थामा नेपालले युद्ध छेडिदिएको भए, शायद समयोचित हुने थियो होला, तर नेपालले त्यसो गर्न सकेन। रणबहादुर शाहको असामयिक हत्या एवं त्यसबाट उत्पन्न हुन गएको गोलमाल र षड्यन्त्रपूर्ण वातावरणले गर्दा मुख्तियार भीमसेन थापाले तुरुन्त युद्धघोषणा गर्ने हिम्मत गर्न नसकेका होलान्। साथै आफ्नो फौजी संगठन पनि भर्खर शुरू हुन गएकोले पनि नेपालतर्फबाट सो युद्धघोषणाको कार्य हुन सकेन होला, र ९ वर्षपछि मात्र युद्ध हुन गयो।

यसै बीचको समयमा अर्थात् बृटिश शक्तिलाई यूरोपीय भूमिमा नेपोलियनिक युद्धमा फँस्नुपरेको वेलामा, अथवा भारतमा बृटिशले कसैमाथि हस्तक्षेप नगर्ने नीति (Non interference policy) अपनाएको समयमा नेपालमा मुख्तियार भीमसेन थापा फौजलाई आधुनिक ढंगमा तालीम गरी सुसंगठित बनाउने कार्यमा लागेका थिए। संसारको जंगे

मैदानमा अंग्रेजका ज्यानी दुश्मन भैरहेका फ्रेन्च सेनापति र विशेषज्ञलाई नेपालमा झिकाई फौजलाई तालीम गर्न लगाए। आधुनिक ढंगमा तालीम पाएका बृटिश सैनिकसित युद्धक्षेत्रमा मुकाबिला गर्नका निम्ति नेपाली फौजले पनि आधुनिक ढंगमा शिक्षा पाउनु निश्चय पनि आवश्यक थियो, र जनरल भीमसेन थापाले सो गराए। उनले कवायत मात्र नयाँ ढंगमा गर्न लगाएनन् कि आफ लगायत संपूर्ण सैनिकका वर्दीसमेत पनि आधुनिक फ्रेन्च ढंगमा बनाए। साथै फौजी दर्जामा पनि जर्नेल, कप्तान, लप्टन आदि यूरोपीय दर्जाको प्रचलन चलाए, जुन कि पछि भीमसेन थापाको अवसान-बाद केही वर्षका निम्ति खारेज भै पुरानै दर्जा चलाइएको थियो[१] ।

यसरी अंग्रेजका विरोधमा फौजी तालीम दिनका निम्ति अंग्रेजी शक्तिका दुश्मन फ्रेन्चलाई लगाउनमा भीमसेन थापाले 'कण्टकेनेव कंटकम्' को नीति अपनाएका थिए। उनले आफ्नो फौजलाई आधुनिक ढंगमा शिक्षा दिनसम्मका निम्ति मात्र केही फ्रेन्च जनरल अफिसरलाई नेपालमा ल्याएका थिए। तर उनले कुनै कुनै भारतीय राज्यले गरे झैं अंग्रेजसित लडाउनका निम्ति पनि फ्रेन्च फौजलाई आफ्नो देशमा हुल्ने गल्ती कहिल्यै गरेनन्।

बृटिश शक्तिसित निश्चय नै हुने झैं भैसकेको भावी युद्धका निमित्त आवश्यक हातहतियार एवं सामरिक वस्तुहरू पनि भीमसेन थापाले नेपालमै तयार गर्न लगाए। ठूलठूला मेग्जीन र आर्सनल खडा गराई तोप, गोला, बन्दूकहरूको निर्माण गर्न लगाए। यस सम्बन्धमा नेपालले गरेको वृद्धि र विकासको तत्कालीन भारतीय राज्यहरूमा कस्तो प्रभाव परेको थियो भन्ने कुरा संवत् १८७१ सालमा अंग्रेजविरोधी भावना जगाउनका निम्ति नेपालबाट ग्वालियरमा गुप्त दूत बनाई पठाएका पंडित पद्मपाणि शर्मले मुख्तियार भीमसेन थापालाई पठाएको गुप्त रिपोर्टमा यस प्रकार उल्लेख गरेका छन्,[२] —"............. ६३ साल देषिन् ओढ़ो. उत्तरोत्तर वृद्धि एक वाक्यता. मुलुकमा बन्दोबस्त. सब बातमा षबरदारी.........तोप बन्दूक. बारुद गोली रोजबरोज तयार हुन्छ. जंगी फौजले मजबुतीसंग भर मुलुक चयन रह्याको छ भन्या षबर अन्तबाट पनि सुन्दा विशेष शास्त्रिजीले भदा प्रतिति परी बडो धख् मान्याको रहेछ ।"

---

१. परिशिष्ट नं २२ मा।

२. पत्रको संपूर्ण नक्कल परिशिष्ट नं. २३ मा.



त्यसो त जनरल भीमसेन थापाको मुख्तियारीकाल नै फौजी व्यवस्थाका निम्ति प्रसिद्ध छ। उनले फौजको आधुनिक ढंगमा पुनर्व्यवस्था गर्नुको साथै छाउनी र ब्यारेकको प्रथा प्रस्तुत गरेर फौजी जवानहरूलाई विशेष सुविधा प्रदान गर्ने प्रबन्ध मिलाएका थिए। ठाउँ ठाउँमा किल्लाहरूको निर्माण तथा जीर्णोद्धार गरेर युद्धका निम्ति पूरा तयारीको साथै आत्मरक्षाको बरबन्दोबस्त मिलाएका थिए। यस प्रकारसंग फौजको सुव्यवस्थाको प्रबन्ध गरी फौजी जवानलाई सुख र सुविस्ता प्रदान गरी देशको आजादीका निम्ति बलिदान हुन लायक बनाउने कार्य उनले अंग्रेज-सितको युद्धबाद पनि गर्दै रहेका थिए। संवत् १८७१–७३ सालको युद्ध बन्द भै सुलह भैसकेपछि पनि नेपाललाई साम्राज्यवादी अंग्रेजी शक्तिको खतरा नसिद्धिएको हुँदा पनि उनलाई आफ्नो फौज तयारी राख्न जरूरी थियो। साथै अंग्रेजी शक्तिलाई एशिया महाद्वीपबाट नै हटाउनका निम्ति नेपालले पछि पछि पनि प्रयास गर्दै थियो।

जनरल भीमसेन थापाले फौजलाई बस्नका निम्ति ब्यारेकको स्थापना गर्नुको साथै त्यहाँ रहने फौजी जवानलाई आवश्यक सरसामान सुगमतासाथ प्राप्त होस् भन्ने उद्देश्यले फौजी ब्यारेकको नजीक आसपासमा व्यापारीहरूलाई डाकी पसलहरू खोल्न दिने प्रबन्ध गरेका थिए तथा त्यस्तो ब्यारेकको आसपासमा आई पसल थाप्ने व्यापारीवर्गलाई अरू पसले-लाई भन्दा केही बढी सहुलियत पनि दिने व्यवस्था गरिदिएका थिए। संवत् १८८२ सालमा यससंबन्धी भएको एउटा लालमोहर यस प्रकार छः–

"स्वस्तिश्री मन्महाराजाधिराजकस्य रुक्का.........................
आगे कर्नेल मातवर्सिं थापा प्रति छाउनिमा रह्याका जंगी लस्करलाई साह बेसाह दीना निमित्त तैंले बन्दोवस्त गरि झिकायाका कोठिवाल महाजन पसल्या वेपारि नेवार गैह्र छाउनीमा घर बनाई निज गरि बसि वेपार गर्न्याहरूलाई झारा वेठ वेगार माफ गरि बक्स्यौ, झारा वेठ वेगार नगर्नु भनि नामनवेसिको दस्षत तैंले गरिदिनु पछि छाउनीमा सजायेन यहाँ बसी वेपार गर्न सक्तैनौ जान्छौं भनि जो भन्ला जान दिनु तेरो दस्षत झिकी लिनु वेठ वेगार गर्नन् इति संवत् १८८२ साल मिति माघ सुदी १२ रोज शुभम्... ... ... ... ... ... ...।"

ब्यारेकमा बस्ने सिपाहीहरूको डेरामा दर्जाअनुसारको रंगरोगन र फर्निचर राख्ने प्रबन्ध पनि भएको थियो। आधुनिक ढंगमा पुनर्गठनको साथै रहनसहनमा पनि काफी विकास एवं आधुनिकता रहन गएबाट

नेपालको फौजी व्यवस्थामा एक आमूल परिवर्तन हुन आयो। रंगरोगन एवं झाडको प्रबन्धका निम्ति भएको लालमोहर यस प्रकार छ—

"स्वस्तिश्री मन्महाराजाधिराज कस्य रुक्का··· ··· ···
आगे छाउनीमा रहन्या जंगी लस्कर गैह्र प्रती छाउनीमा कर्नेल. कप्तान लेफ्टेन. षरिदार. सुवेदार. ज्मादार मेजर कोत्या अजीटन हुद्दा. सिपाही लाजिमा गैह्र जंगीलस्कर. वस्नालाइ वनाइवक्स्याका घरमा जो जो वस्तछ पगरीका दर्जाअनुसार र आफ्ना मनसुव् माफीक घरमा रंगविरंग चित्रकार गरी सीसाका झ्याल, अंना गैह्र लगाई. झाड तस्वीर तांसि वन्या नवन्याको घर तवेला वनाउन्या सिगान्र्या काम गर्नु. वनाउदामा ज्याकाम बनाउनु छ, जती षर्च लाग्छ लस्करको मुष्त्यार मालीकसित इत्तलाये गरि वनाउन्या र जो लाग्याको षर्च वहीमा दर्ता गऱ्याउन्या काम गर्नु. जागीर अदल वदल हुंदामा र घरको सट्टापट्टा गरि वसन्याले पनी वनाइ वक्स्याका घर बाहिक आफना मनसुवले पैसा लगाईकन सीगान्या वनायाको जो छ उठाइ लैजान नहुन्या कुरामा षर्च भयाका रुपैञा घरमा वस्न्याले जती षर्च गरी बनायाको छ तफावत् नपर्न्या गरि येति हो भन्नु घरमा वसन जान्याले लाकलाम् उती रुपैञा भरिदिनु. तसवीर गैह्र उठाइ लैजान हुन्या कुरालाई वसन आउन्याले लिन आयो जान्याले दिन आटचो भन्या दिनु लिन. दिन्याले दिदैन लिन्याले लिंदैन भन्या तस्वीर गैह्र उठाई लैजानहुन्या कुरामा कर नलाउनु. जसको माल हो उसले लैजानु आफुले पैसा लगाई बनायाको कुरामा थोरै पैसा लगाइ ढेरै भन्यो उठाइ लैजान नहुन्या कुरामा षर्च गरी वनाउदामा लाग्याका रुपैञा वस्न आउन्याले दिएन भन्या इ दुवैलाई तक्सीर माफिक्को सजाय होला इति संवत् १८८२ साल मिति फागुण सुदी ८ रोज ६ शुभम्··· ··· ··· ··· ···।"

यस प्रकार भीमसेन थापाले आफ्नो मुख्तियारीकालमा राम्रो फौजी प्रबन्ध गरेका थिए, तथा फौजी जवानलाई सुविधा पनि प्रदान गरेका थिए। भीमसेन थापा र उनको फौजी व्यवस्था विषयमा प्रचलित रहेको किंवदन्ती यस प्रकार छः—

जनरल भीमसेन थापाको हातमा शासनभार जानुभन्दा अगाडि फौजमा भर्ती हुने जवानहरूको अवस्था साह्रै दयनीय थियो। ब्यारेकको अभावले गर्दा उनीहरू शहरका घरहरूमा डेरा गरी बस्तथे (जस्तो कि राणाशाहीको जमानामा डेरा गरी बस्थे)। तिनीहरूलाई आफ्नु खान-पीनको प्रबन्ध गर्न सबै कुरा आफैले गर्नुपर्थ्यो तथा आफ्ना मालसामान आफै



बोकी हिंड्नुपर्थ्यो। जनरल भीमसेन थापाले शासन संचालन गर्न थालेपछि फौजको पुनर्गठन गरी ब्यारेक आदिको प्रथा प्रस्तुत गरे। फौजी जवानले सामरिक सामानहरू–बाहेक अरू सामानहरू बोक्न नपर्ने गरी भरियाको बन्दोबस्त गरिदिए। पछि पाँडे, अंग्रेज, र महारानीको षडयन्त्रको फलस्वरूप पदच्युत भै भीमसेन थापा बन्धनका निम्ति वागतिर लगिंदा उनले फौजसित सहायताका निम्ति अपील गरेछन् तर फौजले कुनै प्रकारको सहयोग गर्ने लक्षण तत्काल नदेखाएकोमा फौजलाई········तिमीहरूको कपालमा नाम्लोको डाम नछुटोस् भनी सरापेका थिए[१]।

जे होस्, जनरल भीमसेन थापाले अंग्रेज कंपनीसरकारसित युद्ध हुनुभन्दा पहिले तथा युद्धपछि पनि आफ्नो देशको सर्वभौमिक स्वतंत्रताका निम्ति फौजको निकै राम्रो व्यवस्था मिलाएका थिए। फौजलाई आधुनिक बोलीमा तालीम दिलाउनको साथै, नयाँ नयाँ बाजाहरूको पनि चलन प्रस्तुत गरी फौजी ठाँटबाँट बढाएका थिए।

हुन पनि आफ्नो फौजलाई राम्रो तालीम नदीकन तथा तोप बन्दूक आदि सामरिक सामान धेरै मात्रामा तयार नगरीकन अंग्रेज शक्तिसित जिस्किनु केवल मूर्खता मात्र हुन जाने थियो।

जनरल भीमसेन थापाका समकालीन कवि पं. यदुनाथ पोखरेलले मुख्तियार एवं उनको फौजी प्रबन्धमाथि सुन्दर कविता लेखेका थिए। त्यस कवितामा उनले भीमसेन थापाको अति प्रशंसा गरेका छन्। शायद पोखरेल कविले मुख्तियारलाई खुशी पारी आफ्नू एक मानको समस्या सुल्झाउने विचारले मात्र पनि यस्तो प्रशंसाको कविता लेखेको हुन सक्छ। यो त पहिलेदेखिन् चलिआएको चलन हो, शक्तिपूजाको परंपरा हो, जुन अद्यापि चलेकै छ। तर पनि भीमसेन थापा र उनको फौजी व्यवस्थामाथि यदुनाथ पोखरेलले लेखेको यस (स्तुतिपद्य) मा स्तुति-गानलाई छोडेर फौजीसम्बन्धी तथ्य कुरा मात्र खोजे पनि पाइन्छ। कविले त्यस बखतको फौजी वर्णन यस प्रकार गरेका छन्—

---

१. पछि जनरल मातवरसिंह थापा प्रधानमंत्री भएपछि उनले छाउनीको म्यूजियम–घर वनाउँदा 'पाँच सरकारको' काम सबैले गर्नुपर्छ, र म पनि पर्छु, भन्दै हात्तीमाथि दुइ चारवटा ईंट राखी, बाँकी सबै ईंट फौजी–जवानलाई बोक्न लगाई आफ्नू काकाको श्रापलाई चरितार्थ गराएका थिए भन्ने पनि किंवदन्ती छ।

"कम्पूका नकसा अनेक् तरहकी बात्साही बाजा जहाँ
तेस्मा वेस कलाटकी अति अलाप् राग्की त नक्सा तहाँ ॥
ट्रिङ्गुल्की[१] रचना विकुल्कि त घना ताम्रिङ्[२] शवद् दूरकी
सायिन्[३] न्यालिकि नांप् तँवाक[४] विजुली सुन्दा चमक् सूरकी ॥

झ्याम्टा भेरि त मोर् त बांसुरि पनि वेस् वेस् तरंकी गती
तासा ढाक् तुरही अघी समयकी नाना त वाना कती
जर्णेल् साहव भीमसेन जनको नक्सा वन्याकी जती
को भन्ला मनलाई नाम सबको कस्को छ यस्तो मती"[५] ॥

साथै,

"षरीदार मेजर् कलं हात राषी
कमर्मा सलां[६] षर् वही चापि काषी
यती गैर हाजीर् भनी विन्ति लाव[७]
उनैले त सिष्[८] चेन् अदल्मा त जाव[९] ।

वजी[१०] भेरी[११] देरा[१२] नगर्नू कसैले
निसान्[१३] साथ जानू तिलंगा रसैले[१४]
टुँडिखेल् त हाजिर् भई नाउँ लेख
विमारी जति छन् घरै जाई[१५] देख !

टुडिखेल् महाँ भो कवाइत्[१६] कि वेला
तिलंगा सबैले तहाँ हुनू भेला
मनैलाइ[१७] षेल्नू नगर्नु अभेला[१८]
परौला सँगी हो छडी केत्[१९] कि फेला[२०] ।

१. २. ३. ४. अंग्रेजी वाजाका भेद ।
५. वावुराम आचार्य–पुराना कवि र कवि कविता-पृष्ठ ११३.
६. पीतलको कलमदानी, र मसिनी जोल्टेको वस्तु !
७. लाऊ ! ८. सेक्शन ! ९. जाऊ.
१०. वज्यो ! ११. नगरा ! १२. अवेला ! १३. झण्डा !
१४. सिपाही ! १५. गएर.
१६. कवायत् (कवाज) ! १७. मन लगाएर. १८. अवेला
१९. हल्का कोर्रा.
२०. वावुराम आचार्य-पुराना कवि र कविता–पृष्ठ १०४–५ ।



# IV

## पुनः परराष्ट्र नीति

जनरल भीमसेन थापाले यस बीचको समयमा, अर्थात् अंग्रेजले भारतमा तटस्थ एवं हस्तक्षेप नगर्ने नीति अपनाएको वेलामा उत्तरतिरका राज्यहरू – चीन र तिब्बतसितको आफ्नो मैत्रीपूर्ण सम्बन्ध झन् बलियो, सुदृढ एवं स्थायी बनाउनतर्फ पनि प्रयत्न गरे। विशाल चीन र तिब्बत तथा भारतको बीचमा रहेको नेपाललाई सधैंजसो आफ्नो स्वतंत्रतामाथि खतरा उत्पन्न हुँदा 'शक्तिको संतुलन' मा विशेष ध्यान दिनुपरेको थियो। यसर्थ भीमसेन थापा पनि बृटिश कम्पनीसरकारसित युद्धक्षेत्रमा उत्रिनुभन्दा अगाडि तिब्बत र चीनसितको सम्बन्धलाई अझ गाढा गर्न-तिर लागे। साथै बृटिश भारतसित अवश्यम्भावी जस्तो भैसकेको युद्धमा सामेल हुनका निम्ति नेपाललाई आफ्नो आर्थिक स्थिति बलियो पार्न जरूरत थियो। युद्धव्ययका निम्ति अगावैं तम्तयारी गर्नुपरेको थियो। यसर्थ मुख्तियार भीमसेन थापा नेपालको तिब्बतसितको व्यापार एवं अरू प्रकारको सम्बन्धलाई घनिष्ठ पारी टकसंबन्धी कुरामा जुन मन्दता आएको थियो त्यसलाई पनि राम्ररी चलाउनतिर लाग्न थाले।

संवत् १८४९ सालको नेपाल-तिब्बत-युद्ध, जुन लड़ाईंमा नेपालको विरुद्ध तिब्बतलाई सहायता दिन चीनिया फौजले पनि सक्रिय रूपमा भाग लिएको थियो,—त्यस युद्धबाद नेपाल र तिब्बतको सम्बन्धमा फिका गतिरोध शुरू भएको थियो। ल्हासास्थित चीनिया अम्बाको पनि नेपाल-प्रति राम्रो रूख थिएन। प्रताप मल्लको समयदेखि तिब्बतले नेपाली मुद्राको प्रचलन गर्ने भन्ने जुन संझौता थियो, तथा जुन कुरा संवत् १८४९ सालको युद्धबन्दी-सम्झौतामा पनि सिद्धान्ततः मञ्जूर गरिएको थियो,[१] त्यसमा तिब्बती अधिकारी एवं चीनिया प्रतिनिधितर्फबाट भीषण विरोध शुरू भैसकेको थियो। अझ भीमसेन थापाको मुख्तियारी शुरू हुने वेला-सम्ममा त एक प्रकारले टक चलाउने प्रचलन तिब्बतले बन्द जस्तै गरि-सकेको थियो।

यस टकको प्रचलनलाई चालू गर्न पाइएमा राष्ट्रलाई केही आर्थिक फायदा मिल्ने देखी भीमसेन थापाले यसतर्फ विचार गर्न थाले तथा यसका

१. लेखकको—नेपाल र तिब्वत (अप्रकाशित) वाट ।

निम्ति कसैको मनोभावनामा ठक्कर नलाग्ने ढंगबाट तिब्बतसरकार तथा चीनिया अम्बासित पत्र व्यवहार गर्न थाले ।

तिब्बतमा प्रचलनार्थ टक छापी पठाउने छौं भन्ने व्यहोराको पत्र नेपालसरकारबाट लेखी गएकोमा चीनिया अम्बाले आपत्ति उठाए । संवत् १८४९ सालदेखि नेपालको टक रोकी चीनिया टकसारबाट रुपियाँ छापी चलाउने चलन चलिसकेको हुँदा अब नेपालको नयाँ टक चलाउन सकिन्न भन्ने उनको भनाइ थियो । यस सम्बन्धमा चीनिया अम्बाले नेपाल-नरेशलाई लेखेका छन्—"....बाकि आफु वाङको चिठिमा लेष्याको अघि देषि भोटमा चलि आयाको. गोर्षाको मोहोर पठाउछौं. भनी विन्ति गरी पठायाछौ. बिस्तार बुझ्यौं, जाहाँ हामिले विचार गरि हेर्दा. अघि छ्याङ्लुङ्[1] ५७ वर्ष देषि गऱ्याको रीत जाहाँ लाहासामा चिनीया टकसार तुल्याई मोहर छाप मारी तुल्यायाको रहेछ. आफ्नु गोर्षाको पुरानु मोहोर अलि जाहाँ लाहासामा भयाको कतैबाट आयाको थोरै थोरै भयाको एक एक बराबर चलावनु हुन्छ. यो चलि आयाको २० वर्ष भयो, जाहाँ लाहासामा भोट गोर्षाको महाजन सबैले भन्याको यो चलन बढिया छ. अब आफुले नया तुल्यावन्या मन्सुवा नगर .....[2]" । साथै नेपालबाट नयाँ टक छापेर प्रचलनार्थ तिब्बत पठाएमा चीनबादशाहसमेत रिसाउनेछन् भनी डर धम्की पनि दिइएको थियो ।

यसरी नेपालले नयाँ टक छापी पठाउने कुरामा ल्हासास्थित चीनबादशाहका प्रतिनिधि अम्बाले आपत्ति उठाएका थिए, तापनि नेपाली टक चलाउनै दिन्न, भनी जोडसाथ भन्न उनले सकेका थिएनन् । तिब्बती बजारमा बाँकी रहेको नेपाली पुराना टकहरूलाई वापस नै लिन सकेका थिएनन् । उसमाथि ल्हासाका व्यापारीवर्गमा नेपाली टकको माग अझ बढेकै थियो । नेपालसरकारले रुपियाँ पठाउँछु, भनी लेख्दा धर्म गर्नका निम्ति पठाउने भनी उल्लेख गरेको हुनाले पनि चीनिया अम्बा धर्मसंकटमा परे, तथा धर्म गर्न दिन्न भनी भन्ने साहस पनि उनीहरूले गर्न सकेनन् । त्यसै समयमा ह्लासाबाट बलभद्र, वंशीधरहरूले भोटु पाँडे, रणजित पाँडेका नाममा लेखेको पत्रमा यस कुराको स्पष्ट जिकिर गरिएको थियो । उनी-हरूले लेखेका थिए,—" ......चीनिञाका मनमा भन्या धर्म गर्ण हुँदैन भन्या (चिनीबाशाह) मानि बस्याकालाई धर्म्म गर्ण हुँदैन भनी कसोरी

१. छयाङ्लुङ ५७ = संवत् १८४९ ।

२. संपूर्ण पत्रको नकल परिशिष्ट नं. २४ मा ।



भनूं. साधि पठाउँभन्या जाहा रुपैया ल्याउनाको मर्जि आउन्या छैन, भोटमा भन्या अघि देषि चलिरह्याको ल्यावनु हुँदैन भन्नु भएन र. गोर्षाको मोर अघि देषि पनि थोरा बहुत रहेछ. चिनीञा. मोहरसंग बरोबर चल्दो रहेछ भोट नेपालका महाजन पनि षुसि रह्याछन्......"[1] भन्ने विचार चीनिया अम्बाको थियो ।

यसरी चीनिया अंबालाई पनि अप्ठ्यारै परेको थियो । 'चलाउन दिउँभन्या चीन बादशाह रिसाउन्या' अर्थात् चीनसरकारको नीति विरुद्ध कार्य हुन जाने, नदिऊँ भने धर्म गर्छु भन्नेलाई रोक्ने कसरी ? 'तिब्बत जस्तो धर्मभूमिमा धर्म गर्न दिन्न भन्न थाल्यो भने तिब्बतका व्यक्ति पनि अम्बादेखि असन्तुष्ट हुने भए । यसो हुँदा चीनिया अम्बाले एउटा बीचको बाटो अपनाए । त्यो बीचको बाटो थियो—धर्म कर्मका निम्ति नेपालले टकहरू पठाउन सक्तछ र त्यसलाई दान-दक्षिणामा चलाउन पनि सक्तछ, तर टकचाहिं पुरानु हुनुपर्छ । शायद पुरानो टक मात्र चलाउन दिई उनले आफ्नो टाउको बचाउन खोजेका होलान् । त्यसैले चीनिया अम्बाहरूले २० वर्षदेखि ल्हासामा चीनिया टकसारमा छापेको टकको चलन-चल्ती भैसक्यो, भन्ने लेखेर पनि त्यसै पत्रमा "आफू वाङले आफ्ना बाबाको नाममा जाहा लाहासामा धर्म गर्न पठाउछौं, भन्याको कुरा देवता लामा तिमिले मान्न जान्याको रहेछ, बढिया हो वेस भलो आदमि आफुले पत्यायाको जाहा धर्म गर्ण पठाउ..."[2] भनी लेखिपठाए ।

भीमसेन थापाले पनि यस सम्बन्धमा बढ्ता राडो मच्चाउने विचार गरेनन् । निकट-भविष्यमा नै आफूलाई एक ठूलो शक्तिसित युद्धमा हाम्फाल्नुपर्ने भएकोले पनि यति मामुली कुरामा तिब्बत र चीन-सित मनमुटाव गर्न उचित देखेनन् । टक पुरानु चलोस् या नयाँ चलोस्, त्यसमा उनलाई के ? उनको त तिब्बत पठाएको टकबाट चाँदी किनी हुने नाफा र फाइदासित मात्र सम्बन्ध थियो । अनि तिब्बतसित बलभद्र वंशीधरहरूले पनि यस्तै प्रकारको सल्लाह पठाएका थिए । उनीहरूले लेखेका छन्—"......कति गर्ण पर्छ भन्नुहोला मुष्य हाल साल ६ महिना वर्ष ·दिन पुरानु चासनिमा नघटाई पुरानै टक पुरानै चाक बरोबर गरि टकमार्नु· पुरानु चासनिमा ता चार मासा छ. अब चारमासा गऱ्या डचाक पर्छ भन्या १२ मासाको चार मोहर गरी भाग वेस मिलाई ५०।६० हजार

१. संपूर्ण पत्रको नक्कल परिशिष्ट न. २५ मा ।

२. संपूर्ण नक्कल परिशिष्ट नं २४ मा ।

तयार गरी आफूहरूका भाई छोरा ९।१० मानिस ठाठसँग साथलाई पठावनुहोला[१] " ।

यसपछि नेपालबाट सिंहप्रताप शाहको समयको पुरानु टकमा रुपियाँ छापी वलभंजन हस्ते पहिलो किस्ता मो. रु. १४४११ ल्हासा पठाइयो। यसमा तिब्बत सरकारका अधिकारी एवं चीनिया अम्बाले कुनै आपत्ति उठाएनन्। यस रुपियाँमध्ये थोरबहुत धर्मकर्म गर्दा दान-दक्षिणामा खर्च गरी बाँकी रुपियाँको चाँदी खरीद गरी नेपाल चलान गरियो[२]। नेपालबाट पठाएको उक्त रुपियाँ ल्हासा पुगेपछि यस सम्बन्धमा चीनिया प्रतिनिधि अम्बाहरूले नेपालनरेशलाई लेखेको पत्र यस प्रकार छ :—

## " श्री दुर्गा सहाय :-

श्री वादसाह

स्वस्तिश्री चीनवादसाहका हुकुमले लाहासाको काज काम गर्न्या श्री टुचिन् ताठिन् लिफैयान् चोसिलान् टिं घां छिं मै कुफुटु थुङ् श्री पुतारिन् तथा श्रीः टुचन् ताठिन स्यां घां चिं मं कुफुटु थुं फुं को ए च्यांन्-चुन् चुंसि श्री उतारिन् अम्वा २ ले पठायाको पत्रम्—स्वस्तिश्री गोर्षा अति निवाङ् गीर्वाणयुद्धविक्रम शाह देवेषु——उप्रान्त आफु वाङ्ले आपना वुवाज्यूको नाउँमा धर्म गर्ण पठायाका टक्सारी वलभंजन पाँडे मच्छिन्द्र-हरू आठ महिनाको २७ दिन जांदा जाहा लाहासामा आइपुग्या आफु-वाङ्ले पठायाको चिठिको विस्तार बुझ्यौं. टक्सारि आइपुग्न बित्तिकै चीनिया भारादार सिपाहि भोटका ४ काजिलाई टक्सारिको वेसगरि संभार गर भनी अह्राइ दिञौं। ईनिहरुले हामि छेउ विंति गऱ्याको कुरा आफुवाङ्ले पठायाको मानिसले ल्याको मोहर सबै नञाहो. हामिले विचार गर्दा छ्यांलुं ५७ वर्ष देखि गऱ्याको रीत जाहा लाहासामा चिनिञा टक्सारि तुल्याई छापमारि मोहर चलाइ राख्याको रहेछ. आफु गोर्षाको मोहर अलि अलि जाहा लाहासामा भयाको कतैबाट आयाको थोरै थोरै एक एक वरोवर चल्दछ. आपना मुलुकको नञा मोहोर लाहासामा

१. संपूर्ण पत्रको नक्कल परिशिष्ट नं० २५ मा ।

२. लेखकको- नेपाल र तिब्बत- (अप्रकाशित) बाट.



नचल्याको वर्ष २० भयो. तसर्थ आज ल्यायाको मोहोर चलाउनु हुंदैन टक्सारि वलभंजन पाँडे छेउ सोधदा पूर्जामा लेषि विंति गऱ्यांको यो मोहोर नञा होइन. अघि श्री महाराजा प्रतापसिंह साहका[१] पालामा छाप मारी भंडारमा राख्याको धर्म गर्नाकण धोई सेतो गरी जाहा आवन्या वेलामा हाम्रा महाराजाले संकल्प गरो पठायाको टावाहरूलाई दछिना नदिया हाम्रा महाराजाको मनको भाव पूर्दैन. यो मोहोर टावाहरूलाई दछिना दिया. पछि विज्विज् अरू थोक केहि किन्या छैनौ भनि विस्तार कूरा टक्सारिले विंति गऱ्या. हामि युथाइले पूर्जा हेर्ण वित्तिकै आफुले पठायाका मानिसले ल्यायाका मोहोर. हामिले ल्याई हेर्दा पूरानु मोहोर संग जोर्दा संवत् अछेर एकै ठहर्दा आफना बुवाज्यूका नाउमा धर्म गर्ण आफुवाङ्को मनको भाव पुऱ्यावना निमित्ये यो मोहोर दछिना दिन हुंछ भन्यू. वाकि गोर्षाको नञा मोहोर जाहा लाहासामा नचल्याको वर्ष २० भयो. गोर्षा भोटका महाजन भन्या वढिया हो भंछन् आफुवाङ्ले एस्तो मन्सुवा नञा रीत नगर वाकि हामीले भोटका चार काजीलाई हुकूम दियाको टक्सारिले दछिना दियाको नञा मोहोरलि. लाहासामा छाप मान्याको मोहर दि साटिल्याई दिनमा मोहोर सबै दल्यालामाको भंडारमा थंक्याउ. एस पाला ल्यायाको नञा मोहर बजारमा चलन हुंदैन. आफु-वाङ्ले पठायाका मानिस टाढाबाट आयाका हुनाले. उसै फर्काइ दिउ भन्दा आवत् जावत् मात्रै गऱ्यो दुष् पायो भन्ना निमित्त हाम्रा मनमा दया जागि यो चांजोसंग काम गऱ्याको हो. आफु वाङ्ले.........को मेहरे समझी. आपना मुलुकको काज काम संभार. अघीको रीत बमोजिम् वढिया गरी गर. एसो गऱ्या आफुमाथि..............को जुग जुगसम्म मेहेर होला. फेरि केहि काम चिताइ. आफना मुलुकको मोहर चल्छ कि चल्दैन. भनि हेर्न पठाया हामिहरूले.......का हजुरमा अर्जि पठाया आफुवाङ्लाई निको हुंदैन. आफुवाङ्ले पठाइ दियाको किषाप् थान २ षुसि भै लिञूं. टक्सारि वलभंजन पाँडे फर्कदा मेत्वान्[१] कोचिन् थान २ पठायाको छ. तेस मुलुकमा साह्रो गर्मि छ भन्या कुरो सुनि लौसा .कोचिन्–देषि षुसी हौला भनी 'लौसा[२] कोचिन थान २ ज्माकोचिन थान ४ पठाइदिएको छ. लिनु होला,

१. श्री ५ सिंहप्रतापलाई ल्हासातिरको पत्रव्यवहारमा प्रतापसिंह लेखिन्थ्यो ।

१. एक किसिमको क्वैचिन् कपडा ।

२. अर्को किसिमको पातलो कपडा !

आफुवाङ् को कुसल छेम चाहिन्छ. इति च्याछिन् वर्ष १२ महिना ९ को दिन २ मिति मुकाम लाहासाशुभम्……..१ ।"

यस प्रकार मुख्तियार भीमसेन थापाले अंग्रेजसित हुने युद्धको तयारीको सिलसिलामा, देशको फौजी-व्यवस्था एवं सामरिक सामग्रीको तयारी साथसाथै, उत्तरतिरका मित्रराष्ट्र चीन र तिब्बतसितको आपनो सम्बन्धलाई अझ सुदृढ पार्न टकसम्बन्धी जुन बाधा थियो—त्यसलाई कौटिल्यतापूर्ण तरीकाबाट सुल्झाए। तिब्बतस्थित आपना नेपाली प्रतिनिधिहरूको उचित सल्लाहबमोजिम तिब्बती अधिकारी एवं चीनिया अम्बाहरूको मनोभावनामा चोट नलाग्ने तरीकाबाट सिंहप्रताप शाहको टक छापी पठाए। यसो नगरीकन गीर्वाणयुद्धकै टक पठाउनका निम्ति जिद्दी गर्न थालेको भए, शायद नेपाल, तिब्बत र चीनको बीच पुनः युद्धको वातावरण तयार हुनमा धेरै संभावना थियो। अनि भारत कब्जा गरी बसेका अंग्रेजी शक्तिसित प्रतिदिन वैमनस्यता बढ्दै गएर युद्धको वातावरण तयार हुन लागेको त्यस जमानामा उत्तरतिरका राष्ट्रसित पनि झगडा मोल्नु अनुचित मात्र होइन कि कूटनैतिकहीनतापूर्ण कार्य हुन जाने थियो, जस्तो कि चौतरिया बहादुर शाहले आपनो नायबीकालमा चीन र भारतका राज्यसित एकैचोटि युद्ध शुरू गरेका थिए। यसर्थ राष्ट्रिय स्वतंत्रतामाथि आउन लागेको खतरा देखी सतर्क भई भीमसेन थापाले ठूलो स्वार्थको बचावटका निम्ति सानो तथा अस्थायी स्वार्थलाई त्याग गरी दूरदर्शितापूर्ण कार्य गरेका थिए, भन्नमा अत्युक्ति हुनेछैन।

## V

तर पनि त्यसताका एउटा राजनैतिक गल्ती हुन गएको देखिन्छ। त्यो थियो—किल्ला कांगडामाथिको आक्रमण। त्यस बखत, अर्थात् भारतमा बृटिशले हस्तक्षेप नगर्ने नीति अपनाएको वेलामा, नेपालले केवल फौजी व्यवस्था एवं चीन र तिब्बतसितको मैत्री संबन्धलाई मात्र सुदृढ पारेको थिएन कि राज्यविस्तारका निम्ति युद्ध पनि जारी गरेको थियो। शायद बृटिश शक्तिबाट बाधा उत्पन्न हुने नदेखिएकोले नै नेपालले सीमा वृद्धिको कार्य गरेको हुन सक्छ। आसपासका जग्गाहरू जित्दै नेपाली फौज सुदूर पश्चिमको किल्ला कांगडासम्म पनि पुगेको थियो।

१. यो पत्र संवत् १८६४ साल मार्ग शुदि ४ रोज ५ मा काठमाडौं आइपुग्यो।



प्रसिद्ध योद्धा काजी अमरसिंह थापा आपनो विजय कार्यलाई अगाडि बढाउँदै सतलज नदी पारी रहेको संसारचंदको राज्य कांगडामाथि हमला गर्न पुगे। यस लडाईंमा काजीको सहायतार्थ जनरल भीमसेन थापाका भाइ नयनसिंह थापा पनि पुगेका थिए। यिनै नयनसिंह थापा सन् १८०७-९ ( तदनुसार संवत् १८६४-६६ ) सालतिर भएको त्यस कांगडा युद्धमा मारिए भनी लेखिएको छ[१]। तर सन् १८१४ ( तदनुसार संवत् १८७१ ) सालमा ग्वालियरका दरबारमा दूत भई गएका पंडित पद्मपाणि शर्माले मुख्तियार भीमसेन थापालाई ग्वालियरबाट पठाएको रिपोर्ट-पत्रमा नयनसिंह थापाको पनि उल्लेख पाइन्छ। उनले लेखेका थिए—"……..यो सभ विस्तारली चाँडो फिर्न्या गरी नयनसिंह थापा मुहुडामा गया…[२] ।" यस पंक्तिबाट नयनसिंह थापा कांगडा युद्धमा मारिएका थिए, भन्ने कुरामा केही शंका उत्पन्न गराउँछ। ( तर पनि काठमाडौं बागमतीको किनारामा रहेको भीमसेन थापाको प्रशंसाको शिलालेखमा[३] नयनसिंह थापा कांगडा युद्धमा मरे, भनी लेखिएबाट शायद पद्मपाणिले उल्लेख गरेका नयनसिंह अर्कै कोही हुन् कि ! )

जे होस्, काजी अमरसिंह थापाको सहायतार्थ नयनसिंह थापा फौजसहित कांगडा युद्धमा सामेल हुन पुगेका थिए। समस्त कांगडालाई जितेर पनि नेपाली फौजले कांगडाको प्रसिद्ध किल्लालाई तोड्न सकेका थिएनन्, तथा त्यहाँभित्र मोर्चाबन्दी गरी बसेका संसारचंदलाई पराजित गर्न सकेका थिएनन्। करीब दुइ-अढाई वर्षसम्म पनि नेपालीहरूले त्यो किल्ला तोड्न सकेनन् र केवल बाहिरबाट मात्र घेरा दिइराखे। यो अवस्था दुइ वर्षसम्म लम्बिएपछि अन्तमा नेपालीहरूले रणजितसिंहको फौजद्वारा पराजित भै फर्कनुपर्‍यो। नेपालीहरूको पश्चिमतिरको राज्य विस्तार एवं कांगडाविजयको कार्य सिख-साम्राज्यको सपना देख्ने पंजाब-केशरी रणजितसिंहका निम्ति सह्य कुरा थिएन। यसो हुँदा संसारचंदलाई मद्दत नदीकन एकचोटि फर्किसकेपछि पनि पुनः सन् १८०९ को मध्यतिर उनले त्यस कांगडा युद्धमा हस्तक्षेप गर्न थाले। यो कार्य सन् १८०९ जुलाई २५ तारीखमा 'अमृतशहरको' सन्धि गरी बृटिशसित मित्रता कायम गरिसकेपछि गरेका थिए। रणजितसिंहले महामारीको रोगद्वारा ग्रस्त नेपाली-

१. बालचन्द्र शर्मा—नेपालको ऐ. रूपरेखा—पृष्ठ २४९।
२. संपूर्ण पत्रको नक्कल परिशिष्ट नं. २३ मा
३. सूर्यविक्रम ज्ञवाली—अमरसिंह थापा—पृष्ठ ३९.

सैनिकमाथि हमला गरी उनीहरूलाई फर्कन बाध्य गराए।[१] सन् १८०९ अगस्त महीनाको २४ तारीखका दिन लडाइँ थामियो।

निश्चय पनि नेपालीहरूले कांगडामाथि आफ्नो आधिपत्य कायम गर्न सकेका भए, तथा त्यहाँको प्रसिद्ध दुर्गलाई आफ्नो कब्जामा लिन सकेका भए–नेपालको शक्तिमा ज्यादा बल थपिने थियो, र पूर्व भूटान-देखिन् पश्चिम कांगडासम्मको विशाल नेपालराज्यको स्थापना हुनेथियो होला, तर यसो हुन सकेन।

कांगडा एवं अरू आसपासका सीमानाका राज्यहरूमाथि आक्रमण गर्नु मुख्तियार भीमसेन थापाको एउटा राजनैतिक गल्ती सिद्ध हुन आएको छ। साम्राज्य बढाउने दृष्टिकोणबाट त यो सही थियो कि त्यस बखत अंग्रेजको हस्तक्षेप हुने संभावना नभएकोले राज्यविस्तार गर्ने मौका थियो तर यसबाट पछि हुने ठूलो युद्ध—जसमा राज्यको सीमा घट्ने र बढ्ने मात्र सवाल थिएन कि स्वतंत्रता एवं सार्वभौमिकताका निम्ति नै खतरा थियो—त्यस युद्धका निम्ति हानि हुन गयो। नेपालको यस राज्यविस्तारको कार्यले गर्दा नेपालले रणजितसिंहसँग लड्नुपर्‍यो, तथा उनी लगायत अरू भारतीय देशी राज्यहरू नेपालदेखि सशंकित हुन थाले। यसबाट हानि यो थियो कि निकटभविष्यमै हुने निश्चित जस्तो भैसकेको बृटिश शक्तिको युद्धमा नेपाललाई भारतीय राज्यबाट सहायता मिलन सक्तैनथ्यो, (जस्तो कि मिलेन पनि)। बृटिश भारतसितको युद्धमा हाम्फाल्नुभन्दा अगाडि यसरी देशी राज्यहरूलाई चिढाएर शत्रुता मोल्नु ज्यादै भयानक कुरा थियो।

नेपालीहरूले कांगडाको युद्धमा पराजित हुनुपरेकोमा इतिहासलेखक सूर्यविक्रम ज्ञवालीले अस्पष्ट ढंगमा भीमसेन थापालाई दोष दिएका छन्। उनको भनाइअनुसार अमरसिंह थापाले मागेको चारहजार फौज नेपाल-बाट पठाइएको भए कांगडामाथि नेपालको आधिपत्य हुन गई महान् लाभ हुनेथियो'। 'तर नेपालमा यस कुरालाई जुन दृष्टिले हेर्न पर्छ सो दृष्टिले कसैले नहेरेको बुझिन्छ'[२] भनी तत्कालीन मुख्तियारमाथि अस्पष्ट आरोप लगाएका थिए।

१. बालचन्द्र शर्मा–नेपालको ऐ० रूपरेखा–पृ. २५०।
२. सूर्यविक्रम ज्ञवाली—अमरसिंह थापा–पृष्ठ ४७–४८।
३. सूर्यविक्रम ज्ञवाली–अमरसिंह थापा–पृष्ठ ४७–४८।



अमरसिंहको उक्त आशयको पत्रबाट[२] स्पष्ट हुन्छ कि—भीमसेन थापाले फौज पठाएनन्, त्यसैले कांगडा फत्य हुन सकेन। मुख्तियार अर्थात् प्रधानमंत्रीद्वारा पहिले आफ्नै भाइ पठाएर पछि फौज पठाउन रोकिदिनु-बाट नेपाल-सरकारको त्यस लडाइँप्रतिको नीति-परिवर्तनको संकेत मिल्दछ। छिटै नै साझा एवं ठूला शत्रुसित लड्नुपर्ने स्थिति आउन लागेको हुँदा देशी राज्यलाई चिढाउने नीति सरकारले शायद छोड्यो होला। यसर्थ यस कुरामा यो पनि शंका उठ्न सक्छ कि—नेपालसरकारको नीति विरुद्ध पनि काजी अमरसिंह थापाले आफ्नै व्यक्तिगत जिम्मेदारीमा कांगडामाथि विजय प्राप्त गरी आफ्नो वीरता सिद्ध गर्न रणजितसिंह आदि देशी राजारजौटाहरूलाई चिढाउनसम्म पनि तयार भएका त हैनन्?

एकचोटि कांगडा जित्नमा असफल भएपछि अमरसिंह थापाले पंजाबक्षेत्रका ब्रिटिश अधिकारी आक्टरलोनी (जसले पछि नेपालमा चढाइ गर्‍यो) सित इंडसकिनारासम्मका पंजाबी राज्यलाई जितेर अंग्रेज र नेपालीहरूले बाँडिखाने भन्ने किसिमको प्रस्तावसहित कांगडामा पुनः हमला गर्न पत्र व्यवहार गरेका थिए।[३] यसबाट यो स्पष्ट हुन आउँछ कि काजी अमरसिंह थापा भविष्यमा हुन अनिवार्य जस्तै भैसकेको अंग्रेज-सितको युद्धलाई विचारै नगरीकन तात्कालिक, क्षणिक युद्धको जोश र आवेशमा आएर केवल थोरबहुत सीमावृद्धिका निम्ति अंग्रेजसित मिलेर भए पनि देशी राज्यमा हमला गरी वीरता कायम गर्न चाहन्थे। तर मुख्तियार भीमसेन थापाचाहिं भारतका समस्त देशी राज्य एवं चीन, बर्मा, तिब्बत, पर्सिया आदि एशियाका राज्यलाई संगठित गरेर अंग्रेजको विरोधमा युद्ध गर्न चाहन्थे। यसरी अमरसिंह थापा र भीमसेन थापामा सैद्धान्तिक विभिन्नता झल्किन्छ।

अनि, केही गरी कांगडामाथि नेपालीहरूको आधिपत्य रहने गएको भए पनि त्यसबाट देशलाई 'महान् लाभ'[१] हुनेछ, भनी भन्न अप्ठ्यारो नै थियो। त्यस बखत नेपालीहरू क्यै गरी विजयी हुन सकेका भए तापनि पछि हुने ब्रिटिशसितको युद्धकालमा आएर यी राज्यहरूले विद्रोह गर्न सक्तथे,

२. ऐ पृष्ठ ४७ मा उल्लेखित।
३. ऐ पृष्ठ ४६।
१. इतिहास-लेखक श्री सूर्यविक्रम ज्ञवालीको धारणामा।

जसको परिणाम पछिको युद्धमा खतरा साबीत हुन सक्थ्यो । संसारचन्द्रको डरले अमरसिंह थापालाई सहायता गर्न तयार भएका कतिपय राज्यहरूले त्यसै बखत पनि नेपालीको विरोधमा विद्रोह गरेका थिए ।[१] अनि कांगडा-युद्धबाट नेपाललाई हुन गएको हानि थियो—रणजितसिंहसितको हल्का वैमनस्यता । संक्रान्तिकालीन त्यस अवस्थामा रणजितसिंह जस्ता व्यक्ति-लाई चिढाउनु अवश्य पनि बुद्धिमत्तापूर्ण कार्य मान्न सकिन्न !

# VI

यसरी नेपाली फौज आफ्नो सीमावृद्धि गर्दै त्यस बखत किल्ला कांगडासम्म पनि हमला गर्न पुगेको थियो । सिवाय रणजितसिंहले कांगडा-माथिको नेपाली आक्रमणमा हस्तक्षेप गर्नु बाहेक, नेपालीहरूको यस सीमावृद्धिको कार्यमा त्यस बखत ब्रिटिश शक्ति बिलकुल हस्तक्षेप नगरे जस्तो गरी चूप भैरह्यो । किनभने त्यस बखत नेपोलियनसितको युद्धले गर्दा परिस्थितिवश ब्रिटेनलाई तटस्थताको नीति अपनाउनुपरिरहेको थियो । तर, नेपालको यस प्रकार शक्ति वृद्धि हुँदै जानु ब्रिटिशका निम्ति सह्य थिएन, तथा मौका आउनासाथ नेपालमाथि नै आक्रमण गरी नेपालको गतिविधिलाई रोक्नका निम्ति ब्रिटिश शक्ति उपयुक्त समयको प्रतीक्षा गर्दै थियो ।

त्यो मौका ब्रिटिश शक्तिलाई त्यस बखत प्राप्त हुन गयो, जुन बखत नेपोलियनको शक्तिमा केही मन्दता आउन थालेथ्यो । सन् १८१३ ई. (तदनुसार संवत् १८७०) मा सम्राट् नेपोलियन फ्रान्सबाट एल्बा टापूमा गएर बसे, तथा दश महीनासम्म बन्दी झैं त्यहीं बसेर पुनः आफ्नो शक्ति-संचय गर्दै उनले यूरोप र फ्रान्समा घट्दै रहेको घटनाबारे सोचिरहे[२] ।

यसरी नेपोलियनलाई एल्बा टापूमा बस्नुपर्ने अवस्था परी उनको शक्ति घट्दै जान थालेपछि ब्रिटेनले आफ्नो तटस्थताको हस्तक्षेप नगर्ने नीतिलाई बदल्न थाल्यो । नेपोलियन पेनिन्सुलार युद्धमा फँस्न जानुले नै उनबाट भारतआक्रमणको भय हट्न गएको थियो, र त्यसै वेलादेखि नै ब्रिटिश-सरकारले आफ्नो शान्तिपूर्ण नीतिलाई बिस्तारै बदलिसकेको

१. सूर्यविक्रम ज्ञवाली–अमरसिंह थापा–पृष्ठ ४२ ।

2. D. M. Ketelby–A History of Modern Time–P. 137.



थियो, र त्यसको नमूना थियो—रणजितसिंहसित गरिएको 'सन् १८०९ को अमृतशहरको सन्धि' जुन नेपोलेयन पेनिन्सुलार युद्धमा फँस्नुको अंग्रेजी प्रतिक्रिया थियो[१] । अब त झन् नेपोलियनलाई एल्बा टापूमा बस्नुपरेबाट उनको शक्तिमा ठूलो कमी हुन गयो, र यसको प्रतिक्रियास्वरूप ब्रिटिश कम्पनीसरकारले भारतमा आफ्नो हस्तक्षेप नगर्ने नीतिलाई बिलकुलै त्यागेर आफ्नो साबिक रूपलाई नै अपनाउन थाल्यो । यस प्रकार शान्तिपूर्ण नीति बद्लेर युद्धको नीतिलाई ब्रिटिशले केवल भारतको भूमिमा मात्र हैन कि अमेरिकालगायत जहाँ जहाँ आफ्नो उपनिवेशवादी कारवाही शुरू गरेको थियो,–ती सबै स्थानहरूमा एकसाथ लागू गरेको थियो । संवत् १८६९-७१ ( सन् १८१२-१४ ) को अमेरिकी भूमिका भएको युद्ध पनि यसै नीति-परिवर्तनको परिणाम थियो ।

नीति-परिवर्तनको नमूनास्वरूप भारतमा संवत् १८७० मा शान्ति-प्रिय गवर्नर-जनरलको सट्टा अर्ल अफ् म्वायर (उर्फ मार्क्विस अफ् हेस्टिङ्ग्स्) जस्ता युद्धप्रिय व्यक्ति गवर्नर-जनरल भएर आए । उनले आफू आएको ठीक १२ महीनापछि नेपालसित युद्धको घोषणा गरे । उनको आगमनपछि ब्रिटिशले लडेको पहिलो युद्ध पनि यही थियो[२] । हुन त लडाइँको पृष्ठभूमि तयार हुने किसिमबाट संवत् १८६४ सालदेखि नेपाल र ब्रिटिश-कम्पनी-सरकारको बीच सीमानासम्बन्धी गडबडो मच्चिरहेको नै थियो । कहिले मोरंगनेरको 'भीमनगर' भन्ने स्थानलाई नेपालीले आफ्नो कब्जामा लिए भन्ने कुरामा गडबडी मच्चिन गएथ्यो त कहिले काशीपुर, रुद्रपुर, आदि स्थानहरूका निम्ति । तर पनि ब्रिटिश-कंपनी-सरकारले यो गडबडी अर्थात् सीमासम्बन्धी झगडामा कुनै किसिमको कडा रूख दर्शाएको थिएन, तथा कुराकानीकै आधारमा यी झगडाहरू तय गर्नमा तयार थिए । यही कुराकानीको आधारमा धेरैजसो झगडाहरू समाप्त पनि भैसकेको थियो[३] ।

तर संवत् १८७० ( सन् १८१३ ) तिर ब्रिटिश शक्तिले नेपोलियन-सितको युद्धबाट जब सास फेर्ने फुर्सत पायो, तब सीमानासम्बन्धी झगडा-लाई वार्तालापको आधारमा तय गर्नेतिर नलागीकन त्यसले युद्धका निम्ति

1. An Advanced History of India–P. 737.

२. हेस्टिङ्ग्स् सन् १८१३ अक्टोबरमा गवर्नर-जनरल भै आएका थिए, र त्यसको १३ महीनाबाद सन् १८१४ नोवेम्बरमा नेपालसित युद्ध भयो ।

३. बालचन्द्र शर्मा,–नेपालको ऐ. रूपरेखा–पृष्ठ २५१ ।

नै निहुँ खोज्न थाल्यो र निहुँको रूपमा पश्चिम नेपालको स्यूराज र बुटौलनेरको सीमासम्बन्धी झगडा खडा हुन आयो। हुन त यो झगडा केही वर्षअगाडि नै चलिआएको थियो, र यसको समाधानका निम्ति पनि शुरूमा कुराकानीकै आधार मानिएको थियो, जसमा भाग लिन नेपाल-सरकारको प्रतिनिधिस्वरूप स्वयं रंगनाथ गुरुज्यू गएका थिए। तर नयाँ युद्धप्रिय गवर्नर जनरल मार्क्विस अफ् हेस्टिङ्ग्सको आगमनबाट उक्त वार्ताको वातावरण नै बदलिन गयो। र यसै झगडालाई बढाएर युद्ध नै चाल् गर्ने नियत लिई ब्रिटिश अधिकारीद्वारा अनैतिक ढंगबाट अपमान गरिएको हुँदा, नेपाली प्रतिनिधिहरू कुरा नटुंगिदै नेपाल फर्के।

यही गडबडी बढ्दै आएर अन्तमा भयानक रूप लियो। ब्रिटिश गवर्नर-जनरलले नै औपचारिक ढंगबाट सन् १८१४ नोवेम्बर १ तारीख ( तदनुसार संवत् १८७१ ) को दिन युद्धको घोषणा जारी गरे।[१] र लडाइँ शुरू पनि भयो।[२]

× × ×

वास्तवमा, यो लडाइँ ब्रिटिश कंपनीसरकारले सीमानासम्बन्धी झगडालाई कुराकानीको आधारमा संझौताको उपायद्वारा निपटाउनतिर लाग्न छोडी जबर्जस्तीसँग झगडा टुंगिनसकेको जग्गामाथि शक्तिको प्रयोग गरी अधिकार जमाउने धृष्टता गर्दाखेरि नै शुरू हुन गएको थियो। अझ स्पष्टरूपमा भन्ने हो भने यस लडाइँको मूल एवं आधारभूत कारण—पचासौं वर्षअगाडिदेखिन् नेपालभित्र ब्रिटिश साम्राज्यवादको जग बसाल्न का निम्ति अंग्रेज कंपनीसरकारद्वारा समय समयमा अपनाएको शान्तिपूर्ण प्रयासहरूको असफलता नै थियो। तर पनि अंग्रेज इतिहासकारहरूले इतिहास लेख्ता—"उनीहरूको ( याने नेपालीहरूको ) गोरखपुर जिल्ला-अन्तर्गतका दुई पुलीस ठानालाई कब्जा गर्ने कुनियतले गर्दा नै युद्ध हुन गएको थियो।"[३] भनी उक्त लडाइँको दोष नेपाललाई दिने प्रयत्न गरेका छन्[४] तथा यसरी नै तिनले आफ्नो साम्राज्यवादी नीतिमाथि बुझ्न पचाएका पनि छन्।

1. Aitchison—Treaties etc. Vol. P. 94.
२. ( टिप्पणी ) यहाँ युद्धको विस्तृत वर्णन गरिएको छैन, र केवल नीतिमाथि मात्र विचार गरिएको छ।
3, H. S. William—The Historians' History of the World—Vol. XXII-P. 126.
4. Smith-Oxford History of India, P. 623.



# VII

संवत् १८७१ ( तदनुसार सन् १८१४ ) मा नेपाल-बृटेन-युद्ध छेडियो। यो लडाइँ शुरू हुनलाग्दा 'यस बखत नेपालले ब्रिटिशसित युद्ध गर्न उचित छ कि छैन' भन्ने विषयलाई लिएर नेपालदरबारमा ठूलो कौसल भएको थियो। यससम्बन्धमा विभिन्न भारादारको बिभिन्न विचार थियो। अधिकांश भारादारहरूले—'हाल ब्रिटिशसित नेपालले युद्ध मोल्नु उचित छैन वा समयानुकूल छैन' भन्ने किसिमको आशय व्यक्त गरेका थिए। नेपालका तत्कालीन उच्चस्तरका भारादार एवं अधिकारीहरू—रंगनाथ गुरुज्यू, दलभंजन पाँडे, रणजोर थापा, अमरसिंह थापा आदि अधिकांश ठूला व्यक्तिहरू युद्धका विरोधी थिए, ( अर्थात् युद्ध गर्ने पक्षमा थिएनन् ) भन्ने इतिहासकार प्रिन्सेपको भनाइ थियो, जुन सूर्यविक्रम ज्ञवालीले आफ्नो पुस्तकमा पनि उल्लेख गरेको पाइन्छ।[१]

'हाल युद्ध गर्न उचित छैन' भन्दै काजी अमरसिंह थापा एवं उनका दुई सहयोगीहरू—हस्तिदल र बम शाहले निम्न प्रकारको आशय व्यक्त गरी पत्र लेखेका थिए—

"........हामीसंग भएको हाम्रो राज्यको बन्दोबस्त गर्दैमा हामीलाई प्रशस्त भएको छ। अवस्थाले गर्दा अंग्रेजसंग लड़ाइँ गर्न हामीलाई कर लाग्यो भने राज्यका (?) प्रतापले हामीले लडाइँ गरी जीतने छौं, तर यो मौका राम्रो छैन।........यो लडाइँ हुन नपावस् भनी हालै दखल गरिएका सबै जग्गा छोडियुन् भन्ने हाम्रो महाराजाधिराजसंग प्रार्थना छ।........ लडाइँ गर्न पर्छ भन्ने जो मानिस हो सो दरबारमा बढेको हो औ सैनिक जीवनको गाहारो सांगुरो कुरा उसलाई थाहा छैन।........बुद्धि र विचारले जसले काम गर्छ उसैले मालिकको काम राम्ररी गर्छ भन्ने एउटा भनाइ छ। ( इत्यादि )

—( प्रिन्सेप-भाग १-१४५९-६१ )[१]

अमरसिंह थापाले आफ्नो पत्रमा यो पनि जनाएका थिए कि अहिले अंग्रेजसित युद्ध हुन गएमा नेपालद्वारा कब्जा गरिएको राज्यलाई त्यसले भड्काउनेछ। अल्मोडाका नवनियुक्त बडाहाकिम भक्ति थापाको कडा शासनले गर्दा जनता असन्तुष्ट थिए, तथा गढवालको पनि यस्तै अवस्था थियो भन्ने उनीहरूको आशय रहेछ।

१. सूर्यविक्रम ज्ञवाली—अमरसिंह थापा—पृष्ठ ६३।
१. सूर्यविक्रम ज्ञवाली—अमरसिंह थापा—पृष्ठ ६०-१।

यस प्रकार सबैंजसो उच्च भारादारहरू युद्ध गर्ने पक्षमा थिएनन्, भनी इतिहासकारहरूले लेखेबाट तथा अमरसिंहका उक्त आशयको पत्र-बाट पनि यो स्पष्ट हुन आउँछ कि त्यस युद्ध गर्ने विषयमा एकमात्र जिम्मेदार व्यक्ति थिए—मुख्तियार भीमसेन थापा। इतिहासकारहरूको भनाइअनुसार त्यस बखतका अधिकांश भारादारहरू सिमानाको झगडा उठेका जग्गाहरू ( जस्तै बुटवल र स्यूराजका भूभाग ) ब्रिटिशलाई सुम्पेर युद्धको स्थिति अन्त गराउन चाहन्थे, जस्तो कि अमरसिंहको पत्रमा पनि उल्लेख गरिएको छ। अनि युद्धविरोधी भारादारहरूको नाममा गुरुज्यू रंगनाथ पनि सामेल गराइएका छन्, तर उनी जग्गा छोड्ने पक्षमा थिए भन्ने देखिन्न। संवत् १८६८ सालमा कचोरवाबाट लेखेको पत्रमा त्यस-तर्फको साँधसम्बन्धी झगडामा आफ्नो राय प्रकट गर्दा उनले जुन कुरा लेखेका थिए, त्यसबाट उनी जग्गा छोड्ने पक्षमा छैनन्, भन्ने साबीत हुन्छ। उनले लेखेका थिए—"........सिरिफ साँधको कुरो गरी मुख्य लोलो-पोतोले नभया धम्की देषाइकन पनि भरिसक्य अघि वीर किशोरले आइ धान वालि लुटि लै गयाका मौजे ७ र लक्ष्मन गिरि मारियाको ठाउँ मात्रै हामितिर थामि हामिलाई बुझाउन्या अघिदेषि हामीबाट छुट्टयायाको मौजा २२ आफैतिर राखन्या डवल अमीनको देखिन्छ. हामिले त्यो बात मन्जूर गर्न आँट्याको छैन. छपरा पनि षतलि मानिस पठायाका छन्. मुनासिव माफिक गौर्नल साहेबलाई पनि लेखि पठाउँला. आज बिग्रन गया ढेरै बिग्रइन्या छ राहका पाठमा भरिसक्य षातिर्सल्लाह मिठ्यास गरिन्यै छ. राहको पाठ छोडि गऱ्याका कुरामा माकल जवाब दिउँला....।"[१] यस पत्रको स्प्रिटबाट रंगनाथ गुरुज्यू जग्गा सुम्पी युद्ध बन्द गर्ने पक्षमा थिए होलान् भनी मान्न अप्ठ्यारो हुन्छ।

जे होस्, काजी अमरसिंह थापाले जतिसुकै दूरदर्शितापूर्ण पत्र लेखे तापनि, तथा अधिकांश भारादारहरू युद्धका विरोधी थिए तापनि अन्तमा युद्ध भैगयो। तर पनि, युद्धारम्भ गर्नु समयोचित थिएन भन्ने आशय प्रकट गर्दै अमरसिंह थापाले ज. भीमसेन थापालाई-दरबारमा बढेको व्यक्तिलाई सैनिक ज्ञान-छैन भनी आरोप लगाए जस्तै, तत्काल युद्ध नगरेकै भए असल हुने कुरा प्रकट गर्दछ,[२] अथवा 'भीमसेन थापालाई लडाईंको केही अनुभव थिएन'[३] अथवा 'यस्तो स्थितिमा अंग्रेजसित लडाईं

१. संपूर्ण पत्रको नक्कल परिशिष्ट नं. २६ मा।
२. बालचन्द्र शर्मा—नेपालको ऐ. रूपरेखा पृष्ठ २५३.
३. सूर्यविक्रम ज्ञवाली—अमरसिंह—पृष्ठ ६६.



गर्न खोज्नु सर्वथा बुद्धिमानी थिएन (प्रिन्सेप)'[१]-भनी इतिहासकारहरूले समेत युद्धारम्भका निम्ति समय उचित थिएन भन्ने आशयबाट भीमसेन थापामाथि दोष लगाउने प्रयत्न गरिएको छ तापनि, त्यो समय युद्धको निम्ति बिलकुलै प्रतिकूल थियो भनी भन्न सकिन्न। अनि स्यूराज तथा बुटवल वा यस्तै एक दुइ टुक्रा जग्गाका निम्ति युद्ध गर्नुको सट्टा ती जग्गा-हरू बृटिशलाई सुम्पिदिनु नै कल्याण छ भनी त्यस युद्धलाई केवल स्यूराज र बुटवलका निम्ति मात्र भएको भनठान्नु पनि राजनैतिक अन-भिज्ञता ठहरिन आउनेछ। यसकारण कि—यो युद्ध स्यूराज वा यस्तै सानो जग्गाका निम्ति भएको थिएन, त्यो त केवल निहुँ मात्र थियो। त्यस युद्धको पछिल्तिर बृटिशको साम्राज्यवादी उपनिवेशवादको सिद्धान्तले कार्य गरेको थियो र यस लडाईंको पृष्ठभूमिमा एक जबर्जस्त सैद्धान्तिक कारण थियो।

संवत् १८४९ (सन् १७९२) सालदेखि, अझ पृथ्वीनारायण शाहको समयदेखि बृटिश शक्तिले नेपालभित्र हात हाल्ने जुन प्रयास गरेको थियो, त्यसको असफलता सन् १८०१ को संधि भंग हुनु र वेलेज्लीको संरक्षण-नीति भारतीय राज्यहरूमाथि लगाएकोबाट यो स्पष्ट हुन्छ कि संसार-भरको मानचित्रमा रातो रंग लगाउने सपना लिएको बृटिश साम्राज्यवादी शक्तिले सजिलोसंग नेपाललाई स्वतन्त्र रहन दिनेछैन। यसैले नेपालका निम्ति अंग्रेजी शक्तिसित हतियार उठाउन आवश्यक मात्र होइन कि अवश्यं-भावी पनि थियो।

यो कुरा मुख्तियार भीमसेन थापाले बुझेका थिए। तर पनि छिटै युद्धघोषणा गर्न उनले सकेका थिएनन्, यस कारण कि उनलाई युद्धका निम्ति धेरै तयारी गर्न बाँकी नै थियो। अन्यथा संवत् १८७१ (तदनुसार सन् १८१४) सम्म पनि नपर्खीकन बृटिशको विरुद्ध युद्ध-घोषणा गरेको भए शायद नेपाललाई बढ्ता लाभ हुने थियो होला कि? किनभने त्यस बखत ब्रिटेनलाई यूरोपमा चलिराखेको नेपोलियनसितको युद्धमा नराम्रोसंग फस्नुपरिरहेको थियो। तर यसै बीचमा बृटिशको विरुद्ध युद्ध-घोषणा नगरीकन अमरसिंहको नेतृत्वमा कांगडा युद्ध गरी देशी राज्यलाई चिढाउने जुन कार्य भएको थियो, त्यो अवश्य पनि सामरिक एवं राज-नैतिक गल्ती सिद्ध हुन आउँछ। अनि नेपोलियनले लडाइँ हार्ने वा उनीसित-को युद्धबाट बृटिशले यति चाँडै फुर्सद पाउन सक्ला भन्ने धारणा रहन

१. सूर्यविक्रम ज्ञवाली—अमरसिंह—पृष्ठ ६३.

नगएकोले पनि नेपालले बृटेनसित छिटै युद्ध-घोषणा गर्ने विचार नगरेको हुन सक्छ।

तर अचानकसंग यूरोपमा चलिराखेको युद्धबाट फुर्सद पाएर बृटिशले आफ्नो शान्तिको नीति बद्ली युद्धका निम्ति तयार देखिन गए-कोमा नेपालले पनि नलडी सुखै पाउने थिएन। स्यूराज र बुटवललाई नेपालसरकारले २५ दिनभित्र छोड्ने भन्ने पत्रको समुचित जवाफ नदिएमा बलजफ्ती कब्जा गर्नु[१]" भनी नवनियुक्त गवर्नर-जनरल मार्क्विस आफ हेस्टिङ्स्ले गोरखपुरका म्याजिस्ट्रेटलाई अचानक दिएको आदेशबाट–उनी युद्धका निम्ति कटिबद्ध भैसकेका थिए भन्ने साबीत हुन्छ। यस्तोसम्म अवस्था पुगिसकेपछि शान्तिपूर्ण तरीकाले झगडा टुंगिन सक्तैन भनी बुझ्नु भीमसेन थापा जस्ता राजनीतिज्ञका निम्ति गाह्रो कुरा होवैन।

फेरि, त्यस वेला बृटिश शक्ति भर्खरै नेपोलियनसितको युद्धबाट थाकेको थियो तथा उसले भारतमा पनि युद्धका निम्ति राम्रो तयारी गर्ने समय पाइसकेको थिएन भन्ने कुरा पनि शायद भीमसेन थापाले बिर्सेका होवैनन्। यसैले पनि त्यस वेला युद्धमा हाम्फालनका निम्ति उनले उचित ठानेका थिए होलान् न कि केवल युवक जोशको भरमा मात्र। यदि अरू भारादारहरूको सल्लाह र सुझावअनुसार झगडा उठेको जग्गा बृटिशलाई सुम्पी त्यस बखत लडाइँ नगरेको भए—शायद तत्कालका निम्ति युद्ध-को कुरा स्थगित हुनेथियो होला, तर त्यसबाट नेपाललाई लाभ हुने थियो भनी भन्नचाहिं सकिन्न। त्यसो गर्नुको अर्थ हुनेछ–बृटिश शक्तिलाई युद्धको विस्तृत तयारीका निम्ति अवकाश दिनु। ब्रिटिशले पूरा गरिसकेपछि लड्नु परेको भए (किनकि युद्ध त अवश्यंभावी छँदैथियो)—शायद यति पनि नेपालको स्वतंत्र अस्तित्व बच्ने थियो थिएन! यसर्थ भीमसेन थापाले तत्कालै युद्ध गर्नुपर्छ भनी जोड गरेकोमा केवल युवक जोशको भरमा मात्र हो भनेर आरोप लगाउनु एक स्वतंत्रताका रक्षकमाथि ठूलो अन्याय हुन जानेछ। अनि उनले हड़बडीमा लडाइँको पक्ष लिएका थिए भनी भन्न पनि उचित छैन। बरु बृटिश गवर्नर-जनरलले नै हडबडीसाथ युद्ध घोषणा गरे भन्नमा अत्युक्ति हुनेछैन।

त्यसैले तत्कालको मात्रै शान्ति चाहेर देशको भविष्यप्रति दूर-दर्शितापूर्ण ढंगले सोच्न नसक्ने तत्कालीन भारादारहरूमा रहन गएको निरुत्साही हीनता-बोधको भावनालाई मार्न तथा राजा, जनता

१. बालचन्द्र शर्मा–नेपालको ऐ० रूपरेखा पृष्ठ. २५२।



एवं फौजमा अहंभावना पैदा गराई आफ्नो शक्तिप्रति विश्वास, आस्था र उत्साह भर्न थ्रो ५ लाई सम्बोधन गर्दै जनरल भीमसेन थापाले भनेका थिए—

"हजूर र हजूरका पुर्खाका सौभाग्यले कसैले आजसम्म नेपालसित जोरी खोज्न सकेको छैन। चीनियाहरूले एकचोटि हामीसंग लडाइँ गर्न खोजेथे तर उनीहरूलाई मेल गर्न कर लागेथ्यो[१]। अंग्रेजहरू कसरी पहाड-भित्र पस्न सक्लान्? हजूरका प्रतापले हामीहरू ५२ लाख सिपाहीले उनीहरूसित लडाइँ गर्नेछौं, औ उनीहरूलाई (आफ्नो देशबाट) निकालि-छाड्नेछौं। मान्छेले बनाएको भरतपुर सानु किल्ला थियो। तैपनि अंग्रेज-हरूले त्यसलाई जित्न सकेनन्[२] औ त्यसलाई जित्ने आशा उनीहरूले छोड्नु पऱ्यो। हाम्रो पहाड ता स्वयं ईश्वरले आफ्ना हातले बनाएको हो औ यो कसैले जितेर जितिनसक्नु छ। यो कारणले लडाइँ गर्नुपर्छ भन्ने मेरो सम्मति छ। पछि हामीलाई अनुकूल पर्ने शर्तमा हामीले सन्धि गरे पनि हुन्छ।"[३] (प्रिन्सेप)

यस किसिमको भाषण गरी मुख्तियारले 'लडाइँ गर्नै पर्छ' भन्ने आफ्नो जोडदार एवं दृढनिश्चयी विचार पेश गरेका थिए, तथा उनकै विशेष जोडबाट नेपालले युद्ध गर्ने निश्चय पनि गऱ्यो र युद्ध पनि भयो।

× × ×

भीमसेन थापाले यस लडाइँमा लड्नका निम्ति विशेष जोड गरेको कारणमा–, उनको व्यक्तिगत स्वार्थ थियो भनी इतिहासकार प्रिन्सेपले आफ्नो पुस्तक- History of the Political and Military Transaction ( Vol. I- P. 80 ) मा लेखेका रहेछन्। प्रिन्सेपको भनाइ-अनुसार—( युद्धको कारण हुन गएको ) स्यूराज र बुटवलको आम्दानी एक लाखभन्दा घटी नहुँदो हो औ यो रुपियाँ भीमसेन थापालाई आफ्नो मानरक्षा र भविष्यमा झन् ठूलो हुने चेष्टा पूर्ण गर्नको लागि नितान्त आवश्यक थियो[४]।

१. संवत् १८४९ को नेपाल-चीन–युद्ध, तथा बेत्रावतीमा संझौता।
२. संवत् १८६२ मा भरतपुरमा कब्जा गर्नमा असफल।
३. सूर्यविक्रम ज्ञवाली–अमरसिंह थापा–पृष्ठ ६५.
४. सूर्यविक्रम ज्ञवाली–अमरसिंह थापा–पृष्ठ ६७.

इतिहासकार प्रिन्सेपले यस प्रकार भीमसेन थापामाथि आरोप लगाई उनले अंग्रेजको विरुद्धमा लड्नुपरेको वास्तविक कारणलाई लुकाउन खोज्नु,–निश्चय पनि अंग्रेजी साम्राज्यवादी उपनिवेशवादको विरोध-कार्यलाई सहन नसक्नु हो। यस्तो लेखी एक देशभक्तलाई दोष लगाउँदै त्यस युद्धको पछिल्तिर लुकेको आफ्नो, अर्थात् बृटिशको सारा संसारका राज्यहरूको स्वतन्त्रतामाथि गिद्धदृष्टि लाउने नीतिलाई ढाकछोप गर्ने उनको असफल प्रयास मात्र हो। यो केवल बृटिश संरक्षण-नीतिको वास्तविक अर्थ बुझी त्यसका विरोधी भएकाले मात्र हॉग्सन र ह्यामिल्टनहरूले जस्तै उनको बदनाम मात्र गर्ने प्रयत्न गरिएको हो। अन्यथा युद्धबाद बुटवल र स्यूराजलाई भीमसेन थापाले बिर्ता बनाएको देखिएको छैन।

साथै, जनरल भीमसेन थापाले अंग्रेजसित यसरी युद्धमा हाम्फाल्नु उनमा "दूरदर्शिताको अभाव थियो, राजनीतिज्ञता थिएन, र वास्तविक स्थितिको ज्ञान थिएन वा 'उनमा समसामयिक भारतीय राजनीतिको ज्ञान थिएन' वा 'उनको विचार गंभीर थिएन'[१] भनी विभिन्न आरोप लगाउन खोज्नु पनि उनको एकतीस वर्षको सफल शासनलाई नबुझ्नु हो। उनको परराष्ट्रनीति, जुन कि आधुनिक नेपालको इतिहासमा सबभन्दा सफल एवं कूटनैतिकतापूर्ण, संतुलित, परराष्ट्रनीति दर्शिएको छ, र जसको सफलताको प्रमाणस्वरूप नेपालको स्वतंत्र अस्तित्व आजसम्म अटल भएर रहन सकेको छ, त्यस नीतिलाई नबुझ्नु हो। अझ एशिया महाद्वीपबाट नै बृटिश हस्तक्षेपलाई हटाउने बृहत्तर उद्देश्य लिई एशियाई एकताका निम्ति उठाइएको गौरवमय कार्यप्रति आस्थापूर्ण दृष्टि राख्न नसक्नु हो भन्नुमा शायद कुनै अत्युक्ति हुनेछैन। अन्यथा, उनको विचारमा दूरदर्शिता थियो वा थिएन भन्ने कुरा त उनको शासन नीतिबाटै थाहा हुन्छ। अनि उनमा समसामयिक भारतीय राजनीतिको ज्ञान थियो वा थिएन भन्ने कुरा पनि युद्धको समय तथा अरू वेलामा पनि, उनको सरकारले विभिन्न राज्यलाई लेखेका विभिन्न चिट्ठीहरूबाट थाहा हुन्छ। अझ अंग्रेज कंपनीसरकारका गवर्नर-जनरल लार्ड वेलेज्लीद्वारा भारतका राज्यहरू हडप्ने उद्देश्यबाट प्रस्तुत गरिएको नीति, जुन कि त्यस बखतको भारतीय राजनीतिलाई संचालन गर्ने नीतिहरूमा मुख्य नीति थियो,—र जसलाई बुझ्न नसकेरै कैयौं भारतीय राज्यहरूले त्यसको जालभित्र फँसी आफ्नो स्वतंत्रता गुमाउनुपरेको

१. सूर्यविक्रम ज्ञवाली-अमरसिंह थापा-पृष्ठ ६६।



थियो। त्यस संरक्षण-नीतिको वास्तविक अर्थ बुझ्ने एउटै व्यक्ति-जनरल भीमसेन थापा थिए-भनी स्वयं अंग्रेज कूटनीतिज्ञले समेत स्वीकार गरेकोबाट पनि भारतीय राजनीतिमाथिको उनको ज्ञानलाई स्पष्ट गराउँछ।

अनि 'उनको विचारमा राजनीतिज्ञता थिएन' भन्ने आरोपको खण्डनस्वरूप केवल यी पंक्तिलाई नै उल्लेख गरेमा पनि शायद ज्यादा हुँदो हो, जुन भीमसेन थापामाथि उनैका कट्टर ज्यानीदुश्मन ब्रायन हॉग्सनले ....मृत्युपछि व्यक्त गरेका थिए, कि—"...............वर्तमानकालीन देशीय राजनीतिज्ञहरूमा, सिवाय रणजितसिंह, म एक जना पनि यस्तो देख्दिनँ जो नेपालका स्वर्गीय जनरल भीमसेन थापासित दाँजिनमा योग्य छन्........"[१]।

फेरि जनरल भीमसेन थापा यस युद्धमा उत्रँदा, उनले इतिहासमा आफ्नो नाउँ अमर गराउन तथा यश फैलाउने विचारले मात्र उत्रेका हुन् भन्ने शंका प्रकट गर्दै उनलाई दोष दिने प्रयत्न पनि इतिहासकारहरूबाट भएको देखिन्छ[२]। यो त झन् आश्चर्यजनक दोष भयो। हो, शान्तिकालीन अवस्थामा कसैले सुधारपूर्ण एवं रचनात्मक कार्य गर्न लाग्दा आफ्नो यश र कीर्ति फैलाउने बारे पनि शायद शोच्दा हुन्। तर युद्धकालीन खतरापूर्ण अवस्थामा, जबकि आफ्नो समस्त बुद्धि र बर्कत राष्ट्रको बचावटका निम्ति नै लगाउनुपर्ने हुन्छ, यस्तो समयमा त्यसतर्फ शोच्ने फुर्सद नै कसलाई होला?

के जनरल भीमसेन थापालाई त्यति साधारण वा निम्न स्तरका राजनीतिज्ञ संझौं,—जो आफ्नो व्यक्तिगत यश र कीर्तिको लोभमा संपूर्ण राष्ट्रको अस्तित्वलाई नै खतरामा पारेर युद्ध गर्न पुग्छ?

हो, अंग्रेजसितको यस युद्धमा हाम्रो देशको इज्जत एवं अस्तित्वको क्षति भएन। त्यत्रो शक्तिसँग लडेर पनि नेपालले आफ्नो सार्वभौमिक स्वतंत्रताको रक्षा गर्न सक्यो। यसको श्रेय तत्कालीन सेना, सेनापतिसहित मुख्तियारलाई पनि मिल्यो, तथा उनीहरूको प्रशंसा युग र इतिहासले पनि गर्‍यो। तर केवल यशकै निम्ति मात्र भीमसेन थापाले अंग्रेजसित युद्धको खतरा मोलेका थिए भन्नुमा राजनैतिक गल्ती मात्र हुने होइन, कि त्यसबाट युद्धको सैद्धान्तिक पृष्ठभूमि एवं जोशलाई नै धमिल्याएर राष्ट्रिय-गौरवमा नै धक्का पुर्‍याउँछ। वास्तवमा जनरल भीमसेन थापाले

1. W. Hunter – Life of Hodgson – P. 11.

२ सूर्यविक्रम—अमरसिंह—पृष्ठ—६५.

यो लडाइँ केवल यशका निम्ति लडेका थिएनन्, कि सारा संसारमा आफ्नो विजयी झण्डा गाड्न भनी निस्केको बृटिश शक्तिको नेपाललाई पनि निल्ने निश्चित र दृढतापूर्ण भीषण आक्रमणबाट, देशलाई बचाउनका निम्ति लडेका थिए। अझ सके समस्त भरतखण्डबाट नै फिरंगीलाई निकाल्ने उद्देश्यमा उनले लडेका थिए।

## VIII

संवत् १८७१ ( तदनुसार सन् १८१४ ) मा शुरू भएको यस युद्धका निम्ति जनरल भीमसेन थापाले देशभित्र सामरिक सामग्री तयार गर्नुको साथै भारतका विभिन्न राज्य एवं चीन र तिब्बतसित पनि सहायता मागिपठाएका थिए। मरहट्टा, रोहिल्ला एवं सिख आदि अधिकांश भारतीय राज्यहरू-अंग्रेजी शक्तिसित सन्तुष्ट थिएनन्, भन्ने बुझिएको हुँदा शायद उनीहरूले सहायता गर्छन् कि भन्ने आशा लिई नेपालसरकारले विभिन्न स्थानमा दूत पठाई अंग्रेजको विरोधमा खडा हुनका निम्ति अपील गरेका थिए।

संवत् १८७० सालका अन्ततिर पं० पद्मपाणि शर्मा नेपालको दूत भई ग्वालियर पुगेका थिए। तिनले मुख्तियार भीमसेन थापा, तथा रणजोर थापालाई लेखेको पत्रमा आफूले ग्वालियरमा बसी गरेको अंग्रेज विरोधी कार्वाईमाथि प्रकाश पारेका छन्। उनले लेखेका छन्—"........वैशाषको दिन पन्ध्र जाँदा. ग्वालियर दौलत रावका लस्करमा पुग्यौं. शास्त्री फागुनमा विदा हुनु भएछ. हाम्रो अवाइ सुन्दा थामिनु भयाको रहेछ. वाटमा भेट्न आउनु भयो. हामि मुसाफिर चालले आयाका वस्त्रपातको मियानाको वन्दोवस्त गरि साथ लैगि गोपाल राव भाव साहेवसंग[1] रामचन्द्र आपासंग[2] भेट गराया' विस्तार सोधनि गऱ्या यथोचित योग्य प्रत्युत्तर दिञौं........।"[3] अंग्रेजको आँखा छली नेपाली दूत यसरी ग्वालियर पुगेका थिए।

आफू ग्वालिएर आउनुपरेको कारण भाउसाहेबलाई यसरी वताएँ भन्दै उक्त दूत लेखतछन्,—"......जागीरदार सिपाही जंगी फौज षर्षजाना तैयार छँदै छ। राजकुलमा जन्म भैकन विना उद्योग रहनु हामिलाई पनि

१. र २—ग्वालियरका तत्कालीन शीर्षस्थ भारादार।

३. संपूर्ण पत्र परिशिष्ट नं० २३ मा।



अनुचित छ. नामले, कामले, जमैयतले संसारभरमा हिन्दू नाममा जो छन्. तन्ले आशा राषियाका ( ग्वालियरका ) महाराजाले पनि अनुद्योगी भैरहनु अनुचित छ. तसर्थ महाराजका र हाम्रा संमतले उभय पक्षको हित हुन्या उद्योग गर्न्या हो. यो संमत विति गर. हाम्रो करोडौं कोतलाई दबायाको फिरंगीले छ. करोडौं षर्च १० वर्ष संमको मिहनत परास गऱ्याको सिषले[1] छ. इनसंग लड्ना मिल्नाको अनुसन्धान महाराज ( ग्वालियर ) का सम्मतले हुन्या छ भनि हजूरबाट ( भीमसेन थापा ) हुकुम भयो र हामि आयाका हौं भनि गोपालराव भावसंग भन्यौं...।"[2]

अंग्रेजको विरुद्धमा लड्नका निम्ति सहायता र सम्मति माग्न आएका नेपाली दूतको कुरालाई ग्वालियरका तत्कालीन भारादारहरूले अस्वीकार गरेनन्, तथा अरू देशी राज्यसित पनि यस सम्बन्धमा पत्र लेख्ने वादा गरेका थिए, भन्ने कुरा सूचित गर्दै पं० पद्मपाणि शर्माले आफ्नो उक्त पत्रमा लेखेका छन्,—"......हाम्रा पनि मनमा यही छ. आपसिमा एक वाक्यता भएको.छ. यस घरिमा यो संमत हजूरबाट आयो त. अव काम साध्य छ. द्रव्यले र जन्ले ता उस्को र हाम्रो समता थियो. अव श्री ५ संग मजबुति दोस्ति एक वाक्यताले काम हुँदा स्थल विशेषले हामि बलवान भञौं. फिरंगीसंग कदाचित मिल्नु छैन सिखसंग मिल्नु पर्न्या छ. हाम्रा उस्संग दोस्ति छ. तिमेरूका उर्ज राषि. सवाल हालि उसले श्री ५ संग मिल्नाको पाठ पारौंला. काम ठुलो छ. विस्तारसंग सभै होला. महाराजसंग मबाट विस्तार भयाको छ. तिमीलाई मुलाकात गराइ. एकांतमा विस्तार सुन्नु सुनावनु गराइ पश्चिम तर्फ पनि पत्र लेषन्या. काम गरौंला भनि भाउसाहेवले भन्या........।"

यस प्रकार ग्वालियरका राजा तथा मंत्री भारादारहरूले नेपालसरकारका दूतलाई अंग्रेजको विरुद्धमा सहायता गर्नका निम्ति आशाप्रद जवाफ दिएका थिए तापनि ग्वालियर अंग्रेजसित युद्धमा हामफाल्नका निम्ति वास्तवमा तयार भैसकेको थिएन, तथा सिख सरकारसित पनि उनीहरूको कुरा तय भैसकेको थिएन। यसको कारण यही थियो कि–सिख सरकारले दौलतरावलाई अंग्रेजसित पनि मिल्ने आशा राख्तै ढुलमुल नीति अपनाउँदा रहेछन् भनी आरोप लगाएका रहेछन्। यस कुराको उल्लेख

१. शायद कांगडा युद्धको संकेत होला—लेखक.

२. संपूर्ण पत्रको नक्कल परिशिष्ट नं २३ मा।

नेपाली दूत पं. पद्मपाणि शर्माले आफ्नो पत्रमा यस प्रकार गरेका छन्—"
..........सिषसंग क्या मिल्याको रहेनछ भन्या. हामीसंग पनि दोस्ति करार छ भन्या. फिरंगीसंग पनि मिलिरहन्या. तेस्तो योग्य छैन. हामीसँग दोस्ति छ भन्या. आगरा दिल्ली तिमि अंवल गर. नाही भन्या. हामिले चढाई गरि त्यो जग्गा लियापछि. त्यो जगाहा हाम्रो हो भन्नु योग्य छैन. भनि यसपाला सिषले वकिल पठायाको रहेछ. हामिसँग वस्या पछि यसको पनि जवाप सवाल चल्यो..........।"

साथै, ग्वालियर नरेश सिख सर्कारसंग कुरा तय भैसकेको छैन भन्ने चर्चा गर्दै ग्वालियर मंत्री भाउसाहेवले "..........हाम्रा सिषसंग पक्का अझ भयाको छैन. त्यो सिषका वकिलसंग वन्दोवस्त बाँधि हाम्रा वकिल साथ गरि पठाउँछौं उस्को हाम्रो पक्का भएपछि तिमेरूका पैगाम लगाउँला यो सूचना हुल्करलाई पनि दिनु पर्छ[1]" भनी नेपाली दूतलाई बताएका थिए।

तर पनि ग्वालियर त्यो वेलासम्म अंग्रेज-विरोधी युद्धका निम्ति तयार हुनेछैन, जुन वेलासम्म सिख तयार हुँदैन भन्ने कुरा नेपाली दूत-हरूले बुझे। यसको कारण थियो–ग्वालियर–नरेश ब्रिटिशको चंगुलबाट बिलकुल आजाद भैसकेका थिएनन्। यसो हुँदा, यी सब कुराको तय गर्न तथा सिख सरकारसित कुराकानी चलाउन भनी नयनसिंह थापा गए। यसको सूचना पद्मपाणि शर्माले यस प्रकार दिएका छन् "...पश्चिमबाट फुर्सद पाई सिषले कंवर वंदि नगरेंजिसंम इ कसैले मुन्टो उठावन्या छैनन्. सिष तयार भयापछि सभै सामील हुन्या छन्. योसभ विस्तार ली चाँडो फिर्न्या गरि नयनसिंह थापा मुहुडामा गयाछन्....।"

यसकारण कांगडाको युद्ध-समयमा नेपाल र पंजाबसरकारको बीचमा केही तोड परेको थियो, तापनि अंग्रेजसित हुन लागेको त्यस भीषण युद्धमा विगत वैमनस्यलाई बिर्सी सिखसरकारको सहायता माग्न नेपालसरकारले उचित र आवश्यक ठान्यो। हुन पनि बलवान् तथा साजा शत्रुसित लडी त्यसलाई जम्बूद्वीपबाट नै निकाल्ने उद्देश्यलाई सफलीभूत पार्नका निम्ति यी राज्यहरूले आपसको सानातिना वैमनस्यलाई बिर्सेर संगठित हुनु जरूरी थियो।

यी कुरा महसूस गरी नेपालसरकारका तर्फबाट पश्चिमी मोर्चाका मुख्य सेनापतिमार्फत सिख-दरबारमा दूत बनाई खरदार पृथ्वीविलासलाई

१. संपूर्ण पत्र परिशिष्ट नं. २३ मा।



पठाइयो। शायद कांगडा-युद्धमा अमरसिंह थापाले नै रणजितसिंहसित लडेको हुँदा मैत्री संदेश पनि उनैको नाउँमा पठाइएको हुन सक्छ, ताकि अगाडिको वैमनस्यताको वातावरण यसबाट हट्न सकोस्। पृथ्वीविलास नामक दूतले लिएर गएको सन्देशबाद नेपालसरकार र पंजाबसरकारको बीच अंग्रेजसित हुने युद्ध-सम्बन्धी वार्तामा काफी प्रगति भैसकेको थियो भन्ने साबीत हुन आउँछ। नेपालसरकारतर्फबाट रणजितसिंहछेउ पठाइने संदेशको लागि काजी अमरसिंह थापाले राजदूत खरदार पृथ्वीविलासको नाउँमा गरिदिएको सवालपत्रमा लडाईंको पूरा कार्यक्रम एवं गुप्त योजना-हरूसमेत स्पष्ट गरिएको छ। यदि सिखसरकारसित नेपालसरकारको लडाइँ सम्बन्धी वार्तामा निश्चित रूपमा कुराकानी चलिसकेको नभए यसरी युद्धको संपूर्ण गुप्त योजना तथा कार्यक्रम खोली पत्र पठाइने थिएन होला।

सिखसरकारछेउ गएर वार्ता चलाउनका निम्ति नेपालसरकारका तर्फबाट काजी अमरसिंह थापाले खरदार पृथ्वीविलासको नाममा गरिदिएको अख्तियारनामाको सवालपत्र यस प्रकार छ :—

" श्री दुर्गा सहाय :—

| छाप |

स्वस्तिश्री काजी अमरसिंह थापा कस्य पत्रम्— — —आगे षरीदार पृथ्वी विलास उपाध्याके, सीष रणजीतसिं-छेउ गर्ना काम् कुराको सवाल लेषिदिञां — — — —

तप्सील

प्रथम सवाल ।। गोर्षा. सीषले सामील भै गर्नाकाम्. षालसा सर्कारबाट गोर्षा सर्कारको मद्दत् गरि अंग्रेजसंग काजगर्न ठहऱ्या. उभो ४०।५० हजार उधो २०।२५ हजार सवारि फौज वढि पलासिमा आइ रामसरन्याको मुलुक् लुट्नु पोल्नु धोस्त गर्नु. सो गऱ्यापछि जति पहाडमा चढ्याको र कविलासपुरमा पुग्याको अंग्रेजको फौज छ गोर्षाले लढाईं गरि कत्तल गरि षारिज गर्नु — — —
— १

दोश्रो सवाल ॥ षाल्सा सर्कारको फौज गोरषपूर पंजोरमा पुग्या पछि गोर्षाबाट नहाणमा चढयाको अंग्रेजको फौज लाई षारीज गर्नु. पंजोर रामगढ श्री मोहोडको हो वंद्दी पलासि हन्डूरको हो. इ जगा गोर्षा सर्कारले षानु — — — — — २

तेश्रा सवाल ॥ जमना पश्चिम् जम्वूपूर्वका डुग् र जालंधरका पहाडिया राजा रजौटाहरूले. अघीदेषि वहुत् मेहजरी गरी अघि जससंग मिल्या पछि उसैलाई दगा दिन्या काम् गरि आयाको छ. कांगडा लगायत् अघी.चंदको अम्मल् थिया. अकवर शाह जहाँगीरसाहा बातसाहालाई ल्याइ कांगडा लगायत् पहाड वात्साहाको अम्मल गराया फेरी संसार-चंदलाई लैगी वात्साहाबाट रह्याका ठानादार किल्लेदार-लाई घेरा छेका किल्ला तंग भै अम्मल् हुन्या वेलामा संसार चंदलाई छलि. किल्ला जैसिको अम्मल् गराया. तेतिभया पछि फेरी संसारचंदलाई लैगि जैसिका ठानादार किलेदारलाई घेरा छेका गरि. किल्ला कांगडालगायत पहाड संसारचंदको अम्मल् गराया. फेरि संसारचंदलाई दगादी गोर्षासिंग मिल्या. संसारचंदका किल्लेदारलाई घेरा छेका गरि किल्ला तंग भै अम्मल् हुन्या वेलामा सीषसंग मिल्या. आज र सिष मुलुक् पनि षान्या कौडि पनि भरिगरि लिन्या गोर्षा भन्या राजै षान्या. गोर्षा सीष इ दुवै हाम्रा सव्यका छैनन् मुलुक पनि पालन्या कौडि पनि सलुक्संग थोरै लिन्या बढिया हामिलाई अंग्रेज छ भनि जमनापश्चिम जम्वू पूर्वका राजा रजौटाहरुले यहि मतो जमाई अंग्रेजसंग मंत्र मिल्या. वाह्र ठकुराईका कहलुर्लगायत् राजा राना सबै मिल्या. सतरुद्रापश्चिम्का राजा संचारचंद प्रभृति सर्वको यो मतो ठहराई लिषत् पढत् भयाको छ. तस् अर्थ राजा संसारचंदलाई कयद गरि टिहिरामा मोर्चालाई. यस काज्मा लाग्यापृष्ट शुद्ध होला — — — — — ३

चौथो सवाल् ॥ षाल्सा सर्कारको फौज. सतरुद्रातरी वार आउदा जमना. सतरुद्रावीचका पटेलालगायेत् सीषजति छन् षाल्सा सर्कारका तावेमा र सल्लाहमा आउन्या सीषलाई षाल्सा



सर्कारवाट थाम्न ठह्र्याकालाई थामी षारीज् गर्न ठह्र्याकालाई षारीजगरी पैसा मुलुक षाल्सा सर्कारले षानु — — — ४

पाचवा सवाल् ॥ षाल्सा सर्कारबाट काज गर्न्या ठह्र्या पछि गोर्षा सर्कार-बाट आफ्नो अम्मल्को पहाड छुटाउँजो मात्र गर्नन् फेरी गरैनन् भन्या संदेह षाल्सा सर्कारमा पर्नजाला. तेसमा कत्ति संदेह नराषनु मधेसका काजलाई षाल्सासर्कारको फौज जमना किनारामा पुग्दा गोर्षासर्कारवाट १५ हजार फौज सामिल् गर्नु. षाल्सा सर्कारको फौज् हरिद्वारमा पुग्दा गोर्षा सर्कारवाट ३० हजार फौज सामिल् गर्नु. षाल्सा सर्कारको फौज वरेलीमा पुग्दा गोर्षा सर्कारवाट ६० हजार फौज सामिल् गर्नु. षाल्सा सर्कारको फौज लष्नौमा पुग्दा १ लाष फौज गोर्षा सर्कारवाट सामिल् गरी गोर्षाका भारादारसमेत् सामील् रहनु — — — ५

छैटवा सवाल् ॥ दक्षिणी राजा दौलथ राव सिंधिया. मल्लार राव मीर षाँ छेउ गोर्षाका वकिल् पद्मपाणी पंडित वस्याका छन्. दक्षिणीहरूका चिठीमा गोर्षाको मदत गर्न्या र. हिंदुस्थान् उकासन्या आफ्नु आफ्नु मतलव पुऱ्याउन्या वषत् परिर-हेछ. तिमीले पनि तेतावाट काज गर्न्या हो भनि हामिले पनि षाल्सा सर्कारलाई षलीता पत्रलेषी वकील पठायाको छ भन्या विस्तारलेषी जमानी अन्हाइ पठायाको संकर पंथ इहाँ आइपुग्यो. मुष्य दक्षिणीको फौज पनि साहारणपुर वाउन्न्यामा सामिलहोला. उस् जगामा सामील हुनआइ-पुगेन भन्या पनि गंगाजीका किनारामा भन्या सामील्-होला. षाल्सा सर्कारका र. मर्हट्टाका सवार गोर्षा सर्कार-का पैदल् सिपाहि तोप वंदुक घना भयापछि तेस् संगका लडाजिमा परमेश्वरले पनि फत्य हिंदुकै गराउनन् — — — — ६

सातवा सवाल् ॥ लष्नौको नवावलाई अंग्रेजले दवायाको छ. यसाल कलकत्ताबाट गौरनल् आउदामा नवाप् पैल्हे पैल्हे मिलाप गर्न गयेनन् पछि सहाय कतैको नपाउँदा उस् वषत्

माफिक्को कामकुरा गऱ्या त पनि अंग्रेज देषि दिक्कै छ. अघी नवाप सुजा दौलाले षायाको वरेलिन जिमावाद वाहिक् कठेर लगायत् सारा मुलुक तिमीले षानु अंग्रेज-संग हंगामा गर्नु भनि षाल्सा सरकारबाट षत्पत्र वकिल गया पछि नवाप गोर्षा षाल्सा सर्कारसंग सामिल् हुनन् उनले सामील् हुँदा भारीफौज षजाना तोप सामील् हुंछ. नवापका षत्पत्र राज्यमा पायिया पछि वनारस्देषि उढोको राजा प्रजा सबै नवाप्संग सामील हुन्छन् फिरंगीका हिन्दुस्थानी सिपाही जतिछन्. हिंदुको राज्य हुन्छ तिमीहरू अंग्रेजको साथ छोडी हामिसंग सामील् हौ भनि नवाप्बाट झिक्ता उ सिपाही पनि सामिल हुन आउन्या छन्. तेतिहुन्दा गोराका पल्टन मात्र रहंदा फिरंगीको फौज पातलो पर्न्या छ. — — ७

आठवा सवाल ।। नजिमावादमा पुग्यापछि रामपूरको नवाव् फर्त्तुल्ला षाँ रोहिल्लाको अघीको मुलुक् तिमीले षानु. अंग्रेजसंग हंगामा गर्नु भनि गोर्षा र षालसा सर्कारबाट षत् पत्र गयापछि ३०।४० हजार तर्वारिया रोहिल्ला सामील हुन्याछ. — — — — — ८

नववा सवाल ।। येति काज भयापछि दिल्ली, आगरा, काशी लगायत् गंगा जमुनाको अंतरवेदमा अघी पहाडका राजाले षाइ र्चचि आयाको जग्गा वाहिक् अरू सबै राज्य षाल्सा सर्कारले षानु. कासीपुर रुद्रपुर स्वप्नाहा वेलाहाटी नानकन् (न्) ला अघीको कुमाँउको अम्मल् ही. वरेली पश्चिम नजिमावाद पूर्व गंगाजि उत्तर हाजिपुर वेलिया तेह्उत् महानदि लगायत् पुरैनिजासमेत् गोर्षाले षानु. बांकी नवाप कास्मल्ली षाँको राज्यमध्ये सहर मुसुद्दावाद पटना झरिषंड गया स्वथेविहार र दक्षिण तरफ् अंग्रेजको मुलुक् टेपुको अघिको राज्य मुरं पट्टन् समेत्को राज्य मरहट्टाले अम्मल् गरि षानु. — — ९

दशवा सवाल ।। यो काज गर्न लाग्यापछि चैत्र महिनामा सहारणपुर पुग्नु. ७२ सालको अषाढ श्रावनमा लषनौमा पुगी चतुर्मासाको छाउनी वाही गरी दिहराको सायत गरि वनारस जानु.



यस काजको उद्योग उठाएका ४।५ वर्षमा मुसुद्दावाद पुगीयेला. षाल्सा सर्कार र. गोर्षा सर्कारबाट काजको कम्मर कसीया पछि हिंदुनामा जतियेक छन्, सो हिंदु-स्थानमा षडा भै सामील हुन्याछन्. यो काज श्री पसुपति नाथ. श्री गुरु गोरष नाथ श्री गुरु अमर दासले पऱ्या-उन्यै छन् — — — — — १०

येगारवाँ सवाल ।। यो काज पुग्या पछि गोर्षाका सिवाना महानदी कनका तिष्णादेषि. वंगाला कलकत्ता नजीक् पर्दछ, तेस् मधेस्को मोहोडो गंगाजी उत्तर गोर्षाको ठानु राषनु. मुसुद्दावाद अम्मल नहुंजीसंम षाल्सा गोर्षा मरहट्टा तिनै सर्कारको फौज गै अम्मल् गर्नु. मुसुद्दावाद लगायत् गंगाजी दक्षिण मरहट्टाकाठाना राष्नु पूर्व तरफ् गोर्खाका ठानामा र मरहट्टाका ठानामा जहाँ अंग्रेजले जाइ षलस् गऱ्यो हान्यो वाहा षाल्साबाट फौज गै गोर्खा मरहट्टाको मदत गर्नु, पश्चिम् तरफ् अटक (क) लगायत् षाल्साका ठाना राखनु. कावील् कास्मीर जौन जगामा हंगामा चल्यो गोर्षा सर्कारबाट र मरहट्टाबाट फौज गै षाल्सा सर्कारको मद्दत् गर्नु — — ११

वाह्रवा सवाल ।। हाल् दिल्ली आगरामा फौज जादा पूर्व तरफको अंग्रेजको फौज षजाना छेकिदैन. प्रयागको किल्ला अमल् भयापछि दिल्लि आगरालाई र पूर्वबाट आईन्या मद्दत् छेकिंछ. रस्ता रस्ता घेरा छेका गरी दिल्लि आगरा अम्मल् गर्न्या काम्होला षाल्सा सरकार गोर्षा सर्कार मरहट्टाबाट काज गर्दा आफ्ना जोरमाफीक भर्तपुर्वाला रणधिरसिंह पनि काज गर्नामा सामील हुन्या छन् — — — — १२

तेह्रवा सवाल ।। यो सवाल लेषीयाको छ. यो षाल्सा सर्कारमा वच्चाइ सुनाउदा जो कुरा मजरा पऱ्यो सो वढिया भयो. जो मजरा परेन. सो खाल्सासर्कारबाट ठहरायाको २ सर्कारको बढिया हुन्या कुरामा वषत्माफीक् तैले वाहा गर्न्या कुरा वाहा गरि जाहा लेषन्या कुरा जाहा लेषि पठाउनु हजुर विंतिगरिबक्साउला — — — १३

संवत् १८७१ साल मिति माघ वदी १३ रोक ३ शुभम् — ।"

यसप्रकार यो सिद्ध हुन आउँछ कि नेपालले अंग्रेजको विरुद्ध हतियार उठाउन भारतका समस्त प्रमुख राज्यसित सहायता मागेको थियो। नेपालसरकारका तर्फबाट काजी अमरसिंहमार्फत रणजितसिंहछेउ पठाइएको दूतको नाममा भएको उक्त सवालपत्र, जसमा युद्धको सारा योजना अंकित भएको छ, त्यस पत्रबाट यो स्पष्ट हुन आउँछ कि—नेपाललाई अंग्रेजको विरुद्धमा सहायता गर्न रणजितसिंह लगायत अरू दक्षिणी राजाहरूले पनि विश्वास दिलाएका थिए। तर ऐन मौकामा, अर्थात् युद्धको समयमा—नेपाललाई कुनै पनि भारतीय राज्यहरूबाट सहायता मिल्न सकेन, र नेपालले केवल आफ्नै फौज र खजानाको भरमा एकलै लड्नुपऱ्यो। यसमा अवश्य पनि भारतीय देशी राज्यहरूले धोखा दिएको मान्नुपर्छ।

नेपाल-ब्रिटेनको त्यस युद्धको वर्षदिनबाद नै मरहट्टा-शक्तिले बृटिशसित तेस्रो तथा आखिरी युद्ध लड्यो।[१] यदि यो लडाइँ उनीहरूले एक वर्षअगाडि शुरू गरेका भए, अथवा आफूले फौज पठाउने विश्वास दिलाए जस्तै नेपाललाई सहायता गरिदिएको भए, त्यस लडाइँको रूपै अर्को हुने थियो होला, शायद बृटिश-शक्तिले भारतीय देशी राज्यहरूलाई भिन्न-भिन्न गरी एकलो पारी हराए जस्तै सजिलोसित हराउन सक्ने थिएन होला। किन कि त्यस बखत भारतमा बृटिश शक्तिले राम्रो जग जमाइसकेको थिएन, तथा भर्खर नेपोलियनसितको युद्धबाट क्षणिक फुर्सद मिलेको थियो तापनि नेपोलियनको पूरा पराजय भएको थिएन, र उनको डर बाँकी नै हुँदा भारतस्थित बृटिश शक्तिलाई बाहिरबाट अधिक सहायता आउने संभावना पनि धेरै कम थियो। तर अफसोस, यिनीहरूले अंग्रेजको विरुद्ध हतियार उठाउँदा संयुक्त भै लड्न जानेनन्, र यसरी नै बृटिशकूटनीतिको जबर्जस्त हतियार 'फूट गर र राज चलाऊ' याने Divide and Rule ले सफलता पाउन सक्यो र भारतवर्षमा सयौंवर्ष आफ्नो साम्राज्यवादी झण्डा फर्कराउनामा अंग्रेजहरू समर्थ भए।

यस लडाइँमा नेपाललाई केवल दक्षिणी राज्य, अर्थात् मरहट्टाहरू एवं लखनौका नवाबबाट मात्र सहायता प्राप्त नभएको होइन कि नेपालसरकारबाट विश्वास गरी भरपरेका पंजाबकेशरी रणजितसिंहबाट पनि कुनै प्रकारको सहायता प्राप्त हुन सकेन। अरू राज्यबाट सहयोग नपाए-

१. आखिरी बृटिश मरहट्टा युद्ध–सन् १८१७–१९।
( An Advanced History of India P. 1011 )



कोमा त्यत्तिको अफसोस मान्नुपर्ने थिएन। लखनौका नवाब अंग्रेजसित असन्तुष्ट मात्र थिए, तर बिलकुल चिढिएकै त थिएनन् भन्ने उक्त योजनायुक्त पत्रबाट नै स्पष्ट भएको छ। उनको सहायताको आशा मात्र गरिएको हो, तथा उनले सहयोग दिएमा अंग्रेजी फौजबाट भारतीय सिपाही झिक्न सकिन्छ भन्ने विचारसम्म गरिएको हो। उनले सहायता पनि दिएनन्, अझ नेपालको विरुद्ध बृटिशसरकारलाई ३ करोड रुपियाँले मद्दतसमेत गरे। ग्वालियर त पहिलेदेखि नै ढलमल-नीतिमा थियो। यस कुराको सूचना पद्मपाणि शर्माले मुख्तियारलाई आफ्नो पत्रद्वारा गरेका थिए। त्यसैले यिनबाट सहायता नपाइएकोमा पनि विशेष आश्चर्य मान्नुपर्ने केही थिएन। तर रणजितसिंहबाट सहायता प्राप्त नहुनु अवश्य पनि धोखामा पर्नु थियो। नेपालसरकारबाट पठाइएको उक्त गुप्त योजनासहितको पत्रबाट यो स्पष्ट हुन्छ कि–नेपाल रणजितसिंहको सहायताका निम्ति पूरा विश्वासमा थियो। उनले पनि सहायता नदिनु विश्वासघात गर्नु जस्तै भयो।

पंजाबकेशरी रणजितसिंहले ब्रिटिशसितको त्यस युद्धमा नेपाललाई सहायता नगरेको, शायद उनले नेपालसितको कांगडा युद्धको ईबी साधेका हुन् कि ? अथवा 'भारतको नक्शा लाल हुनेछ'[१] भन्ने आफ्नो पूर्वधारणा भएको हुँदा अंग्रेजको विरुद्ध सहायता गर्न साहस गर्न सकेनन्। त्यसो त रणजितसिंहले त्यस लडाइँलाई बिलकुल बेवास्ता नै त कहाँ गरेका थिए र ? उनी ठूलो पल्टन साथमा लिएर सतलज नदीको किनारामा आई बसेका थिए, तथा यस लडाइँमा हुने नेपालीहरूको परिणाम हेर्दै थिए।[२] यस प्रकार फौज लिएर पनि नेपालीलाई मद्दत नदीकन केवल टलुटुलु हेरिरहनु नेपालीहरूसितको पुरानु रिसको साटो फेर्ने मौका पऱ्यो भनेर हो,[३] भन्ने इतिहासकारहरूको भनाइ छ।

यसरी पंजाबलगायत कुनै पनि भारतीय राज्य एवं व्यक्तिबाट नेपाललाई अंग्रेजको विरोधमा युद्ध गर्न सहायता प्राप्त हुन सकेन। अझ कुनै कुनै राज्य एवं व्यक्ति त यस युद्धमा तटस्थ मात्र रहेको होइन कि नेपालको विरोधमा विदेशी शक्तिलाई सहायता पनि दिन पुगेका थिए।

१. भारतको नक्शामा ब्रिटिशराज्यको रंग बढ्दै गएको देखेर रणजितसिंहले एकदिन संपूर्ण भारत लाल हुनेछ, भनी भनेका थिए भन्ने किंवदन्ती छ।—हेर्नुहोस्–सूर्यविक्रम-अमरसिंह-पृष्ठ १४१।
2. Hastings' Private Journal—P. 161. ( अमरसिंह पृष्ठ १४३ )
३. सूर्यविक्रम ज्ञवाली—अमरसिंह थापा—पृष्ठ १४३।

लखनौका नवाबले नेपालको बिरोधमा अंग्रेजलाई करोडौं रुपियाँले सहायता गरे, तथा बडालाठ ( अर्थात् गवर्नर जनरल ) लाई आफ्नो राज्यमा पाहुना बनाई युद्ध-संचालनका निम्ति धेरै सुगमता प्रदान गरे। अनि, अर्जुनजी नाथजी भन्ने एउटा भारतीय व्यापारीले पनि नेपालको विरुद्ध लड्न अंग्रेजलाई धेरै रुपियाँले सहायता गरे। यिनले अगाडि पनि एकचोटि होल्कर एवं भरतपुरसितको युद्धमा भारतीय तत्वको विरुद्ध अंग्रेजलाई ३५ लाख रुपियाँले सहायता गरी अंग्रेजी शक्तिलाई संकटकालीन अवस्थाबाट बचाएका थिए। यिनै व्यापारीलाई अंग्रेजसरकारले नेपालसितको युद्धमा सफलता पाएबापत भनी खिल्लत पनि प्रदान गरेको थियो।[१]

यस प्रकार कुनै पनि राज्यको सहायताविना नेपालले ब्रिटिश कम्पनी-सरकारसित एक्लै युद्ध गरेको थियो, तापनि नेपालसरकारका तर्फबाट काजी अमरसिंह थापाले—रणजितसिंहछेउ पठाएको उक्त संदेशबाट लडाइँको सैद्धान्तिक इच्छालाई जाहेर गर्दछ। यो लडाइँ नेपालले केवल नेपालको रक्षार्थ मात्र लडेको थिएन कि समस्त भारतबाट नै ब्रिटिश-शक्तिलाई निकाल्ने विचारबाट लडेको थियो। उक्त सन्देशको पाँचौं दफामा यस कुरालाई स्पष्ट गरिएको छ कि—नेपालको भूमिका निमित्त मात्र यो लडाइँ उठाइएको होइन, तथा नेपाली भूभाग फर्काइसकेपछि नेपालले पुनः युद्ध चालू राख्तैन, कि–भनी पंजाबसरकारबाट शंका उठाउनुपर्दैन। साथै, नेपालले—आफूसहित पंजाब, ग्वालियर एवं महट्टा राज्य, रोहिल्ला राज्य, लखनौ राज्य आदि सबै एकसाथ भै ब्रिटिशको विरुद्ध खडा हुने, तथा अंग्रेजी फौजबाट हिन्दुस्तानी सिपाही वापस बोलाउने, भन्ने कुरा व्यक्त गरेबाटै यस लडाइँपछिल्तिरको महान् सैद्धान्तिक विचारलाई व्यक्त गर्दछ।

नेपालको यस योजनामुताबिक यदि समस्त देशी राज्यहरूले विश्वास गरी सक्रिय सहयोग गरेका भए, तथा खाल्सासरकार र महट्टा-सरकारका सवार, गोर्षासरकारका पैदल सिपाही, र रोहिल्लाहरूका तरवारिया सिपाही—सबले संयुक्त भै अंग्रेजको विरुद्ध जेहाद बोलेका भए-'परमेश्वरले पनि फत्य हिन्दूकै गराउनेछ' भन्ने उनीहरूको जुन विश्वास एवं दृढता थियो, त्यो सफल हुने थियो। त्यसै वेला सन् १८५७ को विद्रोहले सफलता पाउने थियोहोला।

यस प्रकार, अंग्रेजसितको त्यस युद्धमा—नेपालले लागू गर्न चाहेको

1. S. K. Muranjan—Modern Banking in India—P. 16.



जुन योजना थियो—त्यसको गहिराइ, दूरदर्शिता एवं सैद्धान्तिक आधारबाट उक्त युद्धलाई 'अंग्रेज-नेपाल-युद्ध' मात्र नमनी पछि हुने सन् १८५७ ई० को सिपाही विद्रोहको बीजारोपणको कार्य भन्न सकिन्छ। अनि यस युद्धबाद पनि जनरल भीमसेन थापाले पुनः भारतीय समस्त राजाहरूलाई संगठित भै 'पोत-वणिक जाति'—अंग्रेजको विरोधमा संयुक्तरूपमा खडा भै लड्नका निम्ति पं० वाणीनिधिद्वारा संस्कृतमा कविता[१] लेखाई वितरण गरी अपील गरेका थिए,—सन् १८५७ सालको गदरका निम्ति द्वितीयबार बीजारोपण गरेका थिए।

# IX

ब्रिटिश कंपनी-सरकारसित हुन गएको त्यस युद्धमा सहायता गर्नका निम्ति नेपाल-सरकारले केवल भारतका राज्यहरूसित मात्र पत्रव्यवहार गरेको थिएन कि आफ्नो उत्तरतिरका मित्रराष्ट्रहरू, तिब्बत र चीनसित पनि सहायताको लागि लेखिपठाएको थियो। लडाइँ शुरू हुने केही महीना-अगाडिदेखिन् नेपालले चीन-सम्राटलाई सहायताका निम्ति लेख्न थालेको—लडाइँ थामिञ्जेलसम्म पनि लेख्तै रह्यो। तर भारतका राज्यहरूबाट नेपाललाई सहायता प्राप्त हुन नसके जस्तै चीन र तिब्बतबाट पनि कुनै प्रकारको सहयोग प्राप्त हुन सकेन। धर्मस्थान तिब्बती सरकारले चाहिँ धार्मिक दृष्टिकोणबाट कुनै प्रकारको संहारमा सहयोग गर्न तिब्बत असमर्थ छ भनेर नेपाललाई लेखिपठाएको थियो।

नेपाल नरेशबाट चीनबादशाहछेउ सहायता माग्दै लेखिएको पत्र यस प्रकार छ—

"

स्वस्ति श्री मत्समस्त ब्रह्माण्ड वर्ति विविध विषय व्रात विचित्र वैवभाव कुठार मनही मानन्तोपासनाधि सन्धुक्ष्माण प्रभाव भाविताति सुरतरू शनस्समीरज वहलजनार्वाजिता शेष भूमण्डला नेक रुक्म रजत रत्न निधि निचितो पर्वर्तनाधिपति मण्डली मुकुटमणि मरीचि विराजितं पाद पीठ प्रसृत्वरकिरण प्रकाशित ककुवन्तराल प्रगुण गुण गणाभिरामधाम श्री श्री श्री श्री श्री मच्चीनचक्रवर्तिचारु महामहिम सिंहास-

१. यसको उल्लेख तल पनि प्रसंगवश गरिनेछ।

पाल्ये षु— — अर्जि— — — — —
उप्रान्त. फिरंगीले भेषफेरि जोगी सन्यासीले लाउन्या जस्तो पोसाक लाइ भोट जान्या बाटो ( हे ) नें भनी हाम्रो मुलुकबाट जान षोज्दा थाहा पाञ्यूं र······का हुकुम ( बेगर ) हुँन्दैन भनी हाम्रा चौकीदारले थुन्या छन् गोर्खाले हांलाइ भोट जान बाटो दियन भ(न्या) कारिसले हाम्रो मुलुक अमल गर्न ठुलो फौज षजाना लि पुर्व पश्चिम हाम्रो जतिमुलुकछ, सबै जगामा आयो. हामि······पिछा परि आफ्ना मुलुक सह्यारगरी······को दक्षिण पट्टिको ढोका कुन्हीं बस्याका हुं हामी माथि आइलाग्योता. हाम्रो मुलुक षाया पछि भोट पनि षान्या छ भन्ना निमित्त. जो भयाको सिपाही लि. पूर्व देखि पश्चिम संम ठाउँ ठावैंमा लडाइ गर्दा सिपाही पनि धेरै मारिया. पहाडदेषि समुद्रसम्मको ठुलो राज्य मधेस सब अमलगरी मान्याको. ठुलो षजाना ढेरै फौज भयाकोहुनाले फेरि भारीलस्कर ल्याइ हाम्रो मुलुक तराइ सबै अमल गऱ्यो प्रजा प्राणीले पनि साह्रै दुष् पाया. योमुलुक फिरंगिले षायो भन्या. भोटलाइपनि बढियाछैन······हजुरमा अर्जि पुऱ्याइ. दौलथको मोहरभैआया आफ्नै मुलुकका सिपाही राषि लडाउन पाया फिरंगीलाई मारी हटाइ मुलुक पनि थामौंला प्रजा प्राणी पनि सुष पाउनन् हामीलाई दुष पऱ्याको मुलुकले पनि दुष पायाको·······का हजुरमा जाहेर भया दौलथको मदत मेहेर होला भनि चित्तमा हुंदा ३।४ चिठ्ठी ल्हासामा रहन्या बडा अंबाहरूलाई लेषी पठाञ्यूं (सो) पठायको प्रतीत तहाँ पर्दैन. एस कुराको अर्जि ·····का हजूरमा चढाउनलाई (ला) सा संम पुऱ्याउन सर्दार डम्बरथापा युधिस्थिरथापालाइ पठाउँ छौं. तहाँ-सम्मको पर्मान्गी चाँडो श्रावस्. हाँमिमाथि पऱ्याका दुष सुषको बिस्तर मुहजबानि आफुहरूसंग बिन्ति गर्नन् भनी लेषी बडा अंबाहरू संग पठायूं. उसकुराको पर्मान्गी पनि केहि भयेन. हिजो हामिले गऱ्याका कुरा. विन्तिको प्रतीत नगरी केही काम कुराको मदत तहाँबाट नहुँदा कुमाउँदेषी सतरुद्रासम्मको भोट पहाड मधयेस जति थियो सबै फिरंगीले लियो. अब-बाँकि रह्याको पनि लिन तयारभैरहेछ. हामिलाइ मान भन्छ. हामिले कसो गर्न्या हो. अघी देषी हामिलाइ मानी श्रायाको हो. तिम्रो पिछा लियाको र अब उप्रान्त पनी तिमिहेरुले हामीलाई मान्नु फिरंगीलाइ मान्नु पर्दैन भनी हुकुम हुन्छभन्या भरी सगी चाँडो मदत पठाउन्या काम भै-आवस. सो कुरा चाँडो भै आयेन भन्या हाम्रा बलले थामी सकनु छैन. चिन······लाई मान्दथ्यौं आज सम्म तिम्रो पिल्ला लियाको थियो अब उप्राँन्त तिम्रो पिछाथामन सक्यौंन फिरंगीलाई मान भनी हुकुम आवस्.



दुइ कुरामा जौन कुरा मंजुर हुन्छ सोकुराको पर्मानगी पर्वाना चाँडो आवस. ढिल भयो भन्या प्रजा प्राणीले दुष पाउन्या. चिनका दषिन् तरफको ढोका षुली उतरतरफलाइ धक्का लाग्न्या काम् हुन्या छ. हामिमाथि पऱ्याढुष जसो गरी मेटिंछ. सोकुराको व्यवस्था चाँडो (गरि) वक्स्या हाम्रा दुष् छुटन्या प्रजाप्राणिले सुष पाउन्या चीनका दषिन तरफको ढोका बलियो हुने काम हुन्या छ. इति च्याछिन् वर्ष २०[1] को जेठ सुदि ७ रोज ४ मुकाम कान्तिपुर शुभम्— — — — — ।"
अर्ति निवाङ्को डंडवत

( छाप )

नेपालनरेशबाट चीनबादशाहछेउ महतका निम्ति लेखिगएको यो पत्र तिब्बतस्थित चीनसरकारका प्रतिनिधि अंबाहरूले चीनबादशाहछेउ-सम्म नपठाई ल्हासाबाटै फर्काइदिए। त्यसो हुँदा सक्कलै रूपमा नेपालमा रहनगएछ। शायद उक्त पत्रमा नेपालनरेशले अम्बाको विरोधमा पनि केही लेखेको हुँदा उनीहरूले फर्काइदिएको हुनुपर्छ। अनि नेपालका राजाले चीनबादशाहलाई पत्र लेख्ता सधैंभरि यस्तै व्यहोरामा आफूलाई सानु मानी लेख्ने गर्थे र चीनबादशाहले लेख्ता आफूलाई महान् मानी लेख्तथे। यो पहिलेदेखिको चलन थियो। भारत र चीन विशाल राज्याधिपतिहरू-लाई[2] ठूलो मानी उनीहरूको सन्मान गरी आफ्नो स्वतंत्र अस्तित्व कायम गर्नु नै नेपालको आफ्नो त्यस वेलाको विशेषता थियो।

उक्त पत्रको मसौदा तत्कालीन मुख्तियार तथा सम्बन्धित अधिकारीहरूले[3] कौटिल्यतापूर्ण ढंगबाट गरेका छन्, भन्ने कुरा पत्रबाटै स्पष्ट हुन आउँछ। पत्रमा नेपाललाई चीनको साँधबाहिर भन्ने जताइएको छ—अर्थात् चीनको दक्षिण ढोका कुर्ने देश भनी बताइएको छ–जो कि ढोका बाहिर रहन्छ। यसै कुराको समर्थन गरी ल्हासास्थित चीनिया अम्बाले लेखेका थिए, "······चिनका नगद षजाना अर्कालाई दिन्या दस्तुर पनि छैन······,"[4] तथा "······आफ्ना मुलुक ( अर्थात् आफूवाड्का मुलुक ) फिरंगिसित लडाइ गर्दा सबै हाम्रो साँधको बाहिरको काम हो. ( श्री चीन बादशाह ) को लस्कर राषनु दस्तुर छैन. लासाका साँधमा हाम्रो को

१. च्याछिन वर्ष २० = संवत् १८७२ साल।

२. त्यसताका भारतमा कुनै बलियो बादशाह थिएन।

३. त्यस वेला परराष्ट्रविभागका हाकिम सुब्बा शिवरत्न राजभंडारी थिए।

४. पत्रको संपूर्ण नक्कल परिशिष्ट नं. २७ मा।

ठुलो लस्कर राख्याकै रह्याको छ·······।"[१] यसबाट यो स्पष्ट छ कि नेपालले चीनबादशाहलाई ठुलो देशका राजा भएको हुँदा मात्र ठूलो मानी आएको हो। अरू सबै कुरामा नेपाल सधैं स्वतंत्र नै थियो, तथा कहिल्यै कसैको अधीनको राज्य बनेको थिएन।

अनि नेपालनरेशले लेखेको उक्त पत्र (जुन फर्काइएको थियो) मा लडाइँको तात्कालिक कारण भनी जुन कुरा लेखिएको थियो, त्यो वास्तवमा सही थिएन। फिरंगीहरूले भेष बद्लेर तिब्बततिर जाने बाटो खोज्न आएका, तथा त्यसरी आउनेहरूलाई नेपालसरकारले पक्रेको घटना सत्य थियो तापनि अंग्रेजी शक्तिसित युद्ध हुनको मूल एवं तात्कालिक कारण त्यो थिएन। तिब्बततिरको बाटो खोज्न भेष बद्ली गएका फिरंगीहरू गिरफ्तार भएको कुरा पं. पद्मपाणि शर्मालेे पनि आफ्नो पत्रमा लेखेका थिए—"·······भेक बदली मान सरवर ( मान सरोवर ) जान्या फिरंगिलाइ पक्रि वडिमा हाल्या[२]।

वास्तवमा युद्धको तात्कालिक कारण,—बुटवल र स्यूराजसम्बन्धी झगडा थियो तापनि उक्त पत्रमा—तिब्बतको बाटो खोज्न आएकालाई समातेको हुँदा पर्न गएको' भनी चीन र तिब्बतसमेतलाई आउने खतरा सूचित गरी जुन लेखिएको थियो, त्यसबाट चीन मदतका निम्ति तात्तिएला भन्ने ठानी लेखिएको हुनुपर्छ। नेपालबाट उक्त पत्र लेखेको मितिभन्दा वर्षदिनअगाडि—अर्थात् च्याछिन वर्ष १९ मा ल्हासास्थित चीनिया अम्बालाई पनि-यही कारणले गर्दा युद्ध हुन लागेको छ भनी नेपाल सरकारले लेखिपठाएको थियो। तर पनि चीनिया अधिकारीवर्गले नेपालको यस कुरामा विश्वास गरी सहायता दिने वचन दिएनन् कि—"······ फिरंगी र भोट २ तरफका वैरिभाव आजसंम भयाको रहेनछ. फिरंगीका मानिस पनि लाहासामा कहिल्यै अघिदेषि आयाको पनि रहेनछ.[३] आज क्या कारनले रस्तावाटो हेरि चिवा गरि भोट हान्नलाइ भन्याको कुरा काम ता हवैन···"[४]-भनी नेपालको उक्त भनाइमाथि शंका प्रकट गरेका थिए।

यस प्रकार चीनिया अधिकारीले—नेपालसरकारलाई अंग्रेजले भोटको जाने बाटो हेरेको होओइन, वा बाटो पक्रेको होओइन, भनी लेखे-

१. पत्रको नक्कल परिशिष्ट नं. २८ मा।

२. पद्मपाणिको पत्र–परिशिष्ट नं. २३ भा।

३. संवत् १८२९ तिर वारेन् हेस्टिङ्सले वोगललाई तिव्वत पठाएका थिए।

४. संपूर्ण पत्र परिशिष्ट नं. २७ मा।



का थिए तापनि यस कुरालाई बिलकुल हुनै नसक्ने भनी उनीहरू चूप भै आँखा चिम्लेर पनि बस्न सकेनन् तथा यस विषयमा कलकत्तामा बृटिश कंपनीसरकारछेउ सोधी पठाए पनि। बृटिश गवर्नर-जनरल (जसलाई नेपाल तथा हिन्दुस्थानको जनता लाठसाहेब पनि भन्दछ)-ले नेपालको उक्त भनाइ गलत थियो, भनी जवाफ पनि पठाएका थिए। यस सम्बन्धमा रणवीरसिंह, दलभंजन पाँडे तथा भक्तवीर थापाहरूले कुतिबाट पठाएको पत्रमा यस प्रकार लेखिएको छ,—"······· सैच्यानजुनले कलकत्ता लाठलाई तिमिहरूले गोर्षासित (चीनवादशाह) मांनु पर्दैन पूर्व पश्चिमको भोटको बाटो छोडि देउ भन्याको हो होइन भनि चिठि पठायाको रहेछ. र उस् चिठिको जवाप. लाठको चिठि हामि दिगर्चा पुग्याको तेश्रो दिनमा आइपुग्यो. उस् चिठिमा मजमुन. हामिले ( चीनवादशाह) मांनु पर्दैन, भोटको बाटो छोडिदेउ भन्याको छैन····भनि लेषि पठायाको रहेछ।"[१] यति भए पनि लेखी नेपाल र चीनको बीच वैमनस्य पैदा गराउने मौका अंग्रेजजातिले छोड्थ्यो पनि किन?

भारतका देशी राज्यहरूबाट नेपाललाई कुनै प्रकारको सहायता प्राप्त नभए जस्तै चीनबाट पनि सहायता मिलेन। यहाँसम्म कि—चीनसरकारका प्रतिनिधि-दूत भै ल्हासामा रहेका अम्बाले नेपालनरेशको पत्रलाई चीनबादशाहकहाँसम्म पनि पठाइदिएन, फर्काइदियो। शायद चीनसम्राट्कहाँसम्म पत्र पुगेको भए मद्दत आउने थियो कि ! यसबाट नेपालले मद्दतका निम्ति लेखिपठाएका पत्रहरू ल्हासाबाट फर्काउने गरेकोमा, तथा अंबा आफैले मात्र नकारात्मक जवाफ दिने गरेकोमा अंग्रेजको कूटनैतिक-जाल त बिछिन गएको त हैन ?—भन्ने शंका पनि उठ्न थाल्छ। अन्यथा अंबाले पत्रलाई चीनसम्म पुऱ्याइ नदिनुपर्ने कुनै कारण देखिंदैन।

नेपालले मद्दतका निम्ति लेखिपठाएको पत्र चीन नपठाइदिएको कुरा थाहा पाएपछि-यस विषयमा चीनसरकारले अंबाहरूसित स्पष्टीकरण मागिपठायो, र नेपाल र बृटिश भारतको युद्ध विषयमा स्थिति अध्ययन गर्न भनी सैच्यान च्यानजुनलाई खटाइपठायो। यो कुरा सूचित गर्दै बलभद्रले ल्हासाबाट भीमसेन थापाको नाउँमा पत्र लेखेका थिए:—"········ ·······गोर्षाले जहांसंम लेख्दा पनि गोहार नदियाको अर्थ क्या हो, नेपालबाट जाहालाई भनि पठायाको अर्जि जाहा नपठाइ फर्काइदी पठायाको अर्थ क्याहो भनि जाहा रह्याका अम्बाहरूमाथि थोरै रिसानि भै आया

१. संपूर्ण पत्र परिशिष्ट नं. २९ मा.

जस्तो छ·······"[१] तथा "तहाँ नेपालका गोहारलाई भनि पँचिनबाट···का हजुरमा विदा भै. सैच्यानचुन् भन्याका आया. आजकाल छिङ्फुआइ पुग्याछन्···।"[२] अनि अम्बाहरू पनि यस लडाइँप्रति बेवास्ता गरी चुप लागेर बस्न सकेका थिएनन् । उनीहरूले पनि यस लडाइँसम्बन्धी कुराको अध्ययन गर्न भनी ल्हासाका 'स्याउतोलय' भन्ने व्यक्तिलाई नेपाल तिब्बत-सीमानामा रहेको तिब्बती प्रान्त केरुङ्गसम्म पठाउने निश्चय गरेका थिए। यस कुराको सूचना पनि बलभद्रले उक्त पत्रमा दिएका छन् ।[३] तर चीनिया-अफिसर ल्हासा. पुगुञ्जेलसम्ममा नेपाल र बृटिश भारतको बीच सुलह भैहाल्यो । लडाइँ सकिएपछि उनीसित भेट मुलाकात गर्नका निम्ति नेपाल-बाट दलभंजन पाँडे, रणवीरसिंह थापा, भक्तवीर थापा तथा गुणवन्तहरू दिगर्चासम्म गएका थिए।

चीनबाट नेपाललाई मद्दत आउन नसकेको कारण-यो पनि हुन सक्छ कि—चीन र बृटिशसरकारको आपसी दौत्य एवं व्यापारिक सम्बन्धले गर्दा अप्ठचारो पर्न गयोहोला । तर अर्को पनि एउटा कारण थियो, जसले गर्दा चीनिया अंबाहरूले नेपाललाई सहायता दिने कुरामा अस्वीकृति दर्शाए। त्यो कारण थियो—नेपालले केवल रुपियाँ पैसाको सहायता भनी चिठी पठाएको हुँदा, आफूलाई ठूला ठान्ने चीनियाको अहंभावनामा चोट पर्न-गएछ र उनीहरू तिलमिलाए ।

नेपालले मद्दतका निम्ति पठाएको हर-पत्रमा, चाहे चीनसम्राट्को नाममा लेखिएको होस्, वा अंबाको नाममा—ती सबैमा केवल खजाना, अर्थात् दौलतको सहायता मागिपठाएको थियो-फौजी सहायताको कतै उल्लेख पनि गरिएको थिएन । अझ दौलतको सहायता पाएर "आफ्नै मुलुकका सिपाही राषी लडाउन पाया····" भनी आफ्नो फौजी शक्तिप्रति आस्था एवं विश्वास प्रकट गरिएको थियो ।

यसरी नेपालले स्पष्टसंग चिटेर दौलत मागिपठाएकोले तिब्बत-स्थित चीनिया क्षेत्रमा ठूलो खलबली पैदा गरायो । तर पनि उनीहरूले यस विषयमा खुलेर केही लेख्न सकेनन्, तथा सहायता नदिने जाल मात्र गर्न थाले। यस कुरालाई लिएर ल्हासाका चीनिया क्षेत्रमा भएको गडबडीको विषयमा ल्हासास्थित नेपाली नागरिक रामसुन्दरले मुख्तियारको नाममा लेखेको पत्रमा स्पष्ट गरी जताएका छन् । उनले लेखेका थिए—"···हामिले लेखिपठायाको नपरयाया हेर्न आफुहरूको मानिस पठाउ भन्याकुरा लेषि

१. २ र ३–बलभद्रको पत्र––परिशिष्ट नं. ३० मा ।



आयाको चिठिको कुरा पेचिन विन्ति गरि पठायाको जवाफ भन्या आइ-पुग्याको छैन. अभ्यंतर बुझि हेर्दा गोहारमात्र देउ भनि लेषि पठाउन्या हो दौलथको मद्दत देउ. दौलथको मद्दत ता पुगिआयेन भन्या हाम्रो देश नर-ह्यापछि भोटमा पनि आउला भनि लेषिपठाउनु जोग्य होइन (श्री चीन-बादसाह) का पीछा परीरहन्यालाई गाह्रो पऱ्याको घरी (श्री चीन बादसाहले) गोहार नगऱ्याको कसैलाई छैन. एक पर्मान मात्र पठाइ हुन्छ कि. दौलथ दिनपर्छ कि सिपाही पठाउन पऱ्यो हो कि, यो कुरा सबै (श्री चीन बादशाह) का हजुरमा जाहेर छ भन्या अंबाहरूको पेटमा बुझ पऱ्याको छ ।"[१]

तर भीमसेन थापाले यस्तो गल्ती गरेनन् । अंग्रेजको विरुद्धमा लड्न-का निम्ति उनले न फ्रेञ्चसित नै फौजी सहायता मागे, न त चीनिया फौजलाई निम्त्याए । उनलाई थाहा थियो कि—कुनै पनि देशको फौज आएर बसे-पछि, चाहे मित्रराष्ट्रले मद्दतका निमित्त भनी पठाएकै किन नहोस्ः—त्यस-लाई हटाउन पछि धेरै गाह्रो हुनेछ, तथा देश र जनताका निम्ति भारस्वरूप भै त्यो रहन थाल्छ । विदेशी फौजको बूटले देशको छातीमाथि कुल्चेपछि (चाहे आफूले निम्त्याएकै किन नहोस् !)-देशको मानसिक धरातलमा एक भयानक भूकम्प मच्चिन जान्छ, र स्वतंत्रताको वातावरणमा दूषित हावा मिसिएको भान हुन जान्छ। साथै संवत् १८४९ सालको नेपाल-तिब्बत युद्धमा तिब्बतलाई नेपालको विरुद्धमा सहायता दिन आएको चीनिया फौजमध्ये ५०० जवानको एक जत्था युद्ध समाप्त भएपछि पनि जबर्जस्ती तिब्बतसरकारको इच्छाविना पनि ल्हासामा रहेको कुरा भीमसेन थापाले बुझेका थिए। त्यस फौजले तिब्बतसरकारमाथि हालेको दबाव पनि उनले देखेका थिए। यसो हुँदा उनले नेपालका निम्ति त्यही गल्ती दोह-ऱ्याउन खोजेनन् । यसरी मुख्तियार भीमसेन थापा कुनै प्रकारको विदेशी दबाव—चाहे उत्तरतिरबाट आउने होस् वा दक्षिणतिरबाट,—को विरोधमा सधैं सतर्क थिए ।

त्यस लडाइँमा नेपाललाई चीनबाट मद्दत आउँदै आएन। नेपालबाट युद्धभरि नै सहायताका निम्ति पत्र लेखिँदै रह्यो । ल्हासाबाट चीनिया अंबा-हरूले नेपालको पत्रलाई जवाफ पनि दिँदै रहे, तर सहायता गर्ने वचन दिएनन् । न त नेपालको पत्र चीनसम्म पुऱ्याउने कुनै प्रबन्ध नै गरिदिए। नेपालको पत्र चीनबादशाहछेउ पठाउन सक्तिनँ, भन्दै अंबाले अनेक बाधा

१. रामसुन्दरको पत्र परिशिष्ट नं. ३१ मा ।

प्रस्तुत गरे, कैयौं निहुँ खडा गरे। उनीहरूको भनाइ थियो,—"·······अर्जि चह्राइ पठावन्या करार नआई अर्जि चह्राइ पठाउँदा अघि बन्दोबस्त भयाको रित्ताचार मिल्दैन" अर्थात् हर-पाँच-सालमा चीन बादशाहलाई सौगात पठाउने वर्ष नआउँदै बीचमा सहायताको पत्र पठाउन अप्ठ्यारो पर्छ। त्यसैले "······ हामि हुकुम अम्बाहरूले पनि अघिको रित्ता मेटि विंति गरिपठाउन सकिंदैन ····· ।"[1]

एकचोटि नेपालले—अंग्रेज कम्पनीसरकारको नाममा नेपालको सीमाना नमिच्नु, भनी लेखो पठाउनका निम्ति चीनबादशाहछेउ अपील पुऱ्याइदेऊ भन्दै अम्बालाई लेखेको थियो। त्यसमा पनि अम्बाहरूले असमर्थता प्रकट गर्दै लेखेका थिए "····· फिरंगीको नाममा अघ्र्यालि नगर्नु आफ्ना साँध सिमानामा कायम रहनुभनि लेष्याका अर्थकन यो काम हामि अम्बाहरूका मनमा बुझिहेर्दा (चीनबादशाह) बाट अमलगऱ्याको विरानु मुलुकधेरै छ विरानु मुलुकबाट केहि अर्जिसौगात चऱ्हाइ पठाउन्या वर्ष आया पनि अगावै विंति गरि पठाई पैचिनमा चह्राइ पठाउँ भन्या ( मिल्दैन। त्यसैले )···बाट पर्वाना आइ पुग्या पछि अर्जिसौगात उकिल समेत पेचिनमा चह्राइपठाउँछौं ··...।"[2]

यसरी ल्हासास्थित चीनिया अम्बाहरूले नेपाल-विरोधी भावना लिएर नेपालको सारा चिट्ठी-पत्रलाई पेकिङ नपठाई ल्हासामै रोकिदिए-कोमा क्षुब्ध भै सम्वत् १८७२ सालमा नेपालबाट पनि एउटा कडा पत्र लेखिगयो। त्यसको नक्कल यस प्रकार छ :—

"

श्री

श्री चीनबादसाह

स्वस्तिश्री प्रीतिका बगैंचा नया तोफा वृक्ष कुद्रथवाला सूरमा जवान बुद्धिवंत न्याय निसाफले प्रजाप्राणीको रक्ष्या गर्न्या श्री चिन बादशाहका हुकूमले ल्हासा भोटमाबसी काज कामगर्न्या टुचान् ताठिन् श्री अम्बा तथा श्री अंबाके श्री परमेश्वर बहाल राषून्——

उप्रान्त च्याछिन् वर्ष २० को वैशाक वदि १२ कादिन लेष्याको चिठि एहि शुदि १२ का दिन आइपुग्यो. अर्थ मालुम भयो. उप्रान्त ······ का हजुरमा अर्जि चऱ्हाउ पठाउन्या वर्षको करार आइपुग्यापछि हामी विन्ति गरिपठाउँछौं ······बाट पर्माना पनि आउँछ करार नपुगी हामिले

१. च्याछिन् २० वैशाख वदि १२ को अम्बाको पत्र परिशिष्ट नं० ३२ मा।
२. ऐं. ऐं.



पनि विन्ति गरिपठाउनु हुँदैन विन्ति गरिपठाया रीसानी होला. अर्जी पनि नपठाउनु. मानिस पनि नपठाउनुभनी लेष्याका अर्थ. फिरंगीले हाम्रो तरियानी मुलुक् अमल्गरि पहाडमाचढि कुमाउँ. राज्य घेन्यासंमको विस्तार अघि लेख्याको हो. मानसरोवरतिर वस्न्या तिम्रा अमालीले पनि लेष्या-हुन्. कुमाउँ भन्याको हाम्रो पहाड. राज्य फिरंगीले लियो. अब नेपालतिर-को पहाडमात्रै रह्याको छ. हामी ···लाई मानी रह्याका हुं. हामी माथि पऱ्याको दुष······का हजुरमा विन्ती गऱ्या ·····का मेहरले दुष्य छुट्ला सुष पाउँला भन्न्या मनमा साधार थियो. सो अर्जि चऱ्याइपठाउन्या करार नआई अर्जी मानीस केही पठाउनु हुँदैन हामीबाट पनी विन्ती हुँदैन भनी तहाँबाट लेषी आउदा आशा मेटियो. हामीले अर्जी चह्राइपठाउन्या वर्ष आइपुगंज्याल्संम यो मुलुक् फिरंगीले राषी दिया ताहावाट मदत पनि आया हामीले सक्यासंम लडाइ गर्दा नेपाल थाम्न सक्यौं भन्या वढियै छ··· का हजूर अर्जी चऱ्हाइपठाउन्या काम पनि होला. ताहावाट मदत आयेन हामीले भरिसक्य गर्दा पनि थाम्न सक्यौंन भन्या····· का हजुरमा विन्तीगरी बुझाउन्या काम आफूहरूबाट होला. हामिले लेषन्या कुरा यत्तिकै हो. अरूविस्तार बलभद्र नाइक्याबाट मालुम् होला इति संवत् १८७२ साल मिति वैशाष शुदि १२ रोज १ शुभम् — — — — — ।"

नेपालले युद्धका निम्ति भारतका राज्यहरू एवं विशाल चीनसित सहायता माग्नुको साथै धर्मराज्य तिब्बतसित पनि सहायताका निम्ति पत्र लेखिपठाएको थियो। रुपियाँ-पैसाको सहायता मागिपठाएको थियो। तर अरू राज्यहरूबाट सहायता नआए जस्तै तिब्बतबाट पनि सहायता आउन सकेन। तैपनि तिब्बतले—चाँडै युद्ध बन्द होस्, भन्ने सद्इच्छा प्रकट गर्दै–पाठपूजा गरिदिने वचन दिएको थियो, तथा आफूसित धन-दौलतको कमी भएकोले सहायता गर्नमा असमर्थता प्रकट गरेको थियो। यससम्बन्धमा तिब्बतका मुख्यकाजी ( अर्थात् प्रधानमंत्री ) राजा लामाले लेखेका थिए—"( हाल ) सून चाँदि मालमत्ता होना भै रुपया जगेडा छैन; अलि अलि भएको पनि वडा धोंमा धाक्यो ( बडा चीनबादशाह ) का पूजापाठ इत्यादि शुभकार्यमा लगाउने बाहेक जीवित र मृतकको ( धर्म कार्यका ) निमित्त श्रद्धा भावले चढाएको संपत्ति लडाइंका मानिसका निमित्त दिंदा ठूलोपाप स्मेत भै धर्मको मार्ग नमिल्ने हुंदा रिसानी नहुनु-होला। महाराज र फिरंगीसमेतले लडाइँ नगरी आफ्नु आफ्नु जमीन समाइ बसेमा सबैलाई आनन्द र राम्रो हुनेहुँदा लडाइँ तुरुन्त शांतिहोस्

भनी ल्हांकुंजोसो ( ईश्वर )मा प्रार्थना र लडाइँमा मरेको दुवै तरफका-हरूले शान्तिका स्थान पाउन् भनी शुभ आशीर्वाद सँधैं गरि राखेका छौं......।"[१]

निःसन्देह धर्मस्थान तिब्बतले गर्न सक्ने तथा चाहने कार्य पनि यत्तिकै थियो।

## X

अंग्रेजी शक्तिको विरुद्धमा लड्नका निम्ति आफूले सहायता मागेको, तथा संयुक्त भई अंग्रेजसित लडी भारतबाट अंग्रेजलाई हटाउने उद्देश्यले कुरा चलाएको, कुनै पनि भारतीय राज्य एवं चीन, तिब्बतबाटसमेत कुनै प्रकारको सहयोग र सहायता प्राप्त हुन नसके पनि नेपालले अंग्रेजसितको युद्ध जारी नै राख्यो। युद्धमा नेपाली सेनानीहरूले वीरतासाथ लडे पनि। त्यस युद्धमा नेपालीहरूले गरेको बहादुरी एवं सामरिक निपुणताको प्रशंसा स्वयं अंग्रेजहरूले पनि गरेका थिए। यससम्बन्धमा मेट्काफले भनेका थिए--"...... कार्यमा यत्तिको बहादुरी, निपुणता एवं सच्चरित्रता तथा होशियारी र समसामयिक विश्वास अरू कसैले दर्शाउन सकेको थिएन ( जत्तिको नेपालीहरूले सके )।"[२]

यसरी नेपालीहरूले बहादुरीसाथ लडेका थिए, तापनि वीर सेनानी-हरूको हत्या एवं क्षतिले गर्दा जतिसुकै बहादुरीसाथ लडे तापनि धन र जनले सुसंपन्न शत्रुसितको भीषण मुकाबिलामा नेपाल विजयी हुन सकेन। वीर सेनापति काजी अमरसिंह थापाको आत्मसमर्पण[३] पछि त नेपालको

१. यो पत्र तिब्बती भाषामा लेखिआएको थियो, यसको अनुवाद परिशिष्ट नं. ३३ मा।

2. Thompson and Garrat—Rise and fulfilment of Br. Rule in India P. 256.

३. काजी अमरसिंह थापाको आत्मसमर्पणको सम्बन्धमा नेपालमा एउटा किंवदन्ती प्रचलित छ— जुन अद्यापि बूढाहरूले भनेको सुनिन्छ-कि अमरसिंह थापा आत्म-समर्पण गरी नेपाल फर्केपछि मुख्तियार भीमसेन थापाले उनलाई—लडाइँमा लड्दै मर्न नसकी आत्मसमर्पण गर्ने, भन्ने आरोपमा फरिया लगाई शहर घुमाएर बेइज्जती गर्न खोजेका थिए, तर उनो तत्कालै गोसाइँकुण्ड गएको र त्यहीं उनको मृत्यु भएबाट सो भएन। यस्तै बारा जिल्लामा आत्मसमर्पण गरेबापत मुख्ति-यारले बखतसिंह बस्न्यातलाई फरिया लगाई शहर-परिक्रमा गराएका थिए भन्ने पनि किंवदन्ती छ।



युद्ध जित्ने आशा नै मर्न गयो, र अन्तमा विवश भई सन्धिको प्रस्तावका निम्ति बाध्य हुनुपर्‍यो।

आखिर सन्धिका निम्ति कुरा चल्यो। नेपालसरकारको प्रतिनिधि-स्वरूप गजराजमिश्र तथा चन्द्रशेखर उपाध्यायहरूले—ब्रिटिश कंपनीसर-कारका प्रतिनिधिस्वरूप भई आएका कर्नल ब्राडशासित संधिवार्ताहरूमा भाग लिए। वार्तामा कंपनी-सरकारका प्रतिनिधिले–'नेपालको संपूर्ण तराईक्षेत्रमा कंपनी-सरकारको अधिकार हुनेछ' भन्ने शर्त राखेको हुँदा पहिलो वार्ता असफल भई टुंगियो। प्रतिनिधिहरू आफआफ्नो देशमा फर्की पुनः युद्धको तयारीमा लाग्न थाले।

पछि कंपनीसरकारका अधिकारीहरूले नेपालको संपूर्ण तराई खण्ड लिने मनसुबालाई त्यागेर कोशी र गण्डकीको बीचको भूभाग र अरू केही-क्षेत्र मात्र आफूसँग राखी त्यसको सट्टा दुइ-लाख रुपियाँ नेपालसरकारलाई दिने भन्ने शर्त राखी संधि गर्न मञ्जूर गरी प्रतिनिधि पठाएको हुँदा—पुनः संधिवार्ता चालू हुन गयो। संधिको प्रस्तावनामा मेजर ब्राडशाले सन्-१८१५ डिसेम्बर २ तारीखका दिन सही गरे; र नेपाली प्रतिनिधिले चाहिं २८ नोवेम्बरमा सही गरिसकेका थिए।[१]

यस संधिको[२] आखिरी दफामुताबिक नेपालसरकारबाट पन्ध्र दिन-भित्र तथा बृटिश गवर्नर-जनरलबाट बीस दिनभित्र, अथवा सकेसम्म त्योभन्दा पनि अगाडि स्वीकृति लिनुपर्ने थियो। तर निश्चित अवधिभित्र नेपालसरकारबाट स्वीकृति प्राप्त हुन सकेन।

नेपालदरबारमा अंग्रेजद्वारा प्रेषित यस संधिलाई स्वीकार गर्ने नगर्ने, भन्ने कुरामा ठूलो बहस चल्यो। अमरसिंह थापा, रणजोर थापाहरू पुनः युद्ध गर्ने पक्षमा थिए। उनीहरूको विचाराऽनुसार वर्षा प्रारम्भ हुनासाथ अंग्रेजहरू पछाडि हट्न बाध्य हुने थिए।[३] तर त्यस वेलाको स्थिति यस्तो भैसकेको थियो कि लडाइँ जारी गरिराख्नमा नेपाललाई कल्याण थिएन, न त संभव नै थियो। तैपनि आफ्नो दरबारभित्र संधिलाई सजि-लोसंग मंजूर गर्नमा विरोध भए झैं गरी, धम्की देखाई—त्यसमा केही परिवर्तन ल्याउनका निम्ति ढीला गर्न खोज्नु, कूटनीतिक चाल त अवश्य थियो।

१. बालचन्द्रशर्मा—नेपालको ऐ० रूपरेखा—पृष्ठ २५२।

२. संधिको प्रतिरूप ” ” मा

३. बालचन्द्र शर्मा-नेपालको ऐ. रूपरेखा—पृष्ठ २६९-७०।

हुन त, कुनै इतिहासकारको भनाइ छ कि—युद्धको आरम्भमा नेपालले चीनसित सहायता मागिपठाएको कुरा ल्हासास्थित अंबाले पेकिङ्गमा सूचित गरिसकेका थिए, तथा चीनबाट पनि एक दल फौज दिगर्चाका निम्ति प्रस्थान भैसकेको सूचना नेपालमा प्राप्त भैसकेको थियो। फलतः नेपालदरबार सन्धिपत्रको उपेक्षा गरी काठमाडौंको प्रवेश-मार्गको रक्षामै प्रवृत्त भयो [१]।

यो कुरा सत्य थियो कि नेपालले युद्धको आरम्भदेखि नै सहायताका निम्ति पत्र लेखेको थियो। तर यो सही थिएन कि यसको सूचना ल्हासास्थित अंबाले गुप्तरूपमा बाहेक पेकिङ् पठाएका थिए। उनीहरूले नेपालको सन्देश औपचारिक ढंगमा चीन पठाउनामा अनेक बाधा खडा गर्नुको साथै, नेपालनरेशले चीनबादशाहलाई लेखेको पत्रसमेत फिर्ता पठाइदिएका थिए [२]।

अनि यो पनि सत्य थियो कि नेपाल र बृटिश-भारतको बीच चलिराखेको त्यस युद्धको स्थिति—अध्ययन गर्न तथा ( नेपाली प्रतिनिधिको भनाइअनुसार ) नेपाललाई गुहार गर्न चीनिया सेनापति-सै च्यान् चुन दिगर्चाका निम्ति रमाना भैसकेका थिए। यसको सूचना तिब्बतस्थित नेपालसरकारका प्रतिनिधि नाइके बलभद्रले मुख्तियार भीमसेन थापालाई दिएका पनि थिए[३]। तर पनि ती आएका चीनिया सेनापति नेपालको सहायताका निम्ति नै आएका हुन् भन्ने कुनै निश्चित थिएन। नाइके बलभद्रले बाहेक अरू कसैले यसको सूचना दिएका थिएनन्, न त अम्बाहरूले नै यस कुराको उल्लेख गरेका थिए। अझ चीनिया सेनापतिले नै नेपाललाई च्याछिन् २१ साल ६ महीना ७ दिन ( तदनुसार १८७३ आषाढ )-मा लेखेको पत्रमा अंग्रेजले भोटको बाटो छोडिदेऊ भनेको हो होइन भन्ने कुरामा ठीक उत्तर नदिए आक्रमणसमेत गर्ने धम्की दिएका थिए। उनले लेखेका थिए—"……तिमि अघि चिठिमा विन्ति गऱ्याको भोटको बाटो छाडि देउ. ( श्री चीनबादशाह )-लाई सौगात चह्राउनु पर्दैन. यो कुरा फिरंगीले भन्याको हो कि तिम्रो मुलुकमा बनायाको हो साँचो गरि चिठिमा लेषि चाँडो पठाइ देउ हामिले विचारगरि ठुलो फौजलि उठ् भस्म गरि मारूं दिउँला...।[४]" यसर्थ, नेपालसरकारले

१. ऐ ऐ —पृष्ठ २७० मा।
२. हेरियोस् पृष्ठ १३८ मा।
३. हेरियोस्—पृष्ठ १४२।
४. संपूर्ण पत्रको नक्कल परिशिष्ट नं. ३४ मा।



चीनियाँ फौज आफ्नो सहायतार्थ आएका थिए भनी मान्न सकेको थिएन। उसमाथि उक्त पत्रमै चीनसरकारका सेनापतिले साफसंग—"…तिम्रो मुलुकले फिरंगीसित. लडाइ गऱ्या देषि मिलि गऱ्यादेषि. हामिलेकेहि सोध्याको छैन. मद्दत मांग्याको सिपाहिमांग्याको[१] केही पनि हुँदैन" तथा चीनबाट आयाको फौज "तिम्रो मुलुकको गोहारगर्न आयाको हैन" भनी स्पष्ट लेखेर नेपालबाट पठायाको पत्र, सौगातस्वरूप पठाएको किम्खाप् बन्दूक आदि केही पनि नली नेपाली प्रतिनिधिकै हात फर्काइदिएबाट त झन् नेपालले सहायताको आशा गर्ने ठाउँ नै रहन गएन। तसर्थ—नेपालदरबारले चीनको सहायताको भरोसामा पुनः युद्ध चालू गर्ने विचार गरेको थियो भनी भन्न सकिंदैन।

सन्धिपत्रमा नेपालसरकारतर्फबाट निश्चित अवधिभित्र सही नभएकोले तथा नेपालको युद्ध नै गर्ने इरादा थियो भन्ने किसिमको सूचना पाएकोले—मेजर जनरल ऑक्टरलोनीको नेतृत्वमा एक दल फौजले काठमाडौंतिर प्रस्थान गऱ्यो।

—युद्ध जारी गर्नुपर्छ भन्ने भारादारमध्येका रणजोर थापाले आफ्नो नेतृत्वमा रहेको हरिहरपुरको गढीलाई रक्षा गर्न सकेनन्। उता ऑक्टरलोनी चूरेको पहाड हुँदै मकवानपुर पुगे। मकवानपुरमा पनि नेपालीहरू हारेपछि नेपालसरकारका युद्धपक्षीय भारादारहरूसमेत संधिका निम्ति तयार भए। नेपालसरकारका प्रतिनिधि गराई लालमोहर लागेको सन्धिको प्रतिलिपिसमेत दिइएर चन्द्रशेखर उपाध्याय मकवानपुर पठाइए। नेपालीहरूले अगाडि नै कुरा टुंगिसकेकोमा संधिमा सही नगरी युद्ध लम्ब्याएको अपराधमा—पूर्वनिश्चित संधि मात्र लागू नभै चूरेसम्म कम्पनीसरकारको सीमाना हुनेछ, भनी ऑक्टरलोनीले कुरा थपे। युद्ध जारी गर्नुपर्छ, भन्ने भारादारहरू त्यसैमा पनि मञ्जूर गरी संधिका निम्ति लडखडाइसकेका थिए। तर पनि मुख्तियारले नमानी यससम्बन्धमा धेरै कुराकानी चलेपछि मात्र अन्तमा ऑक्टरलोनीको थप प्रस्ताव त्यसै हरायो।

नेपालसरकारको स्वीकृतिको छाप लागेको संधिपत्रको प्रति चन्द्रशेखर उपाध्यायले सन् १८१६ मार्च ४ तारीखका दिन (संवत् १८७२ सालमा) दिउँसोको साढे-दुइ बजे अंग्रेज कंपनीसरकारका प्रतिनिधिका हात मकवानपुरमा सुम्पे, तथा अंग्रेज प्रतिनिधिले बृटिश गवर्नर-जनरलबाट

१. टिप्पणी :—तर फौजी सहायता कहिल्यै मागिएको थिएन।

स्वीकृत गरिएको प्रति नेपाली प्रतिनिधिको जिम्मा लाइदिए[1]। र यसरी करीब २ वर्षदेखि नेपाल र बृटिश भारतको बीच चलेको युद्ध बन्द भै शान्ति कायम भयो।

सुगौलीको सन्धि भै लडाइँ थामिएपछि, मुख्तियार भीमसेन थापा—उक्त संधिअनुसार २ लाख रुपियाँ नेपालसरकारलाई तिर्ने भई तराईको जुन क्षेत्र कंपनीसरकारको भनी घोषित गरिएको थियो—त्यसलाई कूटनैतिक एवं शान्तिपूर्ण तरीकाबाट फर्काउने कोशिशमा लाग्न थाले। शुरूमा पूर्वतर्फको केही भाग फर्काउनमा उनी सफल भए[2]। अनि बाँकी भूमि पनि फर्काउने उद्योगमा उनी लाग्न थाले।

बृटिश कंपनीसरकारले पनि-नेपाललाई प्रतिवर्ष २ लाख रुपियाँ तिरेर आफ्नो पासमा राखेको तराईको भू-भागबाट हुने सालिन्दा आम्दानी हिसाब गरी हेर्दा लाभकर नदेखिएकोले-- त्यस जग्गालाई फर्काउन नै श्रेयस्कर ठान्यो[3]। त्यसपछि कंपनीसरकारले नेपालसरकारलाई एउटा पत्र लेखी, संधिपत्रमा नेपालको चित्त दुखेको शर्त छोड्ने—(अर्थात् उक्त भूभाग नेपाललाई नै फर्काउने) मंजूरीको घोषणा[4] गऱ्यो। त्यस घोषणालाई नेपालसरकारले पनि पत्रद्वारा धन्यवाद दिंदै स्वीकार गऱ्यो[5]।

यस प्रकार संधिको समयमा सालिन्दा २ लाख रुपियाँ लिने गरी छोड्नुपरेको तराईको भूमाग—पुनः फर्काउनमा नेपालसरकार समर्थ भयो। मुख्तियार भीमसेन थापाकै अथक परिश्रम एवं चलाकीद्वारा बृटिश कंपनीसरकारले ती क्षेत्रहरू नेपाललाई फर्काउन मंजूर गरेको हो।[6] यस सफलताका निम्ति नेपालले पनि भीमसेन थापालाई श्रेय दिएको छ। संवत् १८९२ सालमा उनलाई कम्याण्डर-इन-चीफको पद प्रदान गर्दा राजा राजेन्द्रविक्रम शाहले यस कार्यनिम्ति भीमसेन थापालाई श्रेय दिंदै घोषणा गरेका थिए,-"······तस्तैमा अंग्रेजले हरिहरपुरमा र मकवानपुरमा लस्कर पुऱ्याउँदा चुऱ्या (चूरेको पहाड) को सरहद भया पनि ढेरै हो भनि सवभारा पाँचले सल्लाह ठहराउँदा, तरि छुटि चुऱ्याका सरहदको अहद भइ घा भयेछ. तरि छुट्न जाँदा ढेरै नोक्सान भयादेषि त्यो तरिमा हाम्रा

1. Aitchison—Treaties Sanads & Engagements P—112
2. Hunter—Life of Hodgson—P. 101.
३. बालचन्द्र शर्मा—नेपालको ऐ. रूपरेखा २७१.
४. घोषणाको नक्कल परिशिष्ट नं. ३५।
5. Aitchison—Treaties Sanads etc, P. 113-14.
6. Oldfield—Sketches of Nipal P. 21



ढेरई भारादारका षानगी छ. त्यो छुट्यो भन्या ढेर नोक्सान हुनगयो भनी अंगरेजसंग उजूर गर्दा तरीको बदला २ लाख रुपैयालाई साहेबका दस्यतले कंपनिका घरबाट आउला भन्या अहद भै आउँदा तेसमा दुइलाष रुपैया लिन्न भनि तिमिले अडि. पछि तिमिले गार्डनर साहवसित जवाप सवाल गरि. जुक्ति सिपारिस् गरि तरि छुटाइ आफना इलाका गरी फेरि सिवाना वाधि मिनार समेत् षडा भयाको रहेछ. एस् कुरामा पनि सबैले तिम्रो मंत्रना षुव दानाइ ठहराया छन्. तेसमा पनी हद गऱ्याको रह्याछौ—····[1]।"

यसरी फर्काएको तराईको भूभागबाट सालिन्दा १० लाखसम्मको पोत असूल गर्नमा भीमसेन थापा सफल भएका थिए। यसबाट राष्ट्रिय एवं सरकारी आयमा धेरै वृद्धि हुन गएको थियो।

भारतवर्षका समस्त देशी राज्य तथा उत्तरतिरका चीन र तिब्बतबाटसमेत सहायता प्राप्त गरी, अंग्रेज जातिलाई बृहत् भरतखण्डबाट नै निकाल्ने महानतम उद्देश्य लिएर उठाइएको युद्धमा आशा एवं विश्वास गरी भरपरिएका कुनै पनि राज्यहरूबाट सहायता प्राप्त हुन नसके पनि, भीमसेन थापाको योग्य संचालनमा वीर नेपालीहरू प्राणको बाजी लगाएर आफ्नू मात्र भए पनि स्वतंत्रता बचाउनामा सफल हुन सके। राज्यविस्तार मात्र नै अति महत्वपूर्ण कार्य ठान्ने कसै कसैको विचारमा—बृहत स्वार्थको रक्षा गर्दा केही सीमाना खुम्चिन गएको हुँदा—शायद भीमसेन थापा दोषी जचिएलान्, तापनि 'सर्वनाशे समुत्पन्ने अर्ध त्यजति पंडितः' भन्ने नीतिलाई ध्यानमा राखी, संपूर्ण राष्ट्र नै गुलाम हुनबाट बचाई, देशको मर्यादा राख्ने त्यस महान् व्यक्तिको नेपालले युगयुगसम्मन् इज्जत गर्नेछ।

# XI

भारतस्थित अंग्रेज कंपनीसरकारसितको युद्ध बन्द भएपछि जनरल भीमसेन थापाले आफ्नो अधिकांश समय देशको शासनव्यवस्था एवं सुधारकार्यतिर लगाउन थाले। त्यसपछि परराष्ट्र सम्बन्धमा कुनै पनि ठूलो घटना घटेन। उनले चीन र तिब्बतसितको आफ्नो ऐतिहासिक सम्बन्धलाई दृढ़ता एवं मैत्रीपूर्ण बनाइराखे। पंजाब लगायत अरू भारतीय राज्यहरूसित पनि उनले राम्रै सम्बन्ध कायम राखे। अनि, युद्धबाद प्रतिनिधि-

१. संवत् १८९२ सालको कम्याण्डरी लालमोहर परिशिष्ट नं. १ मा।

हरूको आदानप्रदान भई मित्रराष्ट्रको रूपमा रहन आएको बृटिश कम्पनी-सरकारसित पनि उनले कूटनैतिक स्तरमा मैत्रीपूर्ण व्यवहार नै गरेका थिए, तापनि त्यस शक्तिको धूर्ततापूर्ण नीतिप्रति सधैं नै सतर्क भै उसको नेपाल-स्थित प्रतिनिधिले आफ्नो भित्री शासनमा कुनै किसिमको, षडयन्त्र गरी संकटकालीन अवस्था पैदा नगरुन् भन्ने विचारबाट उनीमाथि कडा नियन्त्रण राखेका थिए। साथै "गारन् ( अर्थात् गार्डनरलाई ) जाहाँ राष्याको, हामीसित गारन्ले मिठो गरि मिलिरह्याको यो सबै चरित्र नेपालैको भोग गर्नानिमित्त हो…एसको पग जहाँबाट उठाया मात्र ढुंगाको श्रेय छ" भन्ने विचारधारा ली त्यस विदेशी शक्तिलाई नेपाल एवं सारा जम्बूद्वीपबाट नै निकाल्नका निम्ति व्यवस्था गर्न कूटनैतिक ढंगबाट कोशिश पनि गर्दै रहेका थिए।

सम्वत् १८७१-७३ को अंग्रेजी शक्तिसित भएको नेपालको युद्धको विषयमा अध्ययन गर्न तथा त्यस विषयमा आवश्यक जानकारी गर्नका निम्ति पेकिङ्‌बाट खटिइआएका चीनिया सेनापति सैच्यान् च्यान्चुन् युद्ध समाप्तिको समयसम्ममा दिगर्चा (सिगात्से) आइपुगेका थिए। उनी त्यहाँ पुगुञ्जेलसम्ममा नै युद्ध बन्द भैसकेको हुँदा उनले त्यहाँबाट अगाडि बढ्ने आवश्यकता रहन गएन, न त त्यहीं धेरै दिन बस्न जरूरी हुन गयो। त्यसो हुँदा उनले शीघ्र नै त्यहाँबाट फर्कने तयारी गर्न थाले। तिनै चीनिया सेना-पति सैच्यान् च्यान्चुन्‌सित भेटमुलाकात गर्नका निम्ति नेपालसरकारको तर्फबाट एउटा प्रतिनिधिमण्डल खटिएर दिगर्चा गएको थियो। त्यस प्रतिनिधिमण्डलका सदस्यहरूमा कर्नेल रणवीरसिंह थापा, काजी दल-भंजन पाँडे, काजी भक्तवीर थापा, मेजर गुणवन्त आदि थिए। यिनीहरूले गएर चीनिया सेनापतिसित भेट गरे तथा नेपालसरकारका तर्फबाट उनलाई प्रशस्त सौगात पनि प्रदान गरे।

त्यसै प्रतिनिधिमण्डलका व्यक्तिहरूले चीनिया सेनापतिसित कुरा-कानी गर्दा क्षेमकुशलको कुराबाहेक अरू सरकारी नीतिसम्बन्धी कुरा पनि गर्नका निम्ति निर्देशन गर्दै मुख्तियार भीमसेन थापाले लेखेको पत्रमा बृटिश शक्तिलाई भरतखण्डबाट निकाल्ने इच्छा व्यक्त गरिएको थियो। उनले लेखेका थिए,—"……सैच्यान जुन वडासंग भेट मुलाकात भया पछि विंति गर्न्या कुराको विस्तार तिम्हेरु (तिमीहरू) लाई मालुमै छ, वेला अन्सार चाहिन्या कुराको विन्ति तिम्हेरू गर्न्यै छौ, बाँकि फिरंगिले निहुगरी पैले पसि पस्या पछि उहीजगा अमल गरि यस्ता पाठ सँग सारा



हिन्दुस्थान ली दिल्लीको वात्साही पनी मिचिराषे छ. यसवखत चीन (वादसाह) वाट फिरंगी पंस्याउन्या मेहर रह्यो भन्या दिल्ली गैरह हिन्दुस्थानीहरू पनि सवै तयार हुन्याछन्, फिरंगीलाई पंसाई दिल्लीको वात्साहीको स्थापना गर्न्याकाम चीनवादशाह वाट भयो (भन्या) चीनवाद शाहको आसमुद्रान्त पृथ्वीमा ठुलो नाउँ हुन्याछ…[१]।" यस प्रकार चीनको सहायता प्राप्त भएमा—अंग्रेजलाई हटाउन अझ पनि सकिन्छ भन्ने उनको विचार थियो, तथा भारतीय राज्यबाट पनि सहायता पाइन्छ भन्ने कुरामा अझै उनी आशावादी थिए।

अंग्रेजसितको युद्धमा भारतका देशी राज्यहरूमध्ये कहीं कसैबाट पनि सहायता प्राप्त हुन सकेको थिएन, तापनि उनीहरूबाट सहायता पाउने विषयमा उनी बिलकुल निराश नै भैसकेका थिएनन्, तथा ती राज्यहरूलाई संगठित गरी लड्न पाएमा सबैको साझा शत्रु अंग्रेजलाई भरतखण्डबाट नै निकाल्न सकिन्छ भन्ने उनको जुन विश्वास थियो, त्यो अझ सेलाइसकेको थिएन। यसै विश्वासको आधारमा उनले फेरि पनि एकचोटि भारतीय राज्यहरूलाई संगठित गर्न कोशिश गरे। तर यसपल्ट अंग्रेजसरकारसित बाह्यरूपमा भए पनि मित्रताको सम्बन्ध स्थापित भैसकेको हुँदा–उनले कूटनीतिपूर्ण तरीकाबाट गुप्त तवरले कार्य गर्न थाले। उनले भारतीय राज्यहरूका सबै राजालाई अंग्रेजको विरोधमा खडा हुनका निम्ति अपील गरे। संवत् १८७७ सालमा आफना कवि पं. वाणी-निधिद्वारा संस्कृत भाषामा अपीलको कविता लेखाई—सारा भारतका राज्यहरूमा बाँडी प्रचार गरे। यस कवितामा कवि वाणीनिधिले भारत कब्जा गरी बसेका पोतवणिक् जाति अंग्रेजको विरुद्धमा सबै हिन्दू राजाहरूले एक भै लड्न तथा त्यस जातिलाई भारतको भूमिबाट निकाल्नका निम्ति संगठित हुने अपील गरेका थिए साथै प्रेरणा पनि दिएका थिए। त्यस कविताको अनुदित केही अंश यस प्रकार छः—

"……..समुद्रको टापूमा रहने गोरण्डो नाम भएको (गोरा जाति) रछाने भूत (मलिम्लुच) बिस्तार-बिस्तार पस्यो। साम दान दण्ड भेदादि अनेक प्रकारका कूटनीतिले परस्परमा फूट गराई, कुनै एकसित मिली अर्को राजालाई नाश गरिसकेपछि—तिनलाई पनि नाश गर्दै मार्ने ( ती कुइरे) हेला गरिएको ( महा ) रोग जस्तै बढ्दैछ। हे राजाहो! सबको भलोका निम्ति यो विन्ति छ—सुन्नुहोस्! यस गोरण्डो नाम गरेको

१. इतिहास प्रकाश—अंक १ पृष्ठ १५५ मा।

(कुइरे) जाति सबै वर्णाश्रमका वासिन्दाहरूको अकल्याणका निम्ति आएको छ। तसर्थ सबैले विलम्ब नगरीकन एकचोटि प्रयत्न गर्नुहोस्, किनभने मेलबाट नै सबै काम साध्य छ। महाभारतको कथामा युधिष्ठिरले अर्जुनलाई बताएको वाक्य सम्झेर पनि तपाईंहरूले आपसको वैरभाव छोडी, ठूलो कार्यका निम्ति एक भै युद्ध गर्नका निम्ति तयार रहनु आवश्यक छ। आफू आफूमा विरोध भएमा त तपाईंहरू, तपाईंहरू हुनुहुन्छ, हामीहरू हामीहरू छौं। अरूसंग विरोध भएमा हामी सबै एकसय पाँच छौं। बाँचे राज्य मरे स्वर्ग भन्ने कुराको ख्याल गरी दक्षिण पश्चिम आर्यावर्तका हे राजाहरूहो! एक युद्ध गर्न तैयार भैहाल, अन्यथा यस वैरीले ( अंग्रेज ) एक एक गरी हामी सबैलाई अन्तमा खतम गर्नेछ ...... (इत्यादि)[१]।"

पंडित वाणीनिधिद्वारा रचित तथा विभिन्न राज्यहरूमा वितरित यस पद्य-पत्रमा अंग्रेजी उपनिवेशवादविरोधी भावना जगाई हर व्यक्तिमा राष्ट्रियता एवं देशप्रेमको जोश भर्ने प्रयास स्पष्टरूपमा गरिएको छ। साथै विदेशी हस्तक्षेपको विरोधमा एकताका निम्ति जोडदार अपील गरिएको थियो।

नेपाल-बृटिश-युद्धबाद पनि यस प्रकारको पत्र बाँड्न लगाएर भीमसेन थापा तथा तत्कालीन नेपालले आफ्नो विदेशी साम्राज्यवाद-विरोधी राष्ट्रिय-नीतिलाई बचाइ नै राखेको थियो, तथा यस महान् उद्देश्यलाई साकाररूप दिन हरप्रयास गर्दै नै रहेको थियो। अवश्य पनि यस पत्रलाई सन् १८५७ सालको विद्रोहका निम्ति दोस्रोपल्ट रोपिएको बीज मात्र सकिन्छ। तर अफसोस, राष्ट्रिय स्वतंत्रताको रक्षाका निम्ति गरिएको नेपालका प्रयत्नहरूप्रति भारतका राज्यहरूले कहिल्यै ध्यानसम्म पनि दिएनन्। कोही कोही त बरु नेपालको विरुद्धमा अंग्रेजी शक्तिलाई करोडौं रुपियाँले सहायता गर्नमा समेत सरीक भए।

निःसन्देह अंग्रेज कंपनीसरकारले भारतका सबैजसोर ाज्यलाई अलग-अलग गरी कमजोर तुल्याइसकेपछि, अर्थात् नेपालले गरेको प्रयत्नको तीसौं वर्षबाद विद्रोह[२] हुनुको सट्टामा—त्यसै बखत नेपालप्रति विश्वास गर्न सकेर सबै राज्यहरूले एकसाथ विद्रोह गरी संग्रामका निम्ति कम्मर कसिदिएको भए, संपूर्ण मात्रामा सफलता हासिल हुने थियोहोला। किनभने त्यस बखत

१. यसको संपूर्ण मूल रूप 'संस्कृत–सन्देश' अंक ९ मा छ।

२. सन् १८५७ ई. को सिपाही विद्रोह।



बृटिशराज्यको जग बलियो भैसकेको थिएन। तर अगाडिको युद्धमा नेपाललाई सहायता नदिईकन तटस्थ रहनुको सट्टा कुनै राज्यले अंग्रेजलाई करोडौं रुपियाँले मद्दत गरे जस्तै—नेपालद्वारा वितरित पद्यपत्रलाई वास्ता नगरी चूप रहन नसकी, कुनै राज्यका अधिकारीले उक्त पत्र अंग्रेजसरकारको पास सुम्पिदिएको पनि रहेछ। त्यो राज्य रहेछ—ग्वालियर, तथा त्यहाँका शासक जनकोजीराव रहेछन्। त्यसैले होला—नेपालसरकारले एउटा शिलापत्र टाँसी जनकोजीरावलाई गिल्ला गरेको। त्यस शिलापत्रमा विभिन्न राज्यका विभिन्न समयका राजा महाराजाहरूको वीरता एवं नैतिकताको प्रशंसा गर्दै, अन्तमा ग्वालियरका तत्कालीन शासक जनकोजी-रावलाई निन्दा गरिएको छ। त्यो पंक्ति यस प्रकार छः—

> "ग्वालीयरावन्तिक राजमानो कामी मदार्थी जनकाविधान
> विनाशकारी शरणाऽगतानाम् पराक्रमे वानरतुल्यसार।[१]

यसरी अंग्रेजी शक्तिलाई नेपाल एवं भारतबाट समेत निकाल्नका निम्ति तथा आफ्नु भूमिमा गाडिन लागेको साम्राज्यवादी विदेशी शक्तिलाई उखेलेर फाल्नका निम्ति आफूले उठाएको विभिन्न समयको कोशिशको उचित कदर कुनै पनि भारतीय राज्यबाट कहिल्यै पनि नभएको हुँदा; अझ कुनै कुनै राज्य त अंग्रेजसमर्थक भै नेपालको समेत हानि चिताउने भएको हुँदा—जनरल भीमसेन थापा एक प्रकारले निराश भए। त्यसपछि उनले केवल आफ्नै देशलाई मात्र भए पनि अंग्रेजी जालबाट जोगाउनतिर लाग्न थाले। यसै वेलादेखि नेपाल र भारतीय राज्यहरूको बीचमा जुन पृथक्ता थियो–त्यसले झन् स्पष्ट एवं ठोस रूप लिन थाल्यो र अन्तर्राष्ट्रिय राजनैतिक परिस्थितिमा एक्लै भए पनि नेपालले स्वतंत्र पाइला चाल्न थाल्यो।

## XII

सुगौलीको सन्धिबाद नेपाल र बृटिश कंपनीसरकारको बीच साधारणतः कूटनैतिक सम्बन्ध स्थापना हुन गयो, जुन समयानुसार परिवर्तित हुँदै आजसम्म पनि कायम रहन गएको छ। वर्तमान समयमा नेपालले बृटिश-सितको सम्बन्धमा त्यत्तिको होशियार रहनुपर्ने स्थिति छैन ( जत्तिको

१. नेपाल, काठमाडौंको—सानु गौचरनमा रहेको शिलापत्रबाट।

अरू राष्ट्रसित छ ), तापनि जनरल भीमसेन थापाको समय, नेपालका निम्ति त्यस शक्तिसित काफी सतर्क रहनुपर्ने वेला थियो। बृटिश कंपनी-सरकारका दूत—रेजिडेण्टमाथि कडा निगरानी राख्नुपर्ने समय त्यो थियो, यसकारण कि बृटिश साम्राज्यवादी कारवाईका निम्ति ईसाई पादरी एवं व्यापारी-एजेन्टहरू जस्तै—रेजिडेन्ट पनि एक जबर्जस्त हतियार थियो, जसले कूटनीतिपूर्ण तरीकाबाट राज्यभित्र षड्यन्त्र गरी देशको शासन-व्यवस्थामा नै हलचल पैदा गरिदिन्थ्यो।

यसकारण, बृटिश-दूतद्वारा रचिने कूटनीतिपूर्ण षड्यन्त्रलाई रोक्नका निम्ति तथा आफ्नो भित्री शासनमा अंग्रेजी दबाव हुन नदिनका निम्ति जनरल भीमसेन थापाले काठमाडौंस्थित बृटिश रेजिडेन्टमाथि पूरा नियन्त्रण राखी उनको हर बाटोलाई बन्द गर्ने कोशिश गरेका थिए।

सुगौली-सन्धिको शर्तबमोजिम एडवार्ड गार्डनर बृटिश गवर्नर-जनरलद्वारा नियुक्त लडाइँपछिको प्रथम रेजिडेन्ट भै नेपाल आए। जनरल भीमसेन थापाले उनलाई केवल कूटनैतिक प्रतिनिधिको रूपमा रहनुसिवाय अरू कुनै प्रकारको दरबारी षड्यन्त्र गर्न नपाउने, तथा शासन व्यवस्थामा हस्तक्षेप गर्न नसकिने प्रबन्ध गरे।

हुन पनि त्यस बखतको अंग्रेजी साम्राज्यवादी नीति नै यही थियो कि,—कुनै राज्यमा जुनसुकै रूपबाट पनि प्रवेश गर्न पाएमा त्यहाँको शासनमा हरतरहबाट गोलमाल र अस्थिरता पैदा गराउनु त्यस व्यक्तिको कर्तव्य हुन जान्थ्यो। अनि यसरी गोलमाल उत्पन्न गराएपछि त्यस राज्यलाई सके हड्प्नु, नसके कमसे कम कठपुतली बनाउनु नै—उन्नाइसौं शताब्दीको बृटिश कूटनीति थियो। हर बृटिश रेजिडेन्टलाई आफ्नो सरकारबाट यस्तो निर्देश प्राप्त हुन्थ्यो।

त्यस बखत भारतीय राज्यहरूमा पठाइने बृटिश रेजिडेन्टहरूले उपरोक्त नीति अपनाई कार्य गर्दथे भन्ने कुरा तत्कालीन गवर्नर-जनरल लॉर्ड हेस्टिंस्‌ले स्वयं स्वीकार गरेका छन्। यससम्बन्धमा उनको 'प्राइवेट्-जर्नल' ( निजी पत्रिका ) मा यस प्रकारको कुरा लेखिएको थियो :—

"……उनीहरूसितको—( अर्थात् भारतीय राज्यहरूसितको ) संधिमा त हामी उनीहरूलाई स्वतंत्र सार्वभौमिक सत्ताधारी राज्य मान्छौं, र उनीहरूको दरबारमा रेजिडेन्ट पठाउँछौं। ( त्यहाँ ) उसले राजदूतको ढंगबाट मात्र काम गर्नुको सट्टा एउटा डिक्टेटरले झैं व्यवहार गर्न थाल्दछ; उनीहरूको ( राज्यको ) प्रायः सबैजसो कार्यहरूमा हस्तक्षेप गर्न थाल्दछ, र उनीहरू ( राज्यका अधिकारी ) को विरोधमा फूट पैदा गर्ने कोशिश गर्दछ; तथा उनीहरूका अधिकारको प्रयोगलाई केवल देखावा मात्र बनाइदिन्छ[१]।"



रेजिडेन्टको कार्यसम्बन्धी आफ्नो यस प्रकारको गुप्त नीति भएकोले होला नेपालसित हुन गएको सुगौली-संधिको शर्तमध्ये रेजिडेन्टवाला शर्तलाई अंग्रेज इतिहासकारहरूले विशेष महत्व दिई, यो ( रेजिडेन्ट राख्नु ) शत्रुका निम्ति ( नेपालको लागि ) जग्गा छुट्नुभन्दा पनि ठूलो असजिलो कुरा, भनी लेखेको[२]।

तर शासन-व्यवस्थामा जनरल भीमसेन थापाको विशेष जोड चलुञ्जेल बृटिश रेजिडेन्टहरूले आफ्नो सरकारको यस्तो गुप्त आदेश र निर्देशलाई नेपालमा लागू गर्न सकेका थिएनन् र जेठी महारानी एवं पाँडेहरूको संयुक्त षड्यन्त्रमा भरपरी राजा राजेन्द्रविक्रमले उनलाई पदच्युत नगराउञ्जेल नेपालको प्रशासन कार्यमा दबाव हाल्न तथा हस्तक्षेप गर्न सकेका थिएनन्।

बृटिश दूतले कुनै प्रकारको षड्यन्त्र गर्न नसकून् भन्ने विचारबाट उनीमाथि कडा नियंत्रण राख्न जनरल भीमसेन थापाले यस्तो चलन प्रस्तुत गरेका थिए कि बृटिश रेजिडेन्टले विनाकाम कुनै मानिससित सीधा सम्पर्क राख्न सक्तैनथे, कसैलाई पनि एकलै भेट गर्न पाउँदैनथे, तथा दरबारभित्र पनि उनले मुख्तियारको उपस्थितिमा बाहेक अरू वेला राजासित पनि एकलै भेट गर्न सक्तैनथे। साथै रेजिडेन्टले आफ्नो निवासस्थानको निर्धारित सीमा नाघी बाहिर घुम्न जानका निम्ति पनि नेपालसरकारको पूर्ण स्वीकृति लिनुपर्दथ्यो। अन्यथा उनी त्यो सीमा नाघी बाहिर जान-सक्तैनथे।[३]

बृटिश रेजिडेन्टले कसैसित पनि गुप्त सम्पर्क राख्न नसकून् भनी राजधानीको मुख्य बस्ती र रेजिडेन्सीबीचमा सशस्त्र फौजको घेरा दिइएको थियो तथा कोही कसैले यस्तो गुप्त सम्बन्ध राखेमा कडा सजायँ हुनेछ भनी उर्दी पनि जारी गरिएको थियो।[१] भीमसेन थापाको यस प्रकार

1. Thompson and Garrat—Rise & fulfilment of Br. Rule in India 536 ( F. N. )

1. A. Smith—The Oxford History of India-P. 623

२. यो प्रतिबन्ध भीमसेन थापापछि आएको फत्यजंगको सरकारले तोडिदियो।

3. Hunter—Life of B. Hodgson P. 102

को प्रबन्धलाई अंग्रेज इतिहासकारले यो आशय व्यक्त गरेका छन्–"मिष्टर गार्डनरको रेजिडेन्सीको अवधिभर प्रधानमंत्री (अर्थात् मुख्तियार) ले आफ्ना भारादारहरूमा यस्तो भान पारेका थिए कि—रेजिडेन्टसितको व्यक्तिगत सम्पर्कबाट राज्यमा असन्तुष्ट तत्वको निर्माण हुन जानेछ तथा सन्धिबाट यस प्रकारको सम्पर्कलाई बिलकुल निषेध गरिएको छ। यस्तो बहाना गरी उनले सबैलाई हामीसित व्यक्तिगत सम्पर्क राख्ने अधिकारबाट वञ्चित गराएका थिए तथा राजनैतिक विषयमा हामीसित सम्पर्क राख्नमा उनी आफू एकलै मात्र योग्य भनी नेपाली वीर भारादारहरूलाई विश्वास दिलाउन उनलाई कुनै गाह्रो भएन।"[1]

यसरी कडा नियन्त्रण राखुञ्जेल यी बृटिश रेजिडेन्टहरूले नेपालको प्रशासनसम्बन्धी कार्यमा हस्तक्षेप गर्न र दवाब हाल्न सकेका थिएनन्। दरबारी षड्यन्त्रमा भाग लिएर शासनमा अस्थिरता ल्याउने मौका तिनले पाएका थिएनन्। र यो कुनै पनि स्वतन्त्र राष्ट्रका निम्ति गौरवको कुरा हो।

प्रशासन कार्यमा मुख्तियारको मात्र हात रहुञ्जेल अंग्रेजी दूतहरूप्रतिको यो नियन्त्रण लागू हुन सक्यो। पछि राजा राजेन्द्रका महारानीहरूले जब शासनसम्बन्धी कार्यमा हातहाल्ने रहर गर्न थाले, तथा राजकाजमा सौतेनी झगडा उत्पन्न हुन थाल्यो र मुख्तियारमाथिको शक्ति र विश्वास जब घट्दै गयो,—बृटिश रेजिडेन्टले आफूमाथिको बन्धनलाई नाघेर दरबारी षड्यन्त्रमा भाग लिने मौका पाउन थाले। थापापरिवारकी विरोधी जेठी महारानी साम्राज्यलक्ष्मीदेवी र उनका समर्थक पाँडेहरूले भीमसेन थापाको अन्त गराउनका निम्ति रेजिडेन्टसित गुप्त सम्पर्क पनि राख्न थाले। यसभन्दा अघि रेजिडेन्ट हॉग्सनले नेपालको भाषा एवम् धर्मसम्बधी खोज र चराचुरुंगीको अनुसन्धान गर्ने बहानामा रेजिडेन्सीमा केही पंडितवर्गलाई काम दिए। यसबाट उनले उनीहरूद्वारा अनुसन्धान कार्यको साथै दरबारसित गुप्त सम्बन्ध राख्ने कार्य पनि गरेका थिए। यो कुरा मुख्तियारलाई थाहा हुन सकेन र उनको आँखामा धूलो छ्यापियो। यसरी नै अन्तमा भीमसेन थापाको पदच्युति एवं अवसान गराउनमा बृटिश शक्ति पनि एक प्रमुख तत्व बन्न गएको थियो। निश्चय पनि यसरी देशको प्रशासकलाई बदल्नमा तथा शासनयन्त्रमा नै अस्थिरता पैदा गराउनमा विदेशी तत्वको हात रहनु कुनै पनि राष्ट्रका निम्ति बेइज्जतीको कुरा हो, तथा यसरी हातहाल्ने तत्वको साम्राज्यवादी मनोवृत्तिको ज्वलन्त उदाहरण हो।

1. Hunter—Life of Hodgson P. 103.



जनरल भीमसेन थापाले बृटिश भारत कंपनीसरकारका राजदूत, रेजिडेन्टहरूलाई नेपालको प्रशासनसम्बन्धी कार्यमा दिलचस्पी लिन तथा हस्तक्षेप गरी डाँवाडोल स्थिति पैदा गराउनबाट कडा नियन्त्रण राखी वञ्चित गरेका थिए। तैपनि मित्रराष्ट्रका प्रतिनिधिप्रति गरिने शिष्टाचारलाई भने छोडिएको थिएन। राजदूतका साधारण सरसामानका बाकस–(जसमा हातहतियार छैन, भन्ने विश्वास हुन्छ) गढी आदिमा खोलिँदा टुट्ने संभावना भएकोले नखोलियोस् भनी रेजिडेन्टले अनुरोध गरेको हुँदा नेपालसरकारले पनि शिष्टाचारको मर्यादा राखी मञ्जूर गरेको थियो। यससम्बन्धमा सम्बन्धित कर्मचारीलाई गएको आदेशको लालमोहर यस प्रकार छ,—"स्वस्तिश्री मन्महाराजाधिराज कस्य रुक्का — — — आगे कप्तान भवानीसिं षत्रि प्रती. हाम्रा षान्या पिन्या सरजाम सन्दूकहरू आउँदा सिसाका वासनहरू हुनाले षोल्दामा टुटन जाँछन् नषोली आउन्या काम् भया वढीया हुँदो हो भनी जाहाँ रहन्या रसिडंटबाट हाम्रा हजुरमा बिन्ति पर्‍यो. अब उप्रांत जाहाँ रहन्यासाहेबहरूका षान्या पीन्या सराजाम संदुकहरू आउँदा नषोली सरासर आउन दे. रोकतोकनगर इति-संवत् १८८१ साल आषाड वदी १० रोज ३ शुभम् — — — —।"

× × ×

संवत् १८७१–७३ सालको युद्धबाद नेपालसरकार र बृटिश भारत कंपनीसरकारको बीच पछि कुनै ठूलो गोलमाल भएन। जोडिएको सीमानाका मानिसहरूको झगडा तथा यस्तै दुइ-सरकारका रैतीको झगडा विषय जस्ता ससाना कुरामा संझौता हुँदा—केही मतविभिन्नता भएको थियो तापनि त्यसले भीषण झगडाको रूप कहिल्यै लिएन।

संवत् १८८९ (तदनुसार सन् १८३२) सालमा नेपालसरकारले बृटिश प्रतिनिधिलाई—यी दुई सरकारका रैतीको बीच बलात्कारको झगडा परेमा दिइने सजायँबारे निर्णय गरिएको कुराको सूचना पठाएको थियो। यस सूचनालाई मंजूर गरी रेजिडेन्टले नेपालसरकारछेउ लेखिपठाएको पत्रमा–आफ्नो निर्णयसित नमिल्ने कुरा लेखिआएको हुँदा–नेपालसरकारले यसको विरोधस्वरूप अर्को पत्र पनि पठायो। यो पत्र नेपालसरकारका तर्फबाट बालनरसिंह कुंवरले लेखिपठाएका थिए। पत्रको व्यहोरा यस प्रकार छ :—

"मडिक साहेवका रवारवीको वेलामा जिवन' कारुवकारिको नकल दिया. तेसमा माथिभन्या हाम्रा तावेका कोहिमानिसहरूले यस्तो कसूर गऱ्यो भन्या महाराजाका षुसिमाफिक जस्तो चाहिन्या हो तस्तो सजाय हामि गरौला तेसमा आंखा चिम्लन्या छैनौ भनि लेष्या. तल भन्या महाराजा साहेब र भारादारले यस्तो कवूल मंजुर गर्नुभयो. क्या भन्या. रजिडेन्टका कोहि मानिसहरूले महाराजा साहेवका रैयत संग यस्तो[२] विराउ गऱ्यो भन्या तेस्को शासनाको तजवीज रेजिडेन्ट साहेवका राय मुताबिक होला. महाराजा साहेवका सरकारका तावेका मानिसले रेजिडेन्ट साहेवका रैयतसंग यस्तो विराउगऱ्यो भन्या तस्को सासना महाराजा साहेवका तालूक रहला भंन्या कुरा उमाकान्त लक्ष्मीदासले सन्देश ल्याया भनि लेष्याछन्. यो कुरा सुन्नमा तफावत् पारि लेष्याछन् यो हाम्रो सरकारमा मंजुर छैन. यस्तो मंजूर छ. क्याभन्या. रजिडंटका तावेका कोहि मानिसहरूले. महाराजा साहेवका रैयतहरूसंग, यस्तो कसूर गऱ्यो भन्या तस्का सजायँ. महाराजा साहेवका दस्तूर माफिक रजिडंट साहेवका तालूक रहोस्. महाराजा साहेवका सर्कारका. तावेका मानिसहरूले—रजिडंट साहेवका रैयतसँग यस्तो कसूर गऱ्यो भन्यो रजिडंट साहेवका दस्तूर माफिक सजाय गर्न्या काम महाराजा साहेवका तालूक रहोस् इति संवत् १८८९ साल मिति पौष वदि ११ सन् १८३२ तारीष १७ महिना दिसम्बर शुभम्" — —।

यसभन्दा अघि—ठगी, हत्या आदिका अपराधी सुपुर्द गर्ने विषयमा नेपालसरकार र बृटिश कंपनीसरकारको बीच संवत् १८८४ साल (तदनुसार सन् १८२७) मा एउटा संधि भएको थियो। योवमोजिम—बृटिश कंपनी-सरकारका कुनै नागरिकले आफ्नो देशमा विष दिई, वा आगो वाली कसैको हत्या गरी भागी नेपालभित्र बसेको छ भनी नेपालसरकारका अधिकारीलाई हुलियासमेत दी सूचित गरेमा नेपालसरकारले त्यस्ता व्यक्ति खोजी, दिइएको हुलिया मिल्ने व्यक्ति भेट्टाइएमा कंपनीसरकारका अधिकारीलाई सुपुर्द गर्ने; तथा नेपालसरकारका नागरिकले यस्तो अपराध गरी कंपनीसरकारको इलाकामा गई बसेको छ भन्ने हुलियासमेतको सूचना नेपालबाट दिएपछि कंपनी सरकारले खोजी हुलिया मिल्न आएमा

१. वृटिश नागरिक जीवन भन्ने व्यक्तिले एउटी नेपाली स्त्रीलाई वलात्कार गरेकोमा उसलाई (नेपालसरकारको इच्छानुसार) पाँच वर्ष भारतीय जेलमा थुन्ने गरी सजायँ भएको थियो त्यसै घटनावाद सदाका निम्ति यो संझौता भएको।

२. वलात्कार एवं करनीको विराम।



पक्षी नेपालसरकारलाई सुपुर्द गर्ने; तर बताइएका व्यक्तिबारे दिइएको हुलिया मिलेन भने त्यसमाथि कुनै प्रकारको शंका भएन वा त्यो आफ्नो नागरिक ठहरेमा सुपुर्द गर्नुपर्दैन भन्ने कुरा दुवै सरकारले मंजूर गऱ्यो। यस संझौतावमोजिम कार्य गर्न नेपालसरकारले आफ्ना जिल्ला गौंडा गोस्वारालाई निर्देश पनि गरेको थियो।[१]

यसरी दुइ सरकारको बीच संवत् १८९१ साल कार्तिक महीनामा डाँकाहरू सुपुर्द गर्ने विषयमा पनी संधि भयो। यस संधिबमोजिम जुन सरकारको इलाकामा डाँका लाग्दछ, डाँकालाई त्यस सरकारले सजायँ गर्ने—अर्थात् नेपालसरकारका रैतीले कंपनीसरकारका इलाकामा गई डाँका माऱ्यो भने साबिती डाँकालाई कंपनीसरकारले सजायँ गर्ने तथा कंपनीसरकारका रैतीले आई नेपालसरकारका सीमानाभित्र डाँका माऱ्यो भने नेपालसरकारले सजायँ गर्ने भन्ने कुरा दुवै सरकारले मंजूर गऱ्यो। यी दुई सरकारमध्ये कसैले पनि समातिएको डाँका आफ्नो रैती नभै अर्को सरकारको रैयत ठहरिएमा, त्यस समातिएको व्यक्ति डाँका हो होइन भनी पुर्पछे रोवकारी गर्नका निम्ति दुवै सरकारका प्रतिनिधि बसेर गरिनुपर्छ भन्ने कुरा पनि मञ्जूर गरियो। यस अहदनामालाई कार्यान्वित गर्न तथा कुनै जिल्लाका मानिसलाई डाँकामा शंका गरी गिरफ्तार गरेको सूचना प्राप्त भएपछि त्यसको पुर्पछेका निम्ति मानिस खटाउँदा जुन जिल्लाको व्यक्ति समातिएको हो त्यसै जिल्लाका अमालिदार ( अर्थात हाकिम ) ले आफ्नै तैनाथमा मानिस खटाउन सक्छन्, केन्द्रीय सरकारसित सोधिरहनुपर्दैन भन्ने निर्देशनसहितको आदेशपत्र[२] नेपालसरकारले जिल्ला जिल्ला गौंडा गोस्वाराका नाममा जारी गरेको थियो।

सुगौलीको संधिबाद शान्ति स्थापना भएपछि प्रशासन कार्यलाई सुचारुरूपले चलाउनका निम्ति; तथा चोरी, डँकैती, हत्या आदि अपराधबाट देशको जनताले अशान्ति अराजकताको कष्ट भोग्नु नपरोस् भन्ने हेतुले त्यस्तो अपराधलाई रोक्नका निम्ति दुइ सरकारका बीच यस प्रकारका सन्धि र संझौताहरू भएका थिए। निश्चय पनि, सीमाना जोडिएका राज्यहरूको बीच यस प्रकारको संझौता र मंजूरीनामा भएन भने सीमानाका जगाहरूमा लूट, डकैती, हत्या एवं चोरी जस्ता अमानुषिक भीषण अपराधहरू साधारण घटना जस्तै हुन जानेछन् र त्यस इलाकाको

१. निर्देशनको नक्कल परिशिष्ट नं ३६ (क) मा।

२. आदेशपत्रको नक्कल परिशिष्ट नं ३६ (ख) मा।

जनताहरूले कहिल्यै पनि अमन-चैनसित रहन पाउनेछैन तथा सधैं भय र त्रासमा बाँचिरहनुपर्नेछ ।

नेपालसरकारले अंग्रेज कंपनी-सरकारसित यस प्रकारको संझौता गरे तापनि अंग्रेज जातिलाई विदेशीको रूपमा देख्न तथा त्यसलाई एशियाई भूमिबाट निष्कासन गर्नेसम्बन्धी जुन मूलभूत सिद्धान्त थियो, त्यसलाई त्यागेको थिएन। भीमसेन थापाको पतनबाद आएको पाँडे र शाहको सरकारले (विशेषतः फत्यजंगको पहिलो सरकारले) जस्तै बिलकुल अंग्रेजको समर्थक बनी अंग्रेजसरकारको स्वीकृतिविना अरू देशी-राज्य-रजौटासित सम्बन्ध पनि नराख्ने कबूल भीमसेन थापाले बाँचुञ्जेल कहिल्यै गरेनन्। अंग्रेजको—भारतीय वा बर्मा, काबुलका राज्यहरूसित युद्ध परेको वेलामा, मुख्तियार फत्यजंग शाहले जस्तै अंग्रेजलाई कुनै प्रकारको सहायता दिने वचन दिएनन्, न त त्यस प्रकारको राजनैतिक सम्बन्ध नै गरे। बरु बर्मासरकारसित संधिस्थापना गर्ने इच्छा गरी आफ्ना दूतलाई बर्मा पठाउँदा-बर्मासरकारसित कुरा गर्न जुन नीति बताइएको थियो, त्यसमा पनि अंग्रेज कंपनी-सरकारको विरोधै गरिएको थियो। साथै बर्मासरकारले मंजूर गरी कार्य गर्न तयार भएमा, फेरि एकचोटि अंग्रेजको विरुद्ध कार्रवाई गर्ने भावना पनि व्यक्त गरिएको थियो[१]।

अनि, बृटिशसरकारका तर्फबाट नेपालको मान मर्यादा र प्रतिष्ठामा आघात हुने गरी असमानतापूर्ण व्यवहार गर्न खोजिएमा विरोध पनि गरिएको थियो। (जस्तो कि करणी र बलात्कारको अपराध गर्ने अपराधीलाई सजायँ दिने विषयमा-रेजिडेन्टको भनाइ र निर्णयको विरोध गरी आफूले भने जस्तै गराइएको थियो)।

संवत् १८९३ सालतिर नेपाल र बृटिश कंपनी-सरकारको बीच नेपालको पूर्वीय सीमाना—'मेची' नदीको विषयमा केही गोलमाल उठ्यो। बृटिश कंपनी-सरकारले सिक्किमलाई खडा गराई नेपालको केही सीमाना ह्रास्ने प्रयास गरेको थियो। नेपालको पूर्वीय साँधको नदीको नाम मेची हो तथा त्यसभन्दा केही कोस पश्चिमतिर एउटा अर्को नदी छ—जसलाई नेपालीहरू 'सिद्धि' भन्दछन्। बृटिश कंपनी-सरकार र नेपालसरकारको बीच १८७३ मा संधि हुँदा मेची नदीलाई साँध मानी भएको थियो।

नेपालीहरू जुन नदीलाई 'सिद्धि' भन्दछन्—सिक्किमवासी त्यसलाई मेची भन्दा रहेछन् तथा नेपालीले जुन नदीलाई मेची भन्दछन्,

१. यससंबन्धी पूर्ण विवरण प्रसंगमा दिइनेछ।



सिक्किमवासी त्यसलाई सेचि भन्दा रहेछन्। त्यसो हुँदा सिक्किमलाई उठाई यो दावा गर्न लगाइयो कि नेपालको सीमाना 'सिद्धि' हो, (जसलाई सिक्किमवासी मेची भन्दछन्) र त्यसदेखिन् पूर्वको जगा सिक्किमको हुन्छ। यससम्बन्धमा सिक्किमले उजूर गरेको हुँदा—सिक्किमका प्रतिनिधिसित बहस गर्न एउटा प्रतिनिधि पठाइदेऊ, भनी कंपनीसरकारबाट लेखिआएकोमा नेपालले पठाउन अस्वीकार गर्दै यो सन्देश पठायो कि—"अहद भयाको हाम्रो कंपनीसँग भयापछि सुषीम्यासित हामी किन जोरिन जाउँला. मेचिदेषि पूर्व तिष्ठा नदी छँदं छ भन्यापछि तिम्रा मिजाज जो आउँछ सो गर सुषीम्यासित जोरिनाको हामीलाई क्या वास्ता छ····।"

—अन्तमा नेपालीहरूले जुन नदीलाई मेची भन्दथे त्यही नै वास्तविक 'मेची' ठहरियो र नेपालको सीमाना त्यही नै मानियो।

## XIII

जनरल भीमसेन थापाको समयमा नेपालको बर्मासित पनि दौत्यसम्बन्ध स्थापित गर्ने प्रयास भएको थियो। नेपाल-बृटिश युद्धबाद बर्मासरकारले-हिन्दुस्थानमा मालसामान किन्न आएका एक व्यापारीमार्फत कलकत्तास्थित नेपालीदूतछेउ सन्देश पठाई नेपालसरकारसित सम्बन्ध स्थापना गर्ने अभिलाषा प्रकट गऱ्यो। 'मैन्दे एङ्लासुं नामक बर्माका व्यापारिक दूतले कलकत्तास्थित नेपाली वकील चन्द्रशेखर उपाध्यायसित भेट गरी बर्मानरेशको उक्त इच्छालाई व्यक्त गरेका थिए। यस कुराको सूचना वकील चन्द्रशेखर उपाध्यायले आफ्ना मुख्तियारलाई पठाए। वकीलले लेखेका थिए,—"........नेपालका उकिल जाहाँ छन् भनि षवर गर्न पठाइ भेट्न आयो. र ब्रह्माको आफ्ना राजाको पेगु गैरह मुलुकको कैफियत र इन्‌सित (बृटिश कंपनीसरकार) को सुरत् सुछिम गरि कह्यो. तिमिहरूका आजकाल इनहरूसंग चीनसंग करतो छ भनी सोध्यो र मैले पनि सुछिम् गरी इन्‌सितको पनि चीनसितको पनि व्यवस्था कह्याँ. हामि पनि चीनलाई मान्छौं. तिमीहरू पनी उनैलाई मांन्या रह्याछौ. एक वास्ता बूझि ब्रह्माले हाम्रो राजालाई नेपालको धेरै जगा छूट्यो भन्न्या षवर सुनिन्छ हो होइन भनि पठाउँदा. राजाको हुकुम थियो र म तिमिछेउ बूझ्न आयाको हुँ. ब्रह्माको. तम्रा षामिदसित दोस्तिसित गर्न्या इरादा छ. (इत्यादि)"

संवत् १८७५ पौष वदि ३० रोज १ का दिन कलकत्ताबाट वकील चन्द्रशेखर उपाध्यायले मुख्तियारलाई यस्तो लेखेका थिए तापनि तुरुन्त नेपाल र बर्माको बीच दौत्यसम्बन्धका निम्ति स्थिति अनुकूल हुन सकेन। औपचारिक ढंगबाट कुराकानी चलाउन अधिकारप्राप्त व्यक्ति पठाउन शायद भर्खरैको युद्धसमाप्तिको कारणले गर्दा नेपाल समर्थ भएन होला। त्यसको केही वर्षबाद–अर्थात् संवत् १८८१ सालमा बर्मा र बृटिश भारतको बीच पहिलो युद्ध छेडिन गएकोले पनि नेपाल र बर्माको बीच दौत्यसम्बन्ध स्थापनाका निमित्त औपचारिक ढंगबाट कुरा चलाउनमा ढीलो हुन गयो।

बर्मा नरेशले नेपालसरकारसित सम्बन्ध स्थापित गर्ने इच्छा प्रकट गर्दै आफ्ना दूत 'मैन्दे एङ्लासु'लाई कलकत्तामा नेपाली वकीलसित कुरा गर्न पठाएको सालमा नै सम्बन्ध स्थापनार्थ कुराकानी चलाउन आफ्नो दूतलाई बर्मा पठायो।

नेपाली दूतले बर्मा गई कुराकानी गर्नका निम्ति नेपालसरकारले एउटा अख्तियारको सवालपत्र गरिदिएको थियो। नेपाली दूतको नाममा भएको सवालपत्रबाट यो ज्ञात हुन्छ कि–कुनै मुलुकसित सम्बन्ध जोड्नुभन्दा अगाडि त्यस मुलुकको बाह्य एवं आन्तरिक स्थिति विषयमा प्रशस्त जानकारी हुनुपर्छ, भन्ने कुरा तत्कालीन नेपाली राजनीतिज्ञहरूले राम्ररी बुझेका थिए। विशेषतः साझा शत्रु अंग्रेजको विषयमा बर्मासरकारको के नीति छ, भन्ने थाहा पाउनमा नेपालसरकार ज्यादा उत्सुक देखिन्थ्यो तथा बर्मानरेश अंग्रेजविपक्षी नभएमा आफ्नो मनको इच्छा प्रकट नगर्ने आदेश दूतलाई दिइएको थियो। यसबाट यो थाहा हुन्छ कि—बर्मासित पनि सम्बन्ध जोडी भीमसेन थापा—अंग्रेजलाई एशियाबाट निकाल्ने ताकमा अझै थिए। अनि आफ्नो दूतलाई विशेष गरी बर्माको ऐन-कानूनसम्बन्धी कुरामा जानकारी गर्नू भन्ने आदेश दिनुको अर्थ यही हुन सक्तछ कि—विभिन्न राज्यको ऐनकानूनलाई अध्ययन गरी आफ्नो देशको ऐनमा प्रगतिशील परिवर्तन ल्याउन सकियोस्।

नेपालसरकारबाट बर्मासरकारसित कुराकानी चलाउन खटिएका दूतको अख्तियारनामाको सवालपत्र यस प्रकार छ :—

श्री गणेशाय नमः

श्री व्रह्माका (बर्मा) मुलुकमा पुगि गर्न्या कामको याददास्त— —

प्रथम सवाल :—

इहाँबाट कूच गरि बढिया बाटो गरि व्रह्माका मुलुकमा पुगि राजा रह्याका



सहरमा डेरा गर्नु. राजाको मुप्तियार को रह्याछन् बुझि उन्सँग भेटगरि उहाँको हाल सुरत बुझ्नु— — — —

दोस्रो सवाल :—

उहाँका मालिकका रानी छोरा छोरी भाइहरू कति रह्याछन्. मालिकको स्वभाव कस्तो रहेछ. अंगरेजसित कस्तो रहेछ. कामगर्न्या भारादारहरू कतिको मिल्याका रह्याछन् बुझ्नु— — — —

तेस्रो सवाल :—

मालिक र भारादारहरू अंगरेजसित मिल्याका अंगरेजको बहसत मान्या रह्याछन् भन्या आफ्नु आशय नषोल्नु. मालिकका मनमा मनसुवा इरादा रहेछ. भारादारहरूमा कोही मिल्याका हुनाले प्रकाश गर्न नसक्याको रहेछ भन्या मालिकका पेटका मनसुवाराषन्या बढिया मानिस विचार गरि उसको बाटो गरि नषुलन्या पाठसित षवर राजासंम पुऱ्याइ उनको आशय बुझन्या काम गर्नु— — — — —

चौथो सवाल :—

राजा मनसुवाभयाका उद्योगमा उत्साह राषन्या रह्याछन् भन्या हामिसितको अहदनामागराउन्या पाठ गर्नु— — — —

पाँचौं सवाल :—

उन्को मुलुक् कत्रो कस्तो रहेछ. आम्दानी क्या रहेछ. षर्च कति हुँदो रहेछ. फौज कति कस्तो रहेछ. मुलुकी जंगी अदालतका कामको क्या बंदोवस्त रहेछ बुझनु— — — — — — —

छैटौं सवाल :—

उनलाई मान्या राजाहरू र उन्सित मिलाप् भयाका अरू राजाहरू कति रह्या छन् हाम्रा र उन्का मुलुकका बीचमा कति कत्रा कस्ता रह्याछन् बुझ्नु— — — — — — —

सातौं सवाल :—

राजाको वंशावली र उनकाहाँका ऐन्हका कितावहरू पाया संम ल्याउनु-

आठौं सवाल :—

दौलत कति रहेछ मुलुकका रैयतसँग क्या हिसावले लिंदा रह्याछन् बुझ्नु— — — — — —

नवौं सवाल :—

राजादेखि प्रजाहरू सिपाहिहरू कतिका राजी रह्याछं मुलुक कत्तिको गुल-जार रहेछ सो बुझनु— — — — —"।

यसै पत्रमा--केही गरी बर्माका नरेशसित संधि गर्ने निर्णय हुन गयो भने यस प्रकारको व्यहोरा लेखी गर्नु—भनी अहदनामाको शिरव्यहोराको नक्कल पनि लेखिगएको थियो, जुन यस प्रकार छ :—

"अहदनामाको मसौदा— — — — — —

आगे महाराज फलानासित अहदनामा गऱ्यौं हाम्रा मुलुकमा परचक्रको भय पऱ्यो भन्या तिमिले फौज षजानाले मद्दत गर्नु. तिम्रो मुलुकमा परचक्र भय पऱ्यो भन्या हामिले फौज षजानाले मद्दत गर्नु. हाम्रा शत्रु तिम्रा शत्रु हाम्रा मित्र तिम्रा मित्र भनि दुवै तरफबाट व्यवस्था राषनु. यो अहदनामा युग युग संम दुवैतरफबाट स्थिर राखनु"।

तर नेपालसरकारले आफ्नो दूतलाई बर्मासम्म पठाए पनि तथा बर्मासरकारको इच्छासमेत भएर पनि नेपाल र बर्माको बीच दौत्यसम्बन्ध स्थापित हुन सकेन। यसको एक जबर्जस्त कारण थियो--अंग्रेजी साम्राज्यवादी शक्ति। बृटिश कंपनीसरकार यो कहिले पनि चाहन सक्तैनथ्यो कि—नेपालले बर्मासित सम्बन्ध जोडोस्, किनभने यसबाट उ आफूलाई खतरा सम्झन्थ्यो। यसर्थ त्यस शक्तिले दुवै राज्यमा षड्यन्त्र गर्न थाल्यो। र नेपालमा भीमसेन थापाको अन्त गराउनमा बृटिश शक्ति सफल भयो।

त्यसपछि बृटिश शक्तिसित शत्रुता मोली नेपालले बर्मासंग मित्रता जोड्ने कुरै हरायो। भीमसेन थापापछिका मुख्तियार रंगनाथ गुरुज्यूले परराष्ट्रनीति-सम्बन्धी कार्यमा आफ्ना सहयोगी भीमसेन थापाको परंपरालाई जोगाएर अंग्रेजको विरुद्ध एशियाका राज्यहरूलाई संगठित गर्ने कोशिश त गरेका थिए, तर लार्ड ऑकल्याण्ड तथा हॉग्सन जस्ता अंग्रेज कूटनीतिज्ञहरूले महाराजाधिराज एवं महारानीलाई हातमा लिएका हुँदा, सरकारभित्र नै षड्यन्त्र चल्न थाल्यो र अन्तमा गुरुज्यूको मंत्रिमंडल अल्प समयमै भंग भयो। तब उनका सारा योजना योजनै मात्र भएर रहे। त्यसपछि बनेको शाह मंत्रिमंडल र पाँडे सरकारले त अंग्रेजको विरुद्ध कुनै कारवाई गर्ने विचारसम्म पनि गर्न सकेन। चौतरिया फत्यजंग शाहको मुख्तियारी वेलासम्म आएर त नेपाल एक प्रकारले (बृटिश संरक्षण फौज-



विनाको) संरक्षण-नीतिको जालभित्र पऱ्यो तथा अंग्रेजको शत्रुलाई आफ्नो शत्रु मान्ने भयो। काबुल र बर्माको अंग्रेजसित पुनः खटपट पैदा हुँदा, एशियाई-राष्ट्रको विरोधमा यसले अंग्रेजी शक्तिलाई फौजी सहायता दिने वचन पनि दिन पुग्यो।

# XIV

जनरल भीमसेन थापाले आफ्नो परराष्ट्रनीतिसम्बन्धी कार्यको सिलसिलामा उत्तरतिरका छिमेकी राष्ट्र—तिब्बत र चीनसित आफ्नो सम्बन्धलाई दृढ़ तथा मैत्रीपूर्ण बनाएका थिए। अंग्रेजसितको युद्ध हुनुभन्दा अगाडि उनले तिब्बतसितको सम्बन्धमा रहन गएको अस्पष्ट वातावरणलाई हटाई जुन राम्रो सम्बन्ध स्थापना गरेका थिए—त्यसलाई आफ्नो अन्तकालसम्म पनि काममै गरिराखे। अनि संवत् १८७३ सालदेखिन् सम्बन्ध रहन आएको अंग्रेज कंपनीसरकारसित पनि उनले मैत्रीपूर्ण सम्बन्ध कायम गरेका थिए। त्यस शक्तिलाई निष्कासित गर्ने उद्देश्यबाट बीच-बीचमा गुप्त तवरसँग धेरै पटक कोशिश गरे तापनि बाह्यरूपमा त्यससितको सम्बन्धमा पनि उनले कुनै दूषित वातावरण आउन दिएनन्।

यसबाहेक, जनरल भीमसेन थापाले भारतका अरू देशी राज्यहरूसित पनि मित्रतापूर्ण सम्बन्ध राखेका थिए। त्यसमा पनि विशेषतः पंजाबकेशरी रणजितसिंहसित उनको घनिष्ठ एवं व्यक्तिगत मित्रता रहनगएको थियो।

अंग्रेजसितको युद्धमा सहायता नदिईकन रणजितसिंहले नेपालप्रति ठूलो धोका एवं असहयोग प्रदर्शन गरेका थिए नेपालको त्यत्रो विश्वास र आस्थालाई ठुकराई बृहत् उद्देश्यलाई असफल हुन बाध्य गराएका थिए। यसर्थ त्यस बखत नेपालमा पंजाबकेशरी रणजितसिंहलाई अंग्रेजसमर्थक हुन् भन्ने धारणा राखिन्थ्यो। उनीप्रतिको धारणालाई तत्कालीन नेपालले यस प्रकार व्यक्त गरेको थियो—"अंग्रेजले कसैलाई राषन्या छैन भनि राजा रणजितसिंह जान्दै थियो. लोभवस अंगरेजले गराउँदा वस भै गया तमासै हेऱ्या" [१]। तैपनि शिष्टाचारको नाताले जनरल भीमसेन

१. परिशिष्ट नं ३७ मा दिइएको छ।

थापाले उनीसित बाँचुञ्जेल मित्रता कायम राखे उनीहरूको बीच पत्र, प्रतिनिधि तथा सौगातहरूको आदान-प्रदान हुन्थ्यो ।

भीमसेन थापाले रणजितसिंहलाई लेखेको पत्रको (मसौदाको) नक्कल यस प्रकार छ :—

"श्री जनरलबाट लाहुर रणजितसिंहलाई जान्या मसौदा—

उप्रान्त ताहाँ सरकारबाट रोक्सद भै लेफटेन करबीर षतृ आइपुगि. सर्कारका तवियतको र फौज् बन्दोवस्त गैरह सव कुराको वर्णन् वयान्. सर्कारमा जाहेर गर्दा, सर्कारमा हामीहरूलाई वहुतैवहुत षुसि हासिल भयो, यसपटक ञाहाँ सर्कारलाई घोडाहरू समेतको तयारि थियो. विना हुकुं ल्याउन सकेनन् भन्या कुरा लेफटेनले गऱ्या. येस् पटक विना हुकुं ल्याउन सकेनन् तपनि. ताहा सर्कारबाट आयाकोकुरा ञाँहा. सर्कारमा मन्जूर हुन्या छ. सर्कार सँगको दोस्ति प्रीतिगर्नाको. ञाँहा सर्कारमा अघि देषि ठुलो चाहा रहन्थ्यो. अघि वडामहाराजा देषि पनि. दोस्ति प्रीति दोहरो चलिआयाको हो. दैवसंयोगले बीचमा केहीदिन संयोग परेन तापनि, अवउप्रांतलाई दुइ सर्कारकातर्फबाट-सरसौगात आउना जानालाई कौनै कुराको प्रतिवंधक् देषिदैन. दुइ सर्कारका दोस्ति प्रीतिका राहसँग दोहरो सरसौगात आउँदै जाँदै रहनु मुनासिव देषिन्छ. औ गुर्जसि मार्फत मुन्सि देविसिंह हस्ते मेरो तरफबाट सरकारलाई केहि तरतोफा र षत लेखिगयाको हो आजसंम पुगि जाहेर भयो हो. आफ्ना अकलमंदी पराक्रमले तपाइलाई ईश्वरले अनुग्रह गरि. लोकमा यश किर्तिको षुषवी प्रष्यात गरायाको छ. अव उप्रांत पनि दिनपर दिन तरक्कि ईश्वर गर्न्यैछन्. रामी नेक षतृलाई पनि आफ्ना कुशलक्षेम षत पत्रका आमदरफतले षुसी षातिरजमा राषनु चाहिंछ ।"[१]

जनरल भीमसेन थापा र पंजाबकेशरी रणजितसिंहको बीचमा यति गाढा मित्रता थियो कि—रणजितसिंह बाथको रोगले थला परेको वेला नेपालबाट उपचारका निम्ति वैद्य पठाइएको थियो। यिनै वैद्य एकक्रृष्णले लाहोरमा गई त्यहाँबाट--मुख्तियारलाई आफूले गरेको उपचारको विवरण पठाउने गर्दथे। यसै पत्रमा उनले लाहोरमा रणजितसिंहसित भएको भलाकुशल एवं मैत्रीपूर्ण वार्ताविषयमा रिपोर्ट पठाएका थिए। साथै, रणजितसिंहले भीमसेन थापाप्रति व्यक्त गरेको

१. पत्रमा मिति छैन ।



मन्तव्य बारे पनि लेखिपठाएका थिए। उनले लेखेका थिए,—"......फेरि साहव ( भीमसेन थापा ) थापा को पनि दिनमा १।२ चोटि हमेस जिकिर् चलाउँदछन्, श्री ५ सर्कारको अवस्था छोटो छँदामा पनि वरोवर चलाया. और फिरंगीहरुसित पनि आफ्नु तलबार देखाइ पछि वहुतै दोष्तिगरि राष्याका छन्. तेस्तो संभार गरिदिन्या मानिस मेरो सायमा भया देषि अरु एत्ति ग्रमल गर्न्या थिञा भनि वारंवार भन्दछन्. साहवको अचाक्लि खातिरि गर्दा रह्याछन्",[१]—यसरी रणजितसिंहले पनि भीमसेन थापाको कदर गरेका थिए।

यस प्रकार संवत् १८९४ सालको श्रावण महीनामा दरबारी षड्यन्त्रद्वारा आकस्मिक अवसान नहुञ्जेल--एकतीस वर्षको लामो शासन कालमा, जनरल भीमसेन थापाले शासन-व्यवस्था, फौजी प्रबन्ध एवं रचनात्मक कार्यहरू गर्नुको साथै परराष्ट्रनीतिलाई पनि सफलतापूर्वक संचालन गरेका थिए। परिस्थितिअनुसार कहिले युद्ध, कहिले शान्ति तथा मैत्रीपूर्ण ढंगबाट कार्य गरी उनले सारा संसारकै मानचित्रमा रातो रंग पोत्न हिंडेका साम्राज्यवादी बृटिश शक्तिको आक्रमणबाट नेपाललाई जोगाएर, नेपालको स्वतंत्रता एवं सार्वभौमिकताको रक्षा गरी आफ्नो राष्ट्रिय परंपरालाई कायम गर्नमा समर्थ हुन सके। यसरी नै भीमसेन थापा आफूलाई नेपालको एकमात्र योग्य एवं ईमानदार शासक बनाउनमा सफल भए। उनको ईमान्दारी एवं योग्यताबाट प्रभावित भएर जंगबहादुरले एकचोटि लेखेका थिए,--".......हामि वजिरहरु मध्येमा ठूला बुद्धिमान वजिर भीमसेन थापा हुन् ।"[२] चन्द्रशमशेर जस्ता कूटनीतिज्ञ प्रधानमंत्रीले समेत भन्नुपऱ्यो--एउटा भीमसेन थापा नजन्मेको भए नेपाल उहिल्यै हिंडिसक्थ्यो ।"[३] ।

निस्सन्देह 'भीमसेन नेपाल थिए, नेपाल भीमसेन थियो ।'[४]

१. पत्रमा उपर्युक्त उद्धृत अंश मात्रै आवश्यकीय भाग हुंदा संपूर्ण नक्कल दिएको छैन—लेखक ।

२. जंगबहादुरले बेलायतबाट लेखेको एक पत्रबाट ।

३. चन्द्रशमशेरले बराबर यसो भन्थे भनी मलाई मेरा पिताज्यू भन्नुहुन्थ्यो ।

4. P. Landon—Nepal-Vol-I-P 80

# जनरल भीमसेन थापा
# र
# तत्कालीन नेपाल

## *तृतीय खण्ड*

### शासनव्यवस्था एवं सुधारकार्य
### Administrative System and the reforms.

# तृतीय खण्ड

## शासनव्यवस्था एवं सुधारकार्य

### I

आजसम्म प्रकाशित नेपालको इतिहासहरूमा—चाहे विदेशीले लेखेका होउन् वा नेपालीले, ती सबैमा जनरल भीमसेन थापालाई केवल युद्धकालीन प्रधानमंत्री ( War-Prime-Minister ) को रूपमा मात्र पेश गरिएको छ, तथा उनको परराष्ट्र-नीति—त्यो पनि बृटिश भारतसितको अधूरो नीतिको मात्र विशेष चर्चा छ। अनि विदेशी (अंग्रेज) लेखकहरूको निम्ति यो कुरा केही हदसम्म स्वाभाविक एवं क्षम्य पनि थियो। हुन पनि सारा संसारमै साम्राज्य फैलाउन अगाडि बढेको बृटिश साम्राज्यवादी-शक्तिले पहिलो मार सानो नेपालमै पाएको थियो। भारतीय राज्यहरू हडप्नका निम्ति लागू गरिएको लार्ड वेलेज्लीको संरक्षण-नीति ( System of Proctectorates ) को पहिलो हार भीमसेन थापाकै नेपालमा भएको थियो। यसर्थ यो स्वाभाविक थियो कि–नेपालको इतिहास लेख्न थालेका अंग्रेज विद्वान्हरूको आँखामा भीमसेन थापाको फौजी व्यवस्था र विदेशी-नीति मात्र झुण्डिइरह्यो।

तर नेपाली इतिहासकारहरूले पनि विदेशीहरूले औंल्याएको भीमसेन थापाको वैदेशिक नीति, त्यो पनि बृटिश भारतसितको अधूरो नीति, को मात्र चर्चा गरेर उनको शासनव्यवस्था र सुधारकार्यमाथि आँखा चिम्लिदिएका छन्, र यसरी नै नेपालको इतिहासको एक प्रमुख अध्याय-लाई अधूरो छाडेका छन्।

यो निःसन्देह छ कि भीमसेन थापाको विदेशनीति सफल विदेश-नीति थियो, र आजसम्मको नेपालको स्वतंत्र अस्तित्व नै त्यसको ज्वलन्त उदाहरण हो। तर उनको शासनव्यवस्था र सुधारकार्यले पनि नेपालको विकास र प्रगति गर्नमा कम महत्वपूर्ण स्थान प्राप्त गरेको छैन।

भीमसेन थापाका कार्यहरूमध्ये सबभन्दा महत्वपूर्ण एवं प्रशंसनीय कार्य थियो,—दासत्वप्रथाको विरोध गर्नु। उनले मानवजातिको इतिहासमा कलंकस्वरूप खडा भएको दासत्वप्रथालाई मेट्ने सपना देखेका थिए—तथा यस दिशातिर मन्द चालले भए पनि पाइला सारिसकेका थिए।

समाजशास्त्र एवं इतिहासले यो कुरा स्पष्टसंग सामुन्ने राखिदिएको छ कि—आजको नेपाल र एक शताब्दीअगाडिको नेपालमा धेरै नै फरक छ। आजको युग अन्तर्राष्ट्रिय युग हो, जब कि उस वेला यस विचार-धाराको रूपरेखासम्म पनि स्पष्ट खिंचिएको थिएन। आजका हामी नेपालीहरू बीसौं शताब्दीको दिमागले सोच्दछौं, तथा कार्य गर्छौं त सय वर्षअगाडिका नेपालीहरू त्यस वेलाकै विचारधाराअनुसार सोच्तथे र गर्दथे। यसर्थ आजको कामगराइ र उस बखतको कामगराइमा युगीन अन्तर हुनु स्वाभाविक थियो। यही दृष्टिकोण हामी भीमसेन थापा र उनको कार्य-प्रणालीमाथि लगाउन सक्तछौं।

उस वेलाको नेपालमा सबै काम देशव्यापी राष्ट्रिय दृष्टिकोणबाट सोचेर गर्ने चलन थिएन। विभिन्न जाति वा स्थानविशेषलाई लिएर कार्य गर्ने चलन थियो। यसको कारण यही थियो कि त्यस बखत समस्त देशमा लागू हुने कुनै राष्ट्रिय योजना थिएन, आँकडा थिएन। त्यस बखतको सरकार विकेन्द्रीकरणात्मक केन्द्रीयकरण ( Decentralised centralisation ) को आधारमा चल्दथ्यो।

समस्त राष्ट्रमा एकसाथ लागू गर्ने कुनै राष्ट्रव्यापी योजनाको अभावको साथै, आँकडा पनि नभएको हुँदा, र सरकार पनि विकेन्द्रीकरणात्मक केन्द्रीकरणको सिद्धान्तको आधारमा—जातिविशेष र स्थान विशेषलाई ज्यादा महत्व दिएर संचालन गरिने भएकोले पनि—भीमसेन थापाले करियाप्रथालाई एकसाथ देशव्यापी तवरमा बन्द गरेनन् कि जातिविशेष र स्थानविशेषकै आधारमा प्रतिबन्ध लगाउँदै गए। यसको अर्को पनि कारण थियो,—राजनैतिक कारण,--र त्यो थियो,--सामन्ती विद्रोहको आशंका।

त्यस बखत कुनै यस्तो सामन्त थिएन--जसको घरमा दासदासी हुँदैनथे। अनि त्यस प्रथालाई हटाउनमा उनीहरू कट्टर विरोधी थिए। करीब सय वर्षपछि देवशमशेरले कास्की र लमजुंगबाट शुरू गरी करिया प्रथा बन्द गर्न खोज्दा त विप्लव उठेको थियो। अनि चन्द्रशमशेर जस्ता



शक्तिशाली प्रधानमंत्री--जसको समयमा उनीसिवाय अरू कुनै पनि सामन्त शक्तिशाली थिएनन्--ले दासत्वमोचन गर्दा पनि पूरा फौजी बन्दोबस्तका साथ गरेका थिए,[१] भने भीमसेन थापाले यसको आशंका लिनु अस्वाभाविक थिएन।

सबभन्दा पहिले भीमसेन थापाले ब्याजमा कमारा-कमारी बनाई व्यापार गरी नाफा खाने व्यापारीवर्गमाथि हमला गरे। कमारा-कमारी बनाउने तरीकाहरूमध्ये सापटी दिई ब्याजको सट्टा असामीका छोराछोरीलाई दास-दासीको रूपमा लिनु पनि एउटा तरीका थियो। सबभन्दा पहिले उनले यिनै व्यापारीवर्गको यस तरीकामाथि धावा बोले। त्यो पनि समस्त व्यापारीहरूमाथि एकै चोटि होइन--विभिन्न स्थान र जातिमा विभिन्न पटक। यसका निम्ति उनले संवत् १८८७ सालमा गराएको लाल-मोहरको नक्कल यस प्रकार छ :—

"श्री मन्महाराजाधिराज कस्यरुक्का— — — —

आगे सात गाउँका सब दनुवार साहुप्रति तिमिहरूले प्रजालाई धान रीन दिंदै दोवरिया तेवरियो भंदै प्रजालाई छेक थुन गर्दै प्रजाका छोरा छोरीलाई बाँधा[२] पनि लिन्छौ सकस गरी तेल-मोल[३] गरी कमारा कमारी तुल्याउंदा रह्याछौ तस्कारण प्रजाछेउ जस जसछेउ रीन दियाको छ सो रुपैयाको ब्याज कसैले लिन पावदैन साउसाउ मात्र लेउ ब्याज लिनु छैन थिचो सिचो गरि बाँधा लिन्या तेलहाली ह्यासी कमारा कमारी तुल्याउनालाई डंडाइ पाउला भनि संवत् १८३० सालमा ज्यूज्यू बाज्याबाट मोहर गरिबक्सनु भयाको रह्याछ सो बमोजिम अव उप्रान्त पनि थामि बक्स्यौं इति संवत् १८८७ साल मिति कार्तिक वदि ८ रोज १ शुभम् "—

यो थियो भीमसेन थापाको दासत्व प्रथाविरोधी कदम। हुन त यसमा उनले एक ठाउँका व्यापारीहरूमा मात्र रोक लगाएका थिए, अर्थात् सात गाउँमा मात्र करिया-व्यापारप्रति प्रतिबन्ध लगाएका थिए, तर पनि यो कम महत्वपूर्ण कार्य होइन। यसबाट उनले करियाप्रथा हटाउनुपर्छ, भनी महसूस गरेका थिए भन्ने थाहा हुन्छ। अनि व्यापारीवर्गबाट शुरू गरेकोमा भीमसेन थापाले आफ्नो तीक्ष्ण बुद्धिबाट काम लिएका छन्।

१. हेरियोस्—'शारदा' मासिकपत्र २०१२ वैशाख-अंकमा, लेखकको भीमसेन थापा र दासत्वप्रथा—निवन्ध।

२. बन्धक लिनु।

३. करिया बनाउने तरीका वा प्रचलन।

उनीहरूले यस प्रथालाई केवल नाफाको रूपमा मात्र अपनाएका थिए, न कि सामन्तहरूले जस्तै आन र शानको रूपमा। तसर्थ यी वर्गबाट विप्लव उठ्ला भन्ने शंका कमै थियो।

भीमसेन थापालाई यो प्रेरणा—श्री ५ पृथ्वीनारायण शाहबाट प्राप्त भएको थियो भन्ने कुरा उक्त लालमोहरको पंक्तिबाट स्पष्ट हुन-आएको छ। यसबाट श्री ५ पृथ्वीनारायण शाहले संवत् १८३० सालमा नै मानव-जातिको माथमा कलंकस्वरूप रहेको यस घृणित प्रथाको विरोध गरिसकेका थिए भन्ने स्पष्ट हुन्छ। तर आजसम्म कुनै पनि इतिहास-कारबाट यस महान्तम कार्य, जुन मानव-जातिको पहिलो गौरव थियो,—यसको कतै कहीं पनि चर्चा गरेको देखिएन। पृथ्वीनारायण शाहको करियाप्रथाविरोधी यस कदम अवश्य पनि उनको विजयकार्यभन्दा ज्यादै प्रशंसनीय एवं महत्वपूर्ण कार्य थियो।

पृथ्वीनारायण शाहको यस सत्प्रयासलाई जनरल भीमसेन थापाले अझ साकार तथा विशाल रूप दिए। अझ उनी यत्तिमै मात्र सन्तुष्ट थिएनन्—ब्याजमा छोराछोरी बन्धक लिनु वा दिनु गर्ने प्रचलनलाई रोकेर मात्र समस्या सुल्झिसकेको थिएन। यो त शुरूआत मात्र थियो।

यसपछिको उनको अर्को कदम—अझ खँदिलो तथा महत्वपूर्ण थियो। यसपल्ट उनले त्यस बखतको करियाप्रथासम्बन्धी सामन्ती विचार-धारा एवं मनोवृत्तिमाथि पनि धावा बोले। त्यस बखत सामन्तहरू दास-दासीलाई मानिसको दर्जामा लिन पनि आफ्नो बेइज्जती ठान्दथे। त्यसैले, यिनीहरूलाई कानूनतः कुनै प्रकारको सुविधा प्रदान गर्नु—त्यस बखतको विचारधारा एवं मनोवृत्तिको बिलकुल खिलाफ थियो। अझ, यी कमारा-कमारीलाई कुनै प्रकारको कानूनी अधिकार प्रदान गर्नु सामन्तहरूका निम्ति मानहानिको कुरा थियो। यो मनोवृत्ति र धारणा केवल नेपालमा मात्र होइन कि बेलायतमा पनि थियो।

यस प्रकारको विचारधारा एवं मनोवृत्तिले गहिरो जग हालेको त्यस जमानामा पनि भीमसेन थापाले "......कमारा कमारीलाई अघिदेखि नमाग्याको सेर्मा साउन्या फाउ गह्र रकम माफ गरिवक्स्यौं...."[१] भन्ने लालमोहर स्वीकृत गराई उक्त धारणालाई चुनौती दिएका थिए। अघिदेखि नलागेको रकम माफ गर्नुपर्ने केही जरूरत थिएन। यसको अर्थ,–अघिदेखि

१. भरअछामका जनताको नाममा थिति-बन्दोबस्तका निम्ति भएको लालमोहर-बाट—जसको संपूर्ण व्यहोरा तलका प्रसंगमा दिइएको छ।



नलागेको रकम पछि जबर्जस्ती लादिएको थियो, र त्यही नै अवैध घोषित गरिएको हो। यस लालमोहरको महत्व पनि यसैमा छ—ती कमारा-कमारीहरू, जो त्यस बखतमा कुनै किसिमको कानूनी अधिकार वा सुविधाबाट वंचित थिए—तिनीहरूलाई कानूनी अधिकार र सुविधा प्रदान गर्ने प्रयत्न यसबाट गरिएको छ। उनीहरूमाथि जबर्जस्ती लादिएका रकमहरू कानूनी ढंगबाट माफ गरी सरकारी तहबाट सहानुभूति र सद्भावना प्रकट गरिएको छ, जुन त्यस बखतको सामन्ती मनोवृत्ति र धारणाको बिलकुल विपरीत थियो। यस लालमोहरबाट ती दासदासीहरूलाई पनि सहानुभूति दर्शाई सुविधा र अधिकार प्रदान गरी, अरूसरह यिनीहरू पनि 'मानिस' हुन् भन्ने साबीत गर्न खोजिएको हो र यही नै सामन्ती विचारधारालाई चुनौती थियो। साथै जिन्दगीभर युगयुगदेखिन् हीनताबोध (Inferiority Complex) को भावनाद्वारा थिचिएका पिसिएका दास-दासीहरूमा जोश र प्रोत्साहन तथा अहंभावना पैदा गराउन पनि प्रेरणा दिइएको हो!—यही नै अति महत्वको कुरा थियो।

यो थियो—संवत् १८८७ साल चैत्र सुदि ५ रोज ५ का दिन भएको लालमोहर।

यस किसिमले कमारा-कमारीलाई कानूनतः सुविधा एवं अधिकार प्रदान गर्नमा तथा आंशिकरूपमा भए पनि करिया-व्यापार ( Slave Trade ) लाई गैरकानूनी घोषित गरी करियाप्रथाको सिद्धान्ततः विरोध दर्शाउनमा नेपाल पनि बेलायतभन्दा कुनै हालतमा पछाडि परेको थिएन; अझ अगाडि नै थियो। जब विलबरफोर्स ( Wilberforce ) करियाप्रथाको बिरोधमा जनमत तयार पार्नका निम्ति इंगल्याण्डका सडकमा चिच्याउँदै हिंडेका थिए, पार्लियामेन्टमा समर्थनका निम्ति घाँटी सुकाउँदै थिए, तथा पिट जस्ता प्रधानमंत्रीले पनि आँट्न सकेका थिएनन्, त्यसै बखतमा, अझ त्योभन्दा पनि अगाडि नेपालले आंशिकरूपमा भए पनि सरकारी तहबाट कानूनी ढंगले करिया व्यापारलाई अवैध घोषित गरिसकेको थियो, करियाप्रथाविरोधी सिद्धान्तलाई मान्यता दिइसकेको थियो।[१] यस प्रकार नेपालको यो कार्य—पृथ्वीनारायण शाह र भीमसेन थापाको देन—संसारको इतिहासमा, अझ मानवजातिको इतिहासमा पहिलो देन थियो।

१. बेलायतमा सन् १७७३ (तदनुसार सं. १८५०) मा 'करिया—व्यापार ( Slave Trade ) अवैध भएको थियो, तर नेपालमा संवत् १८३० (तदनुसार सन् १७७३) मै यस दिशातिर पाइला चालिसकिएको थियो।

अपराधीलाई गरिने सजायँको विषयमा पनि केन्द्रीय सरकारसित सोधी आदेश पाएबमोजिम गर्नुपर्दथ्यो। तैपनि त्यस बखत उठाइएका कदमहरू, अर्थात् सुधारसम्बन्धी कार्यहरू-सबै राष्ट्रको प्रगति, आजादी र सुव्यवस्थालाई ध्यान राखेर उठाइएका थिए भनी भन्न सकिन्छ।

त्यस बखतको नेपाल प्रजातान्त्रिक नेपाल थिएन, न भीमसेन थापा नै प्रजातन्त्रवादी थिए। अनि प्रजातांत्रिक विचारधाराको गुंजाइश पनि थिएन। जनताको इच्छा, वा जनमत भन्ने कुरा त्यस वेला स्पष्ट भैसकेको थिएन। राज्यमा जे जति कार्य हुन्थे—ती सबै माथिबाट लादिइन्थे, यसकारण कि त्यस बखतको राजनैतिक दृष्टिकोण नै त्यही थियो। तर भीमसेन थापाको समयमा एउटा विशेषता थियो। त्यस बखत (र केही समयपछिसम्म पनि) जे जति थितिरीति, बरबन्दोबस्तको व्यवस्था र सुधारका निम्ति गरिएका लालमोहरहरू थिए—ती सबमा ज्यादा त माथिबाट जबर्जस्ती लादिएका भन्ने देखिन्न कि जनताकै माग र इच्छानुसार गरिएको भन्ने भावना देखिन्छ।

माथि उल्लिखित करियाप्रथाविरोधी कार्यबाहेक भीमसेन थापाको मुख्तियारीकालमा देशका विभिन्न स्थान, जिल्ला, वा जातिको व्यवस्था र सुधारका निम्ति पनि कार्यहरू भएका थिए। श्री ५ पृथ्वीनारायण शाहले आर्जेका राज्यहरूमा त्यस बखतसम्म राम्ररी सुव्यवस्था भैसकेको थिएन। पृथ्वीनारायण शाहदेखिन् रणबहादुर शाहसम्मको समय—ज्यादा त राज्यविस्तार, चीन-तिब्बतसितको युद्ध, एवं दरबारी षड्यन्त्र र आपसी कलहमा बित्यो,—जसबाट जितिएका राज्यहरूमा राम्रो व्यवस्था स्थापना गर्न सकिएको थिएन र सबै टूटफूट अवस्थामै थिए। केही प्रबन्ध बहादुर शाहको समयमा भएको थियो, तर पनि उनलाई चीन जस्तो विशाल साम्राज्यसितको युद्धमा र त्यसपछि दरबारी षड्यन्त्रतिर ज्यादा लाग्नुपरेको हुँदा—यसतर्फ उनले ज्यादा ध्यान दिन सकेका थिएनन्। भीमसेन थापाको मुख्तियारीकालमा देशको व्यवस्थाप्रति विशेष ध्यान दिइन थालियो। त्यसो त उनको पालामा मात्र राज्य-विस्तारको कार्य एवं युद्ध नभएको होइन, कि अंग्रेजी-शक्तिसित पनि नेपालले लड्नुपरेको थियो। तर पनि धेरै वर्ष युद्धमा फँसिरहनु नपरेको हुँदा र उनको समय पनि ३१ वर्ष लामो हुँदा उनले देशका अरू विषयतिर पनि ध्यान दिन सके।

पश्चिम अछाम राज्यमा रहेको अव्यवस्थित स्थितिलाई हटाउन



तथा त्यहाँ राम्रो प्रबन्ध स्थापना गर्न भीमसेन थापाले कदम उठाए। त्यसका निम्ति भएको लालमोहरको नक्कल यस प्रकार छ—

"श्रीमन्महाराजाधिराज कस्यरुक्का — — —

आगे भरअछाम मुलुकका चारवर्न छत्तिस जातके हाम्रो थितिविति केही भएन थितीविती पाउदा हुँ भनी हाम्राहजूरमा बिन्ती गर्न आउँदा तप्सील बमोजिमको थिती बन्देज बाँधी बक्स्यौं आफ्ना पातिर्जमासित थितिविति जानी चलन गर— — — — —

तप्सील

भरअछामका छुत अछुत कमारा कमारीलाई अघिदेषि नलाग्याको सेर्मा साउन्या फागु गैह्र रकम माफ गरि बक्स्यौं ॥— — — —
भरअछामका दमाईलाई अघि सेर्मा लाग्दो रहेछ अरु मुलुकमा सेर्मा लाग्दो रहेनछ ७८ सालको जाँचकीले छाडिदियाको फेरी ७९ सालमा. सेर्मा लागेछ अब उप्रान्त पनी अरु मुलुकका सरह बमोजिम सेर्मा माफगरि बक्स्यौं —
अछामका अमलमा वाजको थलाथापी पारी चल्पा, आबिको रुपैञा ५. कुर्चाको रुपैञा २॥ जुर्रा चल्पाको रुपैञा २॥ कुर्च्याजुर्राको रुपैञा ? वा दस्तुर अमालीलाई दी अन्नेत्र किन्नु बेच्नु भन्न्या थितिको मोहर ६४ सालमा भयाकोरहेछ तेही मोहरबमोजिम वाजको थीती थामी बक्स्यौं —
भरअछाममा जागीर पर्न्या जागीरदारले आफ्ना जागीरका धान मोहीका घर भकारीमा छंदाछंदै रुपैञा दिनु पर्छ भनी मोहीलाई सकस नगर्नु आफ्नाधान अरु गाहाकोलाइ बेची रुपैञा उठाइ लैजानु जसले धान भकारी छंदै मोहीलाई सकसगर्ला तसलाई भरी डन्ड सासना होला — —
जागीराका धानवोकि मुहुडा पुऱ्याउनु टलिस धानचावल नबोक्नु कसैले मुजुरी दिया आफ्ना षुसीराजीले बोक्नु मुजुरी नदी जबर्जस्ती गरी जो धान चामल वोकावला तसलाई भारी दंड सासना होला — —
अमाली भैजान्यालाइ अघीदेषी दुद्षान भनी गाईदिंदा रह्याछौ अबउप्रान्त कसै अमालीलाई दुद्षान भनी गाई नदीनु जो अमालीले दुद्षान भनी लैजाला जो प्रजा देला तेसलाइ दण्ड सासना होला — — —
भरअछामका प्रजाहरूले हाम्राहजुरबाट मुहुडा जान्या जंगीषर्षजाना र घाइता हाम्राहजुरमा आउन्याभारी बाहेक अरु. गुरुप्रोहीत चौतरिया काजी सर्दार सुब्बा सुवेदार जमादार जागीरदार अमाली गैरह कसैका भारी

नबोक्न् आफ्ना घुसीराजीले मुजुराली बोक्नु भन्या वन्धेज बाँधि बक्स्यौं जबरजस्ती गरी जो भारी बोकाउला जसअमालीले ज्यालावापतका रुपैञा लेला तसका जीयधनमा पर्ला इति सम्वत् १८८७ साल मिति चैत्र सुदी ५ रोज ५ शुभम्— — — — — —

अठामका जनताको स्थिति सुधार्न गरिएको यस लालमोहरलाई अप्रगतिशील मान्न सकिन्न। यस लालमोहरबाट जनरल भीमसेन थापाले त्यस ठाउँमा राम्रो व्यवस्था कायम गर्ने प्रयास गरेको स्पष्ट थाहा हुन्छ। छूत, अछूत, दास-दासीहरूमाथि सामन्तहरूले जबर्जस्ती लादेका रकमहरू माफ गरी उनीहरूलाई कानूनतः हक प्रदान गर्नु, तथा सरकारी तहबाट सहानुभुति प्रकट गर्नु—कम महत्वपूर्ण कुरा थिएन।[१]

संवत् २००७ सालबादको प्रजातांत्रिक नेपालको सुधारसंबन्धी कार्यमा सबभन्दा महत्वपूर्ण कार्य थियो—झाराप्रथा, बेठ बेगारी बन्द गर्नु। यसको अर्थ थियो कसैले कसैलाई विनाज्याला सित्तै काम गराउन नपाउनु। यस प्रकारको झारा—रकम सामन्ती व्यवस्थाको देन थियो। प्रत्येक सामन्त जमीन्दार एवं ठालूहरू जनतालाई सित्तैं काम लगाउँदथे जसलाई उनीहरू आफ्नो जन्मसिद्ध अधिकार ठान्दथे।

तर उपर्युक्त लालमोहरबाट केवल सरकारी र राजाका निजी कार्य, एवं युद्धमा घाइते बोक्ने, आदि राष्ट्रिय कार्यमा सिवाय, अरू काजी, चौतरिया, सर्दार, गुरुपुरोहित, जमीदार—कोही कसैले पनि निजी भारी सित्तैंमा बोकाउन अवैध घोषित गरियो तथा ज्यालामा मात्र काम लगाउन पाइने गराइयो। यस प्रकार ज्यालादार मजदूर जनताले आफ्नो परिश्रमको पारिश्रमिक पाउन थाल्यो।

भीमसेन थापा सरकारी कर्मचारीहरूले घूस लेलान् भन्ने कुरामा पनि सचेत थिए भन्ने यसै लालमोहरको छैटौं दफामा उल्लिखित कुराबाट स्पष्ट हुन्छ। त्यस बखत (अझ आजभोलि पनि) जिल्ला गौंडामा हाकिम वा अरू कुनै पदमा (अर्थात् अमाली भै) जाने सरकारी कर्मचारीलाई जुन व्यक्तिले दूध खानका निम्ति गाई दिन सक्यो, वा पानसुपारी चढाउन सक्यो—त्यही व्यक्ति अधिकारप्राप्त व्यक्तिको विशेष कृपापात्र हुन्छ तथा गाउँ जिल्लामा उसको अन्याय र अत्याचार बढ्न थाल्दछ। यो प्रथा घूसको प्राथमिक अवस्था हो, तथा यसैबाट घूसखोरीलाई प्रोत्साहन मिल्दछ, र राज्यमा भ्रष्टाचार बढी अन्याय बढ्न थाल्दछ। यही कुरा महसूस गरी

१. हेरियोस्—यसै पुस्तकक पृष्ठ १८९ मा।



भीमसेन थापाले घूसखोरीको यस प्राथमिकरूप—अधिकारप्राप्त व्यक्तिलाई दूध खान गाई चढाउनु—लाई अवैध घोषित गरिदिए, र यसरी नै राष्ट्रका कर्मचारीमा भ्रष्टाचार बढ्न नपावस् भन्ने विचारले उनले घूसप्रथाविरोधी कदम उठाएका थिए।

यस लालमोहरको अर्को विशेषता—उनले किसान मोहीमाथि पनि विशेष ध्यान दिएका थिए। वेला र बखतअनुसार जग्गा भर्ना पाएका जागीरदार तल्सीङ्हरूले किसान-मोहीलाई पिर्न नपाउन् भन्ने हेतुले नियम बनाइदिए। उस बखत रुपियाँभन्दा अनाज सस्तो थियो। त्यसैले मोही र तल्सीङ्को झगडा यसैमा हुन्थ्यो कि—तल्सीङ् सकेसम्म धानको सट्टा रुपियाँ असूल गर्न चाहन्थ्यो, जब कि मोही-किसानहरू धानै बुझाउनमा कटिबद्ध रहन्थे।[१] यसका निम्ति तल्सीङ्ले अनेक उपायद्वारा किसानलाई दुखः सासना गरेर पनि रुपियाँ नै असूल गर्ने प्रयास गर्दथे। तर भीमसेन थापालाई यो सह्य भएन। उनले यस प्रकारको लालमोहर गराई नियम बनाएर यो स्पष्टसंग किटिदिए कि—तल्सीङ्ले आफ्नो मोहीको घरमा धान रहेसम्म, अर्थात् मोही धान बुझाउन राजी भएसम्म—रुपियाँ चाहिन्छ भन्न पाउँदैन। यदि आफूलाई रुपियाँको जरूरत भएमा साहूगाहाकी खोज्ने काम तल्सीङ्कै हुनेछ न कि मोही-किसानको। यस प्रकार उनले किसान मोहीलाई तल्सीङ्को सासनाबाट मुक्त गरिदिए।

बाज पक्रेर निर्वाह गर्ने पेशा भएका व्यक्तिहरूलाई स्थानीय अधिकार-प्राप्त व्यक्ति वा अमालीहरूले दुःख दिन नपाउन्, अर्थात् ज्यादा महसूल मागी तंगी गर्न नपाउन् भनी उनले विभिन्न जातका बाजका निम्ति विभिन्न प्रकारको रकम ठेकी दस्तूरको प्रबन्ध गराए। यसबाट उक्त पेशावालहरूलाई सरकारी व्यक्तिले तंगी गर्न नपाउने भै उनीहरूको काममा प्रोत्साहन मिल्ने भयो, तथा विभिन्न जातका बाजमा विभिन्न रकमको दस्तूर ठेकिदिनाले एक प्रकारको भन्सार (Custom) व्यवस्थाको शुरू (Introduce) हुन गयो, र यसबाट पनि त्यस बखतको प्रचलित आय व्यवस्थामा परिवर्तन आउने भई सरकारी आयमा वृद्धि हुन गयो।

यस्तै थिति—बन्देजविषयको लालमोहर संवत् १८८६ सालमा पनि भैराखेको पाइन्छ। यसमा करणी मुद्दामा सजायँ गरिने दण्ड ठेकिएको छ।

१. तर अचेल यसको ठीक उल्टो छ। मोही धानको सट्टा रुपियाँ दिन खोज्छ, जब कि तल्सीङहरू धानै असूल गर्नमा जोड गर्छन्। उस बखतको आर्थिक व्यवस्था र आजको आर्थिक व्यवस्थामा यति फरक छ।

साथै चामलको दरको विषयमा पनि यस प्रकार लेखिएको छ—'हिउँद वर्षा बाह्रैमास रुपैया १ को चामल पाथी ८ भन्दा वढ्ता नलिनु घटी पनि नलिनु।' अनि बजारमा विभिन्न प्रकारका मानापाथी रहेमा बजार गोलमाल हुने हुनाले— 'एक पाथी मानाले मात्र भर्नु अरू पाथीले नभर्नु' भनी माना पाथीको समताको प्रबन्ध गरिएको छ।

यही मानापाथीमा समता नहुनाले गोलमाल भयो, अमाली, द्वारे आदि शक्तिशाली व्यक्तिहरूले आफ्नो मनपरेको मानापाथीबाट भरेर लिने दिने गर्दा साह्रै मर्का पर्‍यो, दुःख भयो, भनी साँखुका जनताले सरकार-छेउ अपील गर्दा, त्यस ठाउँमा मानापाथीको बन्दोबस्तका निम्ति सरकारले '२ मानाको १ कुरुवा' हुनेसमान माना पाथीको व्यवहारबाट कार्य चलाउनुपर्छ भन्ने नियम बाँधी व्यवस्था मिलाएको थियो।

यसरी भीमसेन थापाले राज्यभर मानापाथीको विषयमा रहन गएको विषमतामा सुधारवादी कदम उठाएबाट—राज्यभर मानापाथीको हिसाब एउटै हुन गयो र मानिसहरूको कारोबार एवं व्यवहारमा सुविधा रहन गयो।

यस्तै व्यवसायीहरूको कारोबार एवं व्यवसायको सुविधा र समता-का निम्ति जनरल भीमसेन थापाले ब्याज (Interest) को एउटा नीति-निर्धारण गरी चलाए। यस ब्याजसम्बन्धी प्रचलनमा गोर्खाका राजा राम शाह, एवं काठमाडौंका राजा जयस्थिति मल्लहरूले पनि कदम उठाएका थिए, तापनि यसको प्रचलन संपूर्ण राज्यभर लागू भैसकेको थिएन। भीमसेन थापाले यससंबन्धी एउटा नीति बनाई—नगदीमा दश प्रतिशत र जिन्सीमा पच्चीस प्रतिशत ब्याज लिन पाउने गरी चलाए। त्यसका निम्ति भैराखेको लालमोहरको नक्कल यस प्रकार छः—

"स्वस्तिश्री मन्महाराजाधिराज कस्य रुक्का — — — —
आगे (काली) पूर्व मेची पश्चिमका चारवर्न छत्तिसै जातका घरमा साहु रीनिका घरमा लीन दिन गर्दा साहुले पटना मोहर[१] पैसा नगद रूपयाको दसवत व्याज र अंनको सवाइ व्याज लिनु दिनु वढ्ता कसैले नलिनु नदिनु भंन्या वंदेजको थीती गरी वक्स्यौं—जसले यो वंदेज नाघी व्याज वढ्ता ली लीन दीन गर्ला त्यसलाई भारी डंड सासनाहोला इति संवत् १८९२ साल मिति पौष वदी १ रोज १ शुभम् — — —"।

१. भारतीय रुपियाँ।



आजसम्म पनि नेपालमा ब्याजमा यही नीति लागू भएको छ, र सरकारी स्तरमा यही नीति—अर्थात् नगदीमा दश प्रतिशत र जिन्सी धान चामल आदिमा पच्चीस प्रतिशत ब्याज लिने—लाई मान्यता दिइएको छ। हालै वर्तमान श्री ५ बाट (प्रत्यक्ष)-शासनको समयमा) भएको भूमि-सुधारसंबन्धी घोषणामा पनि यही 'दशौंद र सवाइ' को प्रचलनलाई नै स्वीकार गरिएको छ। यस 'ब्याज' संबन्धी नीतिको देनबाट आजसम्म पनि नेपाल ऋणी छ।

# III

नेपालका विभिन्न जातिमध्ये काठमाडौं उपत्यकाका प्रमुख निवासी नेवारजातिको[१] आफ्नै ढंगको सामाजिक थिति छ। पहिलेदेखि चलि-आएको यस चलनमा सामयिक सुधारको अभावले गर्दा यी रीतिरिवाज ज्यादै क्लिष्ट अवस्थामा रहन गएको थियो। मर्दा पर्दा—यस्तै वेला बखत-मा निम्नमध्यमवर्गका परिवारका निम्ति त्यो सामाजिक रीतिरिवाज झंझट एवं भारस्वरूप पनि रहन गएको थियो, र कहिलेकाहीं यो अत्या-वश्यक मानिएको चलन प्रथाले कर्सको महान् क्षति पनि गर्दथ्यो। यसो हुँदा यसमा सुधारको आवश्यकता रहन गयो। यसै आवश्यकतालाई महसूस गरी जनरल भीमसेन थापाको सरकारले यस प्रचलनमा सुधारवादी कदम उठायो। यदि यसरी प्रतिदिन भारस्वरूप रहन गएको रीतिरिवाजको भडकिलोपनलाई कानूनन् नियंत्रण राख्नमा सरकारले कदम नउठाए यसबाट धेरै निम्नमध्यमवर्गका व्यक्तिलाई समाजमा अड्न मुश्किल बनाइ-दिन्थ्यो। अनि उक्त अत्यावश्यक ठहरिएको रीतिरिवाज चलन—प्रथाको अन्तर्गत मर्दा पर्दा दस्तूर लिने व्यक्तिहरूले पनि मनपरी किसिमसंग दस्तूर माग्न थाले। यदि धनी परिवार हेरी पक्षपात गरी अरूकहाँ गैदिएन वा विलम्ब गरियो भने गरीब व्यक्ति र परिवारले साह्रै नै मुश्किल सहनु-पर्थ्यो। यसकारण पनि, यिनीहरूको दस्तूर ज्यालामा पनि सरकारी नियन्त्रण एवं दर रहनु अति जरूरी थियो।

संवत् १८८८ साल पौष वदि १० रोज ५ का दिन एउटा लाल-

१. उपत्यकाबाहिर पनि यो जाति रहेको पाइन्छ, जो कि काठमाडौं उपत्यकाबाटै छितरेर गएका हुन्।

मोहर[1] स्वीकृत गराएर जनरल भीमसेन थापाले नेवारजातिको प्रचलनमा—जन्मेदेखिन् नमरेसम्म गर्नुपर्ने क्रियाकार्यको हरएक बुँदामा सुधारवादी कदम चलाए, तथा ती सबमा खर्च गर्न वा भोज भतेर दिन निम्नतम दरमा नियम बाँधिदिए। साथै दस्तूरी माग्ने व्यक्तिहरूका निम्ति पनि यस कार्यमा यतिसम्म ज्याला वा दस्तूर नगद जिन्सीको रूपमा पाउन सक्छन् भन्ने किटी कानूनन् नियम बनाइदिए।

यस प्रकारको लालमोहर गराएर जनरल भीमसेन थापाले काठमाडौं उपत्यकाका प्रमुख जाति--नेवारहरूको सामाजिक रीतिरिवाज र प्रचलनमा सधारवादी रूप अपनाए। सरकारले गरेको यस लालमोहरबाट निम्नवर्गका परिवारसाथि रहन गएको रीतिथितिको भड्किलोपनको भार हल्का हुन गयो, तथा सरकारी नियममा किटिएको निम्नतम दरमा आफ्नु कार्य गर्न सकिने भयो र सस्तो इज्जतका निम्ति तर्सिरहनुपरेन। साथै उक्त लालमोहरबाट—मर्दा पर्दा नगरी नहुने रकमका ठेकेदारहरूको सासनाबाट पनि त्राण पाइयो। यसभन्दा अघि यी ठेकेदारहरू—कसाही, नाउ, पुलपुल, गोंठ, पुरोहित आदिले मौका हेरी मनपरी किसिमबाट ज्यादा रकमको माग गरी असूल गर्दथे, र उनीहरूको भनाइअनुसार ज्यादा रकम दिन नसक्ने वा दिन नचाहने परिवारकहाँ कुनै काम पर्‍यो भने यी ठेकेदारहरूले या त जाँदै नगर्दिई या ढीलो गई ठूलो सर्का पारिदिन्थे। अनि यिनीहरूलाई सजायँका निम्ति कुनै कानूनी बाटो पनि खुला थिएन, र यिनीहरूको पजनी पनि हुन सक्दैनथ्यो। तर भीमसेन थापाको मुख्तियारी-कालमा भएको उक्त लालमोहरबाट यी ठेकेदारहरूले पाउने अत्यावश्यक रकमको दर ठेकिदिएको हुँदा तथा त्यसलाई उल्लंघन गरेमा सजायँ एवं पजनीसम्म पनि हुने त्रास देखाइएको हुँदा यिनीहरूबाट धर्म र परंपराको आडमा लादिन गएको अनावश्यक बोझबाट जनताले मुक्ति पायो। भीमसेन थापाको यस सुधारको अनुसरण गरी जुद्धशमशेरले पनि उक्त विषयमा सुधार गरी रीतिरिवाजको 'सवाल' बनाइदिएका थिए।

भीमसेन थापाले प्रचलित रीतिरिवाजमा सुगमता मात्र हैन कि सुधार पनि गर्न चाहे। धर्मको आडमा चलेको सामाजिक प्रचलनमा परिवर्तन ल्याउनु सजिलो कुरा थिएन, तथा त्यसका निम्ति धर्मकै दुहाइ माग्नु जरूरत थियो। सनातनता, धर्म, एवं जाति-पातिमा अति कट्टर

१. लालमोहरको नक्कल परिशिष्ट नं. –३९ मा.



नेपालमा जात र धर्मकै कारण रणबहादुर शाहको हत्या हुन गएको उनले आफ्नै आँखाले देखेका थिए। त्यसो हुँदा यस जात-पात आदिको प्रचलनमा भीमसेन थापाले कुनै ठोस कदम उठाउन सकेनन्। उनले यस प्रथालाई मान्नैपर्‍यो।

तर पनि सनातनताको आडमा चलेको भए पनि त्यस बेलासम्म प्रचलित रहेको भाउज्यू व्यहोर्ने प्रचलनलाई भने रोक लगाउन उनले चाहे। यो काम उठाउँदा पनि उनलाई धर्मकै दुहाइ माग्नुपरेको थियो। त्यस बखतसम्म नेपालका सबैजसो जातमा—चार वर्ण छत्तीसै जातमा भाउज्यू ब्यहोर्ने रीत चलेकै थियो र यसैलाई बन्द गर्नका निम्ति उनले एउटा लालमोहर गराए। यसको नक्कल यस प्रकार छः—

"श्री मन्महाराजाधिराज कस्य रुक्का — — —

आगे हाम्रा मुलुकका चारवर्ण छत्तिस्जात गैन्ह प्रति विवाहिता साक्षात् भाउज्यूसंग बीराउ गर्न यो कुरा ठुलोपाप रहेछ आजसंम जो जति भयो सो भैगयो जंगला मुलुक हुनाले जातको तजविज गर्नु पर्दा हाल किराती लिंबु लाप्च्या र जुम्लीहरू वाहिक राषी आजदेखी उप्रान्त जानाजानी कसैले साक्षात भाउज्यू विराउ नगर्नु भंन्या थीति बन्धेज बाँधि बक्स्यौं यो थिती बमोजिम बंदेजमा जो रहदैन तसलाई जात अनुसार तप्सील बमोजिमको सासना होला — — — —

तप्सील

उपाध्या ब्राह्मणहरूले जानाजानी भाउज्यू वीराउ गर्‍यो भन्या जातपतीत गरी मुडी देश निकाला गर्नु — — —

गोतीया भाइ क्षत्रिय जातहरूले जानाजानी भाउज्यू वीराउ गर्‍या भन्या जात पतीत गरी देस निकाला गर्नु — — —

अरु क्षत्रीय रजपुत जातहरूले जानाजानी भाउज्यू वीराउ गर्‍या भन्या लिंग काट्नू— — — — —

संन्यासीहरूले जानाजानी भाउज्यू विराउ गर्‍या जात पतीत गरी मुडी देश निकाला गर्नु — — — — —

षस जातहरूले जानाजानी भाउज्यू विराउ गर्‍या भन्या लिंग काट्नु—

वैश्य जातहरूले जानाजानी भाउज्यू विराउ गर्‍या भन्या लिंग काट्नु—

मगर जातले जानाजानी भाउज्यू विराउ गर्‍या भन्या लिंग काट्नु—

गुरुंघलेजातले जाना जानी भाउज्यू बिराउ गर्‍या भन्या लिंग काट्नु—

नेवारहरू सुद्र जातले जानाजानी भाउज्यू विराउ गर्‍या भन्या सर्वस्व

लिनु— — — — —
दमाइ, सुनार, कामी, सार्की गाथीइन् हुक्र्या प्रभृति पानी नचल्न्या जातले जानाजानी भाउज्यू विराउ गऱ्या भन्या मासी दिनु — — —
वलामी माझी दनुवार सुनुवार मुर्मिभोटचा चेपाङ् पहरिवरै कुह्माल वरानु गैरहहरूले जाना जानी भाउज्यू विराउ गऱ्या भन्या मारी दिनु—
इतिसम्वत् १८९३ साल मिति अषाड सुदी ७ रोज ४ सुभम् — —

यस प्रकारको लालमोहर गराई भीमसेन थापाले भाउज्यूसित करणी गर्ने प्रथालाई हटाउने प्रयास गरे। यसका निम्ति लिंग काट्ने जस्तो भयानक सजायँ दिइने चेतावनीसम्म पनि दिइयो। तर पनि यस लाल-मोहरमा लिम्बु लाप्चे आदि केही जाति वा वर्गलाई छोडिएको छ। ती जातिमा रहेको 'सानीआमा ब्यहोर्ने वा 'भाउज्यू ब्यहोर्ने' प्रचलनमाथि प्रतिबन्ध लगाउन खोजिएको छैन। शायद उनीहरू आफ्नो सनातनतामाथि ज्यादै कट्टर हुने हुँदा एकै चोटि बन्द गर्ने कदमबाट केही असर नपरी गोलमाल हुने संभावना भएकोले त्यस बखत समावेश नगराइएको हो कि ?[१]

यस्तै जातअनुसार नाता पर्नेसितको बिहे गर्ने चलनलाई रोक्न भीमसेन थापाले अरू पनि कदमहरू उठाएका थिए। त्यस बखत पाँच थपौलाका जैसी ब्राह्मणहरूमा मामाकी छोरीसित बिहेवारी चल्दथ्यो तर अरू ठाउँका जैसी ब्राह्मणहरूमा त्यो प्रथा चल्दो रहेनछ र उनीहरू त्यसलाई हेयप्रथा सम्झन्थे। यस प्रकार जैसी ब्राह्मणहरूमा, पाँच थपौलाका जैसीहरूमा र सल्ल्यान र यस्तै अरू ठाउँका जैसीहरूमा––जो मामाकी छोरी बिहे गर्ने प्रथालाई हेय सम्झन्थे,–त्यस्ताहरूको बीचमा कुनै प्रकारको सम्बन्ध राम्रो नरहनु स्वाभाविक थियो। त्यसमाथि मामाकी छोरी बिहे गर्ने प्रथा ठीक होइन भन्ने पाँच थपौलाका जैसी ब्राह्मणहरूमा पनि परेको थियो। तब उनीहरूले एउटा रीत बनाउनका निम्ति सरकारसित अपील गरे। सरकारबाट एउटा लालमोहर गरी—मामाकी छोरी बिहे गर्न नपाउने नियम बनाइदिइयो। हुन पनि सरकारले यस विषयमा योसिवाय अरू कदम उठाउनै पनि सक्तैनथ्यो। एक थरी जैसी त यस प्रथालाई हेय

१. पछि १८९६ सालमा सरकारद्वारा एक लालमोहर भै अगाडि छूट दिइएका लिम्बुवानहरूमा रहेको सानीआमा ( याने सौतेनीआमा ) ब्यहोर्ने प्रचलनलाई अवैध घोषित गरियो। यसमा त्यस इलाकाका प्रजाले सरकारमा विरोधपत्र पनि पठाएका थिए। हेरियोस् :— — — —
लेखकको—मुख्तियार रंगनाथ, एक झलक–शारदा अंक–जेष्ठ २०१२।



नै ठान्ने भए, र पाँच थपौलावाला जैसी, जसले रीति बन्नका निम्ति सरकारछेउ अपील गरेका थिए—उनीहरू पनि यो प्रथा बन्द होओस् भन्ने आशयका थिए। तसर्थ, सबै जैसीले मामाकी छोरी बिहे गर्नू भनी सरकारतर्फबाट नियम लाद्न पनि सकिंदैनथ्यो। यसै कारणले गर्दा सरकारबाट भएको लालमोहरमा पाँच थपौलाका जैसी ब्राह्मणहरूले पनि 'मामाकी छोरी बिहे नगर्नू' भनी नियम बनाइदिइएको थियो। त्यो लालमोहरको नक्कल यस प्रकार छ,—

"श्री मन्महाराजाधिराज कस्यरुक्का — — —
आगे पाँच थपौलाका जैसी बाहुनप्रति १२ हजार सल्ल्यानमा विवाह गर्दैनन् हाम्रो मात्री आफ्ना साष्यात् मामाकी छोरीसीत व्याहा पनी हुंछ उठाई पनी ल्याउछौं हाम्रो थिति भया वढीया हुँदो हो भनी तिमिहरूले कप्तान नरसिंह थापाले हाम्रा हजूर बिन्ती गरि पठाउँदा जाहेर भयो तसर्थ अव उप्रांत जैसी वाहुनले मामाकी छोरी व्याहा नगर्नु उठाई पनि नल्याउनु भनी वंधेज बाँधी वक्स्यौं जो यो वंधेज नाघी मामाकी छोरी व्याहा गर्ला उठाइ ल्याउला तसलाइ जातमाफिकको सासना होला तेस्तासित जाना जान्‌मा भात षान्यालाई पनी नीती स्मृती होला इति संवत् १८८७ साल मिति पौष वदी ११ रोज ७ शुभम्— "

यसरी नै 'दामो, जाहारी, वाफी, मोताम् आठ्‌बीस' पाँच थपोला-का तागाधारी खसहरूमाथि पनि मामाकी छोरी बिहे गर्नमा प्रतिबन्ध थियो। सल्ल्यानका खसजातका एक धनी जिमिदारलाई भने मामाकी छोरी बिहे गर्ने इजाजत पाएकोमा भीमसेन थापाले पाँच थपोलाका समस्त खसजातिका निंति नै उक्त प्रतिबन्ध हटाइदिए।

यसरी मुख्तियार थापाले राज्यका विभिन्न स्थानका बिभिन्न जाति-का प्रचलनमा सुधारवादी दृष्टिकोण लिएका थिए।

## IV

जनरल भीमसेन थापाको मुख्तियारीकालमा अनेक रचनात्मक कार्य पनि हुन गए। उनले टुँडिखेलनेर दुई ठूला र अग्ला धरहरा[१] पनि बनाउन लगाए। केवल मन्दिर र देवल मात्र बनाउने परंपरा भएको

१. एउटा धरहरा १८९० सालको भूकम्पमा भत्कियो र पछि रहेको पनि १९९० सालको भूकम्पमा भत्की जुद्धशमशेरले जीर्णोद्धार गरे।

नेपालमा भीमसेन थापाको यस कार्यबाट एक नयाँ प्रचलन प्रस्तुत हुन गयो। यसको अनुकरणस्वरूप पछि घण्टाघरको निर्माण भएथ्यो। धरहरालाई भीमसेन थापाकालीन नेपालको आशा र उमंगको प्रतीक रूपमा कल्पना गर्न सकिन्छ।

यसबाहेक भीमसेन थापाको समयमा विभिन्न स्थानका नदीहरूमाथि पुल हाल्नु, बाटो बनाउनु, पाटी-पौवा स्थापना गर्नु, किल्ला तयार गर्नु—आदि कार्यहरू पनि भएका थिए। साथै पिउने पानीका निम्ति ढुंगेधारा राख्ने परंपराअनुसार उनले धरहरानेर सुन्दर सुनधाराको पनि निर्माण गराए।

भीमसेन थापाले यस्तै पिउने पानीका निम्ति धारा, र खेतीका निम्ति कुलोको पनि प्रबन्ध गराए। संवत् १८८६ सालमा कीर्तिपुरको रानीवन भन्ने स्थानमा रहेको पोखरी तालबाट कुलो तयार पार्न लगाउनका निम्ति भैराखेको लालमोहरको नकल यस प्रकार छ :—

"श्रीमन्महाराजाधिराज कस्य रूक्का — — — —
आगे भागवंत मलभर्दासिं धर्मदेउ जैनसिं तव्या रतनसीं विकटी के कीर्तिपुरका अम्वल मध्ये रानीवन दुद् पोषरीको पानी ढलवा कुलावाट कीर्तिपुरका पानी षान्या पोखरीमा पानी हाल्नु नीकासले पायाभर्को पोषरीमा पानी जमाइ समय सालमा चाहिंदो पानी पोषरीमा राषी तेस पोषरीका नीकासका पानीले घाघलका षेतरोपन दिनु धलवासंग पानी मागी षेत रोप्याभर्का रोपनी १ को माना ४ हीसावले धल्वा पाठी धान दिनु पानीमा ढलवा गुठीयारले आफ्नु वीरानु नगरी दरोवस्त संग सबै रैतिलाई वरोवरपारी दीनु औ वलषु खोलाको फकलजोल को रह १ भुत्याहा रह १ धालको रह १ इ तिन् रहमा माछा पाल्नु कसैलाई मार्न नदिनु हाँस पनि पालन नदिनु वेस गरी हेर्नु तेस कुलामा भैसी हीडाउन नदिनु तिन् रहमा माछा मार्न्यालाई र कुलामा (भैसी) हीडाइ वीगार्न्या वाली षुवार्उन्या हाँस छोड्न्या वन्दोवस्त वाहीक पानीमा बलजफत गर्न्यालाई पक्री इटाचपलीमा पुर्याइदिनु कुलाको कवुलियतको परापूर्वदेषि तिरी आर्याको धान मुरी १२ कुलाका इजारादार मार्फत सालवसाल हिटीचोकमा दाषिल गर्नु कीर्तिपुरका दगुठी र सनागुठीले सालवसाल कुलो वनाउनु कुलोको कां गर्न्या ढलवा जन ७ लाई झारा वेठ वेगार उधाउनी पधाउनी माफगरी अधिका ६ जनाका नाउको मोहर हाली कुलाको तैनाथ वक्स्यौं आफना षातिर्ज्मासंग रह



कुलो हेरी पानी पोषरीमा जमाइ १२ मैन्हासम्म कुलो चलाउनु लेष्या वमोजिम वन्देज नमानी कुलो हेर्यौन कुलो १२ मैन्हा चलायौन भन्या डंडसासना होला इति संवत् १८८६ साल मिति आश्वीन शुदी १५ रोज २ शुभम् — — — — "

यस लालमोहरबाट यो सिद्ध हुन आउँछ कि—कीर्तिपुरमा रहको उक्त कुलो पोषरी-रहको हेरविचार एवं मर्मत आदिका निम्ति सबै काम ७ व्यक्तिको तैनाथमा छोड़िएको थियो। राष्ट्रीयकरण गरी सबै कार्य सरकारद्वारा नै संचालन हुनुपर्छ भन्ने सिद्धान्त एवं विचारधाराको प्रादुर्भाव नभैसकेको सामन्तीयुगमा ठेक्काको प्रचलन स्वाभाविक एवं साधारण थियो। यसर्थ कुलो जस्तो सार्वजनिक कुरा पनि सात व्यक्तिको तैनाथी गरी गुठीको हेरचाहमा छोडिएको हो भन्न सकिन्छ। यसका निम्ति उक्त तैनाथवालाले सरकारलाई केही तिर्नुपर्दछ। साथै पानी पटाइएकोमा खेतका मालिकहरूबाट उनीहरूले पानीकर (Water-tax)को रूपमा केही दस्तूर लिन पनि पाउँदछन्। तर यसरी दस्तूर उठाउँदा ठेकेदारहरूले मनलागेको दरमा असूल गरी किसानवर्गलाई दुःख कष्ट दिन नपाउन् भनी सरकारबाटै कुलोको पानीद्वारा पटनी भएकोमा खेतका धनीले दिनुपर्ने दस्तूरको दरसमेत (Rate) किटिदिइएको छ। यसबाट बेजाइँ हुन पाउँदैनथ्यो। साथै तैनाथी व्यक्तिले भ्रष्टाचार गरेर वा आफना मानिस भनी कसैलाई पानी दिने, कसैलाई नदिने, गर्न नपाउन् वा घटीबढ़ी गर्न नपाउन् भनी उक्त लालमोहरमा 'आफ्नु वीरानु नगरी दरोबस्त संग सबै रैतिलाई वरोवर पानी दिनु' भनी लेखिएको छ।

साथै तीनवटा ताल (रह)मा माछा पाली त्यसको हिफाजत गरी कसै मार्न नपाउने बन्दोबस्त गरेर—पोधरीहरूको सौंदर्यको साथै राष्ट्रको आयमा पनि वृद्धि गर्न खोजिएको थियो।

यस्तै बाह्रै महीना चल्ने कुलो बनाई त्यसको सुरक्षा र मर्मत आदि गर्न, पाटन, सुनागुठी, ठेंचो, चापागाउँका द्वारेहरूका नाममा पनि तैनाथी लालमोहर भएको थियो। कीर्तिपुरवाला कुलोमा जस्तै यसमा पनि पालोपहराका निम्ति व्यक्तिको संख्या तोकेर गुठीको जिम्मा छोड़िदिएको थियो।

यहाँसम्म कि—त्यस बखत हुलाक चलाउने जस्तो कार्यसमेत गाउँपिच्छे दुइ चार घरको जिम्मामा छोडिएको हुन्थ्यो। टिकट टाँसी चिट्ठी पठाउने आधुनिक व्यवस्था भै नसकेको हुँदा गाउँपिच्छे केही घरहरू

ठेकिएका हुन्थे। ती घरका मानिसहरूले आफूलाई तोकिदिएको सीमित इलाकाभित्र चिठ्ठीपत्रको आदान-प्रदान गर्नुपर्दथ्यो। यस कार्यको ज्याला-स्वरूप ती हुलाक बोक्ने घरवालाहरूलाई केही जग्गा पनि दिइएको हुन्थ्यो, र त्यसको उठ्ती-पुठ्ती उनीहरू पाउँदथे। उदाहरणार्थ—दैलेख लिल्ला-अन्तर्गतको 'कोलषोला' नामक इलाकामा हुलाकी व्यवस्थाका निम्ति भैराखेको लालमोहर हेर्न सकिन्छ।[1]

यसरी विभिन्न जिल्ला वा गाउँहरूमा हुलाक बोकी चिठ्ठीपत्र चलाउनका निम्ति ठेकिएका व्यक्तिहरूको सरकारद्वारा बरोबर जाँच पनि गरिन्थ्यो। यिनीहरूले राम्ररी काम गरेका छन् वा छैनन्, यदि गरेका छैनन् भने, नगरेको कारण पत्ता लगाई सरकारमा रिपोर्ट पेश गर्ने वा त्यस्तो कारण निपटाउने कार्य जाँचकीले गर्दथ्यो। हुलाक बोक्नेहरूले मिहेनतानास्वरूप पाइराखेको जग्गामा अमालिया जिमिन्दारहरूको जालले गर्दा कहिलेकाहीं गडबड भै हुलाकीहरूले त्यसको आयस्ता खान नपाउने हुन्थ्यो र उनीहरूले कामै नै त्यसै छोडिदिन्थे। कहिलेकाहीं हुलाकीको अलमस्तीबाट पनि कार्य ढीलो हुन जान्थ्यो। हुलाकसम्बन्धी यसै सुस्ती-पनाको जाँच गरी त्यसको वास्तविक कारण पत्ता लगाउने, तथा अपराधी-लाई सजायँ गरी सरकारमा रिपोर्ट पेश गर्ने भारा जाँचकीको हुन्थ्यो।

संवत् १८९१ सालमा विष्णुमतीको पश्चिम तथा महाकालीको पूर्वपट्टिको हुलाक-व्यवस्थाको जाँच निमित्त सुवेदार जयकृष्ण तथा जमादार कालु लामाहरू खटिएका थिए। यिनै जाँचकी जयकृष्णहरूको नाममा भएको हुलाक जाँच्ने अख्तियारको लालमोहरमा—उनीहरूलाई तोकिएको इलाकाभित्रका हुलाकीहरूको जाँच गर्दा अव्यवस्था बेईमानी, छलकपट, धोखाधारी इत्यादि देखे ती सबै कुरीति र अव्यवस्था हटाउन र हुलाकको राम्रो व्यवस्था मिलाई कायम गराउन अख्तियार दिइएको छ। साथै सरकारबाट नै लालमोहर गराई निर्णय गर्नुपर्ने कुराबाहेक ती जाँचकीहरूले ठाउँमै छिनी गर्न सक्ने दण्ड जरीबाना, अदलबदल आदि कार्यको लागिसमेत अख्तियार दिइएको थियो।[2]

यो त माथि नै भनिसकिएको कुरा हो कि—भीमसेन थापाको समय सामन्तकालको थियो। तब त्यस बखतको रीतिरिवाज, बरबन्दोबस्त एवम् शासन पद्धति सबैमा सामन्ती प्रभाव पर्ने नै हुन्छ। त्यस्तो वेलाको आर्थिक

१. परिशिष्ट नं० ४० मा।

२. परिशिष्ट नं ४१ मा।



व्यवस्था-अर्थात् सामन्ती—आर्थिक व्यवस्थामा एकाधिकार, (Monopoly system) याने ठेक्काको प्रचलन ज्यादा रहन्छ नै। माथि उल्लिखित—कुलो तथा हुलाकी व्यवस्था जस्तो सार्वजनिक एवम् ( आजको युगमा ) सरकार ( अझ प्रान्तीय तथा केन्द्रीय भएको राज्यमा केन्द्रीय सरकार ) द्वारा संचालित हुनुपर्ने विषय पनि ठेक्कामा चलाइएकोबाटै यस कुरालाई प्रमाणित गर्दछ। यस्तै ठेक्का वा एकाधिकारको चलन अरू व्यापारमा पनि लागू हुन सक्तछ र भएको पनि थियो। राष्ट्रीयकरण वा वर्गहीन समाजको सपना एवम् सिद्धान्त नभएको त्यस युग र जमानामा एका-धिकारीको प्रमुखता रहनु स्वाभाविकै थियो।

यही कारण थियो—भीमसेन थापाको समयमा पनि विभिन्न व्यवसायका निम्ति विभिन्न व्यक्तिहरूलाई ठेक्का वा एकाधिकार दिइएको।

खाग व्यवसायका निम्ति ख्वाजिअहमदको नाममा भैराखेको ठेक्काको. लालमोहरको नक्कल यस प्रकारको छः — — —

"श्रीमन्महाराजाधिराज कस्यरूक्का — — — —

आगे षाजि अहमदअलि कस्मिरिके अघि तेरा कोठिबाट षाद (?)—को
बेपार हुँदोरहेछ पछि अरुकस्मेरीहरू र अरू बेपारिहरूले मधेसबाट ल्याई
भोट लैजाँदारह्याछन् अब उप्रान्त अघिका श्रेस्तावमोजिम मधेसवाटपनि
तैले ल्याउनु भोट पनि तैलेलैजानु अरुकसैले ल्यायो लैगयो भन्या हाम्रा
हजुरमा बिन्ति गर्नू माल पनि लिलाम होला डंड पनी होला भनी बन्दे-
जगरी बक्स्यौं आपना षातिर्जमासंग संतान् दरसन्तान्सम्म बेपार गर्नु
ईतिसम्वत् १८८४ साल मिति जेष्ठ वदी ११ रोज ३ शुभम् — — —

यस्तै एकाधिकारत्त्व अरू व्यवसायमा पनि लागू भएको प्रशस्त प्रमाण पाइन्छ।

## V

जनरल भीमसेन थापाले विभिन्न जिल्लाहरूमा शहर बसाउन तथा बजार गुल्जार गरी बस्न बसाउनका निम्ति आवश्यक कदमसमेत उठाएका थिए। यो कार्य राम्ररी चलनमा बाधास्वरूप रहन गएको पुरानो कानून वा रीति र नियमलाई तोडेर उनले नयाँ नियम बनाइदिए, तथा यसका निम्ति आवश्यक प्रोत्साहन पनि दिए। त्यस बखतसम्म कुनै व्यक्ति वा

महाजनहरूले—कुनै स्थानमा बजार बसाई, घर बनाई, शहर बसाएर बसे तापनि तिनीहरूलाई व्यक्तिगत सम्पत्ति सुरक्षाका निंति कुनै प्रकारको अख्तियार दिइएको थिएन। स्थानीय अधिकारीले वा अमालीले आफ्नो इच्छानुसार, वा क्षणभरको सनकको भरमा—कुनै पनि व्यक्तिको घर पसललाई उठाउन, पजनी गर्न सक्तथ्यो। कथंकदाचित् यी बसोवासो गरेर बस्ने साहू महाजनहरूलाई भविष्यमा आफू बसिआएको बजार छोडी अन्त कतै सर्नुपरेको खण्डमा आफूले बनाएर बसेको घर बेची मोल उठाउन पाउनेसम्म पनि अधिकार वा सुविधा प्राप्त थिएन। उनीहरूको व्यक्तिगत सम्पत्तिको सुरक्षाका निम्ति केही पनि ग्यारन्टी रहेन, र यिनीहरूको संपत्ति सधैं नै अमाली चौधरीहरूको हातमा वा मर्जीमा झुण्डिरहने भयो। परिणामस्वरूप बजारमा धेरै खर्च गरी पक्की घर बनाई शहर राम्रो पार्न सबै हिचकिचाउँदथे र बजारमा केवल खरकै छाप्रो मात्र बन्थ्यो। यसबाट एक त बजारको सौन्दर्य नै गुम हुने र दोस्रो सधैं आगलागीको भय भै रहने भयो। यही दुर्दशा उस बखतको बजार र शहरको थियो।

यसमा भीमसेन थापाले परिवर्तन ल्याए। संवत् १८८६ सालमा ठूलो आगलागी भएर पाल्पा तानसेन शहरै सखाप भयो। तर त्यस ठाउँमा पुनः घर बनाई बजार बसाउन सारा जनता हिचकिचाउन थाले, तथा सबैलाई साबिक कठिनाइले घेर्न थाल्यो। त्यसो हुँदा स्थानीय रैती र महाजनहरूले सरकारछेउ उजूर गरे, जसमा व्यक्तिगत संपत्तिको सुरक्षाको ग्यारन्टीको माग गरिएको थियो। यसै उजूरलाई मान्यता दिंदै सरकारबाट एउटा लालमोहर जारी भयो, जसमा सरकारी अधिकार प्राप्त व्यक्तिहरू—अमाली चौधरीले कसैको घर मनपरी पजनी गर्न नपाउने, तथा कुनै व्यक्तिले गाउँ बजार छाडी जान चाहेमा—आफूले बनाई बसेको वा किनेर बसेको घर पनि बेचेर आफ्नो मोल उठाएर लैजान पाइने नियम बाँधी आडर जारी गरियो। साथै बजार र सहर गुल्जार गरी बस्ने अपीलको आदेश जारी गरियो। त्यस लालमोहरको नक्कल यस प्रकार छः—

"स्वस्तिश्री मन्महाराजाधिराज कस्यरुक्का— — —
आगे पाल्पा तान्सेन् बस्न्या मनीराज मेहेरबान् साधुराम मनीरत्न तेजनारान चुकढीदेवी नरसिं गैरह महाजन् वेपारी नेवारके सालवसाल वजारमा आगलागी भै देवालयसमेत धेरै घर वीग्री माल पर्न जांदा घरको छाना हुनाले धेरै धन् षराप भयो आजसम्म तिरी आयावमोजिम घरगनी दस्तूर तिर्नू आफुले बनायाका घर अमाली चौधरीले पनि पजनी नगर्नु आफुले छोडी जाँदाको दिन घरको दाम उठाउन पाउन्या यीति पाया पक्की घर बनाइ झीगटी लगाइ बजार बनाउदाहूँ भनी तिमीहरूले बिति गऱ्याको विस्तार काजी बषतावरसिंह थापा जिल्लाका मुख्तियार (अर्थात् बडाहाकिम) बाट हाम्रा हजूरमा जाहेर भयो। वेस बींति गऱ्याछौ पक्की घर बनाइ झीगटी लगाउनु आजसम्म तिरी आयावमोजि घर गनी दँ दस्तूर तिर्नु चौधरी अमालीले घरको पजनी नगर्नु उठी जांदा घरका दाम उठाउनु भंन्या बंदेजको मोहर गरी बक्स्यौं आफ्ना षातिर्जमासंग पक्की घर बनाई झीगटी लगाई वजार गुल्जार गर्न्या कामगर इतिसंवत १८८६ साल मिति आश्वीं सुदी ४ रोज ६ शुभम् — — — "



यसरी नै आगलागी भएर संवत् १८८५ सालमा रिडीको फूसे बजार जलेर भस्म भएको थियो। अनि नयाँ घर बनाई पुनः बजार बसाउनका निम्ति व्यक्तिगत घरसंपत्तिको सुरक्षाको ग्यारन्टी नभएको हुँदा त्यस ठाउँका मर्महाजन रैती दुनियालाई पनि त्यही साबिक असुविधा पर्न गएको थियो। यसो हुँदा उनीहरूले पनि सरकारछेउ अपील गरे। सरकारले मागलाई स्वीकार गरी लालमोहर गरिदियो। उनीहरूलाई पनि पाल्पा तानसेनका रैती महाजनलाई जस्तै व्यक्तिगत संपत्तिको सुरक्षाको ग्यारन्टीको साथै घर बनाउने जग्गाको मोहियानी हक प्रदान गरिएको थियो।

हुन पनि आफ्नो घर बेची मोल लैजान नपाउने, तथा घर बनाई बस्ने जग्गाको मोहियानी हकसम्मको सुविधा पनि नपाउँदाखेरि त वजार राम्रो गरी बसाएर घरजम गर्ने महाजन व्यापारी एवं रैतीहरूलाई पनि ठूलो सर्का परेको थियो। यसै कारणले गर्दा उनीहरूले अलि ज्यादा खर्च गरेर पक्की घर बनाएर बस्ने साहस गर्न सकेनन् कि एउटा जीउसम्म अडाउन हुने गरी फूसको रामझुप्रो बनाएर बस्नुपऱ्यो, जसमा सधैंजसो आगलागीको भय रहिरहन्थ्यो। यसैको—प्रतिफल बानिसहरूले व्यापार पनि धक फुकाएर ठूलो स्केलमा चलाउने साहस गर्न सकेनन्। किनभने अमाली वा चौधरीले आज हो कि भोलि उठाइदिने हो, अथवा आगोले जलाइदिने हो कि, के ठेगान !

यिनै असुविधा एवं अप्ठ्यारोलाई बुझेर भीमसेन थापाले यी सब बाधाहरू पन्छाउन उपर्युक्त लालमोहरहरू गराए। यसबाट जिल्लामा बसी व्यापार गर्ने बेपारीवर्गमा आफ्नो घरसंपत्तिको सुरक्षाको विश्वास पैदा हुन गयो। उनीहरू धक फुकाएर व्यापारमा पैसा लगाउन तथा पक्की घर बनाई बस्न समर्थ भए। निःसन्देह यस प्रकार पक्की घर बन्दा र धेरै

पूंजी लगाई बेपार हुन थाल्दा शहर बजार साथै गुल्जार हुने नै भयो। साथै यसबाट आगलागीद्वारा हुने राष्ट्रिय--संपत्तिको क्षतिमा कमी तथा देश र सरकारको आयमा वृद्धि एवं प्रगति हुनु स्वाभाविकै भयो। र यस कार्यबाट मोहियानी--हकको प्रादुर्भाव हुन्छ।

# VI

आफ्नो एकतीस वर्षको लामो शासनकालमा जनरल भीमसेन थापाले देशको अरू व्यवस्थाको साथै राष्ट्रिय आम्दानी वृद्धि गर्नतिर पनि विशेष ध्यान दिएका थिए। साथै राष्ट्रिय संकटको अवस्थालाई हरसाल केही रकम संचय गरी राष्ट्रिय-कोषको निर्माण गर्नतर्फ पनि लागे। त्यस वेलासम्म राष्ट्रिय आम्दानीको मूल तथा एकमात्र स्रोत मालपोत थियो। नेपाल जस्तो कृषिप्रधान राष्ट्रको आम्दानीको मुख्य स्रोत सधैं मालपोतै न हुन्थ्यो।

यस मालपोतबाट हुने साधारण आम्दानीमा पनि भीमसेन थापाले वृद्धि गरे। संवत् १८७१-७३ सालको युद्धमा अंग्रेज कंपनीसरकारले नेपाल-सरकारलाई सालिन्दा २ लाख रुपियाँ तिरेर लिन खोजेको तराईको भूभाग जुन फर्काइएको थियो--त्यसै जग्गाबाट सालिन्दा १० लाखसम्म पोत उठाउनमा भीमसेन थापा सफल भए।[१]

भीमसेन थापाले आफ्नो समयमा 'भन्सार'--लाई पनि राष्ट्रिय आम्दानीको दोस्रो मुख्य साधन बनाए। ठाउँठाउँका बजारलाई गुल्जार एवं विस्तृत बनाउन बाधास्वरूपको नियमलाई हटाएर उनले व्यापारलाई प्रोत्साहन दिएका थिए र यसबाट राष्ट्रिय आयमा पहिलेभन्दा धेरै वृद्धि हुन गयो। उनले भंसारबाट हुने आम्दानीलाई सालबसाल बढाउँदै लगे। सन् १८१६ ( तदनुसार संवत् १८७३ ) मा भन्सारबाट केवल ८ हजार रुपियाँको मात्र आम्दानी थियो। भन्सारको करमा वृद्धि गरिएको हुँदा सन् १८३३ ( तदनुसार १८९० ) सम्ममा भन्सारबाट मात्र प्रतिवर्ष अढाई लाख आम्दानी हुन थाल्यो।[२]

भन्सारबाट आम्दानी बढ्नुको मतलब नै व्यापारमा वृद्धि हुनु हो। त्यस बखतको नेपालको व्यापारिक वृद्धि विषयमा मन्तव्य दिंदै तत्कालीन

1. Hunter—Life of Hodgson—P. 106.
2. Henry Oldfield—Sketches of Nipal—P. 303.



बृटिश रेजिडेन्ट ब्रायन हॉग्सनले आफ्ना गवर्नर जनरललाई रिपोर्ट पठाएका थिए। त्यसमा उनले लेखेका छन्--'नेपालको प्रत्येक वर्ष ३० लाखको व्यापार हुन्छ।'' साथै तत्कालीन नेपालको मालपोत, व्यापार, कर एवं बहाल ( Rent ) विषयक कुरामा भीमसेन थापाका समकालीन इतिहासकार फ्रान्सिस ह्यामिल्टनले पनि आफ्नो पुस्तक 'अकाउन्ट अव नेपाल' ( Account of Nepal ) मा विस्तारपूर्वक लेखेका छन्।[२]

नेपाल खाल्डोको व्यापारिक इतिहास बुझ्नलाई—मल्लराजा प्रताप मल्लको समयमा फर्कनुपर्दछ। उनको वेलादेखि काठमाडौंको व्यापारमा काफी प्रगति हुन थालेको थियो। यसको एकमात्र कारण भोट ( तिब्बत ) र भारतको वाणिज्यको मूल--बाटो नेपाल खाल्डो हुनुपर्छ भन्ने कुराको निर्णय प्रताप मल्लको शासनकालमा भएको थियो। साथै उनकै वेलादेखि ल्हासा तथा तिब्बतका अरू स्थानमा नेपाली महाजनहरूले विनाभन्सार व्यापार गर्ने सहुलियत पाएका थिए।[३]

कवीन्द्र प्रताप मल्लले राज्यको व्यवस्था राम्रो बनाइसकेपछि राज्यविस्तारको इच्छा गरी आफ्ना मंत्री काजी भीम मल्ललाई उत्तरतिर हमला गर्न पठाएका थिए। यसरी हमला गर्न गएका काजी भीम मल्ल तिब्बतको दक्षिणी भाग—कुती र केरुङ्माथि कब्जा गरेर अगाडि बढ्न खोजेका थिए। त्यसै युद्ध बन्द गर्ने सुलह हुँदा नेपाल र तिब्बतको बीच संधि भएको थियो। त्यस संधिका विभिन्न शर्तअनुसार नेपाली महाजन-हरूले तिब्बतको भूमिमा कोठीहरू खोलेर व्यापार गर्ने अधिकार पाएका थिए। तिब्बतसरकारले पनि तिनीहरूसंग कुनै प्रकारको दस्तूर भन्सार लिन नपाउने भएको थियो। यसबाट नेपाली महाजनहरूले व्यापार गर्न प्रोत्साहन पाउने नै भए। साथै, उक्त संधिअनुसार—तिब्बतले भारतसँग व्यापार गर्नुपर्दा--ल्याउने लैजाने सामानहरू नेपालकै बाटोबाट ल्याउन लैजानुपर्छ, पूर्व भारतको बाटोबाट व्यापार चलाउन पाइँदैन भन्ने पनि निर्णय भएको थियो। यसबाट स्वभावतः काठमाडौं खाल्डो वाणिज्य-केन्द्र हुने भयो तथा राष्ट्रिय आयमा वृद्धि हुने नै भयो।[४]

1. W. Hunter—Life of Brian B. Hodgson—P. 114.
2. F. Hamilton—Account of Nepal—P. 161.—163.
३. लेखकको—'नेपाल-तिब्बत' ( अप्रकाशित ) पुस्तकबाट।
४. यही संधि गरी, तथा कुती र केरुङ्माथि आठआना अधिकार कायम गरी फर्केका काजी भीम मल्ललाई काठमाडौं पुग्नेबित्तिकै दरबारी षड्यन्त्रले गर्दा

प्रताप मल्लको समयदेखिन् 'नेपाल-गोर्खा युद्ध' हुनुभन्दा अगाडिसम्म यस सन्धिअनुसार नेपाल र तिब्बतको बीच कारोबार राम्ररी चलेको थियो। त्यसपछि केही वर्ष सम्बन्ध छुट्न गएको थियो—जुन कि सिंह-प्रतापको राज्यकालमा नयाँ संधि गरी पुनः चालू गरिएको थियो। अनि संवत् १८४६ सालको 'नेपाल तिब्बत युद्ध' एवं '४८ सालको नेपाल-चीन-युद्धबाट' पनि प्रचलित व्यापारिक तथा अन्य संबन्धमा केही परिवर्तन एवं मन्दता आयो।[१] भीमसेन थापाले तिब्बतसितको संबन्धमा रहेको यो मन्दता हटाए।[२] यसबाहेक उनको समयमा नेपालका अरू जिल्ला र स्थानमा पनि व्यापारिक प्रगति भएको थियो।

तत्कालीन बृटिश रेजिडेन्ट ब्रायन हाँग्सनले पनि आफ्ना गवर्नर जनरललाई भारतको चीन (र तिब्बतसित) व्यापार चलाउनका निम्ति नेपालको बाटोबाट बढिया हुन्छ, भनी सुझाव पेश गरेका थिए।[३]

व्यापार मालपोत तथा अरू प्रकारका करबाहेक त्यस बखत राष्ट्रिय-आम्दानीको अर्को स्रोत टक छपाई तिब्बती बजारमा प्रचलनार्थ पठाउनु, तथा त्यसबाट चाँदी किन्नु। उल्लिखित, संधि जुन प्रताप मल्लको समयमा भीम मल्लले गरेका थिए, त्यसको अर्को एउटा शर्त थियो-तिबतले नेपालको टकको प्रचलन आफ्नो देशमा गर्ने, अर्थात् नेपालले टक मारी पठाएको नेपाली मुद्रा तिब्बतको बजारमा चलाउने र त्यसको भुक्तानी तिब्बत-सरकारले दिने[४]। नेपाल र तिब्बतको यस टकविषयक सम्बन्ध पनि नेपाल-चीन युद्धबाद प्रायः बन्द थियो।

भीमसेन थापाले टकसम्बन्धी यस प्रचलनलाई त्यसै छोडिदिन चाहेनन्, तथा सम्वत् १८६४ सालतिरै तिब्बतसरकार तथा तिब्बतस्थित चीनसरकारका प्रतिनिधि अम्बाहरूसित चिट्ठीपत्र गरी टक छापी पठाउने

---

प्राणदण्ड मिल्यो। त्यसै बखत उनको लाशसित जल्दै मरेकी उनकी स्त्री भुवन-लक्ष्मीले श्राप दिएकी थिइन्:—'नेपालदरबारमा विवेक नरहनुपर्‍यो'। जुन कि आजसम्म पनि 'सतीको श्राप' भन्ने आहान यहाँ प्रचलित छ।

१. लेखकको—'नेपाल—तिब्बत'—(अप्रकाशित) पुस्तकबाट।
२. यसैको परराष्ट्र स्तम्भमा पनि हेर्नुहोस्।
3. William Hunter—Life of Brian B. Hodgson—P. 114.
४. लेखकको—'नेपाल तिब्बत'-ब्राट निबन्ध—प्रगति द्वैमासिक संकलन—संपूर्ण-अंक १० मा।



बन्दोबस्त गरे। चीनिया अम्बाले अनेक अनेक प्रकारले विरोध गरेका थिए, तथा नेपाली टकको प्रचलन गर्नामा बाधा खडा गर्ने कोशिश गरे। तर अन्तमा एक प्रकारको सम्झौता भै नेपालबाट धर्म गर्न पठाइने टकलाई तिब्बतले स्वीकार गर्‍यो। तब भीमसेन थापाले पहिलोपल्ट १४४११ मोहर छापी पठाए। सम्वत् १८७१ मा केही टक छापी तिब्बत पठाएका थिए[१]।

यसरी जनरल भीमसेन थापाले राष्ट्र एवं सरकारको आमदानीमा वृद्धि गर्न खेत, व्यापार, कर, मुद्रा आदि सबै प्रकारका साधनलाई अप-नाएका थिए। अनि यसरी वृद्धि भएको सरकारी आयबाट प्रत्येक वर्ष केही रकम मूलढुकुटीमा बचत गर्न प्रबन्ध गरेका थिए। त्यसरी बचत गरिएको रुपियाँ मुलुकको ढुंगासम्बन्धी कार्य अर्थात् राष्ट्रको स्वतन्त्रतामाथि नै खतरा हुने किसिमको कार्य आइपरेमा सिवाय अरू वेला व्यय नहुने पनि बन्दोबस्त मिलाएका थिए। त्यसका निम्ति भएको लालमोहरको नक्कल यस प्रकार छ :— — — —

"प्रमांगी श्रीगुरु रंगनाथ श्रीजनरल कम्यान्डर इनचीफ भीमसेन थापा-मार्फत भित्रैबाट आयाको मसौदा — — —
(प्रशस्ति) — — —

आगे संवत् १८९३ सालका रैवंदी र जाँचले उकास निस्क्याको जग्गाका आमदानीमध्ये डेढ लाख पटना रुपैया र[२] पचास हजार मोहर रुपैया और षानी गैह्लका आमदानीका सट्टा गैरह मोहर रुपैयासमेत सालवसाल बाषचोक ढुकुटीमा दाषील गर्नु ढुंगा सम्बन्धी काज पर्‍यामा मात्र ई रुपैया चलाउनु अघि पछी नचल्याउनु इतिसम्वत् १८९३ साल मिति मार्ग सुदी १५ रोज ५ शुभम् — — —

यस लालमोहरबाट—भीमसेन थापाले नेपालको भूमिमा रहेको प्राकृतिक सम्पत्ति खानिलाई पनि प्रयोगमा ल्याएका थिए भन्ने प्रमाणित हुन्छ। निःसन्देह त्यस वेलादेखि आजसम्म पनि विभिन्न खानिको खोजी गर्दै प्रयोगमा ल्याउने कार्य चालू नै रहेको भए निश्चय पनि नेपालको काफी औद्योगिक विकास भैसकेको होला।

---

१. हेरियोस् '—परराष्ट्र-नीति' को अध्यायमा पनि।
२. पटना मोहर=भारतीय मुद्रा।

यसै लालमोहरबाट भीमसेन थापाले देशका समस्त जग्गाको नापी गराई, त्यसको वैज्ञानिक ढंगमा रेकार्ड राख्ने कार्य पनि गरेका थिए भन्ने प्रमाणित हुन्छ।

अनि राष्ट्रिय आम्दानीमध्ये केही रकम प्रत्येक साल ढुकुटीमा जम्मा गर्ने तथा त्यसलाई देशको ढुंगासम्बन्धी कार्य नपरी खर्च नगर्ने, भन्ने बन्दोबस्त भीमसेन थापाले गरेका थिए, त्यसबाट देश तथा देशको आजादी एवं स्वतन्त्रता प्रतिको उनको ईमान्दारी स्पष्ट हुन्छ।

# VII

जनरल भीमसेन थापाले न्यायसम्बन्धी विषयतिर पनि ध्यान दिएका थिए। त्यस बखत न्यायपालिका र कार्यपालिका दुइ विभिन्न एवं स्वतंत्र पालिका हुन्, तथा परस्परको कार्यमा हस्तक्षेप रहनु हुँदैन, भन्ने विचारधाराले प्रादुर्भाव भैसकेको थिएन। यसर्थ मुख्तियारले सबै विषयतिर ध्यान दिनु जरूरी थियो।

त्यस वेलाको नेपाली न्यायपद्धतिको विषयमा राम्ररी रिपोर्ट लेखी आफ्ना गवर्नर-जनरललाई लेख्दा हॉग्सनले राम्रो विश्लेषण गरी पठाएका थिए[१]। हन्टरको भनाइअनुसार त्यस बखत नेपाल नै एउटा देश थियो—जहाँ हिन्दू लॉअन्तर्गतका कानून एवं न्यायपद्धति बाँकी थियो[२]।

नेपालमा शुरूदेखि नै हिन्दू लॉको मिताक्षर-स्कूलले विशेष प्रभाव पारेको थियो[३]। भीमसेन थापाको समयमा पनि कानूनको मूलभूत आधार यही थियो। भीमसेन थापाका दाज्यू-भाइका बीचमा अंशबण्डा हुँदा भएको बंडापत्रमा[४] पनि काहिँला भाइका विधवाहरूलाई अरू अंशियारहरूको हक र अंश दिइएको थिएन।

ऐन कानून वा न्यायपद्धतिको जुनसुकै आधार वा सैद्धान्तिक पृष्ठ-भूमि होस्, तर पनि अधिकारप्राप्त व्यक्तिले लोभ मोहमा फँसी पक्षपात-पूर्ण व्यवहार गर्न थाले, वा बेइन्साफ गर्न थाले भने जनताले न्याय पाउन सक्तैन र भ्रष्टाचार बढ्न गई शासन दूषित हुन जान्छ। त्यसो हुँदा भीम-सेन थापाको यस दिशातिर पनि ध्यान आकर्षित हुनु स्वाभाविक मात्र थिएन कि आवश्यक पनि थियो।

1. & 2. Hunter—Life of Hodgson—P. 118.
3. Jayaswal—Chronology of Nepal—P. 107.
४. हेरियोस्–परिशिष्ट नं १२ मा.



न्यायविभागमा भ्रष्टाचार नहोस् तथा कसैमाथि अन्याय हुन नपाओस् भनी भीमसेन थापाले प्रयास गरे। स्वाभाविक थियो कि—नेपाल जस्तो देश-जहाँको जनता न्यायपालिका र कार्यपालिकाको अधिकार र सीमा (Status) को पृथक्तामा अलि पनि सचेत छैन, त्यस्तो ठाउँमा न्यायालयका अड्डाहरूबाट न्यायपूर्ण इन्साफ भएन वा भ्रष्टाचार हुन थाल्यो भने, यसको नराम्रो असर राज्यको संपूर्ण शासनयन्त्रमाथि नै पर्न जान्छ। उसमाथि यी दुई पालिकाहरू बिलकुल अलग्ग हुन्, एकको अर्कोमाथि कुनै किसिमको दबाव रहनु हुँदैन भन्ने आधुनिक सिद्धान्त लागू भैनसकेको त्यस जमानामा त देशका कर्णधार भई बसेका मुख्तियारले यस कुरामा विशेष दिलचस्पी लिनु तथा आवश्यक कदम उठाउनु साह्रै आवश्यक थियो।

यसै विचारले गर्दा—भीमसेन थापाले एउटा लालमोहर गराई न्यायविभाग (अर्थात् अदालत)-तर्फ मुख्य भई काम गर्ने व्यक्तिलाई सवाल सनद र नियमद्वारा बाँध्ने प्रयास गरे। संवत् १८८३ सालमा अदालत-तर्फका हाकिम भै दरबारमा बसी[१] काम गर्ने दलभञ्जन पाँडेका नाममा भैराखेको लालमोहरको नक्कल यस प्रकार छः "स्वस्तिश्री गिरिराज चक्र चूड़ामणि नरनारायणेत्यादि विविध विरुदावलि विराजमानमानोन्नत श्रीमन्महाराजाधिराज श्रीश्रीश्री महाराज राजेन्द्र विक्रम शाहवहादुर सम्सेरजङ्ग देवानाम् सदासमर विजयिनाम् — — —
आगे दलभंजन पाँडे के तँले दरबारमा बसी अदालती काज चलाउँदा गर्न्या कामको सवाल गरीवक्स्यौं षातिर्जमासित यस काजमा तनमन लगाई मोलाहिजा कसैको नराषि लोभमोहमानपसी जस्ताको तस्तो निसाप पारी छिनु — — — — —

तपसील

प्रथम सवाल ॥ हाम्रा भर मुलुकका श्रीगुरु प्रोहित चौतारा काजी सर्दार सुब्बा अदालत दफतरषानाका श्रीकुमारीचोक सुवेदार ज्मादार अमाली इजारादार रकमी सिपाही गैरहले थिचो मिचो गरि अन्या गन्या निसाफ पायुँन भनी कराउन आउन्या चारवर्ण छतिसंजात छोडा बडा गरीवगुरुवा जो

१. त्यस बखतको प्रधान न्यायालय नै त्यही थियो, र त्यसलाई अरू अड्डाले छिनेको मुद्दाको अपील सुन्ने अख्तियार थियो।

फिन्याद गर्न आउँछन् जसको नाउँमा फिराद गर्न आउँछन् तसलाई झिकि तनको कुरो जस्तोको तस्तो निसाफ पारि छिनु आफुले आट्नु नसक्याको कुरा हाम्रा हजूरमा विन्ति गरि हुकुमवक्स्या वमोजिमगर्नू

दोस्रा सवाल ॥ फिन्यादीका दोहोरोकुरा सुनी आफ्ना चित्तले ठहराउन नसक्याका कुरामा श्री जनरलसित[१] बसी ठहराइ सोकुरा हाम्राहजुरमा विंति पारी हुकुम बक्स्याबमोजिम गर्नु —

तेस्रो सवाल ॥ फिन्यादीका कुरा सुनी निसाफ गर्दा छोडा बडा जसको बेजाजिले फेराद आयाको छ तस्लाइ झिकि पुर्पछे सुनी ज्याकुरो वेजाजि गन्याको ठहर्छ सोकुरा बिलाइदिनु तेरा मन्दा नमानी धेगाइ गर्न्यालाई हाम्रा हजुरमा विंति-पारी हुकुम वक्स्याबमोजिम गर्नु — —

चौथा सवाल ॥ अंत अधार केहि नहुन्या दर्वारबाट वक्स्याको जगा दर्व्यले वाचन्यावक्स्याको जगा दर्व्य व्यहोरन नपाइ षाना लाउ-न्याविनु मर्न लागन्याको कुरा हाम्रा हजूरमा विंति पारि मुनासिवमाफिक हामीले बक्स्याको वेहोरोई गर्नू — —

पाँचौ सवाल ॥ चारै षुटका गरीवगुरूवा फकीडफकडा राहदारी नपाई अट्केर कराउन्याहरूको कुरा सुनी उसबाट कौनै कुराको विगार नठहर्न्या देष्या जौनादिसा जान्या भंछ तसतसै दिसाको राहदारी गर्न्या भारादार छेउ पठाई राहदारी गरी पठाई दिनू — — —

छैटौं सवाल ॥ फिन्या आउन्यार छिचरो भाग जो छयलिरहेछ अघि निका मानिसको नालीस गरी पुर्पछे गर्दा पोल्ला ठहन्यो भन्या सो कुरा हाम्रा हजूरमा जाहेर गरी मोनासिव माफिकको सासना हाम्रा हुकुम वमोजिम गर्नू — —

सातौ सवाल ॥ फिन्यादुका कुरा सुन्दा विडि हाल्या भन्या विडि कर्पन समाती पानी कराही नपुगी छिन्यारहेछ भन्या झगरियाको कायलनामा ली चारदाम रष्याइ डंड जितावरी गरी छिनु झगरियाले भाकनु भकाभकाउनामा राजी छौ भन्या भकाइ दिनु पानी कराही नदीइ झगरा छिन्यारहेनछ भन्या आफ्ना मानिस साथ अदालत पुन्याइदीनु — —

१. जनरल भीमसेन थापा।



आठौं सवाल ॥ सर्वस्व हुन्या नाता सानिमा पन्याका पताहार स्वास्नी पाचुकी गर्न्या झगरा आयो भन्या आफना मानिस साथ-लाई इटाचपली डिठ्ठा अर्जवेगी छेउ पुन्याइदिनू —

नौमा सवाल ॥ अरू कचहरीमा हाम्रो झगरा सुनी छिनि दियेन धेरै भयो पुर्पुछे पायूँन हामी गल्यूँ भनी कराउन आया भन्या उस्को झगरिया ल्याई पुर्पुछे गरी जस्ताको तस्तो निसाप पारी चाँडै छिनी दिनू — — —

दसमा सवाल ॥ सवाल वमोजिमको काज् काम गर्दा १ पट्टी चप्रासीलाई रूजु राषी अह्राउनु षटाउनु तेरामार्फत् भयाको मोहरका दस्तूर वा जे आम्दानी षसोसाष दर्वार दाषील गरी रसीद लीनू — — — —

एगारौ सवाल ॥ येस काजमा चाहिन्या मानिस विचारी २ वहिदार २ तहविल्दार २ टहलुवा जना १ ज्मा जवान ७ के षांगी वर्ष १ को रुपैया १३२४ ताहीका आमदानीमा ली तप्सील वमोजिम षानु — — — —

विचारी जना २ के ७०० वहीदार जना २ के रुपैया २८८ तहवील्दार जना २ के ३०० टहलुवा जना १ के रुपैया ३६ — — — —

खान्गि वाहेक आफुले गन्याको कामको आम्दानीका दसौंध र मामूली जडावर दस्तूवर श्री कुमारीचोकको सर्दार विचारी नौसिदा तहविल्दार टहलुवाकासरह वमो-जिम तिमिहरूले पनि ताहिका आम्दानीमा लिनु मोजरा पर्ला — — — —

इति संवत् १८८३ साल मिति फागुन सुदी ७ रोज ५ शुभम् — —

दरबारको अदालतमा बसी (अर्थात् न्यायाधीश भै) काम गर्ने दलभंजन पाँडेको नाममा भएको यस कामको सवाल पट्टा र गरिदिइएको लालमोहरबाट स्पष्ट थाहा हुन्छ कि त्यस बखत पनि ऐनको काफी मर्यादा थियो। कानूनको अगाडि सबै बराबर छन् भन्ने कुरा यसबाट बताइको छ चौतारा, काजी, गुरुज्यू, छोटा-बड़ा—कसै कसैलाई कानून-देखि अलग वा माथि मानिएको छैन, भन्ने कुरामा विशेष जोड दिइएको छ।

साथै राहदानी (Passport) को प्रचलन रहेको ठाउँमा, अक्ष सुनतोडा लगाउने (राणाको समयसम्म र अचेलसमेत) व्यक्तिको जमानत जरूरत भएको यस प्रचलनमा गरीब, एवं परदेशी यात्रुहरूका निम्ति मुश्किल पर्नु स्वाभाविक थियो। साधारण व्यक्तिका निम्ति जमानी (त्यो पनि सुनको तोडावाला उच्च अफिसर) खोज्न गाह्रो हुन्थ्यो। अनि अपरिचित परदेशी एवं यात्रुहरूका निम्ति त झन् प्रायः असंभव नै थियो। यही असुविधालाई हटाउनका निम्ति नै उक्त लालमोहरमा तत्-सम्बन्धी दफा (पाँचौं दफा) जोडिएको हुनुपर्छ। अनि उक्त दफाबाट यो पनि स्पष्ट हुन्छ कि—दिशा वा इलाकामा जाने राहदानीका निम्ति विभिन्न अफिसर नियुक्त थिए।

## VIII

नेपालखाल्डोमा पस्नका निम्ति जुनसुकै व्यक्तिलाई पनि राहदानीको आवश्यकता थियो भन्ने कुरा राहदानी बनाउने विभाग खडा गरिएकैबाट स्पष्ट हुन्छ। वर्तमान नेपालमा त राहदानीको प्रथा बाँकी छ भने,[१] त्यस बखतको नेपालमा राहदानीको कतिसम्म जरूरत थियो होला? भारतमा बृटिश राज्यको दबदबा बढ्दो समयमा नेपालले राहदानीको प्रचलन चलाई मानिसहरूको आवतजावतमा कडा नियन्त्रण गर्नु आवश्यकता पनि थियो। यसबाट विदेशी अराष्ट्रवादीतत्वलाई नेपालमा आएर षड्यन्त्र गर्नमा रोक लगाउँदछ।

राहदानी जाँच्नका निम्ति ठाउँ-ठाउँमा गढीहरू हुन्थे। गढीले देशभित्र आउने व्यक्तिको जाँच गर्नुको साथै मालमत्ताको पनि जाँच गर्दथ्यो, तथा राष्ट्रका निम्ति हानि एवं खतरा उत्पन्न गराउने किसिमका व्यक्तिहरू तथा मालसामानहरूको आवतजावतमा रोक लगाउँदथ्यो। साथै देशको आर्थिक एवं औद्योगिक स्थितिलाई नै गोलमाल पार्ने किसिमका सामानहरूको आयात र निर्यातमा रोक्का गर्ने काम पनि गढीले गर्न सक्तथ्यो र गर्दथ्यो पनि।

१. नेपाली पुरुष नागरिकलाई समस्त नेपालमा आवत-जावत गर्न राहदानी नचाहिने निर्णय हालै २०१३-६-६-१ मा सरकारबाट गरियो (छाप्ता छाप्तै)।



भीमसेन थापाको समयमा गढीका हाकिम कारिन्दाको नाउँमा एउटा लालमोहर भएको थियो, जुन यस प्रकारको छः—

" श्री दुर्गा

छाप

गुरु

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावलि विराजमान मानोन्नत श्री मन्महाराजाधिराज श्री श्री श्री महाराज राजेन्द्रविक्रम साह वहादुर सम्सेरजङ्गदेवानाम् सदासमर विजयीनाम् —आगे चीसापानी गढीमा वस्न्या सालबसालका सुवेदार चौकिहरुले गर्न्या कामकाजको सवालगरि वक्स्यौं — — — — —

प्रथम सवाल ॥ श्री जनरलका राहदानीवाहेक कसैलाई जान नदिनु राहदानीलि आउन्यालाई जानदिनु — — १

दोश्रा सवाल ॥ हुलाकका चिठिपत्र वाहिकका मानिसका हात मधेसबाट आउन्या र एताबाट जान्या चिठि पत्र ........प्रोहित चौतरिया काजी सरदार सुबा सुवेदार सर्महाजन गैह्र कसैका भया पनि सबै षोली हेर्नु. गाउ घरका कुरा भया जान आउनदिनु, गाउ घरका कुरा वाहेक अरु दर्वारि काम षैषवरको चिठि भया मानिसस्मेत पक्री तीलंगा साथलगाई हाम्रा हजुरमा दाषिल गर्नू — २

तेश्रा सवाल ॥ महभिरको वाटो फिरंगीको हुलाक राषन नदिनु उसका जाहा रह्याका सिपाहि विदामागि घरगयाकालाई जाँची आउन दिनु अरु नया सिपाहि श्राया भन्या नसाधि नछोडनु षान्या पिन्या सराजाम गैह्रका भारि षोलागरि जाँचि छाडिदिनु. तोप बन्दुक गोली वारुद गैह्र जंगी आयो भन्या आउन नदिनु तहां थुनी वीन्ती गरि पठाउनु जस्तो जवाव जाला. सोहि बमोजिम गर्नु कोही देशी मानिस आयो भन्या साधि पठाउनु — — — ३

चौथा सवाल ॥ कुलीषानी लगायेत हेटौंडासम्म नया वन कसैलाई फाडन नदिनु. कसैको वीर्ता वीतलव भया पनी फाडन नदिनु उर्दि दियापछि मौवासि भै कसैले वन काटचो भन्या पक्रि हाम्रा हजूर दषिल गर्नु — — ४

पाचौं सवाल ॥ भैस्या षानी लगायत कांद्राङ गढि सम्मका. चौकि जावदै गर्नु. चौकिमा बस्न्या काहिं घटि बढी बढी भया अर्ध्यालो भयाकाको झिकी घटि भयाको ठाउमा पुऱ्याइ दिनु — — — — ५

छठौं सवाल ॥ चितलाङ् लगायत. हेटौडा सम्मका मानीसले षायाका भैंसा रांगाका छाला चिसापानी गढिमा दाषिल गर्नु कसैले दवाइ षाया छाला १ को रुपैंया २ तिर्नु पर्ला — ६

सातौं सवाल ॥ चौकि चौकिमा वस्न्या मानीसले. घुस षाइ कसै मानी-सलाई छाड्यौ भन्या आफ्ना जीउ धनमा पर्ला — ७

आठौं सवाल ॥ चौकिमा हुकुम नाघि वलगरि जान्यालाइ पक्रि ल्याउनु हतीयार चलायो पक्रन सकीयेन भन्या हतीयार चलाईं मारीदीनु — — — — ८

नवम सवाल ॥ लुकुवा वाटो भागी नासि जान्यालाइ पक्रि गढिमा राषनु. ऊांहा साधि पठाउनु र जस्तो जवाव जाला सोहि माफिक गर्नु — — — —९

दसौं सवाल ॥ ऊांहा वस्न्या जगातीहरुले आपना सवाल भंदा वेपारिसित बढता लिन नदिनु अघि देषि महसुल नलागन्या मालमा महसुल लीन लाग्यो भन्या हाम्रा हजूर विंती गरी पठाउनु — — — १०

येघाऱ्हौं सवाल ॥ कागत्या हुलाक जाँचतै गर्नु आफ्ना पालामा नवस्न्यालाइ डंड गर्नु — — — — ११

बाऱ्हौं सवाल ॥ कंपनीका ज्मादार. हुदा सिपाहि कसैले. आपसमा दंगा फसाद झगरा गऱ्यो भन्या. वीचमा पसी मच्चाउन्यालाई समेत पक्रि हाम्रा हजूर दाषिल गर्नु विरां माफिक सासना गरि वक्सौंला — — — १२

तेऱ्हौं सवाल ॥ मधेस जान्याहरुले लै गयाका बनारस कलदार पटना रुपैंया श्री जनरलका दसषत वमोजिम लैजानदिनु भारिमाँ कंवरमाँ दवाइ छपाइ लैजान्यालाइ भारि कंवर षोला गरि नीसक्यो भन्या जवद गरि हाम्रा हजूर दाषिल गर्नु — — — — १३

इति संवत् १८८१ साल मीति भाद्र शुदि ७ रोज ३ शुभम् — —



[ यस लालमोहरको पछिल्तिर मार्फत भै पुच्छे सहि गर्नेहरू—१. भक्तवीर थापा २. दलभंजन पाँडे ३. बालनरसिंह कुँवर ४. उदय गिरी ५. प्रसादसिंह बस्न्यात ६. भीमसेन थापा ७. वीरकेशर पाँडे ८. प्राण शाह ९. रणद्योत शाह ]

यस लालमोहरबाट गढीको कडाइ गर्नमा भीमसेन थापा ज्यादै सचेत भएको देखिन्छ। विदेशीहरूलाई देशभित्र आउन दिन तथा हात-हतियार छिपाएर ल्याउन नदिनका निम्ति उनले यस प्रकारका नियमहरू बनाएका थिए। साथै देशको आर्थिक व्यवस्था एवं मुद्रास्फीतिलाई ध्यानमा राखेर कुनै व्यक्तिले सरकारले स्वीकार गरेको भन्दा बढ्ता विदेशी मुद्रा ( याने पटना रुपियाँ ) देशबाहिर लैजानमा रोक्का लगाए।

उनले सरकारी तथा बिर्ताको वन-जंगल फाँडनमा रोक लगाएर देशको सम्पत्तिमध्ये एउटा मुख्य संपत्तिको सुरक्षा गर्ने प्रयास गरेका थिए।

यस प्रकार भीमसेन थापाले आफ्नो लम्बे शासन कालमा देशको शासन-व्यवस्था तथा सुधारकार्यमा निकै विकास गरेका थिए। करियाप्रथा-विरोधी कदमवेखि लिएर देशको प्रत्येक सामाजिक असुविधामाथि सुधार गर्ने प्रयास उनले गरेका थिए।

# IX

संवत् १८९३ सालमा भीषण अनावृष्टि भै राज्यमा अनिकाल जस्तै पर्न गएको थियो। विशेषतः काठमाडौं उपत्यकामा अन्नको कमीले गर्दा भाउ महँगो भई हाः हाः पर्न गयो। यस्तो महँगीको वेलामा अनाज थुपारी झन् अन्न महँगो पार्ने उद्देश्यमा कालाबजारिया एवं नाफाखोर-हरूले नाजायज फायदा गरी जनतालाई भोकै मार्न नपाउन्, भन्ने विचारले काम गर्नु हर सरकारको कर्तव्य हुन्छ। यस कर्तव्यलाई जनरल भीमसेन थापाको सरकार पनि पूरा गर्नतिर लागेको थियो। सरकारतर्फबाट यो महँगी हटाउने व्यवस्थाका निम्ति सुब्बा कुलानंद झालाई अख्तियार-नामा प्रदान गरी यो विशेष विज्ञप्ति जाहेर गरियो कि– प्रत्येक बिर्तावार एवं जग्गाधनीहरूले आफ्नू धर्मकर्म एवं श्राद्ध आदि कार्यलाई चाहिने जति, तथा चार महीनालाई घर खर्चका निम्ति आवश्यकभन्दा बढी धान-चामल, सरकारी अधिकारीमार्फत सरकारद्वारा निर्धारित भाउमा बेच्नु-

पर्दछ। सरकारी अधिकारीमार्फत बेच्न नचाहनेले आफैं सीधा बजारमा बेच्न पाउँछन्,-तर सरकारद्वारा निर्धारित भाउमा भन्दा बढीमा बेच्न पाईंदैन। आफ्नो धानको लगत भने सरकारलाई सबैले दिनैपर्छ। यस सम्बन्धीमा भएको लालमोहर यस प्रकार छः—

"स्वस्तिश्री मन्महाराजाधिराजकस्य रुक्का — —

आगे भारादार कंपु पल्टन कंपनि पगरी विर्तावार गुठीयार मोही नाइक्या गैंह्ल प्रती पानी नवर्षदा दुनियालाई वेसाहाको वहुत दुःष भयाको हाम्रा हजुरमा जाहेर हुँदा दुनियाँको रक्षा नीमित्त वेसाहाको थीती वाधी सुव्वा कुलानंदझालाई अषत्यार गरी वक्स्यौं तप्सील वमोजींका भावसंग लेख्याका थीतीवमोजीं जस जसले वेचँन लुकाउला तस्का चावल् धान् जफत् हुनन् तक्सिर वुझाउन पर्ला—

तप्सील

भारादार पगरी गुठीयार गैंह्ले देवपितृकार्ज्य र आपनो घरलाई चतुर्मासा षानमाफीक राषी वाकी धान चावल भाववमोजीम् रुपियाँ ली सुब्बामार्फत वेच्नु — — — — — —

मोही न्याइक्या गैंह्ले जसजसका जती जती धान् चावल छन् षसोषास गरी वताई दीनु — — — — —

काठमाडौं आइ वेचन्याले एस थिती वमोजीं वेचनु—

| | |
|---|---|
| मार्सी सरूवा चावल पाथी | ।३।२ |
| तौली सरूवा चावल पाथी | ।३।५ |
| हकुवा सरूवा चावल पाथी | ।३।६ |
| धान् — — — — — — | — |
| मार्सी धान् पाथी | ।६।६ |
| तौली धान् पाथी | ।७।२। |
| हकुवा धान्पाथी | ।७।२। |
| सुब्बा कुलानन्द झाछेउ वेचन्याले एस थीतीसंग वेचनु — | — |
| मार्सी चावल पाथी | ।३।१ |
| मार्सी सरूवा चावल पाथी | ।३।३ |
| हकुवा चावल पाथी | ।३।५ |
| हकुवा सरूवा चावल पाथी | ।३।७ |
| तौली चावल पाथी | ।३।४ |



| | |
|---|---|
| तौली सरूवा चावल पाथि | ।३।६ |
| धान् — — — — — | — |
| मार्सी धान् पाथी | ।७। |
| हकुवा धान् पाथी | ।७।४ |
| तौली धान् पाथी | ।७।४ |

इतिसंवत् १८९४ साल आषाढ़ वदी ४ रोज ५ शुभम् — —"

यसरी कडा नियम र नियन्त्रण राखी जनरल भीमसेन थापाले अनावृष्टिको बेलामा दुनियालाई महँगीको मारबाट बचाई देशमा अनाजको भाउलाई बढ्न नदिने व्यवस्था गरेका थिए। उनको शासनकालको बजारिया भाउ अध्ययन गर्नका निम्ति परिशिष्टमा फिरिस्त पेश गरिएको छ[1]। परिशिष्टमा दिइएको यस दरभाउबाट यो थाहा हुन्छ कि उनको शासनकालमा बाढी, भूकम्प, अनावृष्टि, महामारी आदि अनेक प्राकृतिक गडबडी एवं षड्यन्त्र, हत्या, युद्ध आदि अप्राकृतिक हमलाहरू भए तापनि भीमसेन थापाले ती सबसित मुकाबिला गरी देशको शान्ति, उन्नति एवं व्यवस्थामा प्रगति ल्याउन सकेका थिए।

# X

## (प्रशासन-व्यवस्था)

जनरल भीमसेन थापाको प्रादुर्भावबाट नेपालको राजनीति एवं प्रशासन-प्रणालीमा एक नयाँ अध्याय शुरू हुन गएको छ। नेपालको (वर्तमानकालीन) इतिहासमा यिनको समयदेखि सर्वसाधारण जनताले पनि राष्ट्रको दोस्रो मुख्य पद, 'मुख्तियार (अर्थात् प्रधानमंत्री)' बनी राज्यको शासनभारको बागडोर संपूर्ण रूपमा आपनो हातमा लिन पाउने अख्तियार पाउन थाल्यो। रणबहादुर शाहको मुख्तियारी (अर्थात् प्रधान मंत्रित्व)-बाट नेपालको शासनप्रणालीमा आधुनिक परिवर्तन भैं नेपालमा प्रधानमंत्रित्वको जुन परंपरा शुरू भएको थियो, त्यसमा जनरल भीमसेन थापाको मुख्तियारी (अर्थात् प्रधानमंत्रित्व)-बाट त्यो पद सर्वसाधारण जनताका निम्ति पनि खुला रहन गयो। नेपाली जनताले पनि वास्तविक रूपमा राज्यको शासक बन्ने मौका पाउन थाल्यो।

१. परिशिष्ट नं ४३ मा.

यसभन्दा अगाडि यस शक्तिको प्रयोग, अर्थात् मुख्तियारले गर्ने-कार्य—मुख्य चौतरियाले गर्दथे, जो कि राजपरिवारका एक निकटतम सदस्य हुन्छन्। चौतरियापछि मात्र अरू काजी सरदारहरूका दर्जाको श्रेणी रहन्थ्यो र सर्वसाधारण जनताबाट योग्यताऽनुसार नियुक्ति गरिन्थ्यो। यसरी, जनरल भीमसेन थापाको प्रादुर्भाव हुनुभन्दा अगाडि नेपालको राजनीति एवं शासनको संपूर्ण बागडोर राजा एवं राजपरिवारका मुख्तियारहरूमा निहित थियो।

भीमसेन थापाभन्दा अगाडिका प्रशासकीय-पदहरूको श्रेणीविभाजनको रूपरेखा यस प्रकार थियो :—

सर्वप्रथम राष्ट्र-नायकको रूपमा श्री ५ महाराजको स्थान रहन्थ्यो, र राज्यको संपूर्ण कार्य राजाको नाममा चल्दथ्यो। त्यसपछि क्रमशः मुख्य चौतरिया, चौतरिया, चार काजीमध्येका काजी एवं अन्य काजी, धर्माधिकारी, पुरोहित, खजाञ्ची, कपर्दार, सरदार, सुब्बा, सुबेदार-आदि दर्जाहरू रहन्थे। यी उपरोक्त चार काजीदेखिन्का दर्जाहरू (गुरु प्रोहितबाहेक) मा साधारण जनता नियुक्त गरिन्थ्यो।

ह्यामिल्टनले "काजी पद केवल उच्च एवं घरानिया-परिवारका व्यक्तिलाई मात्र दिइन्छ तापनि धेरै अपवाद पनि पाइएको छ[1]" भनी भीमसेन थापाको परिवार उक्त पदका निम्ति योग्य थिएन, भनेर लेखे तापनि त्यस बखत उपरोक्त पद पाएका व्यक्तिको जातितर्फ विचार गर्दा त्यस्तो प्रतिबन्ध थियो भन्न सकिन्न।

भीमसेन थापाको मुख्तियारीबाट नेपालको प्रशासकीय प्रणालीमा एक विशेष परिवर्तन हुन आयो।

सर्वप्रथम राष्ट्रनायकको रूपमा श्री ५ महाराजाधिराजको स्थान रह्यो, तथा राष्ट्रको संपूर्ण कार्य राजाको नाममा राजकाज गर्ने 'मुख्तियार' ले गरे, यसरी प्रशासकीय-प्रणालीमा दोस्रो स्थान 'मुख्तियार'को हुन गयो, जुन कि पहिले मुख्य चौतरियाको थियो। भीमसेन थापाको नाममा भैराखेको मुख्तियारी-सवालको लालमोहरमा–"....गुरु. पुरोहित. चौतारा. काजी. कर्नेल. कप्तान. सर्दार. सुब्बा. सुबेदार गैरह पगरि छोटा बडा सबैले तम्रा चाँजा सूरमा चल्नू" भनी लेखिएबाट प्रशासनसम्बन्धी कार्यमा 'चौतरिया' लगायत समस्त दर्जा 'मुख्तियार' भन्दा निम्न कक्षामा

1. Hamilton-Account of Nepal-P 10.



राखिएको स्पष्ट हुन्छ। यस समयदेखि 'चौतरिया' भनेको राजपरिवारका व्यक्तिहरूलाई प्रदान गरिने साधारण उपाधि मात्र हुन गयो, र त्यसले 'भारादारी सभा' मा हाजिर भै सल्लाह दिनसम्मको अख्तियारी पाउन थाल्यो।

भीमसेन थापाले संवत् १८६८ सालमा जर्नेली, र १८९२ सालमा कम्याण्डर-इन-चीफको पदवी पाएबाट त्यस बखत फौजतर्फका उच्च अधिकारी पनि मुख्तियार नै थिए।

शासन प्रबन्धमा मुख्तियारलाई सहायता दिनका निम्ति विभिन्न पदहरू रहन्थे। परराष्ट्र एवं अदालतीतर्फका अधिकारीको रूपमा 'काजी' हरू रहन्थे।

राष्ट्रिय-अर्थसम्बन्धी कार्य खजाञ्चीको मातहतमा थियो। जिन्सी मालको अख्तियारवाला 'कपर्दार' थियो। फौजतर्फ मुख्य अफिसर कर्नेल हुन्थ्यो, र निजको मातहतमा सरदार, सुबेदार. डिट्ठा (बारूदखानातर्फ) हरू रहन्थे। यसमा पनि सरदारको मातहतमा साबिक झैं अलग्गै केही फौज रहन्थ्यो। यसका निम्ति खर्च सरकारी ढुकुटीबाट नदिईकन सरदारको ठेकिएको 'जागीरको जग्गा' बाट दिइन्थ्यो। अनि सुबेदारचाहिं विभिन्न फौज-कंपनीका हाकिमस्वरूप सरकारी ढुकुटीबाट तलब खाने अफिसर हुन्थे, र निजका मातहतका कंपनीका जवानहरूको खर्च पनि सरकारी कोषबाटै हुन्थ्यो।

फौजी व्यवस्थातर्फ भीमसेन थापाले कर्नेली, कप्तानी, आदि नयाँ युरोपीय पदवीहरूको चलन प्रस्तुत गरेबाट त्यस बखतसम्मको प्रचलित जंगी-व्यवस्थामा पनि केही परिवर्तन आउनु स्वाभाविक नै थियो।

जिल्लाको शासन-संचालनका निम्ति विभिन्न जिल्लाको क्षेत्रफल-अनुसार विभिन्न जिल्लामा मुख्तियार (जिल्लाको), सुब्बा, अमाली, आदि नियुक्त गरिन्थे। उनीहरूको सम्पर्क सीधा मुख्तियारसित हुन्थ्यो।

त्यस बखतको 'प्रशासकीय पद' उपरोक्त दर्जाहरूमा विभक्त थियो, तथा राज्यको शासन संचालन गर्दा मुख्तियारले यिनीहरूकै सहयोगबाट गर्दथे। उपरोक्त पदबाहेक 'धर्माधिकारी, र पुरोहितको पद पनि 'प्रशासकीय पद'-भित्र नै पर्दथ्यो, जसको कार्य शासनसंचालनभन्दा बढी धार्मिक व्यवस्था गर्नु थियो।

उपरोक्त प्रशासकीय पदाधिकारीहरूको कार्यका निम्ति उनीहरूको मातहतमा विभिन्न अड्डा-अदालतहरू पनि थिए, जसमा निजामती-सेवा-अन्तर्गतका कर्मचारीहरू हुन्थे।

अनि कंपनीसरकार तथा तिब्बतसरकारको दरबार (कलकत्ता र ल्हासा) मा राजदूतको रूपमा क्रमशः वकील तथा नाइके रहन्थे।

यसबाहेक, त्यस बखत—'भारादारी सभा' पनि हुन्थ्यो। तर यस सभाको कुनै कानूनन् अधिकार थिएन, तापनि यस सभाका सदस्यहरूले राजा एवं मुख्तियारलाई शासन-संचालनमा सल्लाह दिन्थे। साथैं राजा-बाट भएको लालमोहरमा 'मार्फत वा रुजु' भै पुछ्रे सही गरी समर्थन प्रकट गर्दथे। यस सभामा चौतरिया लगायत समस्त प्रशासकीय पदाधिकारीहरू रहन्थे, र यिनीहरूलाई भारादार पनि भनिन्थ्यो।


●

# जनरल भीमसेन थापा
# र
# तत्कालीन नेपाल

## चतुर्थ खण्ड

( परिशिष्ट एवं सहायक-ग्रन्थादि )

Appendix and Bibliography



श्रीदुर्गासहाय

श्रीबुवाज्यू

स्वस्ति श्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विवि
धविरुदावली विराजमान मानोन्नत श्री मन्महाराजाधि
राज श्री श्री श्री महाराज श्री श्री श्री रणयुद्ध विक्रमसाह बहादु
र समसेर जङ्ग देवानां सदा समर विजयिनाम्


इति संवत १८६२ साल फाल्गुन

१. श्री ५ रणबहादुर शाहको मुख्तियारी लालमोहर




२. श्री भीमसेन थापाको कजाईंको लालमोहर






३. (क) ज० भीमसेन थापाको मुख्तियारीको लालमोहर




३. (ख) जनरल भीमसेन थापाको मुख्तियारीको अख्तियारी लालमोहर






४. ज० भीमसेन थापाको आदेशपत्र

५. ( क ) नेपाल अंग्रेज युद्धविषयमा पंजाब-केशरी रणजितसिंहछेउ पृथ्वीविलासले गर्ने कुराको आदेशपत्र











५. (ख) नेपाल-अंग्रेज युद्धविषयमा पंजाब-केशरी रणजितसिंहछेउ पृथ्वीविलासले गै गर्ने कुराको आदेशपत्र




५. (ग) नेपाल–अंग्रेज युद्धविषयमा पंजाब-केशरी रणजितसिंह छेउ पृथ्वी विलासले गै गर्ने कुराको आदेशपत्र

जनरल भीमसेन थापा र तत्कालीन नेपाल



५. (घ) नेपाल-अंग्रेज युद्धविषयमा पंजाब-केशरी रणजितसिंहछेउ पृथ्वी विलासले गै गर्ने कुराको आदेशपत्र



५. (ङ) नेपाल-अंग्रेज युद्धविषयमा पंजाव-केशरी रणजितसिंहछेउ पृथ्वी विलासले गै गर्ने कुराको आदेशपत्र



नं १—भीमसेन थापाको नाउँको कम्याण्डर-इन-चीफी लालमोहरः—

श्री :

| | | | |
|---|---|---|---|
| श्री ६ वुवाज्यू | श्री ६ वाज्याज्यू | श्री ब्रह्म | श्री ६ जेठावज्यँज्यू |
| १ | २ | ३ | ४ |
| श्री ६ माहिला वज्यँज्यू | श्री भिल्यानी वज्या | श्री ५ स्वामीज्यू | |
| ५ | ६ | ७ | |
| श्री ६ वज्याज्यू | श्री ६ जेठा मुमाज्यू | श्री ६ मुमाज्यू | गुरु |
| ८ | ९ | १० | ११ |

स्वस्तिश्री गिरिराज चक्र चूणामणि नरनारायणेत्यादि विविध विरुदावलि विराजमान मानोन्नत श्री मन्महाराजाधिराज श्री श्री श्री महाराज राजेन्द्र विक्रम साह बहादुर सम्सेर्जङ्ग देवानाम् सदा समर विजयिनाम् — — — —

आगे जनरल भीमसेन थापाके अघि....१...को अढाई वर्षको उमेर हुँदा ....२....बाट गादि तिलक वक्सनु भै राज्याभिशेष गराई आफू...३.... रूपको चिन्तना गर्न लाग्नु भयाको रहेछ. तस्तै विचमा राजतंत्रको तर्कना चित्तमा पारीदिंदा गादिको पनि दृढ हवोस् राज्यमा वेविस्ता पनि वांधिवस् भन्या उद्योगमा लाग्नु भयाको रहेछ. तस्तै विचमा दुष्ट मंत्रीले घर चालो उठाइ दिंदा ५८ साल जेष्ठमा...२ लाई देसान्तर भै वनारस पुग्नु भयेछ ४....र...६....दुइ जनाले हामी पनी ७....का साथ पावरषवारि जांछौ भनी हुकुम हुँदा तिमिहरूले पनी पावरषवारिसंग भई ....२...का हजूरमा वनारस पुग्दा ....२....बहुत षुस हुनुभयेछ. केहिदिन वहि मुकाम भै राज गर्नुहुँदा छुच्चा मानिस अघि सर्दा भलाआदमी दुइ चारजनाले वाहानागरी जत्रतत्र लाग्दा मेरा घर जवाई भयेन भनी ....२.... का दिलमा सार्‍है उदास हुनु हुँदा तेस वषतमा तिमीले...२....का साथमा रह्याका मिर उमरावहरूका चित्त स्वमना गराई घर घर गराउनाको उद्योग गर्दा...२...वहुत षुस हुनु भै तिमिलाई वामांगी भइस् भनी हुकुम् भयाको रहेछ. फेरि वनारसबाट डुव्याका जाहाज उठाई आउँदा सो समाचार नेपालवाला कारिंदा भारादारले थाहा पाउँदा जुन कुराले....२...का चित्तमा चमक पर्छ. सोही तरहले पारि रातमा पजनी छुट्टि गरी रोक्न मानीस आया भंदा ...२....सार्‍है उदास हुनुभयेछ तेस्मा....२...का हजूरमा वुझाई सम्झाई वषत अनुसारको काम कुरो गरि २...को संभार गरि दर्वार प्रवेश गराउँदा तेस् वषत्मा वहुत दाना काम गर्‍याछौ. र...२

रिझनी हुँदा म मरि मुलुक डुब्न्या छैन भीमसेन मऱ्यो भन्या मुलुक डुब्न्याछ. मुख्तियार तिमिले यो रहन्या छैन. एसलाई नछोडा भनी...२...वाट....१ लाई हुकूम भै काजीमाको मुल् काजीको पगरी वधाइ गरिवक्स्याको रहेछ. ताहापछि कर्मचण्डालले केही दुनिजा कोही भारादार सल्लाहमा ली. कुल गर्दा...२...का गातमा तरवार चलाउँदा ...१...को उमेर आठ वरषको हुनु भयाको रहेछ...२ लाई तरवार चलाउन्याले ....१...लाई क्या राषन्या थियो तेस् वेलामा तिमिले बहुत होस्यारिभई ...१...को संभारगरी...१ का हुकुम ली कुल्याहा सबलाई मारी कुल्याहा सवलाई ठोकी हाम्रो गादीको मर्यादा थाम्याछौ तेस् वषत्मा तिमिले बहुतै दाना गऱ्याको काम देषी...१....बहुतै षुस् हुनु भै रिझनु भै राजकाजको मुष्त्यारिकाम तिमिले गर. तिमि जो गरौला सो मंजूर गरौंला भनी हुकुम बक्स्याको रहेछ. कजाइको पगरि सवै वरावर हुँदा इन्लाई येसै पगरिमा राष्या त इनले मेहिनत गऱ्याको केहि कदर रहेन इन्लाई उचागरि राषन्या हो भनी चित्तमा लिनु भै जनरलीको पगरी बधाइ..११.. प्रोहित चौतरियाकाजी भारादार कंपू पल्टन कम्पनी गैरहले जो काजकाम ज्या पर्दछ इनलाइ साधिगर्नु जो इनलाई साधिगरैन उसलाई जात माफिकको सास्ति पाउला भनी हुकुम वक्स्याको रहेछ. ताहा उप्रान्त वरोवर सल्तनत् चलेको रहेछ. तेस्तै समयमा राजा हुँदा...१....हर्ष षुसप्रसन्न हुनु भै तिमिलाइ विर्ता वक्सन्छु भनि हुकुम हुँदा चित्त लायेनछौ वाहापछि ...८....का हजुरमा पावलागनु भै जनरललाइ विर्ता वक्सन्छु भनी हुकुम हुँदा वढीया हो कस्तो कदर चाहिन्छ भंन्या जवाफ भै तिमिले अघि...८...बाट रिजमा वक्स्याको विर्ता पनी लियेनौ पछी मैले नानीसंग विति गरी विर्ता दिलाउँदा कवूल गरेनौ...८....का साथ छोडी वस्याको सार्थ भई मैले नातिको मुहार देषता येतिको हर्ष उत्सव मलाई कैल्है लागन्या छैन नानी एकलै हुनुहुन्थ्यो र चित्तसंधै पातमा रहन्थ्यो नाती पैदा हुदा अव चित्तमा षातिर्जमा भयो हाम्रा दर्वारमा ठूलो हर्षभयाको वेला नानीवाट विर्ता वक्सन हुंछ कवुल नगऱ्या वढिया परैन नानीबाट हुकुम भयाको कवुल गर भनी....८....बाट पनी हुकूम हुँदा...१...बाट विर्ता लिनै पर्छ भनी हुकुम हुँदा तिमिले कवुल गऱ्याका रह्याछौ तेस्मा पनी तिम्रो दाना देषता बहुत षुस लाग्यो तस्तै पैल्है फिरंगीसित सिमानामा तक्रार हुनजाँदा सानु कुराको मोकदमा छ २।३ वादसाह दवाई अंगरेज ठूलो भयाकोछ, त्यो संग विगार गर्न्या होइन भनी तिमिले समझायाका रह्याछौ. उस वषतमा २।४ जना भारापांचले कवुल नगर्दा र गोलदार सर्दार मोहडाका भारादारले



अहंकार गर्दा तुल हुनगै लडाञी जोडियेछ. तेस् वषतमा पनी तिमिले कनकातिष्ठा लगायेत सतरुद्रातक भारादार सिपाहि फौज षजाना अनाज वरोवर चाजामिलाई राष्याका रह्याछौ मोहोडाका भारादारले झकमारी वषतको चाजासूर विराइदिदा उठ्ठालागी सतरुद्राको लस्कर महाकाली आई पुगेछ. तस्तैमा अंगरेजले हरिहरपुरमा र मकवानपुरमा लस्कर चढाउँदा चुऱ्याको सरहदभया पनी ढेरं हो भनी सब भारा पांचले सल्लाहा ठहराउँदा तरिछुटि चुऱ्याका सरतहको अहद भइ घा भयेछ. तरि छुट्न जाँदा ढेरै नोकसान भयाको देषी त्यो तरिमा हाम्रा ढेरइ भारादारका षानगी छ. त्यो छुटचो भन्या ढेर नोकसान हुँनगयो भनी अंगरेज सँग उजूर गर्दा तरीको वदला २ लाष रुपैया लार्डसाहेबको दस्षतले कंपनीका घरबाट आउन्ला भंन्या अहद भै आउँदा तेसमा दुइ लाष रुपैया लिन्न भनी तिमिले अडी पछि गाडन्साहेवसित जवाप सवाल जुक्ति सिपारस गरी तरी छुटाइ आफना इलाका गरी फेरि सिवाना वाधि मिनारस्मेत षडाभयाको रहेछ. यस कुरामा पनि सवैले तिम्रो मंत्रना षुवदानाई ठहरायाछन्. तेसमा पनी हदगऱ्याका रह्याछौ. ताहापछि....१....लाई सितला भै स्वर्गे हुनुहुँदा ..९....सहगामिनी हुनुभयाको १४ दिनपछि....१०...पनी स्वर्गे हुनुहुँदा मेरा तीन वर्षको उमेर रहेछ...८...बाट मलाई काषमा राषी राजतंत्रको कामगरि वक्संदा तिमिलाई अधिसारि काजकाम गरि वक्स्याको रहेछ तिमिले विन्ति गर्न्या कुरा....८....का हजुरमा विन्ति गरी काजगर्दा एकैसुर भै घरको पनि केहि विघ्रन पायाको रहेनछ. अनेत्र हिंदुस्तानमा अंगरेजको रसिडंट वस्याको जवन् जौन जगामा छ. २।४ वर्ष भंदा अध्यालोराज्य स्वतंत्रमा कसैले राष्न सक्याको छैन. जाहार तिमिलाई अष्त्यारी गरी वक्सदा १०।२० वर्ष भयो तपनि आजसम स्वतंत्रराज रह्याको छ. हाम्रा निमकको सोझो गरी...२....का पालादेषी आजसम्म वेलाअनुसारको काम वुझी औसर मौसर माफीक वषत वषतमा तिमिले सव कामकुराको होस्यारी राषी दानाइ तरतसल्ली मिहिनत गरि. फौज मुलुकको वन्दोवस्त गरी हाम्रो हाम्रा भरमुलुकको संभार गऱ्याको देषी म बहुत षुस प्रसन्न भजा. अघी...२...बाट....१...बाट लालमोहर सवाल गरी वक्सनुभयावमोजिम मैले पनि लालमोहर गरी वक्स्याको हो. सोवमोजिम थामी श्री कम्यांडर इन चीफ जनरल मानमराताव वक्सि घा. घर सार्न्या कटक जंगी मुलुकी हाम्रा भरमुलुकको मुषत्यारी काम तिमीलाई वक्स्यौं. अव उप्रांत ...११....प्रोहित चौतरिया जर्नैल काजी कर्नैल कप्तान सर्दार लेफटेन सुवा सुवेदार भरभारादार कंपु पल्टन कंपन गैह्र फौज जंगी मुलुकीले तिम्रा

सल्लाह देषी बाहिक कसैले काम नगर्नु तिम्रा सुर चाजामा नचली जसले तिमीलाई नाघी काम गर्नामा जो पसला. तसलाई तागीर गर्नामाफीक-लाई तागीर गरी सजाय गर्नालाई सजायगरि बक्सौला. कसैले तिम्रो छिचरो पातलो कुरा-कहानी हामीहरूका हजुरमा सुनाया भन्या उसैघरी रोवकार गरी नाहकमा तिमीलाई तोकान लायाको रहेछ भन्या उस्ता नादानलाई तक्सीरमाफीक सजाय होला. आफ्ना षातिरजामा संग हाम्रो वंन्या सप्रन्या हेरी काज विसेष हाम्रा हजूरमा बिंति गर्न्या कुरा बिंति गरी आटन्या कुरा आफुले आटी काजकाम गर. तिमीले कामगर्‍याको मंजूर छ. अघी पनी तिमिले आफनु विरानु नहेरी हाम्रा निमकको सोझो गरी कामगर्दा तिम्रो दानाइ ठहर्‍याको हो. अवउप्रांत पनी आफनुविरानु नगरी हाम्रा निमकको सोझो चिताई कामगर आफना तैंनाथका कंपु पल्टन कंपनीका सिपाही छन् भनी आफना घरको गाउषुवाको कामलाउनु पर्दा आसामीसंग प्यादा पठाउँदा धडपकड गर्दा तिमीसंग साधी सोधी गर्नु. तिमीसंग नसाधी नसोधी जसले काम लाउला तस्ता छोटा वडालाई तक्सीरमाफीक सजाय गरी वक्सौला इति सम्वत् १८९२ साल मिति कार्तिक वदी ६ रोज २ शुभम् — — — — —

[ मार्फत भै सही गर्नेहरू :—

रणउद्योत साह. फत्यजंग साह. श्री कृष्णराम मिश्र. श्री रंगनाथ पण्डित-राज; रघुनाथ अर्ज्याल. पुष्कर साह. दलभंजन पाँडे. रणजोर थापा, कुलमान सिं वस्न्यात. करवीर पाँडे. कालुसिं. गरुडध्वज पाँडे. उमाकान्त पाध्या ]

नं २ निर्वाणानन्दको पत्र (क)

श्रीगणेशाय नमः

धर्म ५

(........) श्वर श्री कालभैरव ४ श्री पसुपतिनाथ श्रीगुह्येश्वरी ४.

[ हातको छाप र नाउँको छाप,

पहेंलो रंगमा ]

स्वस्ति श्री समस्त योग कला कोविद योगींद्र गर्णाचिंतनीय सच्चिदानंद-स्वरूप परिपूर्ण पर ब्रह्माणनु चिंतन तदेकताधिगमंकलालस सान्सारिक सकल विषयाभिलाषविनिर्मुक्त मानसेत्यादि विविध लोकोत्तरगुणग्रामा-



भिराम श्री श्री श्री महानिर्वाणानंद स्वामीनांसदा सत्कर्म शालिनाम्. स्वस्ति श्री चौतरिया विदुरसाहि के तिमिले मेरो घर गर्नामा पस्या (...? .) मानीसले तिम्रो मेरो चित फार्‍याको चित्त षोली आजसम्म तिमिले जान्या न जान्याका सभ कामको अप्सर माफ गरि वक्स्यां. तिमिले (कमर) बाँधि मेरो घर गर्‍या पछि. मेरो संतानको रजाजी छम्जि तम्रा संतानकन चौतारो मान (......) वर्कसाँ, मेरो घर भया पछि यो लेष्याको .. ५.... फालि तम्रा धन जन आवरोहमा म लाग्याँ भन्या...४ .. को कुदृष्टि यो लेष्याको...५ थामि तिम्रो गवरवरदास्ति गर्‍या भन्याँ ..४...को सुदृष्टि भनि....५...पत्र लेषिबक्स्या. षातिर्जमासंग घरगर्न्या काम गर इति संवत् १८६० मिति पौष वदि ५ रोज ७ शुभम् — — —

नं. ३ निर्वाणानन्दको पत्र (ख)

श्री

श्री पंडितज्यू २ | केशर छाप | श्री ५ महाराज ३

[ प्रशस्ति—निर्वाणानन्दको ]

स्वस्तिश्री गिरिराजेत्यादि श्री भाइ चौतारा सेरबहादुर शाहके आशिष-पूर्वक पत्रमिदं उभयोः कुशलंचः उप्रांत. पत्र आयो अर्थ मालूम भयो. माघका विस २० दिन जांदा...२ . का मार्फत ढुंगाको नविरिन्या गरि फिरंगीवाट विदा भै रंगीलदासका तलावमा प्रस्थान गर्‍याको हकीगत सुनिहोस्. साहुको र षचको तद्वीर गर्दा केहिदिन जहा देरी लाग्यो अव जाहावाट कूच गरी २० दिन जादा फागुन ओढो तराइमा आइपुग्दछौं. जहाको गर्न्या कृत्य जहासंम भयो. अव उप्रांत पनि जहा गर्न्या कृत्यमा कसुर रहन्या छैन. तहां गर्न्या कृत्यको भरोसा तेरै राष्याको छ . ३....को ताँहा संभार हुन्यागरी ताँहा राषना मानिस ताँहाराषी आफुले भलाभनि जाच्याका मानिस पावरोषालि गर्न पठाइ दे. दुष्टजनहरू...३ ..लाई गोर्षातिर चलाउन षोजनन् त्यो नपुग्या भागन षोजनान् गोर्षा चलाउन पनि दिनु छैन, भागन पनि दिनु छैन. उपर विस्तार....२... का पत्रले वुझलास् किमधिकं मिति फागुन सुदि ९ रोज १ मुकाम रंगीलदासका तलाव शुभम् — — —।"

नं० ४ निर्वाणानन्दको पत्र (ग)

श्री महाराजा [केशर छाप]

[प्रशस्ति-निर्वाणानन्दको]

स्वस्तिश्री गिरिराज्येत्यादि श्री भाइ सेरबहादुर साहके. आशीष ईतनीक ताहा कुशल छेम चाहिये जाहाको समाचार भलोछ. उप्रान्त दुइ चार वात ढुंगाको वढिया हुन्या मेरो घर हुन्या काज गर्दामानपुग्दा मकर संक्रान्तिलाई नवाकोट आयाको विस्तार सुन्या बहुत षुसीभया अवर काठमाडौं गई पसी निसकी बलवाधी गर्न्या काज गर काजको वीस्तार, जगन्नाथ पाध्याका पत्रमा छ. सो काज अवस्य गर भाइ छोराको गर्न्या कृती तेही हो. मवाट दीन्या कुरो अघी पनी दीयाकै ज. अझ पनि केही लेषी मागनु भया मसोदा लेषी पठाउ पंञ्जामोहर गरि पठाउँला. षसराजा भयाको तमासा नहेर रजपुतको गर्न्या कृत्यगर. तेरो मर्दमी देषी षुसी भयाको छु, फागुन भरीमा म पनी आइपुगूंला [ यहाँदेखि एक लाइन अक्षर उडेको छ ] — — —

(अक्षर उडेको )......रंगीलदासका तलाउ आइपुग्दै दुइ तीन दिन महाजनसँग (जाहा) वन्दवस्त गर्नु छ. ताहा पछी सरासरी आउँछौ ताहा... ... ...लाई नुवाकोट गोर्षा लैजान्या कुरा गर्नन् लैजान दिनुछैन छलवलजाल जसोगरि हुन्छ थाम विदुर साहलाई पनी हात गर्नु तेरा मतमा आउन्या भया अरू भारादार पनी तेरा मतमा जो आउँछन् ले. ताहाको गर्न्या काज म आयापछी तेरा वुझसँग गरौला सभ वातको संभार (अक्षर उडेको छ) इति श्री फागुन सुदी १० रोज २ मुकाम रंगीलदासका तलाउ शुभम् —।"

नं० ५ भीमसेन थापाको कजाञी लालमोहर

[ लालमोहर छाप ]

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणे त्यादि विविध विरुदावली बीराजमान मानोन्नत श्रीमन्महाराजाधिराज श्रीश्रीश्री माहाराजे गिर्वाण ज्युद्धविक्रम साहबहादुर सम्सेर जङ्देवानाम् सदा समर विजयीनाम् — आगे. विरभद्र थापाको नाति अम्वरसिं थापाको छोरा वतन गोर्षा भीमसेन थापा औ वावुभाईसमेतके जस्पाउ थापाको षाएल कजाँञी मानको पगरी वक्स्यौं तस्को षान्गी षेत एक सय सोह्र ११६। नकदि रुपैंया तिन् हजार पाँचसय ३५०० लि लडाञि भिडाई हाल् हुकूममा रुजूरही तप्सिल्



माफिक्का तोप वंदूक जवान आफनु लाजिमा तयार राषि जागिरजानि भोग्य गर — — — — —

तपसिल्

| असामि | थुम्षुवा | षेत | नगदरुपैंया |
|---|---|---|---|
| भंथलि | १ | २७१५ | ३३५ |
| तिमाल | १ | १७।८८ | ८६ |
| सतार | १ | ४८।४६ | ४०॥ |
| नुवाकोट मध्ये | ० | ४।४० | ० |
| तिलपुङ् | १ | ० | १४७२॥ = |
| निसिभुजिमध्ये | १ | २०।२२ | ४६५ |
| श्रीकृष्ण साहिले षायाको जिल्ला महोत्तरि मध्ये मौजे पिपरा कुर्थागंन्ह | १ | ० | ११००॥। — |
| | ६ | ११६ | ३५०० |

येस् सान्गीमध्ये. पैतालीस् ४५ जवान्लाई वन्दुक वधावनु. तोप २ तयार राषनु काममा जाँदा. आफ्ना षान्गीथुमका प्रजालाई तोप षजाना ठोकाइ लैजानु इतिसम्वत् १८६१ साल-वैशाष शुदि ७ रोज ५ शुभम् — —

नं. ६. अमरसिंह थापाको सर्दारी लालमोहर

श्री दुर्गासहाय :—

[ लालमोहर छाप ]

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणे त्यादि विविध विरूदावलि विराजमान मानोन्नत श्री मन्महाराजाधिराज श्रीश्रीश्री महाराजे-गिर्वाणयुद्ध विक्रम साहवहादुर सम्सेर जङ्देवानाम् सदासमर विजयी नाम् — — — — — — —

आगे विक्रम थापाको नाति विरभद्र थापाको छोरा थरवगल्या वतन गोर्षा अम्वरसिंह थापा औ भाइछोरासमेतके सर्दारिमानको पगरि तस्को षानगि षेत एकहत्तर ७१।-नगद रुपैया सोह्रसय १६००। वक्स्यौं लडाई भिडाई हाल हुकुम्मा रुजुरही तप्सील माफिकका तोप वंदुक जवान आफनु लाजिमा तयारराषि तषसिलमाफिकका षेत थुम षुवा नगद दस्तुरलि जागिर जानि भोग्यगर — — — —

तपसिल

| असामि | थुम षुवा | षेत | नगद रुपैंया |
|---|---|---|---|
| चितलाङ्को सायर भरिया | | | |
| नायवको दस्तुर बाहिक | १ | ४०।२१ | ४७४= |
| पकर्वास | १ | २८।२७ | ६७= |
| नामर्जु | १ | ० | ६० |
| गोर्षामध्येको झिग्टचा | ० | २।५२ | ० |

सोह्रसय नगदि षानगिमा नपुगेको रुपैंया
९९८॥ चितलांकासायर भरियानायेकका
दस्तुरका आमदानि मध्ये लिनु रुपैंया ० — ० — ९९८॥
सायेर भरिआ नायेकका कचा सालवसाल
वुझाउनु षानगिमा नपुग्याका ठहऱ्या विन्ति
गरि अरु ठाउमा तनुषाह लिनु. फाजिल
भया तोसाषाना दाषिल गर्नु.

येस षानगिमध्ये वाइस जवान २२ लाई वँदुक बधाउनु. तोप एक १ तयार राषनु काजमा जाँदा आफना षानगि थुंषुवाका प्रजालाई तोप षजाना वोकाइ लैजानु इति सम्वत् १८५५ साल मिति चैत्र सुदी १५ रोज शुभम् — — — — —

नं. ७. भीमसेन थापाको जागीरसम्बन्धी लालमोहर

स्वस्तिश्री मन्महाराजाधिराज कस्य रुक्का — — — —
आगे वागमति पूर्वका पचपन्न सालमा जागीर दर्सन गर्न्या थुम् थुमका सवउपरावप्रति तिम्हेरुछेउ महसुल उठाउन तिलंगा पठायाको छ. तप्सिल वमोजिम्का रुपैंया चुक्तिगरि चह्राइ पठाव — — —

तपसिल

| | |
|---|---|
| सिधुलि डम्वर थापा चतुर्भुज महाषेत ६० को तहाडका हिसावले महसुल रुपैंया | १०० |
| भीमसेन थापाके जफे आधा षेत १५ को महसुल रुपैंया | ७५ |
| कृष्ण कार्किके जफे आधा षेत १५ को महसुल रुपैंया | ५५ |
| डम्वर थापाके नामाडि षेत ४ को महसुल रुपैंया | २० |
| अनुप षड्काके रामकोट षेत ५ को महसुल रुपैंया | २५ |



| | |
|---|---|
| कितिराम षड्काके ठुलो पलासि षेत १३ को महसुल रुपैंया | ६५ |
| अर्जुन थापाके गुवु षेत ८ को महसुल रुपैंया | ४० |
| गर्जसिं थापाके फलगुधुनिमालु षेत १३ को महसुल रुपैंया | ६५ |
| कालु थापाके फस्कुभिर्कोट तालु षेत ८ को महसुल रुपैंया | ४० |
| जयरुद्र वानियाके चैनपुर षेत ८ नपुग्या सनेत षेत १२ को महसुल रुपैंया | ६० |
| प्यूवर लामा के महाकाल षेत ११ को महसुल रुपैंया | ५५ |
| गजिन्द्र कार्किके चुपुल षेत ८ नपुग्यास्मेत षेत जमा १० को रुपैंया ❀ | ५० |

इति संवत् १८५५ साल मिति भाद्र सुदी १ रोज ३ शुभम् ।

नं. ८. भीमसेन थापा सर्दार लेखिएको पत्र

श्री ५ महाराज रणबहादुर साह
७ – ११

लि. पंडित पंडित रंगनाथ चौतरा प्रानशाह त. हस्तदल साह त. काजी दलभंजन पांडे त. सर्दार भीमसेन त. काजी वीरभद्र त. सर्दार पूर्ण साह त. भैरवसिं त. गोसाई उदैं गिरि आगे वनारसेम वावु द्वारिकादासजी के कोठीसे रुपैंया ६०००१) अंकेपी साठ हजार एक् सीका हाली सन् १७ वनारसका व्याज २ सयकरा वैसाष सुदी १५ पूर्णमासी संवत् १८६१ ताइरोक चुकाय देनेका वायदे....७....को कर्ज देलवाय दिया हैं वायदेपर रोक नदे सकैं तो विजैपुर लालमोर तावापत्र सो जायेदाद इनके जिम्मे करदे तिस्का करार्नामा लिषवा दिया हैं सो....११....करार्नामा लिषे वमजोव दुरुस्त करदेगे हमसब दुरुस्त करवाये देंगे (इत्यादि)

नं. ९. भीमसेन थापाको जर्नेली लालमोहर

श्रीदुर्गा
[छाप]

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणे त्यादि विविध विरुदावलि विराजमानमानोन्नत श्रीमन्महाराजाधिराज श्रीश्रीश्री महाराज राजेन्द्र विक्रमसाह वहादुरसम्सेरजङ् देवनाम् सदासमर विजयिनाम् — —
आगे विरभद्र थापाको नाति अम्बरसिंह थापाको छोरा वतन गोर्खा

❀ नोट = शुरूमा भीमसेन थापा पूर्वतिर जागीर खाएर गएकोले 'वागमतीपूर्वका जागिर षान्या' भनी लेखिएको होता ।

भीमसेन थापाके आजसम्म तिमीलाई वक्स्याको मुषत्यारि काम काज थामि हाम्रा भरमुलुकका कंपुपलटन कंपनी र गैन्ह कामकाजसमेत जनरल मानको पगरि वक्स्यौं षानगि आफूले, अघि षाइआयाको कजांई षानगिको षेत षुवागरि रुपैया ६४०१ तेसमा जनरल षानगिपुऱ्याउँदा षेत षुवागरि रुपैया ४००० दुवै जम्मा रुपैया १०४०१ ली लडाञी हाल हुकुममा रही हाम्रा निमकको सोझो चिताइ तपसिलमफिकका षेत षुतालि जागिरजानी भोग्यगर — — — — — —

तपसिल

जमा षेत १२८।४३
भादगाउ कंपुको ११।७१
भैरवसि वहाल्याको घति — तलेजु प्रजाको समेत गुह्याना ।३२
अैं को नधिचा ।१९ — अैं को काथोचो ।३२
अैं कोभुटी ।६ — अैं को देविध्यको ।२४
अैंको चषु ।८ — अैं को चितिडोल ।१२
अैं को मेषुंडोल ।१२ — अैं को कालषा ।२०
अैं को थौचा ।७ — अैं को तधेको ।१६
अैं को कोह्ला ।८ — अैं वानारसि लुकोषा— ।२४
अैं को कुंडोल ।१६ — अ तलेजु गूठि लुकोषा ।४
अैं को जह्लागाल ।१६ — अैं सेरामध्येतिसिडोल ।३६
अैं कोचषु ।१२ — हयावु ।२१
अैं कोतपा ।२० — षोनाल ।२४
अैं को लिवालिवि ।१६ — वसिडो ।५
अैं को कापाको ।१२ — चषुदामघर जैसिको ।६६
अैं कोदेको ।८ — ललित सिंहको गांषु ।४२
अैं को गाषु ।१२ — वानारसि मिल्लि ।१६
जानकी रामको वाचामटी ।२० — सेन्याको ननावु ।२०
सिलडारिको चषु ।८ — वानारसि गुठ षुक ।१२
अैं को वयावि ।१२ — वाहाल्याको षाचामढि ।४०
उग्रसिहको कैंटामड् मार्फत् चषु ३० म. लाजीना ।१०
षोली १० वाकि ।२० — पलेवु ।८
ललितसिहको विजैसि मार्फत लीवालीवि ।८ — कटौंज्या ।१२
चंदुराना मार्फत् अल्लाचि ।१६ — वाथौं ।१४



वामदर जैसिको नालुमो ।७६ — पाथुचो ।१२
उद्धवसिहको धनभाजु मार्फत् षोमीग ६ वा उग्नसिको कैंटामड् मार्फत योगा ।२८
इति ।१२ सावु १४ जम्मा ३१ अैं सुक्मार मार्फत फाट फुट कांह्ल ।२४
जानकि रामकी कैंटामड् मार्फत तुमडो ।१२ भैरवसिहको ईवटापाको ।२०
गोनाल ।२० जानकिरामको इडोला १२ इडोल पटडमा ।२४
कोलपा ।१२ — उग्रसिको कैंटामड मार्फत भुलांचा ।२०
तडेको ।२४ — विजैसिहको ह्लौरि ।२८
यातो ।२६ — ललितसिह तामुचा ।८
लुकोषा ।१२ — दांगांचा ।१६
गांबु ।१२ — षाँलातिला ।१२
वाचामढी ।६
किर्ति पुर — — १६।४६
सिंधु कंपुको ।६३ श्री मेहेरको
षासावु अैं १।१० माईके वुमागित ।८०
फुल अैं ।१ — वुसिडोल कालुविष्ट ।२०
सौडोल १।. मध्ये अैं ।६५ भुलांषेल विस्नुसिह १।६
श्री मेहेरको — अैं भाजुनारान १।६
वुसिडोल नैनसिवस्न्यात् १। — कुठूषुयल संग्रामसि जुगिलांका
चोला षेल हरिगिरि ।१० कालु पांडे २८।
अफल लैनसि पांचमोहि १।१० वागमति रामुषत्रि ।२५
मुगलवु भान्नरसि ।२२ सिंधुविसिराउत १।६
जाषालनमनिवाज ।३२ कुठलहाकु पंत. भान्नरसि धंसि
गामचा राजवल षत्रि ।२० छिपा ।८४
काडोल विन्नरसि चारमोहि ।६० नागडोल राजिन्द्र १।८
नगाम धन ।१२ एं ।८ जमा ।२० वौडोल लैन पांच मोहि १।४४
ढलपारा जमानसि ।५० वषुंवु जगदेउ भोटचा ।३६
वौडोल कृतसि ।२१ अैं चाम्या घति ।२४
वहि वुचि कुढि ।५६

फर्पिकंपुको ५।४
पानसि कुछे ।१७ लक्ष्मिनारान ढोकाछे ।७
नैनरसिंषिचा ।३९।१० लक्ष्मिधर माटंछे ।६
पाको तन्या ज्यापु ।६ लसिकर ।९

| | | | |
|---|---|---|---|
| नयाराम | ।४ | जैनरसिं षवाल | ।८ |
| छुको डाटि जैसि | ।६ | डाटिवो दुगुछे | ।९ |
| तडावचु कुढिमागि छे | ।८ | धनेसोरकी कोढु | ।७ |
| लछिमिधंचा | ।६ | दर्वेसिंकुछेहलसिको | ।६ |
| भागिदेउइछे | ।८ | छुकोडारिटोमि | ।६ |
| अैं टिचा | ।६ | अमृतसिं फिल | ।७ |
| इविवलधनसिंङ्वाल | ।५ | झवास्याकोटालरतन्याज्यापु | ।२५ |
| पलिदेउगालछे | ।८।१० | क्यौरू अैं अैं | ।६ |
| विश्रामजु | ।९ | दस अैं अैं | ।९ |
| षुलसिडोल्या | ।६ | वुकि अैंअैं | ।६ |
| पलिदेउहेल | ।६ | गोर्षु अैंअैं | ।१० |
| इदुकोटाल रतन्याज्यापु | ।१० | तोवुहासिडोल चिरिको छु | ।१२ |
| पाको अैं अैं | ।५ | छुको नारान षत्रि | ।२४ |
| जाँष्ठाट हासिटोलचिक | | श्रीकृस्नआगननि | ।१५ |
| ढिकोछु | ।५ | धनसिंटोपि | ।१४।१० |
| दैंज अैं अैं | ।६ | क्रिस्नसिंन्हुछे | ।८ |
| वैंडो अैंअैं | ।४ | गोपालेस्वरगुठि ५१ म | पैं ४।१० |
| जसिंगाल २ ठाउ गरिअैं अैं | ।१० | वा | ।४६।१० |
| जोर्षु अैं अैं | ।१२ | गोरषको सुवेदारी | ।७६ |

| | | | |
|---|---|---|---|
| बुंगमति कंपुको | | | २।७ |
| नषुधन विग्यानन्द | ।२९ | पाहान वाहाषेल | ।७२ |
| गलसिह्लन सिद्धि | ।२७ | पंचमुनी भुजाडो | ।२९ |
| वाहाषेल टौढि | ।२९ | नषुकेस्या थापा | ।२१ |
| लुभु कंपुको | | | ३।५२ |
| वलिपाध्याको इकुडोल | २। | मगौत षवासको भिलुदह | ।२८ |
| गलासि गोरषको | १। | सौडोल | ।२४ |
| वनेपा कंपुको | | | १।४४ |
| नाला षुसि | १।- | चैपी फाँट | ।४४ |
| पाटन कंपुको | | | २।६१ |
| भगवान गुठि पो गुठि | ।२८ | वाला चतुरदसि चावानाडो | ।१५ |
| वंधु | ।६ | धंजु षवासको के वंधु | ।२४ |
| विसेसोर गुठि पाकु | ।४० | ईराटंगीन | ।१० |



| | |
|---|---|
| धनबिर त्रिभुवन ज्याताषुसी ।४० सिपाको | ।२४ |
| घोराजात्रा डोषुसी ।१८ जगन्नाथ घिमिन्याको ढंडो | ।२८ |
| जगन्नाथ घिमिन्याको ढंडो ।२० अैं को अैं | ।८ |
| काठमाडौं भरको तसिंडोल कंपुको | ।१६ |
| वोडे कानावसि१।१०म. षोलो ।३०वाकी८०मध्ये कंपुको | ।४० |
| हरसिधि डवुढलसि कंपुको | १।१० |
| बोकना नाढल अैं | ।३२ |
| किसिपिडिसला डोल अैं | ।५० |
| चोभारका षेत | ४।५४ |
| गोरषको मंगलवु ।५४ गोरषको जालंधर | ।३४ |
| अैंजं जालंधर ।२१ अैं वागमती डोल | ।६१ |
| अैं मंगलवु ३।४ मध्येकुलो काटचाको | |
| ।२० वाको ।२० वाकी २।६४ वडेवा कंपुको | ।२० |
| सतंगोल जगाटंगीन गोरषको | ।२२ |
| पागा पलेगाल ।२२ नगाम् ।२२ ज्मा जगन्नाथघिमिन्याको | ।४४ |
| सतार | २३।४ |

| | | | | | |
|---|---|---|---|---|---|
| पध्यान्या | ।४८ | कमिटार गाउँको- | ।४० | कैदल्या | ।६० |
| चापावोथा | १। | जामुन्या | ।४४ | वर्रावोथा | १। |
| घटचा ।४० म. षोलो ।१०वा-।३० | | वाषन्या | ।४० | सुवारा व्यासी | ।९० |
| सागरूमटो ।४०म. षो ।२०वा-।२० | | अैंमध्ये | १। | सालवोटचा | १।६० |
| चौंह्लोटचा | ।४० | क्रैंदल्या | ।६० | पध्यान्यागाउको | ।२० |
| अैंजं | ।२० | कांल्ह्या | ।८० | सक्र्या | १।८ |
| सिमल्या | १।२० | असिमुन्या | ।८० | लिक्ष्म्या | ।४० |
| षोल्या | ।६० | वाह्लमुन्या | ।४० | कांल्ह्या | १।१० |
| देवीनाथ | ।४० | भोल्र्या | १।८० | डीहि | ।८० |
| औंसिमगाउको | ।२० | सैंमुन्या | १।१२ | वगुवा कामीटार | ।१ |
| दिपाल्या | ।२० | आम्वोट | ।८० | देउपुज्या | १।१२ |
| आहाल्या | ।२० | मरूवा | | | १।३० |
| ज्यूनपुर | | | | | १७।१५ |
| उपल्लो लपस्या | २।४० | महादेउ व्यासी टापु | १।६० | सहेल्या | १।२० |
| साक्र्या टारी | ।६० | गगटचा | ।८० | सोतीपुछार | ।५ |
| वानीजाटार | १।२० | साक्र्या | ।१ | लपस्या | ।९० |
| ढाडचा | ।६० | ढाक्र्या | ।५५ | छत्या | ।२० |

मझुवा ।६० कोल्पुपटि थप्पाक ।५ मुलसेरो २।४०
पंडीतटारी ।२० फरेड्या ।४० गगद्या १।
सप्पांड १।१० हन्या रेमीको सप्पी कंपुको ।३०

नवलपुर ३।२५
भकुंड्या ।६० षगाल्या ।२० अर्चल्या ।२०
षोल्या ।१० हाती षेत ।४० थारपुन्या ।२०
सापच्या ।२० ज्यामीन्या पहन्यारुमटो ।२० फुरक्या ।१०
ढुंग्या २ ठाउ गरी ।३० भकुंड्या ।४० सिम् ।१५
विमीन्या ।२०

तिमालका षेत ७७।८८ मध्ये ७६ सालमा रणवम्व भोटलाई घरको सटा विर्ता वक्स्याको षेत २। साल ७८ मा जनरली षानगीमा पन्याका षेतको सटा मध्ये कंपुतिर गयाको षेत २।२० कोटमा मामुली रह्याका २।३६ देवीको गुठी ।८० पाटीको गुठी ।६० षोलो पैरो वाझो मिन्हा १।४ ज्मा
मिन्हा षेत ९। वाकी काएम् ८।८८

नुवाकोट १।८५
वेलकोट निववा वोट ।४० गंगरा ।२०
ठूली व्यासी वीमिन्या ६०। सिन्दुन्या व्यासी गंगरा १। म. खो.
३० वा ६५।
खोर्षा रणसिंह साहिको षहन्या सत्रविस्या ३। म. षोलो आवादिस्मेत ३।
झीगाटच २।४०
मक्यांसि ५।२८

धुस्यानि १।५० ढाड्या ।३० भुम्याश्रान ।४५ आरूवोटघा ।८५
अैं ।५० षवारीबोट ।२० ज्यामीन्या ।२० अलैंच्या ।३०
कुडुल्या ।९० ज्यूदिषोला वगर ।५ बिह्लौटा अरिंपाटो कहरथापा
रघुनाथ ।३. नाम्लाङ् तिलहार ।२० ढुंग्या ।२० ज्मा ।४०
कोरानचोक कजैषानगी सिम्ल्या सरुप षत्रीकंपुको ।५०

मंथली ११।१०
राकस्या १।८० बडगह्ला ।२० वुढो सेरो ।८०
सोती ।५ चालीस्या ।४० लामीसोतीपुछार ।५
वरदेउ थान १। वेलबोटचा ।२० म षो १२ वा ।८ चुकाहा १।४०
वस्यारि ।४० कुनाउरी १।. करमयोटचा बिह्लौटी सेरो ।२
मुहान चुकाहा ।४० मध्ये षोलो ।१० बाकी ।३०



षीमती झोलंग्या २ ठाउ ।५० षीमतिवालुवा ।६० तिलपुं चह्लौटचा ।२०
अैंजं करमबोटचा ।६० अैंजं स्यालटुकुवा ।५० अै सेरो ।४०
तिलपुं फेदि तल्लोउपल्लो ।४० तिलपुढाड्या वल्लो पल्लो ।८०
सोरकंपुको मयाषुचामु रंग्मीको १।८८ मध्ये १।

---

षुवाको नगदि जम्मारुपैंया ७१८९।।।
मंथली मामुलीका षेत तिनस्मेत थुम् १ के रु ३३५
तीमालमामुलीका षेत दुईमुरि छतिसस्मेत थुम् के रु ८६
सतार मामुलीका षेत एकमुरि विसस्मेत थुम् १ के ४०।।
तिलपुं साउन्या फागुस्मेत थुम् १ के १४७२।।
निसिभुजि मामुलीका षेत ६१ स्मेत थुम् १ के रु ४६५
ल्यां ल्यां थुम् १ के रु १३७७-
चौरासी मामूलीका षेत दुइ स्मेत थुम् १ के रु १२९१
ज्यूनपुर मामुलीका षेत एकमुरिविस स्मेत थुम् १ के रु २०
मक्यांसि मामुलीका षेत मुरि सतरि स्मेत थुम् १ के रु १०१।≡
जरांङ् ५ के रु ३०
पन्द्रुं १ के रु २०
देउराली १ के रु ११
वालुव १ के रु १०

पन्हौती गाउँ भंसार स्मेतको रुपैंया ५७०।। मध्ये प्रजालाई भंसारका रकममा दरियाको रुपैंया दोहरो भंसार पर्दा. प्रजालाई माफवक्स्याको साटो पन्हौती भर अम्वलको मोहरिया छाप स्मेत. दरि पन्हौतीका देव-देवताका जात्रा पुजा दसैं षर्चके रुपैंया ६० मिन्हा गरी रुपैंया ५१०।।
अैंजं षोपासि ज्मादार डम्वरसिंले षायाको १ के रु ४
जिल्लै महुतरि प्रगन्ना महुतरितर्फ. सिरमध्ये मोजे धर्मपुर वषरि गैह्लको रुपैंया १३०० मध्ये कर्णाली षानगीमा भर्ना रु ६०७ वाकी रु ६९३ जिल्लै वारा प्रगन्ना टोकनि मध्ये आफुले सतसाला गरि वसायाको कालावंजर मौजे पसौंनी प्रसुरामपुर १ मौजेषुर वारहरिया १ ज्मा मौजेका रु ४१९।।।-
जिल्लै वारा प्रगन्ना टोकनीमध्ये केशरसिं वस्न्यात जालिमसिंले काला
वंजर वसायाको मौजे २ के रु २२७ऽ।
मौजे मटेरिया ससिम मौजे १ के रु १२४।।।=।
मौजे इन्दरवा ससिम मौजे १ के रु १०१=
जिल्लै वारा पर्सा प्रगन्ना सिधमास मध्ये आफुले कालावंजार वसायाको

मौजे २ के रु ३७
७५ सालमा बसाल्याको मौजे पसौंनीपुर मैसितुहाड ससिम
मौजे , १ के रु २४
७७ सालमा वसाल्याको मौजे हथवलमैं मधुवन ससिम मौजे १ के रु १३
कटक वहादुर थापाले षायाको वगुवा १ के रु ५
सुवेदार हरि पाँडेले षायाको विगठि षुवा १ के रु ३५

येष षानगीका षेत १२८।४३ दर षेत १। के रुपैंया २५ का हिसावले रुपैंया ३२१० ।।। षुवाको रुपैया ७१८९।।। ≡। दुवैं ज्मा रुपैया १०४००।।। ≡। भर्ना भयो — — — ---

इति सम्वत् १८७७ साल मिति श्रावण सुदी १२ रोज २ शुभम् [१]

[ यसमा पछिल्तिर मार्फत मैं पुर्छ्याँ सही गर्नेहरु:—
मार्फत दलभंजन पाँडे मार्फत रणद्योत साह मार्फत प्राणसाह मार्फत रणध्वज थापा ]

नं १० फिकदार लालमोहर

श्रीदुर्गा सहाय :—

बौद्ध भगवान १ नासल देउता २

वैलोचन भगवान २

[ श्री दुर्गा भवानीको लालमोहर छाप ]

स्वस्तिश्री गिरिराज चक्र चूडामणि नरनारायणेत्यादि विविध विरुदावलि विराजमान मानोन्नत श्री मन्महाराजाधिराज श्री श्री श्री महाराज गीर्वाण-युद्ध विक्रम साहवहादुर सम्सेर जंगदेवानां सदा समर विजयिनाम् — आगे काजी भीमसेन थापाके सहर काठमाडौं इकुवहाल. लगनटोल. मध्ये पूर्व लगन्बाट जंगाल झर्न्या गल्ली दक्षिण धंचा वांडाका घरको इनारको परषाल, विन्नरसिंका घरको गारो, विष्णुसिंहका ढालापाटको परषाल भान्नरसिंका वारीको परषाल, अर्का भान्नरसिंहको घर सिंहपति वांडाको

१. नोट :—भीमसेन थापाले जनरली मान संवत् १८६८ सालमा पाएका थिए। यो उनको थमौती लालमोहर हो। यस्तै लालमोहर संवत् १८६६ मार्गशीर्ष शुदी १३ रोज ४ मा पनि भएको थियो।



घर, नाउको घर, चिकटि वाडाको घर, तसै मनीको गल्ली देवानन्द वाडाको घर....१....दफे देवानन्द वांडाको घर मूल गल्लीको साध. पश्चिम धर्म्म नारायण नरायणको घर....२....र इनको वारि....३....को वारि परषाल पिठुवाहाल गल्लीको सांध. उत्तर मूलगल्ली अगालको साध. एति चार-किलाभित्र हिटि हिटिको गुठि. पाटी गली वाहिक. तपसील वमोजिमका असामीलाई आफना आफना घरवारीको साठो जग्गा र नगदी रुपैया वक्सि. राजी गराई. रैकर तुल्याई. ज्मा घर २८ जवा ३ हात ६ अंगुल पाताल ज्मा षा १० जवा २ हात २० अंगुल २ वारी पाताल ज्मा षा ८३ जवा १ हात ४ अंगुल १० घर वनाउनलाई थिप आफना पुरानुघर स्मेत विर्ता वितलप् पिकढार गरिवक्स्यौं आफना षातिर्ज्मासिंग विर्ता वितलप् पिकढार जानि पुत्र पौत्रादिसम्म परमसुख भोग्यगर....सँधियार चौतरिया दक्ष साह काजी वीरकेशर पाँडे काजी वहादुर भंडारी काजी अंजवर्रसि पंथ सर्दार. वषर्तसिं वस्न्यात् टक्सारी चन्द्रशेषर उपाध्या सर्दार रणजंग साहि लक्ष्मीपंथ जीवनाथ अर्ज्याल भानूपाध्या षनाल गुमानसिं पंथ जाली-र्मसिं वस्न्यात सुवेदार जयद्रथ अधिकारी सुवेदार दलवार अनूपसिं अधिकारी सुवेदार वाका षत्री डिठ्ठा लक्ष्मिनारायण कुम्भेद पृथ्वीहमाल ज्मादार कनकसिंह षडका जमादार संतवीर वस्न्यात सदासिव षनाल. चन्द्रशेषर दहाल मेजर गौरीशंकर उपाध्या मेजर भक्तिविलास. नापन्या कर्म्मी नायक चिकढी. लक्ष्मीगोपाल भान्नारायण जैसी गजिन्द्र जन. भाजुमान — — —

नया आसामीवार तपसील

वीर भद्रपंथ सर्दारको घर—

| | | | | |
|---|---|---|---|---|
| घरषा | ९ जवा | ३ हात | १५ | अंगुल ११ |
| पातालषा | २ जवा | २ हात | ९ | अंगुल ३ |
| २ वारी पातालषा | ९ जवा | १ हात | १३ | अंगुल ० |
| डेकुसिको घर | — | — | — | — |
| घरषा | २ जवा | १ हात | ८ | अंगुल ४ |
| पातालषा | २ जवा | ० हात | ११ | अंगुल १० |
| वारी — | ० | — | — | — |
| बियानन्द वाडाको घर— | | — | — | — |

| | | | | | |
|---|---|---|---|---|---|
| घर षा | १ जवा | ३ हात | ३ | अंगुल | ४ |
| पाताल षा | १ जवा | १ हात | १७॥ | अंगुल | ० |
| घारी पाताल षा | २ जवा | ३ हात | १७ | अंगुल | ० |

अमित मुनि वाँडाको घर

| | | | | | |
|---|---|---|---|---|---|
| घर षा | ३ जवा | ० हात | १० | अंगुल | ० |
| पातालषा | १ जवा | ० हात | १५ | अंगुल | ० |
| वारी | ० | | | | |

धंचामुनी. अमितमुनि. बिद्यानन्द वाँडाको वारी—

| | | | | | |
|---|---|---|---|---|---|
| षा | ५ जवा | ३ हात | १२॥ | अंगुल | ० |

दुर्गादास धंजुको घर—

| | | | | | |
|---|---|---|---|---|---|
| घर षा | २॥ जवा | ० हात | १० | अंगुल | ३ |
| घारी पाताल षा | ५ जवा | १ हात | १४॥ | अंगुल | ९ |

पटका नेवार मरि अजिन्तलाइ अपुताली जांदा अजितले वैद्यसित वेच्याको घर—

| | | | | | |
|---|---|---|---|---|---|
| घर षा | ७ जवा | ० हात | ६ | अंगुल | २ |
| पाताल षा | २ जवा | ० हात | २० | अंगुल | १० |
| वारी षा | १० जवा | ० हात | २१ | अंगुल | ० |

धंचा वाँडाको छोरा. विन्नर्सि. नाती धनबाँडाको वारी—

| | | | | | |
|---|---|---|---|---|---|
| पाताल षा | २६ जवा | १ हात | १५ | अंगुल | ० |

धंचा वांडाको छोरा. विन्नर्सि नाती. धनवांडाको र ग्यानवृद्धिंसि वांडाको घर—

| | | | | | |
|---|---|---|---|---|---|
| वारी पाताल षा | ९ जवा | ३ हात | १५ | अंगुल | ० |

विरमान नेवारको वारि—

| | | | | | |
|---|---|---|---|---|---|
| पाताल षा | ३ जवा | ० हात | १४ | अंगुल | ३ |

देवानन्द वाँडाको वारि—

| | | | | | |
|---|---|---|---|---|---|
| पाताल षा | ४ जवा | २ हात | १२॥ | अंगुल | ६ |

सुनार वस्याको रैंकर घर—

| | | | | | |
|---|---|---|---|---|---|
| घर षा | १ जवा | ३ हात | २०॥ | अंगुल | ० |
| पाताल षा | १ जवा | ० हात | १४ | अंगुल | ३ |



ह्नु नरसिंको वारी—

| | | | | | |
|---|---|---|---|---|---|
| पाताल षा | २ जवा | ३ हात | २३॥ | अंगुल | ४ |

भान्नर्सिको वारि—

| | | | | | |
|---|---|---|---|---|---|
| पाताल षा | २॥ जवा | ० हात | २०॥ | अंगुल | ० |

पुरानाघरको असामीवार तपसिल्

हाम्रो प्रवेश हुदा नेवारलाई हरि अघी वक्स्याको घर—

| | | | | | |
|---|---|---|---|---|---|
| घरषा | १० जवा | १ हात | २१ | अंगुल | १ |
| चोकपतालषा | १ जवा | ३ हात | ० | अंगुल | ११ |

धिर्जनारायण ग्यानेश्वर वाँडाको घर सुक्रीविकी गरि वक्स्याको

| | | | | | |
|---|---|---|---|---|---|
| घर षा | ३ जवा | ० हात | ११ | अंगुल | २ |
| पातलषा | ० जवा | ३ हात | ११ | अंगुल | ९ |

अर्को धर्म्म नारायणको घर सुकी विकी गरि वक्स्याको

| | | | | | |
|---|---|---|---|---|---|
| घर षा | ३ जवा | ० हात | १७ | अंगुल | ८ |
| पातालषा | १ जवा | २ हात | १९ | अंगुल | ९ |

वैलोचन भगवान्को सुक्री विक्रीगरिवक्स्याको

| | | | | | |
|---|---|---|---|---|---|
| पाताल षा | ३ जवा | १ हात | २१॥ | अंगुल | ४ |

जग्य नरायण झाको घर र किस्नसिं विस्नुसिं नाउको घर सुक्री विक्री गरि वक्स्याको

| | | | | | |
|---|---|---|---|---|---|
| घर षा | ५ जवा | ३ हात | १ | अंगुल | ५ |
| पाताल षा | १ जवा | ० हात | ७ | अंगुल | १ |

राजिन्द्रको घर सुक्री विकी गरिवक्स्याको—

| | | | | | |
|---|---|---|---|---|---|
| घर षा | १ जवा | १ हात | १२ | अंगुल | ० |
| पाताल षा | ० जवा | २ हात | ११ | अंगुल | ० |
| सवपुराना जम्मा घर षा | २८ जवा | ० हात | ० | अंगुल | ८ |
| सवपुराना जम्मा पाताल षा | ६ जवा | ० हात | ४ | अंगुल | ३ |

इति सम्वत १८६८ साल मिति चैत्र सुदि १५ रोज ६ मुकाम कान्तीपुर शुभम् "—×

[यस लालमोहरको पछिल्तिर मार्फत भै पुछ्रे सहि गर्नेहरूः—मार्फत वषतावर्सिह वस्न्यात्. मार्फत विरकेसर पांडे. मार्फत वखत सिं वस्न्यात्.

× यस लालमोहरमा श्री ५ महाराजाधिराज गीर्वाणयुद्धले पान खाएर थुकेको दाग कागतको पाताभरी स्पष्ट छ। यसैलाई फिकदार लालमोहर भनिन्छ।

मार्फत दलभंजन पाँडे. मार्फत वहादुर भंडारी. मार्फत उदयगिरि. मार्फत वालनरसिह कुंवर मार्फत अजमरसिं पंथ. मार्फत मोटु पाँडे. मार्फत यदुनाथ पुरोहित मार्फत रणविर सिंह मार्फत प्राणसाह. मार्फत वीरभद्रकुवर. मार्फत फौदवीर राना. मार्फत श्रीनारायण पंडितराजः रुज रणद्योत् साह मार्फत जान साह. मार्फत रणध्वजथापा ]

नं ११ रणजंगको मुख्तियारी सवालको लालमोहर.

श्री दुर्गाज्यूः

[ लालमोहर छाप ]

गुरु १

श्रीनाथ २ श्रीकुमारि ३

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावलि विराजमान मानोन्नत श्री मन्महाराजाधिराज श्री श्री श्री राजेन्द्रविक्रम साह वहादुर सम्सेर जङ्गदेवानां सदा समर विजयिनाम् —

आगे काजि रणजंग पाँडेके हाम्रा भरमुलुकको जंगिमुलुकि गैह्र सवै काज काम गर्नाको मुषतियारि तलाई गरि गर्ना कामको सवाल गरि वक्स्यौं हाम्रो वंन्या सप्रन्या काममा तत्पर भै निमक्को सोझोचिताई सवाल-वमोजिम. मुषतियारि जानि कामगर् —

तपसिल

प्रथम सवाल—देशदेसावरमा चिठिपत्रजादा र कसैलाइ जागिर काम कुरा गैह्र षर्च इनाम पात वक्स दिनु पर्न्या कुरामा विंति पारि हाम्रा सल्लाहाले हुकुम वक्स्यावमोजिम गर्नु १

दोश्रा सवाल—कोहि मानिसहरूले किफायत गर्छु भनि हाम्रा हजूरमा विन्ति गर्दा निसाफका रूहसंग तैंले जाँचि काममाफिकको सवाल हाम्रा हजूरमा विंति पारि गराइदिनु सवाल भन्दा घटि वढि पारि अर्घ्यालि गर्न्याहरूलाई हाम्रा हजुरमा विंति पारि हुकुम वक्स्यावमोजिम विराउ-माफिक सजाय गर्नु २

तेश्रो सवाल—मुलुक मुलुकबाट धेरै रैति कराउन आउछन्. तेस्तामा जाँच बुझ गर्नु पर्न्या भया एक्फेरा आफ्ना प्रतितको मानिस पठाई जाचि अघि परापूर्व देषि चलिआयाका थिति वमोजिम घटन्या ठाउमा घटाइ बढन्या



ठाउमा वढाइ तेरा तजविजले हाम्रा वंन्या सम्प्रन्या जसोगरि हुन्छ सोमाफिक हाम्रा हजूरमा विन्ति पारि गर्नु ३

चौथो सवाल—हाम्रा मुलुकका छोटा बडा रैति गैह्र कराउन आउदा हाम्रा हजूरमा विन्तिपारि...१...प्रोहित चौतरिया काजी सरदार गैह्र भै भारादार कसैका मोलाहिजा नराषि हकनिसाफ गरिदिनु ४

पाँचौ सवाल—कर्मचन्डाल भिमसेन थापा मुषतियार भयामा उसले आँटि दियाको र दिलायाको विर्ता जस्ताको तस्तो हक वेहक ठहराई जवद गर्नु. अधिका पुराना मिहिनत् गरि पायाका र किनुवा पिकदार वेष जवद नगर्नु मरवट् अधिका तिथि वमोजिम गरि जवद गर्नु ५

छैटो सवाल—तेरा चुकलि कसैले हाम्रा हजूरमा गर्‍या भन्या हाम्रा मनमा. येकोहरा चुक्लिका कुरा कत्ति नराषि निसाफ गरि वक्सौंला तैंले कसैको चुकलि विन्ति गर्‍यामा पनि साँचो झुठो ठहराइ मुनि वक्सौंला ६

सातौ सवाल—षजाना कौसि तोसाषाना सदर दफतरच्योग्रा कौसि...२... चौक ३...कंपुका दफतरषाना अदालत कंपुपल्टन् दुई तेरा तैनाथ् राषि-वक्स्यौं हाम्रा निमक्को सोझो चिताइ काम गर्नु ७

आठौ सवाल्—हाम्रा भरमुलुकका छापमा घर परियार भन्सार थामि अर्घ्यालो जगा कट्टि गरि झिकनु ८

[ यसमा मिति छैन ]

नं. १२. वंडापत्र

श्रीदुर्गासहाये

श्री ५ महतारि १ धर्म २

स्वस्तिश्री लिषितं भिमसेन थापा बषताबरसिंह थापा रणवीरसिंह थापा उजीरसिंह थापा. आके—हामि भाइहेरुलाई आफना आफना कोठाको लाषतिरन जो छ आफैले षानु. भाइले अंस नगर्नू भनि ...१.... वाट वन्देज वाँधि...२ ....गरिवक्सनु भयाको हो....१...स्वर्ग हुनु भया पछि अघि ..१...वाट गरिवक्सनु भयाको वन्देज...२...थामनु कि कसो गर्नु भंन्या सल्लाह हुँदा साँहिलासित नुवाकोट सवजीत थापा वासुदेउ षडका-लाई पठाइ यो कुरा कसो गर्नु भनि पठायामा साँहिलाले...१...वाट गरि-वक्सनु भयाको वन्देज...२ ..थामन्या हो भनी सल्लाह पठाउँदा सवै भाइले थामन्याको कवुल गर्‍यौं विर्ता षेत षुवा मध्ये काँहिलाका दुइस्वास्नीलाई

जिउनु दियाको लुहकोट सतंगोल लुभूषेत ४।० मध्ये काहिंलाका छोरा दलवाहादुर माफिक्को भाग रणवम् भोटुसंग किन्याको घर १ विर्तामध्ये लुहकोट सतार गोर्षा ताकलूँका षेत् ६।२ मध्येस गाउँको आमदानि मध्ये रुपया ४०० दी—विर्ता लुभू किर्तिपुर मछिगाउँ सतंगोल लूँहकोट काठमाडौ जेगाल सतार माकलुं गोर्षाका षेत र षिच्यात गाउँ वाहिक्का षेत घरवारि नेपाल पहाडको समेत औ....१...ज्यूसँग रह्याको घर संपति ७७ सालको वालि हाम्रा षानगी जागिर मानाचावल मध्ये...१....ज्यूवाट घरषर्चलाई लिनु भयाको कर्जा रुपया तारि आजसम्म घर दाखिल भयाको. मिनाहा दी. वाँकि रह्याका वालि भाइहिस्सा छुट्ट्याइ सवँ भाइले आफनाआफना अंस-वंडा गरिलिञौं सवै भाइले विर्ता षिच्यात्. षुवा मध्येस् अमाउ पिपरा कुर्था गयेरह गाउँ पालपाको विर्ता घर जमिन् जग्गा मध्येस साजा राष्यौं जो पैंदा भयाको आमदानि मध्ये काहिंलाका स्वास्निर छोरालाई दियाको रुपैया परसारि सवै भाइले बाँडिखानु. जनरलबागको घर बारी षेत् मैले-अपना ....२....इक्षाले बनायाको छ. येस्को साटो तिमीभाई छोरालेऊभन्दा येस्मा हामी भाइ छोराको लाग्दैन. सट्टा पनिलीदैंन कालकला हामिहरुको लाग्नास्ति भनी लेषिदिञौं. भाइहिस्सा हुँदा आफना आफना अंसमा पऱ्या-बाहेक् पछि जसले लोभानि राषि झगडा गर्ला सो भाइ झुट्टा भनि वन्देज गरि हामि सवैभाइले आफना मनोमानसित आपनु आपनु अंस छुटचाइ वंडागरि लेषिबमोजिम तफसिल्माफिक विर्ता घर षेत बारिलिञौं काल-कला झैंझगरानास्ति वेउजुर येस् बात्का साछि सर्वजीत्थापा इन्दिवर-जोसी वासदेउ षडका जसिवन्तषडका लिषक साछी गुणवन्त — —

तपसिल

भीमसेन थापाको अंस—

| | | | |
|---|---|---|---|
| षेत ज्मा | | | ११।९६।१० |
| किर्तिपुर काँडोल | ३।३० | काठमाडौं नया घर | १ |
| सतंगोल कोटाफल | १।० | अँजन बुर्जावैठक् वारि स्मेत | १ |
| लुभुसुका फल | ११३४।१० | | |
| षिच्यात कागुन्या सेरो | ४।२० | नुवाकोट घरवारि स्मेत् | १ |
| गोर्षा ज्यादुल दुम्ऱ्या | | | |

वषतावरसिंह थापाको अंस—

| | | | |
|---|---|---|---|
| षेत ज्मा | | | ११।९८ |
| मछिगाउ ग्वालफल | १।४ | ताकलुं ज्याविर्दि | ।२ |



| | | | |
|---|---|---|---|
| लुभु तिलवु | १।७।१० | अँ पाँर्दुदि सोतो | ।४ |
| अँ दहसि | २।९ | अँ जोग्याटारि | ।५ |
| अँ दीफुस्-६० म | ।२० | अँ कदुवा | ।१० |
| अँ पिगला | ११।१० | अँ आम्वोट | ।२० |
| गोर्षा उपल्लो वाह्लवीस्या | २।० | अँ वाझांगह्ला | ।१५ |
| सतार फेदि | १।२० | अँ ऐं २ ठाउगरि | ।५ |
| ताकलूंढोडयानी द्वाऱ्याले षायाको | १।' | अँ आध्याटार | ।१० |
| अँ प्रोहितले षायाको | ।२० | अँ सिलिटार | ।१० |
| अँ कटुवालले षायाको | ।१० | अँ आध्याटार ढाव | ।१ |
| अँ आम्वोटचा | ।५० | अँ कैदल्या | ।५ |
| अँ दोभान् | ।२० | अँ सुनाढाव | ।८ |
| अँ कुदुँल्या | ।३ | अँ आध्याटार पुछार | ।२ |

| | |
|---|---|
| काठमाडौ-जेगाल १२१ म | ४० |
| विर्ता ताकलुँ षुवा | १ |
| ताकलुँको घर | १ |
| काठमाडौं पुराना घरमध्ये | |
| आधि इनार भयाको चोक पट्टि | १ |

रणवीरसिंह थापाको अंस—

| | | | |
|---|---|---|---|
| षेत ज्मा — | | | ११।९८ |
| मछिगाउँ हरिडोल १०० मध्ये | ।५० | षिच्यात अलस्याढुंगो | |
| काठमाडौं जेगाल १२१ मध्ये | ।४०।१० | अर्चल्या १७२ मध्ये | १।२० |
| लुभु डुगुलतार | ।४०।१० | ताकलुंढाँड्या | १। |
| अँ ज्यागटा | ।६० | अँ सिसन्यारी २ ठाउगरी | ।१५ |
| अँ आफल | ३।२२।१० | अँ पिपल्या दोभान् | १५ |
| गोर्षा वाह्लविस्या तहलो | १।२१ | अँ अँ | ।१५ |
| अँ राना षोला | ।७२ | अँ जिषादि २ ठाउ गरि | ।३ |
| सतार मुलसेरो २४० म | १।२० | अँ छतिवनबोट | ।२० |
| लुभु दिफुस् ६० म | ।२० | अँ बाझा गह्रा २ ठाउ गरि | ।३० |
| | | अँ ज्यूदि षोला | ।१ |

गोर्षाको घरवारिस्मेत — १ काठमाडौ पुराना घरमध्ये आधि मुलचोकपट्टि १
अँ नया नसिद्धियाको बैठक १

अँ नया छुट्टा घरको चोक. तेस्को साँध पश्चिम घरका पेटिमनिको गल्ली दक्षिणधारा जान्याबाट पुर्व पर्खाल उत्तर मुलवाटो गल्लि भित्रको जमिन चोक १

## उजीरसिंह थापाको अंश

| | | | |
|---|---|---|---|
| षेत ज्मा | | | ११।९८।१० |
| काठमाँडौं त्रेगाल १२१ म | १४०।१० | गोर्षा अँवलावोटचा | १।६८ |
| मछिगाउ हरिडोल १०० म | ।५० | अँषातदि १०० म | ।४० |
| सन्तगोल काभन्या | २।१४ | ताकलुम जीदि जैरीब्यासी | १।० |
| लुभु मिन्नाथलि | १।२० | अँ आध्याटारि | ।२६ |
| अँ. उध्को | १।५३ | अँ ग्याद्याडाडा | ।१४ |
| सतार मुलसेरो २४० म | १।२० | अँ भैस्यापोल | ।५ |
| षिच्यात् अर्चल्या अल्स्याढुंगो १७२ म | ।८६ | अँ सिमल्या | ।१५ |
| लुभु दिफुस् ६० म | ।२० | अँ स्याउत् पानि | ।५ |
| काठमाडौं नया छुट्टा घर दफदर- | | अँ आम्वौट २ ठाउगरि | ।१५ |
| षानाको चोक स्मेत् | १ | अँ ढोबदि | ।५ |
| अँ नया तवेला. | १ | अँ स्याउत् पानि | ।२ |

काहिलाका छोरा दलबाहादुरको

| | | | |
|---|---|---|---|
| षेत ज्मा — | — | — | — ६।२ |
| लुहकोट सिर्सि डोल् | १।० | गोर्षा फेदि ढाँडचा | ।६२ |
| अँ. अँ. | ।८० | अँ षावदि १०० म | ।६० |
| सतार ढुंग्या | १।८० | ताक्लुं चलिस्या | ।६० |
| मध्येस् गाउँका आम्दानि | | अँ अर्चल्या | ।१५ |
| मध्ये रुपया | ४०० | अँ पांडुदिं | ।८ |
| काठमाडो रणवम् भोटुसंग | | अँ अँ | ।७ |
| किन्याको घर | १ | अँ ग्याम्रा डांडा | ।१५ |
| | | अँ संष नारान्को वावुले षायाको | ।१५ |

काहिलाका स्वास्नि दुइके जीउनि — — — —

| | | | |
|---|---|---|---|
| षेत ज्मां | | | ४।०।५ |
| लुहकोट सिर्सिडोल | १।१२ | सतंगोल गजवु | ।६४ |
| अँ अँ | ।२० | अँ अँ | ।१६ |



मध्येस् गाउका आम्दानि मध्ये रुपया ४०० लुभु झुट्टि १।८८।५

सबै भाइको सजिया रह्याको विर्ता षिचयात् षेत वाहिक गाउ घर पुवा मध्येस् अमाउ पिपरा कूर्था गैरह मौजे पालपाको विर्ता घरवारि षेत जमिन् जगा मध्येस् येति जगाको आम्दानि सवै भाइले वाडि षान। इति सम्वत् १८७७ साल मिति श्रावण शुदि ५ रोज २ शुभम्।

( यसको शुरू बायाँ किनारमा लहरै चारवटा छाप छन् )

## नं. १३. महारानी ललितत्रिपुरासुन्दरीको मृत्युको सूचना पत्र

स्वस्तिश्री मन्महाराजाधिराज कस्य रुक्का—

आगे चौतरिया पुष्करसाह प्रति श्री ५ वडा वज्याज्यूका गातमा पहिले सर्दीका भावसंग ज्वरको प्रवेश भयाको थियो उस्तै विचमा संधिपातले प्रवेशगर्दा श्रीदैवको इक्छा कसैले टारिसक्नुरहेनछ चैत्रका दिन १६ जाँदा सोमवारका दिन व्यहान श्री आर्यातीर्थमा जलयोग पाइ सचेतै संग उसवषतमा हुन्या दान पूण्य सवै भैकन मुक्त हुनभयो आशौचवार्नालाई धर्म सास्त्रमा ठहऱ्याको पुर्जि वक्सी पठायाकोछ. सो वमोजीम जुंघादाह्री समेत सवैले मुण्डन गरी आ सौच मान्न्या काम गर उपरलाई पनि तेहि उर्दि सुनाइ दिनू. इति सम्वत १८८८ साल मिति चैत्र वदि १० रोज २ शुभम्— "।

### असौच बार्नेपुर्जि

व्राह्मण वाहिक अरू जात सवैले जुंघा समेत मुंडन गरि तेह्रदिन सम्म आसौच बार्नु. आसौच वारंजी षानज्यादा वाहिक अरूले टोपि लाउनु आसौच वारंजी देव देवताका वाजा न बजाउनू. पूजा मात्र गर्नु. तेह्रदिन उप्रांत वर्षिसंम ब्राम्हणसमेत सवैजातले वीवाहा दि काज्यें गर्दा वाजा नवजाउनु. तेह्रदिन उप्रांत जंगीनानावाना लगाउनु जंगी वाजा वजाउनु देवताका वाजा पनि बजाउनु वरषी सम्म व्राम्हण वाहिक अरूजात सवैले रंगीन छाता लाल पोसाक लाल टिको पान छालाका जूता बार्नु. हाथी-वाहिक अरू सवारीगर्नु सेतो पगरि वाधनु विवाहा गर्दा चतुर्थि सम्म लाल टिको लाल पोसाक लालझापन दुलहि मढेउलीले नवारनु वीवाहादि कार्यगर्दा वन्दुक नपट्काउनु तेह्रदिन उप्रांत पाटि पौवा देवालयगजूर साँघु प्रभृती धर्मको काम सवैले गर्नु हुंछ, व्राम्हणले ३ दिन आसौच वार्नु जंघावाहिक मुन्डन गर्नु सवैले घरबनाउनु हुंछ. धुरि मार्नु हुँदैन शुभम्।"

नं. १४ रणजंगको चीनपत्र

विंतिपत्रम्

उप्रांत. हिजो हाम्रापुर्षा. गोर्षाका दर्व्यसाहका पालादेषि हाम्रा पुर्षा सेवक हुं तपनि चिन वात्साहका वाहुलि सिरपर रहनाले काज काम गर्थ्या वाह्रहजारको वाउन्न लाष गराउदामा श्रीवडामहाराजा पृथ्वी नारायण साह. मंत्रि कालुपांडे भइ. वाह्रहजार गोर्षाले. बाउन्न लाष मुलुक आर्ज्याको हो. भोट तरफको काज कामलाइ. आज देषि पछि सम्म पाँडेले गऱ्या वढिया हुन्याछ. भनि भोटको. हुकुम आउँदा. हाम्रा श्री महाराजाबाट वढिया हुकुम आयो पाँडेले भोट तरफको कामकाज गर भनि मर्जि हुँदा हाम्रापुर्षाले काजकाम गऱ्या को हो. पछि वाहादूरसाहाले श्रीरनवहादुर-साह महाराजलाई. गोधमा ली काजकाम गर्दामा. हाम्रा पुर्षालाई छोडि अरु भारादारलाई हात लि, सिकार्जुङ्घ हाम्र मदत ठहर्दा. हाम्रा वावा दामोदर पाँडेलाई पनि सोधनि भयो. सोधनि हुँदा दक्षिणतरफमा तर्वार गर्न्या उद्योग चलाउन्या हाम्रो मित्र हो. उत्तरदिसाका भोटका राजासितको जो तर्वार गर्ला उ हाम्रो सत्रुहो भनि श्री वडामहाराजा पृथ्वीनारायण शाहवाट अतिसिक्षा हुकुम भयाको छ यो काम हाम्रा हातवाट हुन्या छैन. भनि विंती गर्दा हाम्रा वावाको विंति नसुनि—अरु भारादारका मद्दत पछिलागि अकतियार गराई. लडाञि गराया. उनै भारादारका छोरा. आज मुष्तियार छन्. छोटा मानिसका कुरा चुकलीसुनि साठी सालमा हाम्रा वावा दामोदर पाँडेलाई माऱ्या. हाम्रो घरमा लुट् पिट पऱ्यो हामि भागि फिरंगीका मुलुकमा पुग्दा. फिरंगिले पनि हामिलाई मैन्हाका दरमा ६ हजार रुपैया र वाह्र हजारको जमिन् विर्ता दिन्छू भंथ्यो. हामिले हाम्रा राजाले छोटा मानिसको चुकली सुनि. हाम्रा वावालाई माऱ्या तपनि श्री गिर्वाणयुद्धविक्रम शाह माहाराजा हुनुहुन्छ. वढर्चापछि पुर्पक्ष निसाफ पाउँला भनि रह्याका थिञु. दु (इ) वर्ष पछि सवै नेपालको भुभार वुझी नमार्न्या काजी दामोदर पाँडेलाई माऱ्याँछु, मार्न्या मानिस रह्याका रह्याछन् भनि श्री रणवहादुर साह स्वामीज्यूका हुकूम हुँदा उनै भारादारका षेलले गद्दीमा तरवार चलाई. रणवहादुर साहलाई माऱ्या. पछि पनि चुकली षोरकुरासुनि—श्री महाराजा गिर्वाणयुद्धविक्रम साहवाट निसाप पुर्पक्ष नवक्स्या पनि. श्री चीन वात्साहवाट सरण पीछा हिजदेषि लियैको छ. भनि वायुको आहार गरि वात्साहका चरणको ध्यान गरि रह्याका थिञ्यु. उसै विचमा फिरंगी वढचो भनि—हामीलाई वोलाहट भयो र



हामि नेपालमा उठ्युं. उसै विचमा श्री गिर्वाणयुद्धविक्रम साह. परलोक हुनुभयो. आजकाल श्री महाराजा वढन लाग्नुभयो. हामिले गऱ्याको वात कर्तव्य सबै षुलन लाग्यो भनि आजकालका भारादारले सल्लाह् मद्दत वाँधि जर्णेललाई कलकत्ता पठाया. फिरंगीसितको घादोस्त ठुलो मर्यादा देखतामा अधिको चीनवादसाहसितको दोस्त विग्रन लाग्यो भनि छोटा वडा प्रजाप्राणि वोलन लाग्या. हाम्रा तजवीजमा पनि श्री चीनवात्साहलाई घटाइ फिरंगिलाई वडो गरि श्री हाम्रा महाराजका हजुरमा विंति गऱ्याको सुन्दामा देषतामा हाम्रा चित्तले पनि अधिको चिनवात्साहसंगको सलट्नट् छुट्न लाग्यो भनि वात्साहका हजूरमा विंति गरि पठायाको छ. हिजोदेषि गोर्षाको सरणपिछा श्री वात्साह हुँ...लियैको छ भनि हुकुमभया ओज श्री हाम्रा महाराजा वालक हुनु हुँन्छ तपनि यो फिरंगीलाई हाम्रा वावा दादाले पनि काटचैको हो आज पनि वात्साहको हुकुम मद्दत र हाम्रा वावा दादाको हिजोको दर्जा पत्याया वक्स्या यो फिरंगिलाई काट्न सक्न्यै छौं. कलकत्ता इनले पठायाको कार्य सिद्धभयो भन्या. राजा प्रजाले पनि दुष पाया चिनवात्साह मांन्या भनि हामिलाई पनि वडोदुष पर्नलाग्यो राजा प्रजा हामिले वडो दुषु पाया पछि श्री चीनवत्साहको पनि. धर्मनै त रहेन विंति गरि पठायाको वात षुल्न गयो भन्या फेरि हामी पक्रिन्या वाँधिन्या छौं जो हुकम छोटा मुलुकमा वस्याका छोटा वुद्धि भयाका सर-अवसर माफ भया जाला शुभम् — — —

श्री रणजंग पाँडेको कोटि कोटि सेवा सुभम्

येसको शक्कल (संवत् १८९३) ९३ साल माग वदि ४ रोज १ का दिन ल्हासा गयो—यो नक्कल उताऱ्याको हो।

नं० १५ फौजी तैनाथी झिकिएको विषयक पत्र

(प्रशस्ति....) लाहोर काजी कालुसिं कप्तान करवीर षतृके

उप्रांत ताहाँ तिम्हेरुबाट षै षवरको अर्जि पत्रहरू न आयाको ढेरै दिन भयो. देशको वास्ता छ षै षवर स्मेत् अर्जिपत्र चहाइ पठाउँदै रहन्या कामगर्नु जाहाका अर्थ र सवै कुराले कुशल क्षेम आराम वढीयैछ. आषाढ सुदी ११ रोज ६ कादिन जाहा सवैका तैनाथी फौज झिकी हाम्रा हुकुमले जस्जस्का तैनाथ जतिजति राषि वक्सौंला सो माफिक् रहनु पर्ला भन्या उर्दिदी सवै फौजलाइ षास् राषनाको वन्दोवस्त वाँधन्या काम गरीयो इति सम्वत् १८९४ साल मिति श्रावण वदी २ रोज ४ शुभम्"।

नं० १६—पुत्र वियोगमा महारानीको पत्र

श्री जेठामहारानीबाट

श्री ३ जेठ महारानीका श्री श्री श्री मन्मातृ चौरासी कुमारी देवीषु गोरष-पुर चिलवा गयाको चिठी (नक्कल)

(प्रशस्ति)

"उप्रांत श्री कांछा नानीलाई अघिदेषि अलिक बेराम हुन गयाको थियो वैद्यहरूले विष पऱ्याको औषधि षुवाइ दिदा उसै औषधिले श्रावण महिनाका दिन ११ जांदा सोमवारका दिन श्री कांछानानी मुक्त भया. हामि-लाई वडो अपसोच परिरहेछ. यो चिठी पुगनी मात्र येकफेरा (श्री काका-ज्यू श्री मामाज्यू) लाई लि हाम्रा हजुर आउन्या कामगर्नु हवस उपर विस्तार जाही आया पछि होला इति सम्वत् १८९४ साल श्रावण वदी १४ रोज २ शुभम्"।

नं. १७. भीमसेन थापाको आत्महत्या संबन्धी पत्र

(प्रशस्ति)

उप्रांत राजद्वारमा विषाधी औषधी नगर्नु भंन्या सास्त्रमा पनि छ. अघिदेषि हाम्रा दरबारमा विषाधि औषधि नगर्नु भंन्या उर्दिपनि भयाको थियो मनाही भयाको छदाछदै हाम्रा कांछानानीलाइ ९४ सालका आषाढ महिनामा वेराम हुन गयाको श्रावण महिनाको ११ दिन जांदा मुक्त भया. इनै मुक्त भयाकालाइ इलाज दिदामा भाजुमन वैद्यले हाम्रा हजुरमा विंती नगरि अफिम धतुरो विष पऱ्याको औषधि खुवाइ यस्तो हुन जांदा त्यो विष पऱ्याको औषधि खुवाउदामा भीमसेन थापा एकदेव वैद्य सिवानन्द भवानी इन्हेरुको समेत सल्लाहको भनी येही वैद्यले विंती गर्दा इन्हेरुको धन माल जफत गरी कैद गरी राष्याका थिया. अघिदेषिका कुरा षोजिदै थिया एकदेव वैद्यलाई ल्याइ षारषेर गर्दा हजूरका कांछा नानीलाई विष पऱ्याको औषधि दिन्या कुरामा भीमसेन थापाका र मेरा सल्लाहाले हो भनी वक्ता उसै कुरामा पनि कायेल हुँदै आयाको मुषले वकनु मात्र वाकिरह्याको थियो पछि पनि विष पऱ्याको औषधि नगर्नु भनी मनाही गऱ्याको थियो. विचमा एकसूर्य वैद्यले एकदेव वैद्यका सल्लाहसँग हाम्रा हजुरमा विंति नगरी विष समेत मिलाइ हरिताल पाऱ्याको औषधि यो औषधि वढिया छ भनी झुकाइ औषधिको पोका हाम्रा हजुरमा चढाउन आयाको रहेछ. सो कुरा प्रकाश हुन जांदा मनाही भयाको कुरामा विष-



समेत मिलाइ हरिताल पऱ्याको औषधिको पोका किन चढाउन आयियिस् भनी भंदा जानिन विराजाभनी कायल भयो र येस वैद्यलाई पनि कैद गरी राष्याको थियो फेरि पछि कैद भयाको एकदेउलाई झिकी षारषेर गर्दा हजुरका कान्छा नानीलाई पनि विष पाऱ्याको औषधि षुवाउँदा मेरो र भीमसेन थापाको सल्लाह हो अघि हजूरका श्री ५ मुमाज्यू र श्री ५ वुबाज्यूलाई पनि विराम हुँदा भिमसेन थापाको सल्लाहले विष पऱ्याको औषधि षुवाइ वैकुण्ठवास गरायाको हो भनी कायल भयो र भिमसेन थापासँग जोरी पुर्पक्ष गर्नपर्ला भनि उसै कयदमा रहन गयाको थियो पुर्पक्ष भयाको थियन तेस्तै विचमा एकदेउ वैद्यले यो अघि पछिको सवै कुरा वक्याको थाहा पायेछ र आफुले गऱ्याको अघिको र पछिको कुकर्म प्रकाश हुन लाग्यो भंन्या डरले कसैले थाहा नपाई हतियार मगाई ९६ साल श्रावण महिनाका दिन ८ जाँदा हतियारले आफनु गला आफैले काटी अपहत्या-गरी ९ दिन वाँची श्रावण महिनाका १८ दिन जाँदा भीमसेन थापा मऱ्यो. अघि पछिको यस्तो कुकर्म गर्न्या वैद्यहरू पनि जो जो थिया सवैलाई विराउ माफिक जो जो सासना गर्नु पर्न्या हो सो सो सासना भयो त्यस्ले येस्तो कुकर्म गरी अपहत्या गरी मऱ्याको षवर आफुहरूछेउ पनि विन्ती गरि उठाउन्या हो भन्ना निमित्त लेषियाको हो इति सम्वत् १८९६ साल श्रावण शुदि ३ रोज २ शुभम् — — — —।

—०—

नं० १८—चीन गएका चौ. पुष्कर साहको नाममा पत्र

( प्रशस्ति )

( आगे चौतरिया पुस्कर साहप्रति ) मार्ग वदि ६ रोज ७ का मितिमा ठिन्दुफु वाट चऱ्हाइपठायाको अर्जि माघ शुदि १३ रोज ४ का दिन आइ-पुग्यो अर्थ जाहेर भयो. उप्रांत ठिन्दुफुमा चुन्दुर च्यान् चुन् सँग वढियैं तरह सँग भेट मुलाकात भयो तेसै दिन वक्सी पठायाको कृपा पत्र आइ-पुग्याको थियो त्यो चिठिकस्को वया विहोराको रहेछ भनि तालोयहरूलाई सोधन पठाया छन् हाम्रा ष्वामिदवाट वक्स्याको लालमोहर हो फिरंगी-लाई निकोमान्न्या भारादारको सर्वश्व भयेछ. नेल पनि पऱ्या छन् हाम्रा-सर्कारवाट (चिन) वादशाहलाई यस्ता डवल सँग एकचित्त गरी मांनु हुन्छ वादशाहको वया मेहरवान्गी हुन्छ भन्यां र एस पाला वादसाहको ठुलो मेहर्वान्गी हुन्या छ भनी चुन्दुले भन्छन् भन्न्या कुरा गऱ्या १ दिन मुकाम

गरि सरासर जान्या कामगर्छु भन्न्या विस्तार विन्ति पठायाका अर्थ चुन्दुर च्यानचुन् सँग भेट घाट भै भयाका वात् चीतको र त्यो चिठि कस्को क्या व्यहोराको रहेछ भनि सोधन पठाउँदा तालोयहरूसित भयाका कुराकहानीको समेत जो भयाको विस्तार विन्ति गरिपठाउन्या काम वढिया गऱ्याछौ अव त तहाँवाट हिडी चीन पुगन्या कामगऱ्याहौ जोचाहिन्या कामको हुकुम ववसी पठायैको छ. हाम्रा वन्न्या सप्रन्या काममा तत्पर भै भरिसक्य गर्न्यैछौ अड्डा अड्डावाट आफनु कुशल क्षेमसमेत हाल सुरत् विंति गरीपठाउन्या कामगर्दै रहनु इतिसम्वत् १८९४ साल मिति फागुन वदि ३ रोज २ शुभम् — — — —

नं. १९. 'सिंहनाथ कंपनी' संबन्धी लालमोहर

श्री दुर्गा

श्री गुरु पंडित राज

श्री रंगनाथ पंडितज्यू

१ श्री सिंहनाथ २

स्वस्तिश्रीमन्महाराजाधिराजकस्य रुक्का—

आगे कुम्भेदान रणवीर महत्प्रती वडा आदमी आउँदा कोही राहदारी लि आउँछन् कोही नली आउँछन् चाँद वाध्याका पगरिहरू तिलंगा हुन्छन् रोकौ भन्न्या क्या पर्छ भंन्या संदेह हुंछ कसोगर्न्या हो भंन्या विस्तार तैंले....१....लाई लेष्याका चिठिले हाम्रा हजुर जाहेर भयो. अघिदेषि आजसम्म वंदोवस्तभै विना राहदारि जान आउन नदियाका र....२... पल्टन् वाहेक अरू जाहाबाट जान्या भर भारादार कंपुपल्टन् कंपनी गैह्र छोडा वडा कसैलाई पनि जानदे भंन्या हाम्रा लालमोहर लि आउन्या र...१....को राहदारि दस्षतलि आउन्याहरूलाई जाँचि जानदे नरोक उसं राहदारी नलीजान्या. भर भारादार कंपुपल्टन् गैह्र छोटा वडा जो मुकं भयापनी जान नदी रोकी हाम्रा हजूरमा विंती गरी पठाउनु हुकुम भया „ वमोजीम गर्नु सं. १८९४ साल चैत्र वदी १० रोज ४ शुभम्

नं. २०. भीमसेनको सर्वस्व फिर्ताको लालमोहर

स्वस्तिश्री गिरिराज चक्र चूडामणि नरनारायणेत्यादि विविध विरुदावलि विराजमान मानोन्नत श्री मन्महाराजाधिराज श्री श्री श्री महाराज राजेन्द्र-



विक्रम साह वहादुर सम्सेर जङ्गदेवानाम् सदा समर विजयीनाम्—

आगे भीमसेन थापाके तिम्रा ९४ सालमा जफद भयाका घर षेत जगा जमिनका किनुवा विर्ता मध्ये वोर्लां थुमका पायो घर्घडचारि षेत औ क्यामुन्याटारका वगैचा घरषेत लगा पात स्मेत र काठमाडौका अम्वल मध्ये षीढल मेघावारी षेत लगापात र धोवि षोला षेत. डोल षेत औ विस्नुमतिको घट्ट समेत्का १५ सालका वालि स्मेत् फोइ वहाल गरि वक्स्यौं आफना षातिर जामां संग विर्ता जानि भोग्य गर. इती सम्वत् १८९५ साल मीती मार्ग सिल सुदी ५ रोज ४ शुभम्—

[यस लालमोहरको पछिल्तिर मार्फत भै पुछे सही गर्नेहरूः—

(१) मार्फत् रणजंग पाँडे (२) मार्फत पुष्कर साह (३) मार्फत् दक्ष साह (४) मार्फत् दलभन्जन पाँडे (५) मार्फत् रणजोर थापा (६) मार्फत् फत्य जङ्ग साह (७) मार्फत् तारानाथ अर्ज्याल (८) मार्फत् वालर्नासि (९) मार्फत् श्री रंगनाथ पंडित राज (छाप) (१०) मार्फत् श्री कृष्ण पंडित राजः (११) मार्फत् चामू भंडारी (१२) मार्फत् रणद्योत् साह (१३) मार्फत् जितमानसिं]

नं. २१ '६२ हरण सम्बन्धी लालमोहर

श्री दुर्गाज्यू

देव देवता १ धर्म २

स्वस्तिश्री गिरिराज चक्रचूडा मणिनरनारायणेत्यादि विविध विरुदावलि विराजमान मानोन्नत श्री मन्महाराजाधिराज श्रीश्रीश्री महाराज राजेन्द्र विक्रमसाह वहादुर सम्सेर्जङ्ग देवानाम् सदा समर विजयीनाम्—आगे. काजि जयवहादुर कुंवर प्रति ६२ सालमा ब्राह्मणहरूका विर्ता...१...का गुठि हरण भयाको हुनाले दर्वारमा कहिले पनि सुविस्ता हुन्या भयेन. ति गुठि विर्ता फोइ वक्स्या सर्कारको वढिया हुन्याछ भनि श्री प्रायममिनीष्टर कम्यांडर इन्चीफ जनरल जङ्ग वहादुर कुँवर गैन्हले हाम्रा हजूरमा विन्ति पार्दा ६२ सालमा जवद भयाका गुठि विर्ता नालमा दरियाका छन् त्यो झिकि वहाल् गराई दिया कंपू पल्टन् कंपनी षडा रहन्या छैन कंपु पल्टन् नरह्या दुश्मनको प्रवल भै हिंडुको....२....कर्म रहोइन. जवद भयाका गुठि विर्ताको पनि सट्टा हुन्या कंपु पल्टन कंपनि पनि रहि मुलुक थामि

हिंदुको...२....कर्म पनि रहन्या कुराको तह्विज् गरी षत्वापत् हरियाका र जांच भै कटियाका वाहिक ६२ सालमा हरण भयाका हाम्रा भर मुलुकका ब्राह्मणहरूका विर्ता र...१....का गुठी षेत पाषाको मध्येस पहाडका वैरान् पर्ति वाझा जमिनमा हाम्रा हुकुमले लालमोहर भै वन्द भयाका जग्गा र गौचर संधिसर्पन् पर्न्या वाहेकका जग्गामा सट्टामा दिनु. जगा आवाद गर्न-लाई षर्च निमित्त यथाशक्ति रुपैंया वक्सौला भनि १९०४ सालका वाली देखि गुठि विर्ताको सट्टा दिनलाई संकल्प गरिवक्स्याको छ. तेस् काममा चाहिन्या मानिस राषि षत् वापत हरियाका र जाँचभै कट्टि भयाका वाहेक ६२ सालमा हरण भयाका ब्राह्मणहरूका विर्ता...१...का गुठि जिल्ला जिल्ला कस् कस्का कति कति रह्याछन् जस्ताको तस्तो जाँचि हाम्रा हजुरमा जाहेर गराउनु. तस्को सट्टा दिनालाई मधेस् पाहाडका वैरान् पर्ति वाझा जमिन हाम्रा हुकुमले लालमोहरभै वन्द भयाका जगा र गौचर संधिसर्पन् वाहेकको जगा ठहराइ जवद् भयाका सालमा लेषिया वमोजिम षेतको लाउनि र पाषाको उठनिको जगा कत्ति घटवढ नपारी नाम जोष विर्तावारहरूलाई गुठि विर्ताको साध सिमाना लगाई जगा आवाद गर्नालाई जगा अनुसारको षर्च दिनु १९०४ सालका वालि देषि सट्टा दियाको गुठि विर्ता बेहोराई तस्को लालमोहर तांवा पत्र गराइदिनु भंन्या हुकुम वक्स्यौं आफ्ना षातिरज्मा संग ६२ सालमा लेषियाका कागज पत्र हेरी कसैका माया मोलाहिजा पछि नलागि जस्ताको तस्तो जांच वुझ गरि घटवढ कत्ति नपारि मध्येस पाहाडका वैरान् पर्ति वाझो जमिनमा हाम्रा हुकुमले लाल-मोहर भै वन्द भयाका जगा र गौचर संधि सर्पनका वाहेकका जगामा सट्टा दि साध सिमाना लगाई विर्तावारहरूका नाउँमा लालमोहर तांवापत्र गरि हाम्रा हजुरमा नजर गराइ सौंपिदे इति सम्वत् १९०३ साल मिति मार्ग वदी १२ रोज १ शुभम् ”

—०—

नं. २२. जर्नेली कर्नेली दर्जा खारेज सम्बन्धी पत्र

काजी कालुसिं कप्तान् करवीर षतृको नाममा गएको चिठीको लालमोहर

( को नक्कल )

(प्रशस्ति)

उप्रांत भीमसेन थापाहरूलाई कैद गर्‍याको र धन दौलत सवै जफ्त गर्‍याको निस्तार अघि वक्सी पाठायाका लालमोहरले विस्तार वुझियो



हो. हाल जर्नेली कर्नेली लेफटनी पगरी माफ् गरी पुरानु सिरीस्ता वमोजिम् चौतरिया काजी सर्दार कप्तान् कुमेदान सुवेदारि पगरिहरू मात्र राषन्या काम गरियो......( इत्यादि ) इति सम्वत् १८९४ साल श्रावण सुदी १० रोज ६ शुभम् ।”

—(०)—

नं० २३ पं. पद्मपाणिको पत्र

श्री गणेशायनमः स्वस्तिश्री ३ जर्नेल भीमसेन थापा श्री ३ काजि रणध्वज थापा महाशयेषु पद्मपाणि शर्मणः शुभाशीर्वादः उप्रांत दूरदेसको समाचार नषोली नवुझिन्या, षुल्या, वेगार होलाभंन्या हेतुले एस्तरहले लेषियो माफ्गर्न्या जाला. वाँकि वैसाषका दिन १५ जाँदा ग्वालियर दौलतरावका लस्करमा पुग्यौं शास्त्रि फागुनमा विदा हुनु भयेछ हाम्रो अवाइ सुंदा थामिनु भयाको रहेछ वाटामा भेटन आउनु भयो. हामि मुसाफिरिचालाले आयाका वस्त्र पात्रको मियिनाको वन्दोवस्त गरि. साथ लैगि गोपाल राव भाउसाहेव संग. रामचंद्र आपा संग भेटगराया. विस्तार सोधनि गर्‍या यथोचित प्रत्युत्तर दिजौं. आहा एस्तो बुझपर्‍याको रहेछ. ५४ साल देषिन् ओढो नेपालमा अनेक तरहको प्रकृति फिर्दा नष ( Knox ) प्रभृतिसंग सलूक हुँदा ६३ सालमा वडा वडा आदमी समेत प्रभूको ( स्वामी महाराज रणवहादुर शाहको ) वैकुण्ठवास हुँदा. तांहा फिरंगीका हात पस्छ भनि बुझ्याको रहेछ. ६३ साल देषिन ओढो. उत्तरोत्तर वृद्धि एक वाक्यता मुलुकमा वंदोवस्त सभ वातमा षवरदारी सहर, पुल, घाट र हरद्वारमा हवेली केदारको मन्दिर वनाउनु, धर्मतिर पनि चर्चा तोप वंदूक वारूद गोली रोजवरोज तयार हुन्छ. जंगीफौजले मजवुतिसंग भर मुलुक चयन रह्याको छ. भंन्या षवर अंतवाट पनि सुंदा विशेष शास्त्रिजीले भंदा प्रतिति परी वडो धाक् मान्याको रहेछ. कुमाउ, श्रीनगर, नहान कांगडा पहाडका नामूद जगा ठहरायाका रह्याछन्, इन जग्गामा ४६ साल देषि ओढो रात-दिन मिहनत गरि पराक्रम वजाइ मुलुक अंवल यर्‍याको जालंधर पीठ सव राजालाई काबु गरि कांगडामा घेरा दि किल्ला हातलागर्‍या वेलामा सिषले धर्म हार हुँदा व्यगौंले जग्गा छुट्न गयो त पनि वल् षजाना उकासि उस्को वदलवी सहर मारि कांगडाका इरादाले सतरुद्राका किनारामा थाना दि मजवुतिसंग श्री अमरसिंह थापा वसिरह्याका छन् श्रीनगर पनि एकवेर लि छुट्याको लियाथ्यौं, कांगडा पनि नलि छोडन्या छैनन्. भेक वदली मा ( न ) सरवर जान्या फिरंगीलाई पक्रि वेडिमा हाल्या. फिरंगी-

लाई पनि मान्याको रहेनछ. श्री अमरसिंह थापा श्री भीमसेन थापा भन्याका असाधारण पुरुष वडा पराक्रमि महामंत्री रह्याछन् यस्ता मंत्री वडे प्रतापी पुरुषले मात्र पाउँछन् यस्ता मंत्री पाउनु एस् उमेर पुत्रोत्सव हुनु' वडे तपस्याले हुँछ. श्री ५ महाराजा वडा प्रतापि हुनुहुंछ भंन्या वडो धाक् पऱ्याको रहेछ. एस् बीचमा हाम्रा मुखले हामि तीन मिलि काम गरौं भंदा त किंतु न्यूनता पर्न जान्या जस्तो लाग्दा कास्मीरका इरावाले ४२ साल देषीन् पश्चिमको लडाञी चलाइ राख्याको थियो. ६२ सालमा जालंधर पीठमा पुगी समराजा कावु गराइ कांगडामा घेरा दी किल्ला हात हुन्या वेलामा सिषले धर्म छोड्दा जगा छुट्न गयो तपनि वषतसिर काम गरियेला भंने इरादाले श्री काजि अमरसिंह थापा सतरुद्रका किनारमा आफना जमैयतसंग वस्यैका छन्. ताहा देषिन् ओढो हाम्रा मोहीम वंद भैरहेछ, जागीरदार सिपाही. जंगी फौज षर्षजाना तैयार छंदैछ. राज कुलमा जन्म भैकन विना उद्योग रहनु हामिलाई पनि अनुचित छ. नामले. कामले. जमैयतले. संसार भरमा हिंदुनामा जो छन् तनले आसा राषियाका. महाराजले पनि अनुद्योगी भैरहनु अनुचित छ. तसर्थ. महाराजका र हाम्रा संमतले उभय पक्षको हित हुन्या उद्योग गर्न्या हो. यो संमत वितिगर. हाम्रो करोडौं कोतलाई दबायाको फीरंगीले छ. करोडौं खर्च १० वर्ष संमको मिहनत षराप गऱ्याको सिषले छ, इनसंग नलडना मिलनाको अनुसन्धान. महाराजका संमतले हुन्याछ भनि हजूरबाट हुकुम भयो र हामी आयाका हौं भनि गोपाल राव भाउसंग भन्यौं. पछि हाम्रा पनि मनसाहि छ. आपसिमा एक वाक्यता भयाको छ, यस वषतमा यो संमत हजूरबाट भयो त अब काम साध्य छ. द्रव्यले र जनले ता उसको र हाम्रो समता थियो. अव ( श्री ५ महाराज ) संग मजवुति एक वाक्यताले काम हुँदा स्थल विशेषले हामी वलवान भञौं फिरंगीसंग कदाहचित् मिलनु छैन सिषसंग मिल्नु पर्न्या छ, हाम्रा उस्संग दोस्ति छ तिमे ( रु ) को उर्जराषि सवाल हालि उसले ( श्री ५ महाराजसंग ) मिलनाको पैगाम लगाउन्या पाठ पारौंला. मुष्य उहि अथवा उस्को बदला झिकन्या पाठ गरौंला. काम ठुलो छ विस्तारसंग सभै होला. महराजसंग मवाट विस्तार भयाको छ. तिमीलाई मुलाकात गराइ एकांतमा विस्तार सुन्नु सुनावनु गरि, पश्चिमतर्फ पनि पत्र लेषन्या पत्रोत्तर पनि लेषन्या काम गरौंला भनि भाउसाहेबले भन्या. केहि दिन मलाई विराम हुनाले, केहि

१. राजेन्द्र विक्रमको जन्म–संवत् १८७० ।



दिन ठुलो दर्वार हुनाले, असारका दिन २ जाँदा . श्री महाराजसंग मुलाकात भयो. षलिता पत्र सरसौगात विञौं. कस्तुरीका माला देषिन् वहुत प्रसन्न भया. असारका दिन ११ जाँदा रामचन्द्र. आपले हामिलाई संगैली श्री महाराजसंग एकान्त गराया एक प्रहरसंम विधि विस्तार कुरा भया भाउसाहेबछेउ भन्या वमोजिम सभ विस्तार गऱ्यौं. भरमुलुकको कुइन्याका र हाम्रा मुलुकका सिमानाको कागजमा नक्सा वनायाको थियो. देषञौं सतरुद्रा देषिन् निजामत राजसंम तेसका मुलुकमा इनले दषल दिया ठुलो नोक्सान हुन्या रहेछ. दिल्ली कलकत्ता कंपन्या रहेछ भन्न्या बुझ महाराजका पेटमा वनाइकन पऱ्यो. उसविचमा भाउसाहेबलाई वोलाया उन्संग आफ्ना दक्षिणी भाषाले संमत गरी एस् कुराको प्रत्युत्तर भाउबाट पाउला भनि महाराजले भन्नु भयो भोलि वेरमा भाउले भन्या. ठूलो मतलब लिकन इनहरु आया रह्याछन्. यो हाम्रो उपयोगी कुरो छ हाम्रा सिषसंग पक्का अझ भयाको छैन. त्यो सिषका वकिल संग वन्दोवस्त बाँधि. हाम्रा वकिल साथ गरी पठाउछौं उस्को हाम्रो पक्कि भयापछि तिमेहरुको पैगाम लगाउँला यो सूचना हुल्करलाइ पनि गर्नु पर्छ एतीगरी इनहरुले ल्यायाको पत्रको उत्तर लेषौंला भनी महाराजको हुकुम भयाको छ वस भनी भाउ साहेवले भन्या. सिषसंग क्या मिल्याको रहेन भन्या हामी संग पनि दोस्ति करार छ भन्न्या. फिरंगीसंग पनी मिली रहन्या तेस्तो योग्य छैन. हामीसंग दोस्ती छ भन्या. आगरा दिल्ली तिमी अंवल गर नाहिंभन्या. हामीले चढाइ गरी त्यो जगा लियापछि त्यो जगाहा हाम्रो भन्नु योग्य छैन. भनी एस पाला सिषले वकिल पठायाको रहेछ. हामीसंग वस्यापछि. एस्को पनी जवाप सवाल चल्यो, वाँकि पुना कलकत्ता. नागपूर. लाहोर. प्रभृति सर्वत्रका वकिल एहाँ वस्याका. उदैपुर. जयनगर प्रभृति सभैराजा इनलाइ चौथ दिन्या. गोहद. ग्वालियर एस्ता नामूद किल्ला. ६० लाषको मुलुक. फिरंगीले विना लडाई छोडिदीयाको दील्ली आगरा मथुराका १७ लाष रुपया लालीन्ना फीरंगी इनलाइ भंछ. दौलत राव भन्याको एहासंमको ठूलो मानिस तपनि पश्चिमबाट फुर्सद पाइ सिषले कंवरवंदि नर्गारिजिसंम इ कसैले मुन्टो उठावन्या छैनन् सिष तयार भयापछि इ सभै सामिल हुन्याछन् यो सब विस्तार ली चाँडो फिर्न्या गरी नयनसिंह थापा मुहुडामा गया अहिल्यै देषि जहा गलिरहि षर्चमात्र ढेरलागन्या उपर काम हाल केहि नहुन्या इनहरुका पैगामले उस्संग एक वाक्यता गरौं भन्या अलिक ढिलोगरी हुन्या जस्तो लाग्छ. गर्न्या कुरा गरी इनहरुका पत्रको उत्तर लि. ताहा आउं कामले फेरी चाँडो आउन्या पऱ्यो भन्या. आइयेला भन्न्या

मेरो मनमा लागिरहेछ. जहा देषिन् दिन १५ को बाटो भारुको मुलुक पानि वर्सि हुलकर कहाँ जान सकियेन श्री महाराज्को भाउको रामचंद्रको समेत् पत्रली श्रावणका दिन १०।८ जाँदा जाँला आधा जेठसंम षर्च थियो. उहाँदेषि ऋण षान लाग्यौं, शास्त्रिजी संग अघि सय लियाथ्यौं, फेरि तिस् लिजौं, नैनसिंहलाई उहा जान षर्च ताहाँ आउन्यालाई षर्च दि असार भरिलाई हामिलाइ वास्त होला. होल्कर कहाँ जानलाई वासुदेव जोसी छेउ सय रुपया माग्याका छन्. एक रुपयाको चावल भन्या छ माना. पिठो भन्या १० माना आउँछ जागिर विर्ता दर्द सभै छोडेर भोकले मन्यो भनि क्या झिझाऔं जो कृपा. जहा भन्या केहि मिलन्या रहेनछ. विदा हुँदा दुलहीले ओढन्या जस्तो टाल्हा मिलनन् भन्या जस्तो लाग्छ. वाकि गोपालराव भाउका भानिज रामचन्द्र आपा अघि काशिमा थिया. उन्संग वडा सिष्टाचारले भेट गरी उनका मार्फत श्री ५ स्वामिज्यूले दक्षिणिहरु-लाई पत्र पठाउनु भयोथ्यो. यो व्यवहार श्री जर्णल साहेबलाई यादहोला. उनै मार्फत ६२ सालमा हामि आयाथ्यौं. जाहिरह्या छन् उनलाइ पत्र थियन पत्र तपाजिलाइ लेख्याको थियो गयेर बिल्ला पऱ्यो र आयनन्. पत्र चिन्ह्यो. होभनि १ थान कोचीन दिजौ हाम्रा विंति पुऱ्याउन्या. भेटगराउन्या. उपति दिन्या हाम्रा उतर साथ जस्ता भै काम गर्न्या राम-चन्द्र आपा छन् हिजो पनि तेसदर्वारमा मजवुति दोस्ती गरायाको तपाईले हो आज पनि उभयपक्षका हितोद्योगले हाम्रो मनोरथ पूर्ण हुन्याकाम तपाइले गर्नु होला भन्न्या भरोसा छ भंन्या. पाठको रामचन्द्रआपालाइ लेष्नुभया बन्ला. आफुले चिट्ठी पठाउँदा बाबूको समेत् नाम हालन्या जहाको रित रहेछ. गोपालराव रघुनाथ रामचन्द्र मोरेश्वर भनि लेष्याको छ. ताहाबाट लेष्ता बाबुको नाम लेष्नु पर्दैन. गोपालराव भाउ रामचन्द्र आपा एत्ति लेषन्या रहेछ. भाउ भन्याको र आपा भन्याको मान रहेछ. अघि बापू भनि लेष्याको थियो. त्यो लेषन्या रहेनछ, गोपालराव भाउ भनि लेष्या वन्ला. चिठिमा आफनु नाम पछिबाट. लेषन्या जहाको रित रह्या छ. ताहाबाट नाम हालियाको छैन जाहाबाट लेषता दौलतरावको नाम मनिबाट लेषन्या आशय छ. भाउका पत्रमा पनि नाम थियेन आफनु नाम पछिबाट लेष्या. जाहाबाट लेष्यापछि ताहाबाट पनि लेषन पर्ला. तसर्थ नामहालन्या रीत चलाउँ की. नाम नहालन्या रित थामौं. एस्को सल्लाह लेष्यावन्ला. एस घरिमा एस परिवंधले यो सवाल हालदा गोरखा प्रतापी छ. कोहि दिनमा यो काम पुग्छ भनि इनहरूका चितले देषि एस उद्योगमा हाम्रा काममा श्रद्धा मान्या जस्तो लाग्छ. इनहरू ठुला छन्



तपनि तेस् दर्वारको ठुलो लालसा राष्तारह्याछन्. हाथिको बिनाको रुद्राक्षको बडो श्रद्धा रहेछ. बाँकि मैले ताहा आउन पाउन्या पक्षमा इन-हरुका रुपया तर्न्या र वट् खर्चको निर्वाह चल्न्या गरि पठाया वढिया होला. वस्न पर्न्या पाठमा ता. सुवेदार महाराजाधिराज भनि हुलकरलाई षलिता. उनका मुष्त्यार गणपति राव व्राह्मण गोपाल भाउका दर्जाका उनलाई पत्र मीर्षालाई फारसिको पत्र. तपाजीहरुका १०।१२ लिफापा. १५।२० विना कस्तुरी १०।१२ दाना एघार मुषि रुद्राक्ष. कृपागरी पठायाजाला देसांतरमा थाहा भयेन ( ? ) सस्तिमा न्यूना पर्न गयो हो. पछि वढिया श्राउन्या छ भन्न्या. गोपाल राउ भाउवाट सिपा ( रस ले ) षाई होलकर काँहा जाला. पर्वत्या एक्जनु नयनसिंका साथमा पठाजा २ जना जहा छन्. ( एक ) जनु दुषेर काशीबाट घर गयेछ. रामानंदलाइ ताहाँ पठाजा यो मेरी जिउ चिडिछ एस्का घा कविलाकन ३०।३२ रुपया कृपा भै साथ सोधन लगाइ एसलाई चांडो पठावन्या पाठ भया वंदो हो. बाँकी ऋणका तापले शास्त्रिजी जहा आयाका रह्याछन्. आसा भरोसा ताँहिको राष्याको रहेछ. १२ हजार महाराजबाट ८ हजार भाउबाट विदहि पाया. आधा षर्चैमा गयो. ( आधा ) ले केहि ऋण तिन्या हिजो श्री ५ स्वामिज्यूले एसै काममा अनुसंधानले मलाई वोलनु भ ( यो ) थ्यो. आज यो उद्योग एस् तरफ्वाट भया. वाकि रह्याको पाउँला भंन्या एक आसा यो छ. भला आदमिले षायाको ऋण नतिर्दा काशीवास छुट्यो. यो ऋण पनि तपाजीहरूले तिराइदिया मात्र तिरियेलान्, काशीवास होला भन्न्या. दोश्रो आसा यो छ. भाउसाहेवले तपाजीहरूलाई. शास्त्रि-को काशिवास गराइदिनु योग्य छ भनि सिपारश लेष्याको इनै दुइ कुराको आशय उपर हो. शास्त्रिलाई. भाउलाई. रामचन्द्र आपालाई वढिया पाठ-ले पत्र लेषनु भया वन्ला. ताहाको नाम ठुलो. जाहा ठुला मानिससंग भेटहुन्या. अरू ठुला मानिससंग भेट गर्न पर्न्या भयो. र २ थान कोचिन २ विना कस्तुरी शास्त्रिजी छेउ सापट लिजा शास्त्रिग्रहण स्नान्लाई व्रह्मा-वर्त गया. जहा गर्न्या कुरा सभै गरि गया काम पऱ्या आउन्या पनि छन्. काशी छुट्ना अधीक व्याकुल छन्. इन्को चित्त स्वस्थ हुन्यागरि लेषनु भया वन्ला. प्रद्युम्न पंडितमाथि इनको प्रिति ठुलो. पंडितले पनि पाँच विना कस्तरी पठायाको थियो. शास्त्रिले उही कस्तुरी उनका नामका चिठी गरि जाहा दिया र पंडितका नाममा सिष्टाचारका चिठी आयाछन्. किमधिकं विज्ञेषु. संवत् १८७१ साल श्रावण वदि १ रोज २ मोकाम ग्वालियर शुभम्. सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः सर्वे भद्राणि पश्यंतु माः

कश्चित् दुःख भाग्जनः ॥१॥ श्री रस्तु ॥ ×

"आद्यो पान्त सभै नजर गर्नु भया सभै आशय मालूम होला"

## नं. २४. तिब्बतमा नेपाली टक चलाउने विषय अंवाको पत्र

श्री दुर्गा सहाय

श्री ५ वादसाह

स्वस्तिश्री चिन वादसाहका हुकुमले भोट लाहासाको कामकाज गर्न्या श्री टुचन् ताठिन् लिफंयान् चोसिलान् ठेन् ध्वां छि मं कु फु दु थुन् श्री युतारिन् अम्वा तथा श्री टुचन् ताठिन् फु दु थुन् फुंको एच्यान् चुन् चुंसि श्री उतारिन् अम्वा २ ले पठायाको पत्र....स्वस्ति श्री गोर्षा अतिनिवाङ्. गीर्वाणयुद्ध विक्रम साहदेवेषु. उप्रान्त आफू वाङ्ले पठाईदियाको चिठी जाहा आइपुग्यो चिठीमा लेष्याको हामी हुकुम ताठिन् दुइले पठायाको चिठी निपाल पुग्न वित्तिकै. आफुवाट पनि काजी सुरवीर थापाहरूलाइ कैरों (केरूङ्) सम्म पठाई धुप्दिप गरी डंडवत् गरी सिर चह्राइ दर्वार लैग्गी गादि सिंहासनमा राषि हेर्‍यौं सुनको प्रमाना कोचिन देषि...को हामि माथि मेहेर मानगी रहेछ भनि वहुतै खुसि भञौं. सुनको प्रमानाको जवाप् चांडै पठावन्या हो तर पाँच सालको सरसौगात: अर्जि पनि चह्राइपठावन्या ताक हुनाले सगै पठाउला भनी. रह्यो. एस् दिनमा हिडाउ भनि अम्वाको हुकुम् आयापछि सो वमोजिम सरसौगात तयार गरी वढिया भारादार साथलाई कुतिसम्म पठाउला भनि लेष्याको विस्तार कुरो उतारी हेर्‍यौं. आफुवाङ्ले एक चित्त एक मन गरी...—का पिछा परी मानि वस्याका रह्याछौ भनी हामि हुकुम ताठिन् २ का मनमा बहुतै षुसिलाग्यो. सुनको प्रमानाको जवाप् अर्जि पाच सालको सौगात् पठावन्या ताक् भयो संगै पठाउला भनि लेष्याछौ वढिया हुंछ. सरसौगात अर्जि जाहा लाहासामा आइपुग्या पछि हामि हुकुम ताठिन् २ ले वेससै संभार गरी........का हजुरमा चह्राइपठाउला आफुवाङ षातिर्जामा राष ...लाई चह्राइ पठावन्या ससौगात तयार गरीराष. यो वर्षको सात् महिनाको दिन ८।९ जादा ताहावाट हिडावनु. यो वाटो एस्दिनमा हिडाउंछौ भनि ठिक गरि अगावै जाहा चिठि पठाउ जाहा चिठि आईपुग्नवित्तिकै हामि हुकुम ताठि-

× यस चिठीको मूलपत्रको पेज १ र दुइ ढाक्ने गरी वायाँपट्टि एक पंक्ति यस्तो लेखिएको छ :—



न्‌बाट चिनिया भारादार पठाई लिन पठाउला. वाटोमा पर्षन तफावत नपरोस्. दिन पुग्या पछि ढिल नहवस्. वाकि आफु वाङ्को चिठिमा लेष्याको अघि देषि भोटमा चलिआयाको गोर्षाको मोहर पठाउंछौ भनि विंति गरि पठायाछौ. विस्तार बुझ्यौं. जाहा हामिले बिचार गरिहेर्दा अघि छ्यांलुं ५७ वर्ष देषि गर्‍याको रीत जाहा लाहासामा. चिनिञा टक्सार तुल्याई मोहर छाप् मारि चलायाको रह्याछ. आफनु गोर्षाको पुरानुमोहर अलि अलि जाहा लाहासामा भयाको कतैवाट आयाको थोरै थोरै भयाको एक एक वरोवर चलावनुहुन्छ. यो चलिआयाको २० वर्ष भयो. जाहां लाहासा. भोट गोर्षाको महाजन् सबैले भन्याको यो चलन् वढिया छ. अब आफुले नञा तुल्यावन्या मनसुवा नगर. आफुवाङ् भन्या वालष छौ. आफनु वुद्धिले होइन. आफनु भारादारहरूले सिकायाको कुरा हो. तिमिले...को वस्तुर जान्याको छैन....भन्याका संसारमा रक्षा गरी सवै कामकाज अघिको रीतवमोजिम गरी रह्याकाछन्. पुरानु रित छोडी नञां रीत तुल्यावन्या मानिस देषि...को साह्रो रिसानि हुंछ. तसर्थ आफुवाङ्ले विंति गर्‍याको मोहरको कुरो हुँदैन. यो कुरा......का हजुरमा हामि-हरूले विंति गरि पठावन डर लाग्छ. विंति गरि पठावण सक्तैनौ. आफुवाङ् भन्या वालष छौ हामिले षैंगर्नु हुँदैन यो चिठि हेरि विस्तार बुझ. आफु वाङ्ले ममाथि···को ठुलो. नेहेरवान्गि छ भनि मनमा समझि अघिको रीतवमोजिम आफ्ना मुलुकको कामकाज वढिया गरी गर. एसो गर्‍या.... ...को जुगजुगसम्म करुना रहन्या छ. वाकि आफुवाङ्ले आफ्ना वावाको नाउमा जाहा लाहासामा धर्म गर्न पठाउँछौं भन्याका कुरा देवता लामा तिमिले मान्न जान्याको रहेछ. वढिया हो. वेस भलो. आदमि आफुले पत्त्यायाको जाहा धर्म गर्ण पठाउ जाहा आवन्या मानिस लासा आइ पुग्या पछि अरु नया कुरो केहि हामिछेउ विंति नगर. केहि नञा कुरो गर्‍या हामीहरुले .. ...का हजुरमा विंती गरी पठाया पछि साह्रो रीसानि होला......ले माफ गर्न्या छैनन्. आफुवाङ्ले पठायाको पत्र चीन्ह कासि-वाल अतलस् थान् १ आइपुग्यो षुसि भै लिञौं आफुवाङ्को. कुशलछेउ चाहिंछ इति च्याछिन् वर्ष १२ को महिना ४ को दिन २४ मिति जेष्ठ वदि ९ रोज मोकाम लाहासा यामुन् शुभम्

[ च्याछिन वर्ष १२=संवत् १८६४ साल ]

—०—

नं० २५ वंशीधर बलभद्रहरूको पत्र

श्री दुर्गा सहाय :

श्री परमेश्वर

२ श्री ५ बादसाह

१

स्वस्तिश्री सर्वोपमा जोग्येत्यादि सकल गुण गरीष्ट राजभारोद्धरण समर्थ श्री ३ काजी रणजित पाँडे श्री ३ कपर्दार भोटु पाँडे केषु इत श्री वलभद्र वंसिधर भाजुमनकस्य सेवा सलाम् पूर्वक पत्रमिदं इतनिक ताहाँ चरण कुशल मंगल चाहिये कृपापत्र आयो अर्थ वुझ्यौं आगे जहाँको समाचार भलो छ. उप्रान्त ङट्कोदुईसिं हस्ते पठाइ दियाको चिठि जहा आइपुग्यो पत्र हेरी अर्थ वुझ्यौं अघि हतासंमा पठावन पर्वा हामिले पनि संछेप मात्र लेष्याको हो. तपनि संछेप मात्र लेषि पठाउँछस् उमरा डंवरथापा मचिन्द्रले ताहाको विस्तार कुरा गऱ्या र सर्षारमा विंति गरी भारादार सबैको मतो गर्दा जाहा भन्या सबै काम ठिक भै रहेछ ताहा कस्तो छ भनि लेषनु भयाका अर्थकण मुष्ये भोट नेपाल भान्याको अघिदेषि दाज्यू भाइ जस्तो गरी मिलिजुलि वस्दा एस् देसमा नेवारको र भोटचाको झगरा केहि भया हामिले छिन्न सकंजि अरुको केहि लाग्दैन. कदाचित् हामिले छिन्न नसक्या नेवारको विराउ भया पनि डंडसास्ति जो चाहिंछ सो गर भनि हामिछेउ पठाउदछन्. हाम्रा नेवारलाई भोटचा भारादारले डंड सास्ति गर्ण सक्तैन. अरु देसावरमा हाम्रा नेवारहरु अरु·देसावरमा गोर्षाका मानिस हुन् भनि ( नि ) को मांदछ. षामिदको प्रताप लामाजीको दया हिजोको थिति यो देसमा रह्यौंको छ १।२ घटिया मानिस हुँदा छेस्को परन आउदा दिगर्चा लुटियो लुट्दा देउता पनि सबै फोरि नासीदिया पुस्तक पनि नासिदिया गुंवा लुटदा देउता पुस्तक नास्ता दिगर्चा आउन्या भला मानिसको वाकि रह्याछन् दिगर्चा लुटियादेषि नेपालमा कस्तो भै रहेछ. देउता पनि नास्न्या गोर्षालिको सहि क्या छ भन्ना निमित्ये डराउछन् तैपनि म लाहासामा आयादेषि वेपार गरी षांछु तपनि षामिद्को सोझो गर्न्यौं हो भनि कुरा बुझ्दा जाच्दा अघि ठिक भयाको १।२ छेस्का हुँदा काम् नासिदिया यो कुरा विस्नुधर धन कृस्नका मुषजमानि सुन्नु भयो हो. यो कुरा काहा-तक लेषुं हामिले निमकको सोझो गऱ्या नगऱ्याको देषन्या दैव छ हेरि-रहन्या वत्तिसकोठी छन्. यो कुरा बुझ्नुहोला. कामकाजका अर्थकण भन्या



सर्षारबाट अम्वा लामाजी जाहाका चार काजीलाई चिठी आउँदा अघि चलन मात्र फोइदेउ भंनु भएन र सर्षारबाट सवैलाई आयाको चिठिको अर्थ बुझि अम्वाछेउ जाइ विंति गर्दा अम्वाहरुले भन्या अघि तुष्वाङ् आउँदा यो कुरो मेटि गयाको हो. आज धर्म गर्छौं भन्दा हामिले क्या गर्नु. नत्रा भन्या हुन्याछैन. पुरानु भया धर्म गर्न माफिक ल्यावनु होला भन्या काजी-हरुका घर धर जाई सेपि विंति गर्दा लामाज्यू अम्वाछेउ जाई भरीसष्ये विंति गरी निकासा गरी चिठिको जवाप दिउला भन्या. चिनीजा अम्वा समेत भला मानिस भोटका उभो लामाजी चारकाजी जो भयाका भला मानिस महाजनसंग सवैको धेरै दिन मतो भयो भोटका चार काजी लामाले अंवाछेउ पेलि विंति गर्दा अम्बाहरुले एक् वेर मलाई षँ गऱ्या क्या भन्या लामाछेउ जाइ एकोहरो विंति गऱ्यो भनि मैले भन्या लामाजीको दरवार-मा ६ महिना भयो म नगयाको म गयाको कसैले देष्याको भया षुस गर भनि विंति गर्दा भोलिपल्ट अम्वाहरुले चिनीजा अछेरको मसौदा मछेउ पठाइ-दिया नागरि अछेरमा उतारी दिजां चिठि सर्षारमा पुग्यो हो. चिनीजाका मनमा भन्या धर्म गर्ण हुँदैन भनु भन्या....१ मानि वस्याकालाई धर्म गर्ण हुँदैन. भनि कसोरी भनु. साधि पठाउँ भन्या जाहा रुपैया ल्याउनाको मर्जि आउन्या छैन. भोटमा भन्या अघिदेषि चलिरह्याको ल्यावनु हुंदैन भन्नु भएन र गोर्षाको मोर अघिदेषि पनि थोर बहुत रहेछ. चिनीजा मोहोरसंग वरोवर चल्दोरहेछ. भोट नेपालका महाजन पनि षुसि रह्याछन्. नत्रा रीत गर्न्या देषि भन्या १...को वहुतै रिसानि हुन्छ, तसर्थ धर्म गर्ण जाहा पठावन्या मानिस् भलो मानिस पत्यायाको पठाउ, जाहा आइ अरु कुरो हामिछेउ केहि विंति नगर. भन्याको अर्थ यो पुरानु मोहोर देषि दुनिया भन्या षुसि रह्याछन् चिन साधि पठाया हुंछ भनि हुकुम आया ता वढिया वढिया होला हुदैन भन्या चमक पर्ला भनि मनमा विचार गरी पुरानु रुपैया ल्याया धर्म गर्नुहुंछ. थोर थोरै ल्याया चलन पनि हुंछ जाहा आउन्या मानिसले धेर कुरा गऱ्या कसैले चिन समाचार पुऱ्याया. हाम्रा कपालमा पर्ला भनि हो चिनीजाको भन्या एस्तो बुझ्छ. भोटचालामाजी चार काजी उपर भलामानिसको बुझ भन्या पुरानु मोहोर जस्तो भया ता सवै प्रजा महाजण षुसि हुन्या पनि लछिनको मोहोर पनि हो. यो मोहोर पठाया ता बढिया हो एस्तो पुरानु राष्याको छ कि नत्रा छाप छाप मार्छन् भंदा हामीले भन्यु धर्म गर्न माफिक ता पुरानु पनि होला अरु चाहिंछ भन्या उही चास्नि उही छापको मोहोर आउला. भनि जवाप दिंदा २ मोहोरको चलन भंदा एति तक्रार पऱ्याको हो. २ मोहोरको

चलन भन्या गर्न हुँदैन अघिको चासनि अघिको टक चलन भर भन्या हुंछ. हामि पनि लिउँला भन्न्या मानिस पनि छन्. यो काहातक लेषुँ सवँ नेपाललाई पिन्याको दिगर्चाका लुटले हो. धर्म गछौं भंदा सवँ भोटका भला मानिसले लागी कुरा थपी आएमा लामाछेउ विंति गरि एति कुरा छोडाइदिया धर्म गन्या पछि मुप्य....२....वाहाँ पछि भोटका टावा भला मानिस सर्वले गोर्षाको जयमनाउन्या छन्. कुरा गन्याको अन्यथा गर्न्या पनि छैनन् टावाले क्या गर्ना सक्लान् भन्नु होला. एस् देसमा टावाहरूको एकमुष् भया पछि अम्वा लामाजीहरूको पनि केहि लाग्दैन तसर्थ एक पटक एस् मुलुकमा धर्म नगरी केहि काम पुग्दैन. फागुमा छोकडा पत्रि-या आउँदा कति कति रुपया खर्च हुँछ. एकवार जाहाँ २०।२५ हजार रुपया षर्च गरि १ रुपैयाको चार मोहर गरी धर्म गर्ण पठाया दुनिञा महाजनको उद्धार हुन्या. षामिद्को प्रताप वढन्या आफुहरूलाई जस हुन्या काम छ. भोट भन्याको धर्मको भूमि हो जाहा धर्म गन्याको अन्यथा जान्या छैंन कति गर्णपर्छ भंनुहोला–मुष्य हालसाल ६ महिना वर्षदिन पुरानु चास्निमा नघटाई पुरानै टक पुरानै चाक वरोवर गरी टक मार्नु. चास्नीमा ता चार मासा छ. अब चार मासा गन्या डचाक पर्छ भन्या १२ मासाको चार मोहर गरी भाग बेस् मिलाइ ५०।६० हजार तयार गरी आफुहरूका भाइ छोरा ९।१० मानिस वेस् ठाटसंग साथ लाई पठा-वनुहोला. वाटोमा आउँदा पनि कसैले मेजमानि दिनन् मेजमानि दियाका ठाउँमा मानिस हेरी १।२।१०।१२ मोहर उहीं दिनु. धर्म गन्या पछि साक्या. दिगर्चा लाहासा तिनै ठाउँमा नगरी हुँदैन. जनहि १।१ मोहर नदिया सरम होला जाहा लाहासाका टावा भलामंदा सबै क्या भन्छन् भन्या गोर्षाबाट दान धर्म गर्ण पठाउँछन् भन्छन् जनहि कति कति दिनान् भनि वारंवार सबै सोद्धछन् तसर्थ षामिद्को नाउँ चलन्या आफुहरूलाई जस हुन्या जाहा बस्न्या हामिहरू प्रजा महाजनलाई पनि सरम नहुन्या गरी पठावनु होला. ताहाबाट आउन्या मानिसहरूले वाटमा कसैले केहि दिया पनि हामि ता धर्म गर्ण पो आयाका हौं यस्तो हामिले लिदैंनौ भन्न्या कुरो गर्नु. केवल धर्मको मात्र मन्सुवा गरी सरासर लाहासा आई अघि लाहा-सामा दान धर्म गरि वहाँपछि दिगर्चा साक्यामा धर्म गर्नु भनी आग्या गरी पठावनुहोला जाहा आई पुग्यापछि जान्या बुझ्याको हामी विंति गरौंला. धर्म गरी सक्या पछि आफुहरू पनि बुझ्नुहोला. ताहाबाट आफु-हरुका भाई छोरा पठाउदा भला मानिसका छोरा दस्तूर जांन्या. कुरा नषोलन्या ९।१० मानिस मात्र वढिया ठाठसंग पठावनुहोला. मुष्य भं



आवन्या मानिसछेउ बाटमा केहि कुरा गरी भोटचाहरु पेट लिन खोजनन् हामि ता केहि कुरा गर्ण आयाका होइनौं धर्म गर्ण आयाका हुँ भन्नू भोट षलास भया बहुतै देस मारी क्या हुंछ. ताहा दर्वारमा भन्या जो जो वढ्दो छ. अरु कसैलाई चिठि लेष्याको छैंन आफु २ लाई विस्तार सर्षारमा संछेप अर्जि लेष्याको छ. मतो गर्न पर्न्यासंग मतो गरी काम नपुगंजि सम्म पुरानु भंडार राष्याको रहेछ कि नञा छाप मारी पठाया भंन्या कसैलाई थाहा नदि पठाया जाला. आफुहरुबाट मानिस पठाउँदा छेस्को नपठाउनु-होला. जाहा आवन्या आया पछि विस्तार विंति गरि पठाउँला एस् कुरामा टुंछेको विष्नुधर धनकृष्ण सँग पनि मतो गर्नु होला, केहि पाठले हुन्या भया विष्नुधरलाई पठावन्या काम गर्नुहोला. हुलाकमा भारादारसंग भन्या आउन्या छैन. षर्च दि महाजन चालासंग पठावनु पर्ला. उपर जो परी आउला पछि विंति गरी पठाउला. घर परियार महातारी भाई वहिनी पिछामा छन् संभार राषि दिनुहोला. मिति जेष्ठ वदि १० रोज १ मुकाम् लाहासा शुभम् — ( संवत् १८६४ ) —

—०—

नं २६ <u>पं० रंगनाथको पत्र</u>

श्री

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावलि विराजमान मानोन्नत श्री मन्महाराजाधिराज श्रीश्रीश्रीश्रीश्री महाराज गीर्वाण युद्ध विक्रम शाहवहादूर समशेर जङ्ग देवानाम् सदा समर विज-यिषु. रङ्गनाथ शर्मणः शुभाशीर्वाद शत पुर्वकं पत्रम्. इहाँ कुशल छौं तहाँ हजूरको कुशल मंगल भया हाम्रो प्रतिपालना होला. आगे जाहाँको समाचार भलो छ. उप्रांत अमीन पकरिया दाषिल भयासंमको विस्तार अघि विन्ति गरि पठाञाथ्याँ जाहिर भयो हो. अमीनले पकरि दाषिल भयापछि अव उस सर्कारका अमिनसित भेट भया वढिया होला भनि पठाउँदा अमीनलाई झन भित्र झिकन्या पाठ पनि वढिया नदेषता साँधमा उसतरफका गाउँमा गइ वस्याथ्या अमीन उसतरफका आयेनन् भन्न्या कुरा लेषि उठिगयापछि उन्को रेषर हलापकरियामा हाम्रो थाना छंदैछ. रौतहटका तक्रारको सीर पनि तेहि जग्गा हो तेसै जगादेषि साँध हेर्नु पर्न्या पनि छ भनि ठहराइ काजी सर्दारको र अमीनको पकरियामा भेट गरा-उन्या काम गर्‍यौं. भेट मुलाकातमा उठि आइ हात समायेर लैगीकन वढियै तरहले अमीनले शिष्टाचार गर्‍यो. २२ मौजेको तक्रार मलाइ मालूम थियेन म छपरा लेषृछु वाँहाँवाट जवाव आयापछि मुकदमा रोव-

कार गरौंला भनि कुरा अमीनले गऱ्यो. ताँहाँ पछि अमीनले मलाइ र काजी सर्दारलाई लेष्याको खत आइपुग्यो. तेस तक्रारी जगामा तेसतरफका अमला तहसील नगरून् भनि लेष्याको रहेछ. तेसको जवाव हिजो गौर्नल हिष्टिन साहेवले तप्पा रौतहट हाम्रा सर्कारको नुनवर तिम्रा सर्कारको भनि फैसलागऱ्याको दुवै सर्कारमा जाहिर छ. तेसदिनदेषि वीरकिशोरले तप्पा रौतहटका इलाकाका गाँवमा जति पैसा तहसिल गऱ्याको छ. त्यो सब फैसला भयाको बेलामा फिर्ता गर्नु भनि करारनामा वीर किशोरका तरफबाट दाषिल होस् हाम्रा सुवावाट पनि नुनवरका इलाकाका मौजेको जो पैसा एसतरफ दाषिल भयाको होला. सो फैसलाका वेलामा दाषिल गरौंला भनि लेषाइलिउँला ताहाँपछि दुवैतरफका सल्लाहले वाजवि गरि फैसला गरौंला. तिम्रो डेरा मुकरर ताँहि रहन्छ कि रौतहटको र नुनवरको साँध हेरि अन्तपर्छ सो निश्चय लेष र कागज पत्र सिरस्ताले र ग्वाही चौधरी कानुगोप्का जवानीले रौतहट जो ठहर्ला सो हाम्रो सर्कारका कब्जामा रहला. नुनवर जो ठहर्ला सो तिम्रा सर्कारका कब्जामा रहला भनि उत्तरा लेषि पठाऊँ. जाहाँ उप्रान्त जो जो पर्ला सो गरौंला. १०।१२ दिनमा कैफियत तयार गरि. लि. यो अमीन छपरा जाला. वाँहाँ. जजसित सल्लाह गरि कलकत्ता रवाना होला एसले छिन्न सक्न्या छैन. सो बूझ अघि पनि विंतिगरि पठायैको हो. सोहि डवल देषिछ. वाँकि हाम्रा तरफका आमिल षुन भयाको ढाक छोप गरि सिरिफ साँधको कुरा गरि मुख्य ललोपताले नभया धमकी देषाइकन पनि भरिसक्य अघि वीर किशोरले आइ धानवालि लुटि लै गयाका मौजे ७ र लक्षनगिरि मारियाका ठाउँ मात्रै हामितिर थामि हामिलाइ बुझाउन्या. अघि देषि हामिवाट छुट्याका मौजे २२ आर्फैतिर राषन्या डवल अमीनको देषिन्छ हामीले त्यो वात मन्जूर गर्न आँट्टयाको छैन. छपरा पनि षतलि मानिस पठायाका छन्. मुनासिवमाफिक गौर्नल साहेवलाई पनि लेषि पठाउँला. आज विग्रन गया धेरै विग्रइन्या छ, राहका पाठमा भरिसक्य षातिर्सल्लाह मिठचास गरिन्यै छ. राहका पाठमा छोडिगयाका कुरालाई माकूल जवाप दिउँला. ताहा पनी विन्ति गरि पठा उँला. यहाँ उप्रांतको विस्तार विन्ति गरि पठाउँदैरहुँला. विज्ञ प्रभुषु किमधिकं मिति फागुन वदि १२ रोज २ मोकाम कचोरवा शुभम् — —

( सं० १८६८ साल—खाममा छाप )

( —०— )



## नं० २७: युद्धविषयक अंबाको पत्र ( क )

श्री दुर्गा. सहायः

श्री ५ चीन वादसाह

स्वरित श्री चीन वादसाहका हुकुमले पिंपुस्यांसु श्री अम्वा टुचां तार्ठी श्री सि अम्वा टुचाङ् तांठि श्री षो अम्वाले पठायाको पत्रम् स्वस्ति श्री ३ गोर्षा अतिनिवङ् गिर्वानियुद्धविक्रम साह देवेषु....एस सालका सात मैन्हामा आफुवाङ्ले चह्लाइ पठायाको चिठि आइपुग्यो. चिठिमा लेष्याको कुरा फिरंगिले पहाडको रस्ता गरी भोट हांनलाई वाटो विचार गर्न भनि मानिस पठायाको रहेछ. एस कुराका अर्थकन आफुवाङ्ले भोट पहाड आउन नदिनु भनि चौकि राषि भर भारादारलाई उर्दि दियाको र फकिर भै आयाको मानिस पक्रि सास्ति गरि आफना देस देषि निकालि पठाइ आफुवाङ्ले पाहाडको रस्ता नदेषाउँदा. आजकाल फिरंगिले आफु-वाङ्लाई लडाइ भोट हांन जाउला भनि मन्सुवा गर्दा आफुवाङ्ले पनि कनका तिष्ठा पश्चीम. सतरुद्रा पूर्व जगा जगामा अनाज र षजाना जम्मा र फौजको तयारी गर्न्या काम र. भर भारादारलाई अह्लावन्या काम भयेछ एस् कुराका अर्थकन. आफुवाङ्ले.......का हजुरमा पिछा परी मुलुक संभार गरि रहँदा हामि हुकुम अम्वाका मनमा बहुतै षुसि लाग्याको छ. वाकि उनिहरु हाल वर्षाको यामले नआया पनि चतुर्मासवाद लडाई गर्न नआई छोडन्या छैन. भोट हांनलाई वाटो दिया गोर्षालाई केहि धामधुम पनि गर्न्या छैन. बाटो तिमिले दियौ भनि निगुत्ता मानि आफुवाङ्लाई साठि सतरी लाष पनि दिन्या छ. भनि विस्तार लेष्याका अर्थकन फिरंगि र भोट २ तरफका वैरी फा ( भा ) व आजसम्म भयाको रहेनछ. फिरंगि-का मानिस पनि लासामा कहिल्यै अघि देषि आयाको पनि रहेनछ. आज क्या कारनले रस्ता वाटो हेरी चिव गरि भोट हांनलाई भन्याको कुरा काम ता होवैन. तैपनि उनीहरुले त्यो काम गऱ्या पनि आफुवाङ् भन्या ......का मेहरले दषिनको ढोकामा आफुवाङ् रहँदा सो काम विचार गर्नु चाहिंछ. एसो गऱ्याबाट दियाको मेहर रहन्यै छ. फेरि आफुवाङ्ले हामि हुकुम अम्वाहरुका हजुरमा विंति गरी नगद षजना मागि पठाउनु भयाको र......का हजुरमा जाहेर गर्नु भन्याको कुराकन........भन्याको यो संसारको भारालि बसनु भयाको छ. यो संसारका राजाहरूले चिन देसको खजाना नासिदिन्या काम अज्ञ भयाको छैन. चिनका नगद षजाना अर्कालाई दिन्या दस्तुर पनि छैन. हामि हुकुम अम्वाहरुले एस्तो कुरा

विंति गरी पठाउनु सकिंदैन. आफुवाङ्ले अब पछि मिलि जुलिकन मुलुकको संभार गरी वसनु पर्छ. एसो भया.... को मेहर जुगजुगसम्म रहला. पछि यस्तो मागन्या कुरा चिठिमा नलेषनु. आफुवाङ्ले चह्लाइ पठायाको हुनाले षुसिसंग लिजुं हामि हुकुम् अम्वाहरुले पनि आफुवाङ्-लाई कोचिन् थान् १ तासाममादि पठायाको छ. आफुवाङ्ले लिनु होला. आ ( फु ) वाङ्को कुशल क्षेम चाहिंछ. इति च्याछिं वर्ष १९ मैन्हा ८ का दिन २ मुकाम लाहासा शुभम्—

( संवत् १८७१ साल आश्विन वदि ११ रोज १ मा काठमाडौं पुगेको )

—०—

नं० २८. युद्धसंबन्धी अंवाको पत्र ( ख )

श्री दुर्गा सहाय :

श्री वादसाह

स्वस्तिश्री ५ चिनवादसाहका हुकुमले भोट जासाको कामकाज गर्न्या श्री टुचां ताठिन् सितारिन् तथा श्री टुचां ताठिन् षोतारिन् अम्वा २ ले पठायाको पत्रम्........स्वस्तिश्री ३ गोर्षा अतिनिवाङ् गिर्वाण जुद्धविक्रम-साह देवेषु......

उप्रांत आफुवाङ्बाट चह्लाइ पठायाको चिठि र टक्सारि पानिजु एस् साल २ महिना २७ दिन जाहा लाहासामा आइपुग्यो आफुवाङ्का चिठिमा लेष्याको विस्तार पानिजुका मुषजमानिले विंति गऱ्याको सवै बुझ्यौं आफुवाङ् चिठिमा लेष्याको फिलंगिले ज्यान् ठुलो भै लस्कर लि नेपालमा २ दिनको वाटो आइपुग्यो. आज मद्दत नभया ता हामिहरुले क्षेकन पनि सक्दैन तसर्थ आज पानिजुलाई लासा संम पठायाको छ जाहा पुग्या देषि उस्का मुखमा विंति गऱ्याको विस्तार दयासंग सुन्या देषि अंवा २ बाट अर्जि लेषि.......का हजुरमा विंति गरी प्रधान १ माङ्गि फिलंगिलाई दि गोर्षा भन्याको हाम्रो हजुरमा पिछा मानि वस्याको मानिस हो. तिमि फिलंगिले उस्सित झगरा नगर गोर्षाका मुलुक तिमि कति पायाको भया सवै गोर्षालाई थामि गरिदिउ जस्ताको तस्तो प्रमान १ फिलंगिका साह-वलाई दिनु हवस्. एसो त होइन तिमिले. फिलंगिलाइ मांन.......लाई मांनु पर्दै भन्या चाडो गरी चिठि १ पठाउनु होला अव यसो गरी पनि हुंदैन अम्दा २ का दयाले गोर्षा भन्या ....का हजुरमा जुग २ गरी



मानि वस्याका मानिस हुनाले उकिल वक्सिनु पठाउ हाम्रो २ सांधमा राषि संह्यार गरि दिनुहोला विस्तार लेषि रहेछ. हामिले वुझ्दा आफुवाङ्ले.......का हजुरमा मानि सँधै मेहेर हुनाले.......का मेहेर समझि आफुम २ का सांध वेस गरी संह्यार गर्नु अरु सांध २ का राजासंग मिलिजुलि वस्नु एसो गऱ्या जुग जुनसंम......का मेहेर हुन्यैछ. आफुवाङ् भन्या आफना वेस गरी नवस्या अरू राजालाइ थिजमिज गरी दिया देषि आज फिलिंगिले लस्कर ल्याया देषि आफु भन्या वल नभै छेकन पनि सक्दैन. हामि २ अम्वाका हजुरमा विंति गरी अर्जि लेषि.......वाट प्रमाना १ मांगि फिलंगिलाइ दि गोर्षाका मुलुक तिमिले थामि गरी दिउँला भन्याका विस्तार हामि अम्वा २ ले फेरि वुझ्दा.......का हजुरमा मानि वस्याका मुलुक १० हजार पनि छ. सवैलाइ वरोवर गरी देष्या वस्याका छन् केहि मुलुकमा लडाइका काम पऱ्या देषि न्या निसाफ् गरी गर्छन्. पक्षा गऱ्याको केहि छैन. वाँकि आफुवाङ्ले भन्या हामिले फिलंगी-लाइ मान्या......लाइ मांन्या पर्दैन चांडो गरि चिठि १ पठाउनु होला. यो कुरा वहुतै जोग्य छैन. आफुवाङ् भन्या.......का हजुरमा धेरै वर्ष मानि वस्याका मानिसले......को गुलाम जस्तो हो. आज आफुवाङ्ले अघ्यालो कुरा गरी फिरंगिलाइ मांन्या......लाई मान्या पर्दैन भन्या चांडो गरि चिठि १ पठाउ एसो हेऱ्या देषि तिमिले ठिक......को वैरि हो. तिमिले फिलिंगिसित मिलि र नमिलि फिलिंगिलाइ मान्या नमान्या...... ले केहि विचार गर्दैन. यो कुरा अर्जि लेषि विंति गरी पठाया......ले हेरे देषि अपसरिया हौला. वित्तिकै ठुलो फौज ल्याइ तिमिसित .सोधी. उसवेलामा आफुवाङ्ले दोस लिनु सक्दैन. एसो भयादेषी आफुवाङ्ले पछुताइ पुग्दैन. तसर्थ हामि अम्वाहरूले अर्जि विंति गरी पठाउनु सक्दैन. आफुवाङ्ले फेरि विंति गऱ्याको उकिल दि २ साँधसंम राषि संह्यार गर्नको कुरा र फिलिंगिले भन्याको सुषिमको बाटो आफुवाङ्ले छोडिदेउ विस्तार कुरा भन्या आपना मुलुक फिलिंगिसित लडाइ गर्दा सवै हाम्रो साँधका वाहिरको काम हो.......को लस्कर राषनु दस्तुर छैन. लासाका साँधमा हाम्रो को ठुलो लस्कर राष्याकै रह्याका छ. फिलिंगिले हेला गरी गर्नु सक्दैन. सुषिमको वाटो छोडिदेउ भन्याको कुरा भंनु पनि सक्दैन. आफना भन्या सुषिमको वाटो छोडिदिया देषि फिलंगिले हाम्रोको सांध सम्म आइकन वित्तिकै भस्मा गरी मारुंला. फिलंगिले भन्या अलक्षिनी सानु मुलुक हो फिक्री केहि मांनु छैन हामि अम्वाहरूले आफु-

वाङ्लाई वालष हुनु हुनाले काम केहि नजान्याले एकोहोरै आर्घ्यालो विन्ति गऱ्याको चिठि सवै......का हजुरमा विन्ति गऱ्याको छैन. तसर्थ आफुवाङ्लाइ यो चिठि पठायाको हो. पछि यस्तो आर्घ्यालो कुरा नवनाउनु. विन्ति गरि नपठाउनु आफै २ दोस लाग्ला. आफुवाङ् कुशल क्षेम चाहिन्छ. इति संवत् च्याछि २१ साल ३ महिनाका ५ दिन लासा यामन् शुभम्—

( संवत् १८७३ वैशाख सुदि ४ रोज ३ मा काठमाडौं पुगेका )

—॥०॥—

## नं. २९. रणवीरसिंहहरुको पत्र

श्री दुर्गासहाय

श्री ५ वादसाह

अर्जि — — — —

उप्रांत केहि विस्तार दिगर्चाबाट विंति गरि पठायाका अर्जिले जाहार भयो हो. संच्यान्जुनले कलकत्ता लाठलाई तिमिहरुले गोर्षासित........मांनु पर्दैन पूर्व पश्चिमको बाटो छोडि देउ भन्याको हो होइन भनि चिठि पठायाको रहेछ र उस् चिठिको जवाप्. लाठको चिठिमा मजमुन हामिले........मांनु पर्दैन भोटको बाटो छोडिदेउ भन्याको छैन गोर्षासित घा बन्दोवस्त भयाको छ. भनि लेषि पठायाको रहेछ र सोहि चिठि र अघि हामिले घा वन्दवस्त भयो भनि लेषि पठायाका चिठिको नकल देषाई तिमिहरुको र फिरंगीको घा वन्दवस्त भयेछ. दुवैको चिठि मिल्याको छ. वन्दवस्त भया पछि क्यान वहुतै कुरा गर्छौं मिलिजुलि रहनु भंदा हामिहरु सित ढेरै वहपह भै कुरा थापाथप् भयो र हामिले पनि ढेरै पाठसित कुरागरि संझाउँदा. निदान कलकत्ता लाठको चिठिको जवाप्मा नेपालमा रह्याको तिमीहरुको मानिस् उकिल उठाइदेउ भनि चिठि लेषि मसौदा हामीलाई सुनाई पठाया अरू विस्तार हजूरमा हाजिर भयापछि विन्ति गरौंला विज्ञेषु किमधिकम् इति संवत् १८७३ साल मिति कार्तिक सुदी ६ रोज ७ मुकाम कुति शुभम् —

इतः सेवक रणवीरसिंह थापा दलभंजन पाँडे भग्तविर थापाको कोटि कोटि कुर्णेस वन्दगि सलाम् सलाम् सलाम् शुभम् — —

(नोट– चिठीको भित्र छाप छैन, केवल बाहिर खाममा उक्त तीनै जनाको नामपिच्छे छाप लागेको छ । चिठीको हस्ताक्षर ख. गुणवन्तको हो ।)-



## नं. ३०. बलभद्रको पत्र

श्री दुर्गा सहायः

श्री ५ वादसाह

स्वस्तिश्री श्री श्री वडा जर्नेल भीमसेन थापा श्री ३ काजि रणध्वज थापाका चरण तल विंति पत्र उप्रांत वुढा काजि पश्चिम बाट आइ पुग्नु भया पछि सर्कारवाट जाहा अम्वाहरूलाई लेष्याका चिठि्ठमा ताहाँ भन्या थैंगरि पठाया. पेचिन....का हजुरमा भन्या विंति गरि गोहार नदी हवैन भनि पठाया फिरंगिबाट भन्या यस्तो डवलको चिठि आयो भनि अघि माघ वदि ११ का दिन चिठि लेषि विंति गरि पठाजार्थ्याँ. मालुम भयो हो. वाहाँदेषि पछि भन्या पानिजुले ल्यायाको चिठिमात्र जाहा आइपुग्यो अरु चिठि पनि आयाको छैन. पानिजु पनि आइ पुग्याको छैन. जाहा पनि कुरा केहि थियेन चइत्र (चैत्र) वदि ५ विहाउँदो रात्रिमा...को पर्माना १ आइपुग्यो. पर्मानामा लेष्याको आफुले सुन्याको कुरा. गोर्षाले जाहा सम्म लेषदा पनि गोहार नदियाको अर्थ क्या हो नेपालबाट जाहालाई भनि पठायाको अर्जि नपठाई फर्काइ दियाको अर्थ क्या हो भनि जाहा रह्याका अम्वाहरू माथि थोरै रिसानी भै आया जस्तो छ. सर्कारबाट जाहा अम्वाहरूलाई लेषि आयाको चिठि १ मा आज फिरंगिले हाम्रो मुलुक लिंदा ताहाँबाट गोहार नभया पछि फिरंगिले भन्याको पनि मांनु पर्ला भनि लेष्याका कुरामा मात्र....को थोरो रिसानि भया जस्तो डवलका कुरा गर्छन्. तैपनि वेस्गरि वुझि पछि विंति गरि पठाउँला. ताहाँ नेपालका गोहारलाई भनि.... का हजुरमा विदा भै संच्यान् चुन् भन्याका आया. आजकाल छिंदुफु आइपुग्या हुन्. वैसाषमा जाहा लासामा आइ पुग्नान्. भंन्या षवर छ एतावाट पनि च्यानचुनलाई लिन भनि भोटचा भला मानिस भरे भोलि हिंड्न्या छन्. जाहा आइपुग्या पछि कस्ता डवलका कुरा हुन्छन् वुझि विंति गरि पठाउँला. च्यान्चुन् जाहा न आइपुगंज्या ( ल ) गोर्षाको र फिरंगिको तकरार पऱ्याको क्या कुरामा रहेछ, कामकुरो सवै वुझि विचारि हुन्याभया वन्दोवस्त गराई दिनु भनि दुवै अम्वाले अन्हाई सिकाइ जाहा लासामा बस्याका स्याउतालोयलाई अघि टिंगरि सम्म जाइ वुझ पछि केरौं सम्म जाइ वुझनु भनि चइत्र (चैत्र) १० कादिन केहि सिपाही समेत गरि हिंडाउँछन् टिंगरिवाट ता चिठि लेष्छन् लेष्दैनन् को जाने. केरौं पुग्या पछि त चिठि लेषनान् भन्या जस्तो

चित्तले देष्छ तालोय केरौं पुगि ताहा चिठि पठाया भन्या चिठिको जवाप् मात्र पठाउन्या काम नहिं १।२ भला मानिस र केहि षान्या पिन्या सराजाम् समेत गरि पठाया वढिया होला. सरसौगात पठावन्या काम भन्या छैन. वाँकि चिनवाट गोहारलाई भारा फौज आयो भनि अघि भै गया वाहिक् अव अघि सरि आफ्नु अघ्र्याली ठहन्र्या काम गन्या च्यान्चुन् र अंवाहरू निको मांन्या छैनन् संभारि वुझि आफ्नु चुक नठहन्र्या गरी काम गन्या वढिया पर्न जाला उपर काम कुरा पछि जो जो भै गरि आउला विंति गरि पठाउँदै रहुँला चाकर सिपाहि हुं लेषदा कहिं तलमाथि पन्याको भया माफ होला किमधिकं विज्ञषु इति चइत्र वदि रोज छ मुकाम लासा शुभम् — — — —

ईत सेवक वलभद्र कस्य सलाम् — — —

(—०—)

( नोट :—यसमा साल छैन तापनि यो पत्र संवत १८७२ साल तिरको हो )

## नं ३१ नाइके रामसुन्दरको पत्र

श्री दुर्गा सहाय

श्री ५ वादसाह

स्वस्ति श्री श्री श्री वडा जर्नेल भिमसेन थापा श्री देवान रणध्वज थापाका चरनतल वितिपत्र उप्रांत मद्दत्का कुराका अर्थकन अघि भन्या टिंगरिको चिठि ञाहा आउँदा पेचिन विंति गरि पनि पठायाथ्याँ. वहाँवाट आयाको जवापको संक्षेप पनि ताहाँ विंति गरि पठायेकै हो. ताहाँ सरकारवाट जति चिठि ञाहा अम्वाहरूलाई लेषि आउँछ त्यसको विजिनिस अक्षरमा उतारी आफुहरूको अर्जि समेत लेषि पैचिन पठाउँछन्, पछिल्ला पाला आयाको चिठिको कुरामात्र गयाको छैन. उस् भन्दा अघि हामिले लेषि पठायाको नपत्याया हेर्न आफुहरूको मानिस पठाउ भंन्या कुरा लेषि आयाको चिठिको कुरा पैचिन विंति गरि पठायाको जवाप् भन्या आइ-पुग्याको छैन. अभ्यंतर वुझि हेर्दा गोहार मात्र देउ भनि लेषि पठावन्या हो. दौलतको मद्दत ता पुगिआयेन भंन्या हाम्रो देस नरह्या पछि भोटमा पनि आउला भनि लेषि पठाउन्या जोग्य होइन. ·······का पिछा परि रह-न्यालाई गाह्रो पन्याको घरि····ले गोहार नगन्याको कसैलाई छैन. एक पर्मान मात्र पठाई हुंछ कि दौलथ दिनपर्छ कि सिपाहि पठाउन पन्र्या हो



कि यो कुरा सबै····का हजुरमा जाहेरै छ. भंन्या अंवाहरूकोपेट मा वुझ् पन्याको छ. यो कुराको संछेप जेष्ठ सुदि का दिन अम्वाहरुले सरकारमा लेषि पठायाको चिठिमा हामिले भंदापनि ताँहाको कुरा··········ले अधिक वुझ्याको छ भनि लेषि आयाको हो. वुझनु भया हो. दोस्रो फिरंगिवाट पनि पैंचिन् विंति गरि पथाया जस्तो डवल छ. तसर्थ अम्वाहरु गुंम भइ-रह्याछन्. भोटका भला मानिसले पनि गोर्षालाई गाह्रो पर्दा गोहार दिन्यै हो भनि भरिसक्य अंवाछेउ भन्दैछन् वाँकि मेरो चिठिमा तँ कुरा छिचोलि विंति पनि गर्न सक्दोरहिनछस् भनि आग्या आया अर्थकन मैले ञाहा कुरा छिचोलि विंति गन्या नगन्याको आज मैले चिठिमा मात्र लेषि पठायाको काम फत्य नभै को पत्याउला. देषन्या निमष छ, नागरि अक्षर जांन्या चिनिया २ जना चाँडो पठाई दिनु पर्छ भनि·········पर्माना आउँदा मैले अक्षर सिकायका चिनिञा दुइलाई पैचिन जान पर्दा आफना चित्तले देष्या संम सतरुद्रा देषि पूर्व कनका तिष्ठा देषि पश्चिम तरिआनि भन्याको यस्तो छ. पाहार यस्तो छ. भोटको अम्बल हिमालय भन्याको एस्तो पन्याको छ. एस २ जगामा फिरंगी आई वसिरह्याको छ. यो ठाउँमा नेपाल देषि एति दुइ दिनको बाटोमा लडाइ भयाको हो भनि ठुलो ताउ कागजमा नक्कल उतारि उनहरूका हात पैचिन विंति गर्नु भनि दि पठाञा. एस् पाला अक्षर पह्लि जान्या एक भन्या उहिंको ठकनिया ( ठेगानिया ) मानिस हो पुगैन भंन्या संदेह छैन. जेष्ट सुदि १० का दिन लाहासा देषि हिंड्या. म लाहासा बसि सत्तु मात्र षान्या काम गरि रह्याको छैन. भरिसष्य वुद्धिले भेटायासंम ढुंगाको तहल गर्दैछु. ढुंगाको बढिया भया साहेवहरू षुसि हुनुहोला. म एकले मात्र ञाहा छु सवै आसा भरोसा ताहिं छ. मेरो घरका केटा केटि लाला वाला साहेवहरूका चरनतल छन्. केटाकेटिलाई माना चाँवलको संभार राषि दिया जाला.......(आदि) किमाधिकं विज्ञेसु मिति आषाढ वदि ७ रोज ५ मुकाम लाहासा शुभम्

[ खाममा रामसुन्दर लेखिएको ]

—०—

## नं, ३२, युद्धसम्बन्धी अंबाको पत्र (ग)

श्री दुर्गा सहाय :

श्री वादसाह

स्वस्तिश्री ५ चिनवादसाहका हुकुमले भोट लाहासाको कामकाज गर्न्या श्री टुचाङ् ताठिन्सि अम्वा तथा श्री टुचान् ताठिन् वो अम्वाले पठायाको

पत्रम्. स्वस्तिश्री ३ गोर्षा अतिनिवाङ् गिर्वान युद्ध विक्रम साह देवेषु ......उप्रांत आफुवाङ्ले लेषि चह्लाइ पठायाको चिठिपत्र यस साल मिति वैसाष वदि १० का दिन त्राहा आइ पुग्यो अर्थ विस्तार मालुम भयो. बाँकि अघि ताहाँबाट लेषियाको चिठिमा आफुवाङ्ले अर्जि लेषि मानिस समेत लाहासामा पठाई. आफ्ना अर्जि पेचिनमा पुऱ्याई......बाट फिरंगीको नाउमा अर्घ्यालि नगर्नु आफ्ना आफ्ना साँध सिमानामा कायम रहनु भनि लेष्याका अर्थकन यो काम हामि अम्वाहरूका मनमा वुझि हेर्दा....बाट अस्मल गऱ्याको विरानु मुलुक धेरै छ विरानु मुलुकबाट केहि सौगात अर्जि चह्लाइ पठाउन्या वर्ष आया पनि अगावै विन्ति गरी पठाई पेचिनमा चह्लाइ पठाउँ भन्या....बाट पर्माना आइ पुग्या पछि अर्जि सौगात उकिल समेत पेचिनमा चह्लाइ पठाउँछौं. ताहाँबाट अर्जि सौगात चह्लाइ पठाउन्या करार पुग्यापछि अगेरि हामि हुकुम अम्वालाई चिठि लेषि कुरा साधी त्राहांबाट पनि विन्ति गरी पठाइ.......बाट पर्माना आयापछि वुझि काम गर्छौं. आज ताहांबाट अर्जि सौगात चह्लाइ पठावन्या करार नआइ अर्जि चह्लाइ पठाउँदा अघि वन्दवस्त भयाको रिक्ताचार. मिलदैन. हामि हुकुम अम्वाहरूले पनि अघिको रिक्ता मेटि विन्ति गरि पठाउन सकिन्दैन. विन्ति गरी पठाउँदा......वाट हामि माथि ठुलो रिसानि होला. भनि अघि त्राहावाट विस्तार लेषि पठायाको हो. आफुवाङ्ले मिलि जुलि मुलुक संभार गरी वसिरहु धेरै काम कुरा नलेष मानिस पनि नपठाउ. मानिस आउँदा जाँदा वाटामा गाह्रो होला. जति अघि त्राहावाट लेषि गयाको हो आज आफुवाङ्ले लेषि पठायाको चिठिमा......का हजुरमा चह्लाइ पठाउन्या अर्जि लि जान्या सर्दार डम्वर थापा समेतलाइ चाँडो लासा पुऱ्याउनु भन्या पर्मानगी कुति ढेवालाई चाडो आया वाटमा ढिलनभै पुगनन् भनि लेष्याका अर्थकन त्राहांबाट अघि लेषि पठायाको चिठि ताहां नपुग्दा आफुवाङ्ले फेरि सोधनि लेष्याछौ. तसर्थ चिठिको जवाप् फेरि लेषि पठायाको छ सो वमोजिम कामकाज गर्नु. हामि हुकुम अम्वाले अघि लेषि पठायाको चिठिमा ताहाँबाट मानिस नपठाउनु. मानिस आउदा जादा बाटामा गाह्रो होला. भंन्या हुकुम वमोजिमका काम गर्नु. तस निमित्य चिठि लेषि पठायाको हो. आफुवाङ्को कुशल छेम चाहिन्छ इति च्याछिन् वर्ष २० मिति वैसाष वदी १२ मुकाम लाहासा शुभम्—

( नोटः संवत् १८७२ वैशाख )

—०()०—



नं ३३ युद्धसम्बन्धी तिब्बती पत्रको अनुवाद

शुभ कार्य र श्री ले युक्त हुनु भएको गोरख-महाराजका समीपमा। ताहाँ धर्मले बढिया स्वभाव भएको गाथमा साविक जस्तो निर्मलरही आफ्ना अधीनको राज्यभार शुक्लपक्ष झैं बढ्दै गएको शुभसमाचार पठाउनु भएको पाउँदा खुशी लाग्यो यहाँ हामी पनि आनन्दै छौं। हाल महाराजको पत्रमा लेखिएको पत्रको व्यहोरा बुझियो, कि त्यसतर्फ फिरंगीसंग लडाइँ ठूलो जोरसंग परि दुवैतर्फको धेरै मानिस मारिएको खबर र सिपाहीको तलब-लाई रुपैयाको मद्दत चाहियो भने समेत लेखिएको रहेछ। लडाईंबाट सबै प्राणीको ठूलो नोकसानी हुनेहुँदा नराम्रो हुने र हाल दुवै तर्फको धेरै मानिस मारिएकोबाट चिन्ता र अफशोस टाँसिरहेकोमा मलाई पनि असह्य अफशोस परि राखेको छ। यहाँ पनि च्याफाक् सालको उपाधि अवस्थाले गर्दा सुनावादी मालमत्ता हीना भै अहिले रुपैया जगेडा छैन। अलिअलि भएको पनि वडा धोंमा धाक पो (वडा चीन वादसाह) का पूजा-पाठ इत्यादि धर्मको शुभकार्यमा लगाउने बाहेक जीवित र मृतकका निमित्त (धर्म कार्यका निम्ति) श्रद्धा भावले चढाएको सम्पत्ति लडाईका मानिसको निमित्त दिदा ठूलो पाप समेत भै धर्मको मार्ग नमिल्ने हुँदा रिसानी नहुनु होला। महाराज र फिरंगी समेतले लडाई नगरी आफ्नु आफ्नु जमीन समाई बसेमा सबैलाई आनंद र राम्रो हुनेहुँदा लडाइँ तुरुन्त शान्ति होस् भनी ह्लाकु जोसोमा (ईश्वरमा) प्रार्थना र लडाईमा मरेका दुवैतरफका-हरूले शांतिको स्थान पाउन् भनि शुभआशीर्वाद सधैं गरिराखेका छौं यो व्यहोरा स्मेत दिलमा रही अब उप्रांतलाई पनि धर्म विषयको योग्य पत्र पाउँ खाना सुन ३ साङ् स्मेत शुभ तिथिमा (तिब्बतका राजा लामा अर्थात् प्रधानमंत्रीले पठाएको)

—०—

नं. ३४. चीनिया सेनापति सैंच्यानचुनको पत्र

श्री दुर्गा सहाय

श्री वादसाह

स्वस्ति श्री ५ चिनवादसाहका हुकुम्. ताठिन फौंलि अपाधुनु शाहे अङ्दन्लान्श थ्वान. सैच्याङ्युन तथा श्री हुकुम टुवां ताठिन् स्वितारिन् २ ले पठायाको पत्रम........स्वस्ति श्री ३ गोर्षा अतिनिवाङ् गिर्वाण जुद्धविक्रम साह देवेषु......उप्रांत आफुवाङबाट विदागरि पठायाको

पानिजु लासासंम महाजनको काम काज गर्न्या नाएवयाका हातमा त्यायाको आफुबाट हामि ताठिनलाई दियाको चिठि आइपुग्यो चिठिमा लेष्याको दयासंग हामिलाई अह्राई सिकाई पछिसम्म वारंवार अति सिकाउँदा वढिया होला. चिठि उत्तऱ्यो हेर्दा आफुवाङले एकचित्त एकमन मानि वस्याका रहेछ फेरि आफुवाङबाट चह्राइ पठायाको चिठि जाहां आइपुग्यो. चिठिमा लेष्याको हामि जुन ताठिन् सँले चारमहिनाका २ दिनमा पठायाको चिठि आइपुग्यो अर्थ मालुम भयो. उप्रांत आफुवाङले विंति गऱ्याको फिरंगीले हामिलाई एस्तो दुष दिंदा कसो गर्न्या हो काजि भारादार भलो मानिससित मतो गर्दा..............का हजुरमा विंति गरी दया मेहरसंग फिरंगीलाई प्रमाना १ दि हामी पुरानु भयाको देस थामि गरिदिनु. आफना २ सांध सम्म फर्किई वस्नु. विस्तार कुरा विंति गरि रहेछ यो कुरा बहुतै जोग्य छैन. हाम्रो·······का हजुरमा पिछा गऱ्याको मुलुक हज्जार छ. सांध २ मा सौगात चढाउनको थाह छैन. तिमिमात्रै लाई पक्ष्या गऱ्याको दस्तुर छैन. अघि २ नेवार भन्या (अर्थात् मल्लहरु) ...........का हजुरमा पिछा गरि बस्याका हुँ. तिमिले वलगरि लियो....... ले आफु छेउ थामिदिनु भन्याको कुरा केहि छैन. आज षिमि ङ्यु का (जुम्ला तर्फ) मुलुक भन्या तिमि गोर्षाले वल गरि आधा भन्दा पनि धेरै लियो. अब षिमिङ्यु भन्या.......का हजुरमा विंति गरि प्रमाना माङ् गि आफु कति देस पाया देषि षिमिङ्यु लाई थामि गरि दिए सोभया आफु वाङले काहां सम्म वस्ला (?) आफुवाङ् वाट विंति गऱ्याको सवै एकोट पनि हुन्या छैन. हामि जुन ताठिन (ले) अघि आफुवाङलाई दियाको चिठिमा लेषि भ(न्या)को छ. तिम्रो मुलुकको फिरंगिसित लडाई गऱ्या देषि मिलि गऱ्यादेषि हामिले केहि सोध्याको छैन. मद्दत् माँग्याको सिपाही केहि पनि हुँदैन. यो कुरा आफुवाङ्ले आज पनि देखैन बुझेन. हामि जुन् तठिन् च्याङ्चुन्......का हुकुमले फौज ली लासासम्म आयाको आफुवाङ्ले अघिको चिठिमा विंति गऱ्याको भोटको वाटो छोडि देउ ...... लाई सौगात चह्राउन पर्दैन योकुरा फालना २ मानिसले भन्याको हो वेसगरि विचार गरि कसैलाई भन्यौ उससित लडाइ ग(री) भस्म गरि मारूँला भनि एस्तो निमित्य आयाको हो. तिम्रो मुलुकको देस माङ्न्या गोहार गर्न्या आयाको होइन. यो चिठि पुग्ने वित्तिकै तिमि अघि चिठिमा विंति गऱ्याको भोटको बाटो छोडि देउ...लाई सौगात चह्राउन पर्दैन यो कुरा फिरंगिले भन्याको हो कि तिम्रो मुलुकमा बनायाको हो साँचो गरि चिठिमा लेषि चाँडो पठाइदेउ हामीले विचार गरि ठूलो फौज लि उठ् भस्म



गरि मारि दिउँला. फेरि अघि जस्तो जान्या देखि न जान्या जस्तो एकोहोरै अर्घ्यालो कुरा विंति गर्दा दया माया नगर्नु. आफना बिगाऱ्याको अर्जि सौगात चाँडो गरि चह्राइ पठाउनु गर. दयासंग माफ गरि दिनु जवस्. एसो नभया अर्जि सौगात नपठाया हामि जुनताठिनसँले बितिकै ठुलो फौजलि बाटो बाँधि उ (ठि) तिमिलाई मारि दिउँला तिम्रो मुलुक भन्या फिरंगिसित लडाई गर्दा पनि सकिदैन. काहां......का ठुलो फौजसित सकौला. तिमिले चाढो गरि नवुझि पछि पछुताई पुग्दैन. हामि जुन ताठिन च्याङ्जुन्ले बुझदा.. ....ले अकाश जस्तो संसारमा भयाको जिउ जस्तो माया गरि राष्याको छ. तिमि मुलुक भन्या अघि पनि पिछा सरण वस्याका मानिस हो. वेस गरि वस्या देषि तिमि राजा भारा प्रजा प्राणिलाई जुग २ संम वढिया हुन (जा) ला तसर्थ हामिले चाडो गरि फौज नउठि अगावै चिठि लेषि सोधि दि तिम्रो जवाफ विंति गऱ्याको अति सिकाइ दि. भन्या भन्याको रहेछ. अंल्हे यो चिठि ता हामि जुनताठिन् च्याङ्जुनले दियाका अति सिकायाको विगाऱ्याको आफाल दि नआँको वाटो हो. हामिले पानिजु छेउ. आह्राइ विस्तार इनले लेषि आफु राजा बुझ्नु होला. हामिले फेरि यो चिठि पठायाको हो. आफैले बुझाउ अरु कुरो केहि भन्या छैन. सुष र दुष दुइवाट छ आफनाका षुसि एक वाटो लिनु. वाँकि तिमिबाट पठायाको पत्र चिन्ह किम्षाप् थान १ वंदुक १ सवै पानिजुको हातमा सौपि दि फार्कि पटायाको छ. इति संवत् च्याछिन् २१ साल ६ महिनाका ७ दिन मुकाम दिगर्चा शुभम्—

( संवत् १८७३ आषाढ़ )

—=०=—

## नं. ३५. तराईको भूमि फिर्ता गर्ने विषयको घोषणा

( अनुवाद )

श्री ५ महाराजा साहेब

... ... संग मिलाप र खातिर गर्नुपर्न्या हुनाले सुगौलीका करारपत्रमा लेख्याका जुन जुन कवुल बापत ......लाई तकलीफ हुन्छ त्यो माकूफ हुन पनि सक्छ भनी सर्कार कम्पनी अंगरेज बहादुरका अहलकारहरूलाई मन्जूर छ. क्या भन्या.......बाट करारपत्रबमोजीम सर्कारकम्पनी अङ्गरेज बहादुरका अहलकारालाई सौंपनु भैकन त्यो जगा बढिया रहेछ भनि बुझनु भयाका तराईको मुलुक.......का मन राखनानिमित फिर्ता गरिदेला तर यो कुरा

सम्झनु होला. क्या भन्या तेह्रौतका र सारंगका जिल्लामा भयाका तकरारी जिमीन बाहिक औ नया सिवाना तयार गर्नानिमित दुवैतिरका अमिनहरूका तजबीजले दुवै पट्टिबाट लाग्याका जमीनहरू बाहेक औ सर्कारकम्पनीका अहल्कारहरूलाई सुपुर्द भयापछि जसजसका हक ठहरी सर्कार कम्पनीबाट बक्सिस भयाको होला, सो जमीन-बाहिक कोसी नदी र गन्डकका बीचमा भयाका तराई जस्ता तरहसङ्ग लडाई नहुदै अघि नेपालका अमलको कब्जा तालुक रह्याको हो. त्यस्तै तरहसङ्ग सबको सब फिर्ता गरिदीइयला औ सर्कारकम्पनीबाट मानिसहरूले पाएको जिमीनलाई आफना सर्कारमा राख्ना निमित ........ बाट मञ्जूर गर्नु भयो भन्या अर्का जमीनसित त्यसकोसट्टा गरिएला औ यो कुरा पनि सम्झनु होला. क्या भन्या तेह्रौत जिल्लामा धेरै दिनदेषि तकरार पर्‍याको र तकरारी जमीन धेरै छँदै पनि सर्कारकम्पनीका अहल्कारहरूले तेह्रौत जिल्लाका तकारी जमीनहरू वापत अंग्रेजी सन् १८१२ विक्रमाजित् १८६९ सालमा भयाका फैसला मंजूर राखी त्यस् वाहिकको छाडिदिया. कस्तो भन्या जस्ता तरहसंग उस सालमा फैसला र सवाल् जवाव ठहर्‍याको हो त्यही फैसला र सवाल जवाव आज पनि वहाल वरकरार रहन्या छ. औ तकारी जगा र नयाँ सिवाना बनाउना निमित्त दुवैपट्टिका तजवीजले लाग्याका जमीन वाहिक गंडक नदीका र रापतीका बीचभा भयाका तराइको जमीन-कुन् भन्या गंडक्‌देखि गोरखपुरका जिल्लाको पश्चिम सरहदसम्म स्यूराज र वुटवलका तराईका जमीन समेत पनि जस्ता तरहसंग लडाईं नहुँदै अघि नेपालको तालुकमा थियो त्यस्तै तरहसित दरोवस्त फिर्ता गरी दिइएला. औ ननापुनुज्याल दुवै सर्कारका बीचको सरहद वढिया डवलसंग फैसला भै सकन्या छैन, तसर्थ दुवै पट्टिवाट अमीनहरु मुकर्रर भै तिनीहेरू आपुस्तमा. मिली माथि लेष्याका कवुलवमोजीमको काम गरी वेस वढिया डवलसंग सरहदको ठेगान लगाई दखिनपट्टिको जमीन सर्कारकंपनीका तालुकको औ उत्तरपट्टिको जमीन...... का सर्कारका तालुकको छ भन्या थाह भै अलग्ग देखा पर्‍या गरी सीवानाको पर्खाल सोझो गरी वनायादेखि वढिया हुन्या छ. औ कदाचित् कुनै जमीन वांगो हुनाले सिवानाको पर्खाल वनाउन भएन भन्या मुनासिववमोजिम् कठिन नपर्‍या माफिकको कुनै खंड जमीनसंग अमीनहरूले सट्टा गर्नु. औ यस सर्कारका तालुकको भया पनि......का सर्कारका तालुकको भया पनी सिवानाका नजदीकमा भयाका कोहि जिमीदारका जिमीदारीको कोही जमीन सरहद वनाउन्या वेलामा दुवै सर्कारका अम्वलभित्र आयो भन्या सदासर्वदाको



झगडा र दुवै अमलाको टंटा मेटाउना निमित्त ती अमीनहरूले आपसका सल्लाहवमोजीम त्यो जमीन सट्टा गरी एकै अमल र एकै इलाकामा राखनु. औ तराई फिर्ता भयापछि.......का सर्कारका कैयेक भारादारलाई षर्च निमित्त तराईका सट्टामा सर्कारकंपनीवाट वर्षको दुइलाष रुपया दिनु भन्याको पनि मौकूप होला भन्न्या कुरा.......वाट कवूल मंजूर गर्नुहोला. औ. तराई फिर्ता भयापछि तहाँ वस्न्या मानिसहरू लडाईका बखत्मा सर्कारकंपनीसंग सामेल थिया भन्या वापत् तिनीहरूलाई सास्ती हुन्याछैन. औ कदाचित्त खेति गर्न्या रैयत्‌हरू वाहिक् तहाँका कोई मानिसले आफ्ना जमीदारीका जमीन छाडी सर्कारकंपनीका अमल्‌दारीमा जान खोज्यो भन्या त्यसलाई मनाही हुन्याछैन. भन्न्या विहोरा पनि.......बाट कवूल गर्नुहोला. इ सवै विहोरा.......वाट मंजूर भया यसै कागजले नाप र सिमाना वडा गर्न्या काम होला. औ सिवाना वन्दोवस्त दुरुस्त भयापछि यस कागजमा लेखियाको व्यहोरा वापत् दुवै सर्कारका दस्‌खत्‌ले सनद लेषि त्यसमा दुवै सर्कारको मोहर गरी लिनु दिनु गरिएला. अंगरेजी सन् १८१६ डिसम्वर महीनाका ८ तारीख संवत् १८७३ साल पूस महीनाका ४ तारीख आइतवारका दिन लेखियाको शुभम् — —

## नं. ३६ (क) ठगी र हत्या-विषयक संझौताको आदेश

"स्वस्तिश्री मन्महाराजाधिराज कस्य रुक्का — — —

आगे (जिल्लाको नाम) का आमिल सुवा फौजदार चौधरि कानु गोये राइस् गैन्ह प्रति हाम्रा सर्कारका र सर्कार कम्पनीका चिन्ह्या जान्या मानिसले फलाना जगामा विष दि पासो लगाई फलाना फलानालाई मार्‍या फलाना फलानाका छोरा नाति फलाना ठाउँमा वस्न्या यस्ता यस्ता वेहोरा भयाका भनि ठहराया पछि सर्कार नेपालका अमलाहरूले तजवीज गर्दा पनि अघि देषी जाहाँ वसि आयाको ठहर्दैन, वावु वराज्यूको पनि ठेगाना लाग्दैन रोजगार पनि केही देषिदैन षाना पिनामा रात्रैगरी षानु पिउनु गर्छन् अथवा येस मुलुकमा वस्याका छन्. चारमहीना कहिं चार महिना कहिं वस्तछन् रोजगारको ठेगाना नभै जिउ पाल्न्या ठहर्‍या चिन्ह्या जान्या मानिसले भन्याको पनि मिल्यो भन्या तेस्ता मानीसहरूलाई सर्कार नेपालबाट सर्कार कम्पनीका मजिष्टरका मानीस हस्ते सपुर्द गर्नु. सजाय पनि मजिष्टरबाट गर्नु. तेस्तै नेपाल सर्कारका चिंह्या जान्या मानीसले फलाना फलाना जगामा विषादि पासो

लगाई फलाना फलानालाई मान्र्या फलाना फलानाका छोरा नाती फलाना ठाउमा वस्न्या येस्ता येस्ता चेहरा भयाको भनि ठहराया पछि सर्कार कम्पनीमा अमलाहरूले तजवीज गर्दा पनि अघि देषी इहाँ वसि आयाको ठहर्दैन वाबु बराज्यूको पनि ठेगाना लाग्दैन रोजगार पनि केहि देषिंदैन षाना पिनामा पनि रास्रैगरी षानु पिउनु पनि गर्छन् अथवा येस मुलुकमा वस्याका छन्. चार महीना कहिं वस्तछन्. रोजगारको ठेगाना नभै जिउ पाल्न्या ठह्‍र्‍या चिन्ह्या जांन्याको मानिसले भन्याको पनि मिल्यो भन्या तेस्ता मानिसहरूलाई सर्कार कम्पनीबाट सर्कार नेपालका तराईका अमलाका मानीस हस्ते सपुर्द गरी सजाय पनि सर्कार नेपाल-बाट गर्नु. कौनै तरह संग तजवीज दुवै सर्कारका अमलाहरूले गर्दा पनि चिन्ह्या जांन्या मानिसले भन्याका मानीसहरू माथि कौनै कुराको संदेह निस्कन सकियेन भन्या ति संदेह नभयाका मानीसहरूलाई दुवै सरकारबाट दुवै सपुर्द नगर्नु भंन्या वंदोवस्त भयाको छ. अव उप्रांत लेषिया वमोजिम्-का संदेहि मानिस सर्कार कम्पनीका मजिष्टरहरुले मानीस पठाई. मागि पठाया तिमीहरूले तजवीज गर्दा पनि संदेहै ठह्‍र्‍यो भन्या तेस्ता ठगहरूलाई तुरुन्त मजिष्टरका सपुर्द गरि दिनु. तिमिहरूले पनि लेषिया वमोजिमको काम गरि सर्कार कम्पनिका मजिष्टरहरूबाट मगाइ लिनु भंन्या. हुकुम वक्स्यौं जसले येस बंदोवस्तमा गाफिल भै काम गर्ला तसलाई जात अनु-सारको सासना होला — — — —

-(())-

(ख) डाका सुपुर्दीको संझौता-संबन्धी आदेशपत्र

स्वस्तिश्री मन्महाराजाधिराजकस्य रुक्का—

आगे (जिल्लाको नाम) का सालवसालका अमालिप्रति नेपालसरकार र सरकार कंपनीका जौन जगामा डाका पर्छ उस जगाका मालिकले डाका मान्र्याको सजाय गर्नु. नेपालसर्कारका मानिसहरूले सर्कार कंपनीका मुलु-कमा गै डाका मान्र्या भन्या सर्कार कंपनीवाट सजाय गर्नु. सर्कार कंपनीका मानिसहरूले नेपालसर्कारका मुलुकमा गै डाका मान्र्या भन्या नेपाल सर्कार वाट सजाय गर्नु. औ डाकुका कुरामा जाहा साधि पठाउँदा टाढाको पल्ला पर्न जांछ. डाकुका कुराको संदेह गरि रोवकारीलाई सर्कार कंपनीका तरफवाट मानिस माग्या भन्या जाहा साधन्या नगर्नु तथा रोवकार गर्ना-लाई पठाइदि सर्कार कंपनीका तरफका र नेपालसर्कारका तरफका दोहरा



अमलाहरू वसि रोवकार गर्नु. तहकिकात गर्दा डाकु ठह्‍र्‍यो भन्या. छोडि आउनु. हाम्रा तरफ डाका पर्‍यो भन्या पनि संदेह लाग्याका मानिसहरू-लाई कंपनीका अमलाहरूबाट मगाइ सर्कारकंपनीका तरफका र नेपाल-सर्कारका तरफका दोहरा अमलाहरू वसि रोवकार गर्नु. तहकिकात भयाको कुरा विन्ति गरि पठाउनु र हुकुम गया वमोजिम सजाय गर्नु भंन्या हाम्रो र सर्कार कंपनीको ९१ साल कार्तिक महिना देषि वन्दोवस्त भयाको छ तसर्थ अव उप्रांत यस वन्दोवस्तमा कति तफावत नपर्न्या गरी डाकाका कुरामा हुसियारी राषि काम गर्नु यो लेषिया वमोजिम्का काम कुरामा जो गाफिल भै ताकित गर्नामा कसूर गर्ला तसलाई भारी सजाय होला —

—०—

[उपरोक्त आदेशहरू नेपालका बृटिश भारतको सिमानासित जोडिएका जिल्लाहरूमा पठाइएका थिए। आदेश पठाइएका जिल्लाहरू—डोटी, दाङ, सल्यान, पाल्पा, बुटवल, चितौन; बारा, पर्सा, रौतहट, सर्लाही, सप्तरी, महोत्तरी, मोरंग, विजैपुर आदि।

—०—

नं ३७. विनामितिको अपूर्ण पत्र

श्री

श्री विश्वेश्वर गंगा

श्री ५ महाराजका

श्रावण वदि १३ रोज ६ का दिन. श्री मिश्रज्यूले मलाई अह्राइ गयाका कुरा दसैं सम्ममा म आइ पुग्याँ भन्या जो गर्न्या कुरा म गरुँला दसैं वढ म आइ पुगिन चाँडो अवाइ भयेन भन्या. एकान्त मागी येति कुरा तिमीले विंति गरि मलाई पनि वडासाहेवलाई पनि चिठि लेषाइ. केहि काम देषाइ. मलाइ झिकावन्या पाठ् विंति गर्नु. हाम्रो विग्र्‍याको कतिले छ भन्या हामि आपसमा राग द्वेष वढ्दा मिल कसैको कसैसित नहुँदा. सलुक चारै दिसामा नदेषदा अंगरेजले यो छिद्र देषि ४ पुस्ताको दोस्त छोडी हामि माथि चढाइ गर्‍यो.

आज गारन्लाई (Gardner) जहाँ राष्याको. हामिसित गारन्ले मिठो गरि मिलि रह्याको यो सवै चरित्र नेपालैको भोग गर्ना निमित्त हो. पृथ्वीले मिचदामा वलले उक्सँदैन. दैवले र वुद्धिले दानले पुण्यले उक्सिन् छ. एसको पग जाहाँवाट उठायामा मात्र ढुंगाको श्रेय छ. दिग्वंधन् नगरी

यो उठ्तैन. ढुंगाको श्रेय नभया वडाको वडाइ र छोटाको आशाको ठाउँ यो ढुंगै संम छ.

एस् पाला मलाई. वडा साहेवसित वसि ढेरैं तरहका कागत पत्र भयाका सवैं रद्द गरि एस् पाला भयाका सिमानाको साफ अहद गरि..........जिमि जग्गामा लोभ तृस्ना नगर्नु भनि अहद् लेषाइ ल्याउँला. हाम्रो गयाको मुलुकलाई कौन मुलुक मारि नजर गऱ्या हाम्रो मुलुक देउला भनि माथिवाट हामि तलवाट तिमि भै आसाम मारी नजर गर्छौं भनि लोभ देषाई. उस्को वचन लि. ४ वर्ष हामि सिपाही षजना जमाउँछौं भनि थांनु वढाइ आउला २ वर्ष भित्रमा घर जमाइ दिग्वंधन गरि यस्लाई उठाउला— — — — —

गुरुले पनि भला मानीसले पनी राग द्वेष लिंदा जाहाँ सम्म भयो. भनी दुनीया भन्छन्. दैवले दियाका मनुष्यको द्वेष कसैले नगर्नु. ढुंगाको श्रेय गर्न्याको काम कुरा कसैले नकाटनु गरि सवको करनीयकोत्त गरि वाँधी काम गऱ्या चितायाको पुग्न्यै छ. चितायाको क्याले पुग्छ भन्या. यक वाक्यले विवेकले दृढ चित्तले दानले पुण्यले पार लाग्छ. हामी हिंदु हौं यवन. भाषा छोढाई राम राम चलाउँदा यस पुरश्चरणको पुण्य रोजिना हुन्याछ. रामनामले दुनीञा निःपापी हुन्या छं. यस् पुण्यले प्रताप् पनि वढ्ला तर्वार पनि चल्ला हिजो पनि. कामना पुगोस् भनि हामी पुरश्चरण गर्थिउँ कामना पनि पुग्थ्यो. आज पनि कामना पूर्ण हवस् भनी भाईहरूलाई पुरश्चरण लाउँला — — —

यति वंदोवस्त जाँहा गरि यस् उमेरमा बनारस् छोड्न्या होइन भंन्या वाहाना गरि चाहिन्या सराजाम लि मंसीरमा विदा भै बनारस् जाई. अंगरेजसित मिठो पारी सिंह महाराष्टका गुरु वनारस् झिकाई तिनले .......विचमा राषी......जल ली वोलन्या वाँधन्या काम गरौंला—यो मनोरथ् क्याले पुगन्या छ भन्या लोभ वस् गरि पुऱ्याउला कसोरि भन्या. याहाँ दुषायाका अंगरेजले कसैलाई राषन्या छैन भनि राजा रणजीत सिंह जांदै थिया लोभवस अंगरेजले गराउँदा वस भैगया तमासै हेऱ्या. आज अंगरे ... ... ( अपूर्ण )[1]

१. यस पत्रमा लेखक तथा मिति नभए तापनि, पत्रको व्यहोराबाट सं० १८७३–७६ बीचको मन्ने स्पष्ट हुन्छ। यसबाट तत्कालीन नेपालको अंग्रेजप्रति धारणा र स्प्रीट थाहा हुन्छ।



## नं० ३८. मातवर्रसिह थापाको नाममा जिल्लाको मुख्तियारी

### लालमोहर

स्वस्तिश्री मन्महाराजाधिराज कस्य रुक्का — —
आगे कर्णेल माथवर्रसिह थापाके सल्ल्यान् प्यूठाना अडामा गै गर्न्या काज काम गैरहको मुष्त्यारी गरिवक्स्यौं परिआयाको धात फेराद सुंनु देसी परदेसी गैह्र आउदा जादा अरू काज काम परी पाउदा हाम्रा वंन्या सप्रन्या काजमा जो षर्च लाग्छ मुनासिव माफिक षर्च गर्नु मोजरा वक्सौला . आफ्ना षातिर्ज्मासंग निमकको सोझो चिताई काज काम गर इति संवत् १८८८ साल मार्ग वदी २ रोज २ शुभम् — —

## नं० ३९. नेवारजातिको रीतिमा सुधारवादी कदम

स्वस्तिश्री मन्महाराजाधिराजकस्य रुक्का—

आगे चार अदालतका सालवसालका डीठ्ठा प्रती नाउ कसाही कुसल्या गोंठ पुल्पुल नाल काटन्या गैह्र रकमीले मनोयोग्य गरी दस्तुर वढाइ लिंदा हामि प्रजा गैह्रले जन्मदा मर्दा सुचित संग सुद्ध हुनु र सती आरामैसंग लैजान पायौन श्री ५ सर्कारवाट येक वन्दोवस्त गरी नवक्स्या हाम्रा धर्मरिति रहेन भनी प्रजा गैह्र कराउ छ भंन्या कुरा हाम्रा हजुरमा विंति पऱ्यो. अब उप्रांत ८८ साल पौष वदी १० रोज ५ काठमाडौ सहर गामल स्मेतको तप्सील वमोजिं सदा सर्वदालाई थिति वंधेज वाँधि वक्स्यौं जस् रकमीले अड्काउला तप्सीलवमोजीमका रकं भंदा वढाइ लेला तस रकमीलाई भारी डंड गरी जुन रकमीलाई सनपर्छ तसलाई भर्नु भंन्या उर्दी गैह्रलाई. सुनाइदिनु—

तप्सील

| | | | |
|---|---|---|---|
| छोरा छोरी जन्मदा— | | — | — |
| नालकाटन्या के— | | — | — |
| सुपारि गोटा | १ | चामल कुरुवा | १ |
| तेल तोला | ४ | कपडा खगाम् | १ |
| चिरुवा कुरुवा | २ | सिचुपालु जथासर्घा | १ |
| दस्तूर | ऽ।। | जना २ लाई षुवाउनु— | |
| पीचा फाल्याका दस्तूर | ऽ। | × | × |
| नाउके चोष्याउन्या दिन— | | — | — |

| | | | |
|---|---|---|---|
| कौला वजी चीउरा कुरुवा | १ | दावजी चीउरा कुरुवा | २ |
| सीचुपालु जथा सर्धा | १ | वेकादां | ऽ। |
| जति जनालाई काम् लायो उति जनालाई षुवाउनु । | | | |
| छेवर व्रतवन्ध नाउके— | | — | — |
| कौलावजी चीउरा कुरुवा | १ | दावजी चीउरा कुरुवा | २ |
| लुगाको साटो मोल् रु. | ।॰ | हात पूजा के | ऽ॰। |
| दस्तुर | ऽ।।। | धकी चामा धान् कुरुवा | १ |
| तेल वकुवा | ... | मासु तोला | ४ |
| जती जनालाई कां लायो उती जनलाई षुवाउनु । | | | |
| सुवर्नकुमारसंग वीवाह इही आफना घरमा गर्न्याले दीन्या— | | | |
| कसाही वाजा के— | — | | — |
| चामल कुरुवा | २ | ग्वयदां | ऽ॰।। |
| जना २ लाई षुवाउनु । | | | |
| नाउके— | — | | — |
| थलिया १ के मोल् | ऽ– | धकीचामा धां कुरुवा | २ |
| तेल कुरुवा | .... | रुवा | २ |
| दस्तूर दाम | ऽ–।। | मासु तोला | ४ |
| अरु षलकीके जनही दाम् | | | २ |
| जति जनालाई काम लायो उती जनालाई षुवाउनु । | | | |
| वाह्रातय् गर्दा नाउके— | | — | — |
| कौलावजी कुरुवा | १ | दावजी चीउरा कुरुवा | २ |
| लुगाको साटो मोल् | ।॰ | झ्याल षोल्याको | ऽ॰। |
| जति जनालाई काम लायो उति जनालाई षुवाउनु । | | | |
| वीवाह गर्दा— | — | | — |
| नाउके— | — | | — |
| कौलावजी चीउरा कुरुवा | १ | दावजी चीउरा कुरुवा | २ |
| जति जनालाई काम लायो उती जनालाई षुवाउनु । | | | |
| कुशल्या वाजाके | — | | — |
| वाजाको दस्तुर पैसा रु | ।।। | मंगल वाजाको | ऽ।।। |
| जना ५ लाई षुवाउनु— | | — | — |
| षोला तऱ्या दस्तूर दोवर दिनु । | | | |
| मर्दा— | — | | — |



| | | | |
|---|---|---|---|
| वापलं दाय सकन्याले दिया— | | — | — |
| कसाही के— | — | | — |
| पीसो वोके धां मोला | ऽ।।।. | अरु षलकीहरुके जनही | ऽ॰। |
| मांद्रो चकी काटन्याको धां कुरुवा | २ | मान्द्रो काट्न्याके दस्तुर | ऽ।।। |
| पोलन्या गोट को— | — | | — |
| खर्पदां | ऽ=२ | चिउरा कुरुवा | ७ |
| नून् अदुवा मोल् | ऽ॰।। | षर्च | ऽ।। |
| अस्तुलीया दस्तुर | ऽ॰। | पचतिथका दस्तुर | ऽ।१ |
| घर सुद्धीका भोजका साटो | ।।॰ | मुक्के गर्दा दस्तूर | ऽ॰।। |
| पुलु पुलु जना १ लाई— | | — | — |
| चामल कुरुवा | २ | दस्तुर दाम् | ऽ–।। |
| काहाल वाजाके— | | — | — |
| जंमाहाज | ऽ।। | जंमा दस्तुर | ऽ–।। |
| जनही | ऽ॰। | | |
| वापलं दाय गर्नन सकन्याले दीन्या | | | |
| कसाही के— | | — | — |
| पीसो पोके धां मोल | ऽ।। | वाजा फेर्न्या के | ऽ।। |
| अरु खलकी वाजा के जनही— | | | ऽ॰। |
| काहालवाजा के— | | — | — |
| जंमाहाजः | ऽ।। | जनही | ऽ। |
| ज्मा दस्तुर | ऽ।।। | | |
| पुलु पुलु जना १ के— | | — | — |
| चामल कुरुवा | १ | जनही दस्तुर | ऽ॰। |
| पोलन्या गोटके | | — | — |
| खर्पदाम् | ऽ=।२ | च्यूरा कुरुवा | ७ |
| अदुवा नून् मोल | ऽ॰।। | षर्च | ऽ॰।। |
| घरसुदीका भोजको साटो | ।। | मुके गर्दा दस्तुर | ऽ। |
| केटा केटी मर्दा— | | — | — |
| पिसो वोके | | | ऽ।। |
| पोलन्या गोटके— | | — | — |
| खर्पदां | ऽ-।। | चिउरा कुरुवा | ६ |
| अदुवा नून् मोल् | ऽ॰। | षर्च | ऽ। |

घर सुद्धीका भोजको साटो रु ।। मुके गर्दा दस्तुर ऽ।
दस क्रीया गर्न सकन्याले भाटलाई दिन्या दस्तुर
दिन १० को— — —
च्यूरा कुरुवा १० कोपरा धोइ पोल्याको ऽ।।।
लोचा वजी च्यूरा कुरुवा ४ दछिना ऽ-।।
दर्सादिको एक दिं पिंड दिन्याले आधा आधा दस्तुर दिनु — —
७ दिनको भात दिन्या दिनके— — —
कसाही के सुल्ले पीचा जोलन १ के ऽ-।।
कुसल्याके— — —
प्रेतभातको दस्तुर ऽ।।। दछिना ऽ-।।
जुठो चोष्याउन्या दिनमा— — —
नाउको—— — —
दस्तुर ऽ-।। दर्पन् देषायाको ऽ।
लोचावजी च्यूरा कुरुवा २ दावजी च्यूरा कुरुवा २
कौलावजी च्यूरा कुरुवा १ षुसीवजी च्यूरा कुरुवा १
घरसुद्धिमा जति जनालाई काम लायो उति जनालाई षुवाउनु ।
धोवी के— — —
लोचावजी च्यूरा कुरुवा २ लकाप धोती धुयाको ऽ।।।
षुसीवजी च्यूरा कुरुवा २ × ×
येकादसमा घरमा डाकी दिन सकन्याले दिन्या— —
कसाहीके पिचा जोलन १ के मोल रुपैञा ऽ-।।

भाटके — —
अरु सराजाम जथासर्धा ।
गुठी के ।' षादा माझमा वस्न्या के ।।'
षादा दाहीना वाउ वस्न्या जना २ के ।'
अरु षलकी गंह्रके जथासर्धा ।

कुसल्या के— — —
अरु सराजाम जथासर्धा ।
दस्तुर
गुठी के ऽ= षादा माझमा वस्न्याके ।'।
षादा दाहीना घाट वस्न्या जना २ के ।'
अरु षलकी गंह्रके जथासर्धा ।



येकादसमा घरमा डाकी दिन नसकन्याले भाट कुसल्या दुवै षलकलाई जथासर्धा घरमा पुऱ्याइदिनु ।
सती जादा— — —
गौदान गर्दा भट्ट के—
गाईका नीग्रह ।।'। भट्टके दक्षिणा ऽ।।।
सुवर्ण दक्षणा ऽ।।। गाईका गोठालाका वाल ऽ।।।
पुरान सुनाउन्या ब्राह्मणके दक्षणा जथा सर्धा ।
नाउके—
नङ् काटचाको ऽ-।। षोलाचा १ के मोल ऽ-
कुसल्याके—
कपडा छेकदा ऽ-।। सुरुवाल सिउदा ऽ।।।
धगरा सिउदा ऽ-
कसाईके—
हात दाम ऽ।।।। सतादां ऽ।।।
जनही ऽ'।
पुल् पुल् के—
जनही चावल कुरुवा २ सव कामको दस्तूर जना ३ के ।।-
पोलन्या गोट के—
चितालायाको =।।'। सोलमा चह्लदा ।।'।
षर्पदा =२ चीउरा कुरुवा ७
नून अदुवा मोल् ऽ।। षर्च ऽ।।
अस्तुलिया दस्तूर ऽ। पंचतीर्थको दस्तूर ऽ।।
घर सुद्धीका भोजका साटो ।।
पोढ्याके—
सुवर्न द्वारको दस्तुर ।' मसानको दस्तुर ।।'
मितलाउदा जथा सर्धा ।'
अरु सवै काममा जथा सक्त गर्ने ।
सवै रकमीके कोचादाम जथासर्धा दीनु ।
मुर्दाले लायाको र सतीले लायाको कपडा नझिकनु जलाइ दिनु ।
देववेतता थानमा रांगो काटदा कसाहीले मासु नलिनु मासुको साटो दाम लिनु ।
ठूलो रांगो १ काटवा मासु दस्तुरको मोल् ।।

जना ५ लाई भोज षुवाउनु ।
सानु राँगा १ काटदा मासु दस्तुरको मोल ।
जना ३ लाई भोज षुवाउनु ।
यस्मा लेषीया वमोजींका दस्तुर तीर्न नसकन्या गरीवले काज नगरी नहुन्यामा जथासर्धा दी रकमी गंह्ललाई काम गराउनु ।
इति संवत् १८८८ पौष वदी १० रोज ५ शुभम् ।"

—०—

नं. ४० दैलेषमा हुलाकीघरको व्यवस्था

स्वस्ति श्री मन्महाराजाधिराज कस्य रुक्का — — —
आगे दैलेष कोल षोलामा बसी तपसिल वमोजीमका घरले आठौ प्रहर रुजु रही आहावाट गयाका पश्चीमवाट आयाका चिठिपत्रको हुलाक येक छिनको विलंव नगरि चलाउनु लालमोहोर वमोजीमका हुलाकीलाइ आफु वस्याको घर कमायाका वारि सुवारा र हुलाकि घरले अघिदेषि हुलाकमा दरि कमायाको षेत अमालि तलसिले षोस मोस नगर्नु सउन्या फागु वेठ वेगार अरु झारा माफ गरिवक्स्यौं जाचकिले जाचि दरिदियको पोता सेभकित ध्युषानि चारदाम ठेकि सरह वमोजीमको सरसापट अमाली जींवावाल तलसींलाइ हुलाकिले तीर्नु साउन्या फाउ वेठवेगार झारा घरवारि सुवारामा कसैले मोजा हिमनहुनु येस वन्देजमा अमालि रकमी तलसि जसले उलंघन गर्नामा पसला तसलाइ भारि डंड सासनाहोला औ चिठिपत्रका हुलाकलाइ षटायाका घरले लालमोहर चिठि पत्र वाहेक अरु आउन्या जान्या भारिको हुलाक नवोकनु चिठिपत्रको हुलाक ल्याउदा लैजादा वाट घाटमा रातदिनमा एकछिन् अट्क्यो केहि वितवल् पऱ्यो भन्या हुलाकमा षटायाका घरलाई भारि डंड सासना होला— — —

तप्सील

सिं गाउँका—

| | | | |
|---|---|---|---|
| मुषिया नन्दराम जैसि | १ | देउदास अचाज | १ |
| आसु जैसि | १ | भाउदास पाध्या | १ |
| घनपति जैसि | १ | मानिक जैसि | १ |
| जिंडा जैसि | १ | देउन्या षत्रि | १ |
| कैलु षत्रि | १ | धनपति पाध्या | १ |



| | | | |
|---|---|---|---|
| नज्या षत्रि | १ | ठुट्या घर्ति | १ |
| लाटु पाध्या | १ | टहरु थापा | १ |
| धन्या बुढा | १ | पऱ्या घर्ति | १ |
| सार्क्या षत्रि | १ | सेत्या वस्न्यात् | १ |
| साइला षत्रि | १ | प्रभुराम पाध्या | १ |

इति संवत् १८८६ साल मिति भाद्र वदि ६ शुभम्—

—॥०॥—

नं० ४१. ( क ) संवत् १८९२ साल आषाढ़ महिनाको वजारको दरभाउ

| | | | |
|---|---|---|---|
| मसिना. 'चावल' रुपैया १ के | ।३। | भटमास रुपैया १ के | ।५। |
| मार्सि | ।३।२ | मकै | ।७।४ |
| तौलि | ।३।४ | कोदो | ।६। |
| हकुवा | ।४। | गहुँ | ।५।४ |
| मास्को दाल | ।३।४ | तोरि | ।३।४ |
| मुगिको | ।१।६॥ | आटा धार्नि १ के | ।२ |
| केराउको | ।३।४ | दूद् कुरुवा १ के | –। |
| मुश्रको | ।३।२ | भैंसिको घिउ धार्नि. १ के. | १) |
| रहरको | ।१।६ | गाईको | १।) |
| चनाको | ।२। | भेडिको | १॥) |
| मास | ।४। | नौनि | १) |
| केराउ | ।५। | गुड | ॥– |
| मसुरो | ।४। | सकर | ॥ |
| मुगि | ।२। | अदुवा | –। |
| गहत् | ।५।४ | षुदो | ।= |
| गुराँस | ।२।४ | मह | ॥ |
| वोडि | ।२।२॥ | चुक | ।॥– |
| चिध्रा धार्नि १ के | १– | जौ पाथि १ कें | =) |
| सुक्याको माछा | १– | स्यावजी | = |
| आलो माछा | ॥. | गोलफुकी | ≡ |
| आलो तामा | ।. | षलिपिना | = |
| सुर्ति | ॥≡ | श्रीषंड धार्नि १ के | ३॥. |
| तमाकु | ॥= | रक्तचंदन | १= |

| | | | |
|---|---|---|---|
| षोर्सानी पाथी १ के | ।– | गुजराति सिंदुर | १।।।= |
| भक्या अमीलो | ।. | गुगुलधुप | १= |
| तेल कुरुवा १ के | ।=।। | फुश्रा धुप | ।= |
| रायो पाथी १ के | ।= | कपुर | ९) |
| सस्यूँ | ।≡ | गोलोचन तोला १ के | १) |
| पिना | ।– | केशर | ।।।. |
| वेसार | ।= | प्युगोली | – |
| काँचोहलेदो धार्नि १ के | –।। | वेसिचिनि धार्नि १ के | १≡) |
| कालो तिल पाथी १ के | ।।। .।। | चिनि | १– |
| सेता तिल | ।।= | घटिया चिनि | ।।।= |
| चिहुरा रुपैया १ के | ।४।४ | वलाचिनि | २) |
| लेषन्या कागत ढेप १ के | ऽ.– | मिश्री | २= |
| फार्न्या कागत | ऽ.।। | बदाम | २।। |
| माझा कागत | ऽ.। | छोहरा | १) |
| लसुन धार्नि १ के | –।२ | १८ गंजी पगरी थान १ के | १।।।≡ |
| | | १२ ,, ,, | १। |
| सिधानून | १२ | १२गजी भादगाउल्या पगरी | १।।. |
| विन्यानून | ।।।२ | नेपाली. पगरी | ।।।. |
| पांगा नून | २।. | सरहि पगरी | =)।। |
| भोटचानून पाथी १ के | १≡ | १६ गजी पगरी | १।। |
| कपडा गँह्लके | | भोटचा | ३ |
| वेलाइति मखमल षगाम १ के | ८! | सुति | २ |
| १०० हात्या ढाका सखंद पगरी-थान १ के. | ४० | वडंगजी कोचीन | ८ |
| ८० हात्या | ३६ | माझगज्या | ५ |
| ७० हात्या | ३२ | साना गज्या | ३ |
| ६०.... | ३५ | षत्ति | ४।। |
| | | झाडवाला | १ |
| १०० पूर्वी पगरी | १९।।। | ८ वन् वनात-गज १ के | २० |
| ८० | १०।= | दोरुषा | ४४ |
| ६० | ८।।।– | सुल्तानी | ८।।।' |
| ४० गजी – पगरि | ६।– | लाषी | ४ |
| ३४ | ७ | सुनौला पर्तला-तोला १ के | ५ |



| | | | |
|---|---|---|---|
| २७ | ३।।।' | साटन षगाम १ के | ४ |
| २५ | ३।।= | बुट्टेदार चिहुली थान १ के | २५ |
| २२ | २।।।' | सुनौला गुछलि लेस तोला १ के | ५ |
| सुनौला कलावतु-तोला १ के | ४।' | ढाका तंजेप थान १ के | ३० |
| सितारा | ४।।' | निजुजाम्दनि | ८ |
| टेढातार | ४।।' | पुर्वि मलमल | १४ |
| सलमा | ४।।' | गोकुल नाथी मिही | २४ |
| गोटा | ४।। | ....मोटो | १८।।।=।। |
| रुपैला गोटा | ३ | किमरष | २० |
| सुनौला तास | ४।।' | शान्तिपुरी नैनसुष | २९ |
| लफातास | ४।।।' | १८ गजा सदन | १०= |
| ...वादला | ४।। | १२ गजी अधर | ५=।। |
| कार्चोपी कामको मुर्छल १ के | ६२ | १६ हाती फर्कावादी छिट | ४।= |
| अंग्रेजी वडगजी छिट थान १ के | २८ | १८ हाती | ६।।।= |
| ....सानागजी छिट | १२ | लषनौ छिट | ७।। |
| फरासीस छिट | २७।। | सुनौला आसावारी तोला १ के | × |
| अंग्रेजी सालजामा | ८ | रुपौला आसावारी | २= |
| छाल्टीन गज १ के | २।। | पेचिन तास थान १ के | ४२ |
| वुक मलमल थान १ के | ८ | नम्वु | ८ |
| लाल वुट्टी ढाका जदमनी | ३७।। | सिलि तास | २ |
| ढाका जाम्दनी | ६८।।।' | अंग्रेजी नैनसुष | २४ |
| ढाका वगडा डोरिया | ३० | वीवी आना छिट | १५।। |
| ढाका तरंदान | २८।। | कासापुऱ्या छिट | १।।– |
| मधेस्या आसनी थान १ के | ।।' | गाइको घिउ-रुपैया १ को पा. ५ तो | ९ |
| ३ पाटचा राढी १ के | २ | भैंसिको | ६ पाउ |
| ४ पाटचा राढी १ के | २।। | भटमास् | ५।। पा. |
| भादगाउल्या धुवा थान १ के | १।= | गहत् | ५ पा. |
| कनौजी छिट | २।।। | मुगि | पा. २।।। |
| २ पाटचा राढी १ के | १।।' | सषर | धा. २।।।१ |
| पाषि १ के | ३ | चिनि | धा. १ तो १ |
| मलेदां थान १ के | २० | चुक | धा १ से ।। |
| | | मिस्रि | १ सेर |

०(०-०)०

| | | | |
|---|---|---|---|
| | | भोटचा वषर | ८० गोटा |
| (ख) ९३ सालको दरभाउ | | आलो माछा | धा. १॥ |
| मारसि चामल रुपैया १ के | | | |
| | पा. ३. मा १ | सिध्रा | धा ॥ |
| तौली | पा. ३।।। | भैंसिका दूद् कुरुवा १ के | –। |
| हकुवा | पा. ३।।।= | गाइको | –॥ |
| मासको दाल | पा. ३।।। | अदुवा रुपैया १ के धा ६ से २ | |
| मुगिको दाल | पा. २. मा १ | हलेदो | धा १३ से १ |
| केराउको दाल | पा ४। | षुर्सानि | पा ४। |
| रहरको दाल | पा १।। | तोरिको तेल | ३ कुरुवा |
| गहुको आटा | धा ६।। | तिलको | २ कुर्वा |
| कोदोको आटा | धा ६ से १. | भोटचा नुन् | मा ९ |

—o—

## सहायक ग्रन्थ र पत्रपत्रिकाहरू

## Bibliography.


2. Aitchison C. U. — Treaties Sanads and Engagements etc. vol II.(1929. A. D)
2. Hamilton F. — Account of the Kingdom of Nepal. ( 1819A.D )
3- Hunter, W. — Life of B.H. Hodgson, British resident at the court of Nepal ( 1896 )
4. Jayaswal, K.P. — Chronology and History of Nepal ( 1937A.D )
5. Kirkpatrick, W.J. — An Account of the Kingdom of Nepaul ( 1811. )
6. Ketelby, D.M. — A History of Modern Time ( 1929 A.D. )
7- Landon P. — Nepal vol I- ( 1928A.D. )






8. Majumdar, R.C., Roychowdhary and Dutta K,K, —An Advanced History of India ( 1949.A.D )
9. Muranjan,S.K. — Modern Banking in India.
10.Northy, B. — Land of Gorkha ( 1928 A.D )
11,Oldfield,H. — Sketches from Nipal, vol. I ( 1880 A.D. )
12.Smith,A. — The Oxford History of India.
13.Thompson E.and Garrat.G.T.—Rise and Fulfilment of British Rule in India (1934 A.D.)
14.William, N.S. — The Historian's History of the World Vol. 22. ( 1908 )
15.Wilson H.W — British India. ( vol. 1. )
16.Wright, D. — History of Nepal ( 1877. )
17. Papers relating Nepaul War — ( 1828. )

—o—

१८. बालचन्द्र शर्मा — नेपालको ऐतिहासिक रुपरेखा (२००८ वि. सं.)
१९. सूर्यबिक्रम ज्ञवाली — अमरसिंह थापा (नेपाली संस्करण ) ( २००० वि. सं.)
२०. काशीप्रसाद श्रीवास्तव — नेपालकी कहानी (२०१० वि.सं.)
२१. पृथ्वीजयन्ती समारोह समिति —दिव्य उपदेश ( २००९ वि. सं. )
२२. बाबुराम आचार्य इ. शि. —पुराना कवि र कविता (२००३ वि. सं.)
२३. इतिहास प्रकाश — ( इतिहास प्र. मंडल-२०१३ वि.सं. )
२४. चित्तरञ्जन नेपाली — नेपाल र तिब्बत (कूटनैतिक संबन्ध) (अप्रकाशित)
२५. प्रगति "द्वैमासिक साहित्य संकलन"— अंक ९. र १३
१६. शारदा—मासिक अंक २०१३ वैशाख र जेष्ठ
२७. युगदूत — अंक ५ ( २०११ वि. सं. )
२८. समकालीन तीथ्यावली
२९. अरू पत्रादि
३०. संस्कृत सन्देश.


—=o=—

## भीमसेन थापाकालीन प्रशासनतालिका (मोटामोटी)




१. यसमा प्रशासकीय अंग मात्र समावेश गरिएको हुँदा, हुलाकी रकमी, चौधरी, महान्या, आदि, ठेकेदार तथा छेमडेल गडी आदि साना अड्डालाई समावेश गरिएको छैन ।